हरिराज भट्टराई

गीत, कुता र कोर्ट

गीत कुत्ता र कोर्ट

(कथासंग्रह)

हरिराज भट्टराई

असीम सौरभ प्रकाशन माला
२०७७/२०२०

प्रकाशक : असीम सौरभ प्रकाशन माला-६
साँगु, मैवाखोला, ताप्लेजुङ, मेची, नेपाल
संस्करण : पहिलो
सर्वाधिकार : लेखकमा
आवरण/लेआउट : आनन्द राउत
प्रकाशन : वैशाख २०७७/२०२०
मूल्य : रू. २००/-
मुद्रण : बंगलामुखी अफसेट प्रेस
कोपुण्डोल, ललितपुर

Geet Kutta Ra Court (Stories Collection)
by ***Hariraj Bhattarai***

विशेष *: भाषिक-सांस्कृतिक समृद्धिका लागि हरेक व्यक्तिले यस संग्रहका कथा वा कथांश यथेच्छ उपयोग गर्न सक्नेछ ।*

समर्पण

संविधान सभाका सदस्य
संविधान निर्माता
संविधानविद्
तथा
संविधान लागु गर्ने
संविधान वहन गर्ने
संविधानबाट अतिरिक्त लाभ लिने र
संविधानबाट उत्पीडित हुनेहरूप्रति

संहिता बाहिर

'गीत कुत्ता र कोर्ट' माथि धेरै भन्नु छैन ।

'विकथा' भन्न मन पराउँछु यो संग्रहलाई । हिजो, अलिक हिजो शाही दरबारका संस्कृतिज्ञहरूले राजकुमारको नाममा 'विक्रम' जोडिदिएका थिए । उनीहरू दूरदर्शी र आत्मबल मात्र भएका थिएनन् आवश्यक परे 'विक्रम'का सबै पक्षको मीमांसा गर्ने क्षमता राख्तथे भन्ने लाग्छ । शायद अब ढोका खुलेको होला, अर्थ पनि आउला । अथवा प्रकारान्तरले भनौं,- विपठनले विशेष पठन या गलत पठन भन्ने बुझाउँछ कि ! 'पिंजराको सुगा' विपठन भएकै कारण चर्चित भएको नहोला र ! विपठन माग्नु साहित्यको सहज धर्म पनि त हो ।

यसमा संगृहीत कथा छोटा मात्रै पनि छैनन् र लामा मात्रै पनि । संहिता र विधानले धेरै कुरा दिएका छन् । त्यसतर्फ संवाद हुनसक्छ विवाद होइन । भौतिक स्वरूप अल्पमानक हुन सक्ला सम्पूर्ण होइन, हुन सक्तैन । कदाचित् कथाशास्त्रीहरूले भवानी भिक्षु (भवानीप्रसाद गुप्त)का कथाहरूलाई उपन्यास भन्न थाले भने पराजयबोध गर्नु गौरवको विषय नबन्ला र ! शब्द, भाव, लय र मात्रा त सांगीतिक पक्षको बल पनि हो नि ! फेरि पनि मानु-पाथीको विरोध चाहिं कतै होइन । सिद्धान्त र सीमा मान्नैपर्छ ।

शायद लामा कथाको पाठक अब दुर्लभ छ ।

ती कथा लामा भए जसमा परिवेश र स्थितिको उपस्थिति छ । यसले युगको मुद्रालाई मूर्त गर्दछ । मांसल, प्राणवान् तथा गतिशीलताका लागि परिवेश र स्थिति सबल पीठिका भइदिन्छ । यसको निर्वाह लेखकको बोध-शक्तिमा निर्भर गर्दछ । यस्तै पश्चगामी तत्त्वमा टेकेर अनुगमन गर्न खोज्दा लामा कथा हुन पुगेका हुन् भने आत्मस्वीकृति छ ।

नेपालीका लागि वेद, मुन्धुम, स्मृति, नीति, कुरान-पुराण जस्तै सर्वस्व हो विधान र यसैमा अडिएर हेर्दा देखिने समाजको धूमिल तर वाञ्छित छायाङ्कन हो

यो संग्रह । यसका लागि हिजोले प्रशस्त उकेरा लाएको हो । पदचिह्न अमिट रहेकै छन् । संकलित कथाहरू क्षेत्रीय वा जातीय रंगका हुनुका साथै अर्द्धदलित, उपजनजाति, सह-आर्य वा परम खस देखिन जालान् । दशनामी, हमाल, केसी र आर्यत्वको रंगले प्रदलित उपाध्याय अर्थात् तिवारी, गौतम, घिमिरे, कोइराला या अमिश्रित रोक्का अच्छामी कथाहरू यसैमा पाइने होलान् । सीमान्तक अर्को छेउमा ।

कथाले कथ्य वा लक्ष्यअनुसार आफ्नो आयाम सुनिश्चित गर्दछ । शायद कथाको गुणवत्ता उसकै वर्गमाथि आश्रित होला किन्तु शब्दहरूको सीमा-शर्तमा अफाप वा दुर्बल । यदि यस्तो देखियो भने बोध र प्रज्ञामा प्रश्न गर्न सुहाउँदैन, किनभने कलाचर्वाणाको प्रसंगमा आफूले लिएको बोध बुझाउन सकिन्छ । त्यो हक बोद्धाको हो । र यो त्रिगुणी शक्तिको युग हो । माप र दण्ड तोक्ने शक्ति न अरूसँग छ न अधिकार । के सबै कुरा विधानकै धुरीभित्र हुने गर्दैनन् र ? तर भय पनि छ : विधान स्वयं दण्डित नहोस् ।

'गीत कुत्ता र कोर्ट' को हेतु विधान नै हो ।

विधा संमिश्रणको इतिहास प्राचीन वाङ्मयदेखि नै सर्दैछ । जानेर हो वा नजानेर आज पनि त्यसको निर्वाह भएकै छ । कविता, कथा र निबन्धहरू एकअर्कामा अभिसार गर्छन्, निस्कन्छन् । चित्र, संगीत र नृत्यको अभिसार अतिरिक्त रोचक लाग्छ । त्यो सचेततापूर्वक अभिसार देखियोस् वा अभिज्ञान मात्र होस्, मिठै हुन्छ । त्यसैले यहाँ यति मात्र थपौं : पारखीहरू संभन्छन् त्यसबाट सौन्दर्यको क्षति भो या पोषण । सुन्दरीको निधारको टिकी/बिन्दीले र त्यसको विन्यास विधिले नै सौन्दर्यको उचाइ र मात्रा निश्चित गर्छ । पीठिका विशेषले रंग, स्वरूप, वय र मुखमण्डलको छविलाई फरक पार्छ नै किन्तु औचित्यमाथि प्रश्न नगर्न मिल्दैन । हो, संगति नमिल्नुको स्थितिमा विकथा भनिएको हो- कतै फड्को मार्न खोजेर !

अंगनाको सौन्दर्य उसको यौवनमा छ, अभिनयमा छ, वाणी-विलासमा छ, व्यवहार कौशलमा छ अनि वक्रदर्शनमा । यी वस्तुगत नै होलान् किन्तु वास्तविक सौन्दर्य शायद अमूर्त हुन्छ कतै सुवासमा, कतै मनमा/आत्मामा । त्यसैले पात्रहरूको भौतिक सौन्दर्यमा रमाउन सक्तैन कलम, त्यो बोत्रे हुन्छ । तर जीवनको सही सौन्दर्यको खोजीमा पात्रहरू संघर्षशील रहन्छन् । शायद जीवनको अभीष्ट र प्राप्ति पनि यस्तै होला ।

व्यंग्य, तिक्तता र आक्रोश बारम्बार प्रकट भएका छन्; किन्तु सुधार, सर्तकता र ऋजुताका लागि मात्र । होच्याउने र भत्काउने सोच होइन ।

संकीर्णता र निषेधका लागि होइन, उदात्तताका लागि देखाइएको यत्न हो । दलदलबाट जोडिएर हिंड्ने यात्राको कामना हो- ध्वनिमा ।

लघुकथाको आदर्श 'एवमस्तु' र 'गोरक्षनाथका देशमा'बाटै निर्वाह गर्ने यत्न गरेको थिएँ- 'प्रतिभा' र त्यस्तै साना गोजिका पत्रिकामा । पछि त्यस्ता साना कथा लेखिएनन् । कलम स्थूल आख्यानतर्फ उन्मुख भयो । कथातर्फको यात्रा हिजो यति मात्र हो ।

शायद हिजोका कथा सरल र स्पष्ट हुँदाहुन् । चेतना र पाण्डित्यले तिरोहित नदेखिएलान् त्यसैले पनि मांसल हुँदाहुन्- लक्ष्य केन्द्रित । आख्यान संपदाको छरिएको झिल्का ननिभोस् भन्ने सोच राखेर लेखन श्रृंखलालाई औल्याउने यत्न मात्र गरिएको हो- इतिहासको अंग ठानेर ![1]

कथा-संहिताको निर्वाह फेरि गरौंला ।

गुरुपूर्णिमा, २०७७ *विद्रोही हरि*

bhattarais1@gmail.com

---

१. भन्नै एक दर्जन कथा लेखिएका हुन् पहिले । तिनको टिपोट यस्तो छः

शल्य चिकित्सा	:	गोरखापत्र जेठ ३०, २०४४
साहेबको कट्टू	:	ध्वनि २३, असार १, २०४४
वास्तविकता खोल्ने	:	परिवार २४ २०४८
ऊ फेरि दुलही बनी	:	ललकार वर्ष १ अंक १ वैशाख १ २०४९
चित्रगन्धा	:	ललकार वर्ष १ अंक २ वैशाख २०४९
उपहार	:	ललकार वर्ष १ अंक ३ वैशाख २०४९
तेस्रो आँखो	:	ललकार वर्ष १ अंक ४ वैशाख २०४९
छोरो कसको ?	:	पुनर्जागरण मंसिर ३०, २०४९
सौभाग्यवती	:	गोरखापत्र (दीपावलि अंक) २०४५ ?

कथा-क्रम

१.	अधिकारको रक्षा	११
२.	अर्को जन्म	१६
३.	आफ्नी छोरी आफ्नै बुहारी	२२
४.	कर्णाली गुरूकुल	२६
५.	कुमारीको तरूणभाव	३६
६.	खुला दण्ड	४४
७.	गीत, कुत्ता र कोर्ट	४८
८.	जवानी शुल्क	५३
९.	टीन मदर	५७
१०.	डर : आशय करणीको	६३
११.	तामाङ फूल	६९
१२.	धेरैले काखी बजाए	७३
१३.	नागरिक हार्दैन	७८
१४.	पत्रकार र ट्राफिक प्रहरी	८१
१५.	पीडा : यौवन विलासको	८६
१६.	फर्कियो सिंहदरबार !	८८
१७.	भर्खरै पढें	९३
१८.	भतेर	९६
१९.	मसी सुकेछ	१०२
२०.	युद्धक विमानको पोर्ट	१०६
२१.	युवा विहार	१०९
२२.	यू टर्न च्याङ्सेको	११२

२३. रामधुनी ११६
२४. रूप बिगार्ने सुन्दरीहरू १२०
२५. वर्जित भाषा र करणी मुद्दा १२४
२६. शरीर मासेको अभियोग १३४
२७. शहीद लछुमन शरभंग १३६
२८. सट्टा दण्ड १४०
२९. सपना हुनखोज्दै छ विपना १४४
३०. समाचार हुन सकेन १४८
३१. सिन्दूर पुछाउने १५३
३२. हावा कुरा १५६

अधिकारको रक्षा

छत्राले मनबाट द्विविधा निकाली, मान र स्वाभिमान त्यागी अनि मानवीय सम्बन्धमा मातृत्वभाव घोलेर ऊ घर फर्की- नवजात सन्तान च्यापेर ।

हो, उसको घर अब माइत भइसकेको थियो र यिशुगृहलाई नै घर ठान्नु पर्ने स्थितिको भय पनि थियो उसलाई । ऊ जान्दथी सदस्य बनाउन र सदस्य जन्माउनसक्नुलाई यिशुगृह उच्च सफलता मान्दथ्यो । ऊ तरङ्गित भई- 'आमाले मलाई र मेरो चालचलनलाई मन नपराए पनि मेरो सन्तानलाई त पक्कै माया गर्नुहुन्छ ।' उसको विश्वास बोल्यो ।

तर कुनै पनि उपायले उसलाई यिशुगृहसँग जोडेर राख्ने र सन्तानमाथि पितृभावको प्रत्यक्ष नाता वा अधिकारलाई बिथोल्न प्रहरी र विधिको सिंह देखाएर निर्बल पार्ने भय पनि थियो । त्यसैले पनि अब एकल आमाको रूपमा उभिएकी गर्विली उसलाई अनुकूल बनाएर परिचालन गर्न यिशुगृहलाई राजनीतिक सरदारहरूबाट ऊर्जा प्राप्त हुँदै थियो ।

हो पनि असहाय सिद्ध गरेर गृहदासी, भिक्षु-आनी वा स्वच्छ वस्त्रभित्र परिचारिका संचित गर्नु धर्माधिकारीहरूको चिन्तन तथा आमरण तीर्खा हो जसको तृप्ति अर्गानिक युवतीहरूबाटै हुने गरेको इतिहास छँदैथियो । अन्यथा यस खालको चेतनाको विकास हुन्थ्यो कसरी ? अस्वस्थ, कुण्ठापूर्ण र दुर्नियोजित काम-विलासको प्रतिफल होइन र गृह-विकास ? अनि शिक्षा, सेवा, उपकार, उपचार र घुमाउरो सहयोगको आवरणमा मन्दविष घोल्नु होइन र धर्म विकास ?'

ठेस खाँदै छत्रा आमाकहाँ पुगी । तौलियाले बेरेको सन्तान आफ्नी आमाको पाउमा राखेर अश्रुसिक्त बोलीमा भनी- 'आमा यो सन्तान मर्छ होला । बचाइदिनुहोस् । म शरणमा आएकी छु । मेरा गल्ती बिर्सिदिनुहोस् ।

म क्षमा चाहन्छु ।' मुखमा लुगा हालेर रोदन थुन्दै ऊ आमाको अगाडि घोप्टिई ।

'चर्चले छोरीलाई बिगारिदियो । अहिले असहाय पारिदियो । यसले पनि आफ्नो रुचि र भोकलाई विवेकले नियन्त्रण गर्न सकिन । कस्तो उत्ताउलिन्छ यो आजको केट्केटी तरूनीमा नपुग्दै ।' दौलच्छी (दौलत लक्ष्मी) मनमनै मधुरो भुत्भुताइन् ।

उनको बायाँ हात सधैं कोटको दायाँतर्फको भित्री गोजीमा पस्न खोजे जस्तो देखिन्थ्यो । भन्थे- लिम्बूको देवा लागेको हो । त्यति चल्दैन । त्यसैले दायाँ हातले तौलियासँगै लपेटिएको बच्चा उठाइन् र बायाँ हातले थोरै भरदिएर फुल्याउने यत्न गरिन् । र फेरि छत्रालाई तानेर अँगालो हालिन् ।

बच्चाले स्तनपान गरेन अथवा गराउने यत्न गरिएन, यो कुरा प्रच्छन्न नै थियो । यसबारे दौलच्छीले विशेष चासो राखिनन् । किन र के जस्ता प्रश्नमा समय खेर गर्ने स्वभाव उनको थिएन । त्यसैले पल्लो घरकी बुहारीलाई बोलाएर भनिन्- 'बुहारी यो मेरो नाति बाँच्नु पर्छ । या तिम्रो छोरासँगै तिम्रो दूध पिलाऊ, या तिम्रो गाईको दूध प्याएर हुर्काऊ । अहिले लिएर जाऊ ।' उनले छिमेकिनीका हातमा नाति राखिदिइन् ।

सुब्बेनी आमाको आज्ञा शिरोधार्य थियो ।

बच्चा बाँच्ने पनि भो, हुर्किने पनि भो ।

तर, मुद्दा अदालतमा पऱ्यो ।

सङ्घीय अदालतको ग्रामीण एकाइमा इजलास बस्यो ।

छत्रा कठघरामा उभिन पुगी ।

अर्धसरकारी वकीलले छत्रालाई उसको हालसम्मको स्थितिको ऐतिहासिक जानकारी दिन आग्रह गरेपछि छत्राले छोटो भनी- 'म सुब्बाकी छोरी हुँ । कालुसिंह सिग्न्याम मेरो बाबुको नाम हो । गर्भवती भएपछि चर्चको रेखदेखमा रहें । बच्चा भएपछि म आफैं आमासँग छु ।'

'तपाईंको धर्म ?'

'कस्तो धर्म ? कुन धर्म ?'

इजलासमा बसेकाहरू आश्चर्य मानेर मुखामुख गर्न थाले ।

चलेको धर्म, स्वीकार गरेको धर्म अथवा...

'श्रीमान्, यसमा मेरो आपत्ति छ । यसरी कसैलाई कुनै धर्ममा लगेर टाँस्न पाइँदैन । विद्वान् मित्रले कस्तो उत्तर खोज्नु भएको हो ?' अर्धस्वतन्त्र वकीलले प्रतिक्रिया देखायो ।

'धर्मसँग सम्बन्धित छ यो गाथा । त्यसैले धर्म त चाहियो नि !' अर्धसरकारी वकीलले भन्यो ।

'ठिक छ, म बयान दिन्छु तपाईं सुन्नुहोस् । म याक्थुम्बा, म छोरी, मसँग लिम्बू धर्म, किराँत धर्म, नारीधर्म, पुत्रीधर्म छ, अब मातृधर्म पनि सँगसँगै छ ।'

'तपाईंले बिहा गर्नु भयो ?'

'छैन ।'

'यो बालक ?'

'मेरो, मेरो सन्तान हो, म आमा हुँ ।'

'यो बालकको बाबु ?'

'मेरो कुमारित्व हरण गर्ने व्यक्तिको सन्तान हो यो । परिबन्ध मिलाएर मेरो कौमार्य हरण गरिएको छ चर्चको छायामा । त्यसैले म न आफ्नो विवाह भएको ठान्छु, न कसैलाई पति मान्छु, न यसको बाबु कोही छ भनेर स्वीकार गर्छु, न त बाबु चाहिन्छ भन्ने आग्रह राख्छु ।'

'मैडम छत्रा, यो बालकले तपाईंको बिहा भएको पनि प्रमाणित हुन्छ । यो बालकको उपस्थितिले कसैलाई त बाबु औल्याउँछ, औल्याउँछ । यस्तो यथार्थलाई तपाईं छोप्न सक्नुहुन्न ।'

न्यायाधीशलाई लक्ष्य गरेर भनी- 'श्रीमान् तपाईं मेरो श्रीमान् त होइन तर श्रीमान् भन्नै पऱ्यो, जब कि मेरो बिहा नै भएको छैन । परम सम्मानित अदालतलाई सोध्न चाहन्छु- अदालतले मलाई पति दिन सक्छ ? मैले नरूचाएको, नमानेको व्यक्ति मेरो पति हुन सक्छ ? के विवाह नै नगरी कसैलाई पति वा पत्नी भन्ने अधिकार हुन्छ ?' छत्राले उच्च स्वरले थपी, 'न्यायमूर्तिज्यू संभोग विवाह हुने गर्दैन । संभोग फरक हो र विवाह फरक हो । कति ठाउँ, कति पटक र कतिसँग संभोग हुन्छ सबैलाई विवाह र पति मान्दै हिंड्ने ?' छत्रा आक्रोशले प्रदीप्त देखिई ।

अर्धसरकारी वकीलले एक अम्खोरा पानी दियो । चैनपुरे अम्खोराको पानी लिएर ऊ एक पाइला पछि सरी ।

'श्रीमान् यो इजलास आफ्नो मुख्य मुद्दाबाट टाढा गएको अनुभव हुन्छ । मुद्दा नारी हिंसाको होइन, नारी शोषणको होइन, बलात्कारको पनि होइन न त बाबुको माग हो, न पतिको खोजीको । हाम्रो विद्वान् मित्रले असम्बन्धित कुरा उठाएर अदालतको समय निस्सार तुल्याउनु भयो ।' अर्धस्वतन्त्र वकीलले टिप्पणी गऱ्यो ।

इजलास वास्तविक मुद्दा जान्न उत्सुक देखियो ।

अर्धस्वतन्त्र वकीलले उठेर भन्यो- 'वास्तविक मुद्दा त अधिकारको मुद्दा हो- नारी अधिकारको । छत्रा आफ्नो शरीर आफ्नो अधिकार'को मुद्दा लिएर यहाँ परम सम्मानित अदालत समक्ष न्याय माग्न उपस्थित छन् ।'

'छत्रा, तपाईं आफ्नो कुरा भन्नुहोस् ।' अदालतले अनुमति दियो ।

उसले भनी- 'घरभित्र हिंसा र बलात्कारका घटना हुन्छन् र पीडितहरू विवश छन् । राज्यका सबै निकाय मौन छन् किन ? न्याय त पाउनु पऱ्यो नि ! खासगरी न्याय-कानून किन अज्ञात भइदिन्छ ?'

'पहिले मुद्दा पर्नुपर्छ । अन्याय कसैले सहनु हुँदैन । अहिले मुख्य मुद्दामा केन्द्रित हुनुहोस् ।' अदालतले आदेश दियो ।

छत्राले भनी- 'मेरो शरीर मेरो अधिकार' भन्ने शीर्षकमा टेकेर म आफ्नो सौन्दर्य र निरोगिताको रक्षाका लागि यो सन्तानलाई आफ्नो स्तनपान गराउन चाहन्न । यो मेरो अधिकारको कुरा हो र अदालतले मेरो अधिकारको रक्षा गर्नुपर्छ ।'

'कारण जान्न चाहन्छ अदालत ।'

'सन्तानलाई स्तनपान गराएर म आफ्नो शरीर क्षीण बनाउन चाहन्नँ, समयभन्दा पहिले म बूढी देखिन चाहन्नँ । त्यसैले यो सन्तानलाई स्तनपान गराउने बाध्यताबाट म आजै मुक्ति चाहन्छु ।'

न्यायकर्मी ममता मातंगीको टेली अन्तर्वार्तालेयस्तै अधिकारका मुद्दा उठाएर गहन तर्क राखेकी थिई, अनि त्यसैको सुन्दर परिणाम आज प्रत्यक्ष भएको ठानेर होला अदालत एकछिन गम्भीर भयो । तर विवाहित हुनु वा पत्नी हुनु र आमा हुनुको सौन्दर्य र स्वाभिमानले नारीत्व र उसको अस्मिता चुलिन्छ भन्ने पक्षमा कसैले मुख खोलेन । शायद यो वाञ्छित विवाह र स्वीकृत मातृत्वको सन्दर्भ थिएन ।

शक्तिशाली राज्य व्यवस्थाभित्रको मुद्दालाई प्रतिस्फलित देखाउँदै अदालतले निज बालकको जीवन रक्षाको दायित्व राज्यको स्थानीय निकायले

बहन गर्ने, स्वास्थ्य परीक्षण र औषधिउपचारको जिम्मा लिने, पठनपाठनको व्यवस्था मिलाउने र क्षमताको विकास गरेर समर्थवान् नागरिक तयार पार्ने आदेश दियो ।

र, भविष्यमा निज बालकको मातृत्व स्वीकार गर्ने र नगर्ने भन्ने अधिकार पनि निज छत्रामा नै निहित रहने निर्णय सुनायो । आजकै मितिदेखि आफ्नो सन्तानलाई स्तनपान गराउने बाध्यताबाट निज छत्रालाई मुक्त गर्दै बालकलाई 'कंचन कोशी' भन्ने नामबाट अग्रसारित गऱ्यो ।

अदालतले किटान गरेर भन्यो- 'परन्तु यो निर्णय भविष्यका कुनै मुद्दामा लागि नजिर हुने छैन ।'

सङ्घीय अदालतको ग्रामीण एकाइलाई युवा पुस्ताले आज बडो संमानको भावले हेऱ्यो ।

किन्तु नागरिकले प्राकृतिक न्याय ओइलाएको आभास पायो ।

(अधिकारको रक्षा)

अर्को जन्म

मनशोभा र दिलशोभा वकीलको कार्यालयमा पुगे । दाजुभाइका छोरी यी दिदीबहिनीहरू उनीहरूलाई विवाह विच्छेद गर्नु थियो । वकीललाई उनीहरूले आफ्नो समस्या खुलेर भने ।

मनशोभाको मुद्दा थियो- ऊ पतिसँग छुटकारा चाहन्छे । उसको पति मंगल उद्दण्ड आततायीको सन्तान थियो । उसका बाबुले सयौं मान्छेलाई आफ्नै हातले गिंडेको थियो र टाउको एकातिर र शरीर अर्कातिर मिल्काउने पनि उही थियो । हत्याराहरूको मंगल इतिहास बुझेपछि ऊ आत्मग्लानिले भिजेकी थिई ।

उसले भनी- 'आततायीको सन्तानसँग पो विवाह भएछ ।' यो थाह पाएपछि उसलाई मानसिक प्रताडन भयो । ऊ असाध्य छट्पटाई । उसलाई बन्धन र यातना अनुभव भयो । ऊ भन्छे- भय छैन, उपेक्षा र घृणा लाग्न थाल्यो । ऊ उदासीन पनि भई वेलावेला ।

हो जुनदिन उसलाई मंगल उद्दण्ड आततायीको छोरा हो भन्ने पक्का भो त्यसदिनदेखि उसको जीवनबाट उत्साह र प्रसन्नता हरायो । ऊ कुनै हिसाबले बाँच्ने गर्थी- ओइलाएको फूल भएर, सुगन्ध विनाको 'विना' भएर । उसले आफ्ना गतिविधिमाथि नजानेरै निग्रह गरी, किनकि अब ऊसँग जाँगर र कर्म नै रहेन । त्यसैले कुनै किसिमको सान्निध्य र सहभागिताको लागि ऊ प्रस्तुत हुन सकिन । ऊ निस्तेज, निरीह र निस्क्रिय हुँदै गई । एक प्रकारले रूग्ण । यो मानसिक आघातको परिणाम थियो । हो, मन नै मरेपछि जीवन कहाँ रहन्छ र !

जब दिलशोभासँग उसको भेट भो उसले आफ्नो पीडा सुनाई । दिलशोभाले पनि आफ्नो तर्फबाट नौलो र भयावह चित्र उपस्थित गरी । उसले भनी-

आततायीकोतर्फबाट जति बम विस्फोट गरे, एकै चिहान बनाए, अनि जति ठाउँमा धराप थापेर मारे त्यो उसकै ससुराको कर्तुत थियो भन्ने रहस्य उसले पनि थाह पाई । यहाँसम्म कि सपनामा पनि विस्फोट र धरापका दृश्यले उसलाई पिरोल्छन् र समाजमा पनि शैतान, ज्यानमाराकी बुहारी भनेर उसलाई घोचपेच गर्छन् । शिर उठाएर हिड्नै कठिन थियो, खुशी हुने र उमंगले बाँच्ने कुरा त परै जाओस् । त्यसैले मनशोभा मात्र होइन आफू पनि उस्तै र अझ उत्पीडक स्थितिबाट पिल्सिएको यथार्थ दिलशोभाले खुलस्त गरी ।

असाध्य धेरै शत्रुता बोकेको घर रहेछ त्यसैले बदलाको भावले कुनै पनि वेला आफू पनि खरानी हुने भय थियो । कहिलेकहीं ससुरा भन्छन् पनि- 'होशियार रहू है, म त पड्काएर हिंडेको मान्छे- कतै मार्न कुनै पनि वेला पड्कन सक्छ ।' ऊ त्यसैले थर्कमान थिई । फेरि नारी भनेपछि सागपात बराबर मान्दैनन् ती बा अर्थात् उसका ससुरा । पति भनौं त्यो पद मात्र आदरको होला, व्यक्ति हैन । साँच्चै भन्ने हो भने त्यो उसको पति भनाउँदो उसकै बाबुको झन् डरलाग्दो औतार भन्दिए हुन्छ । डबल शैतान एक्लैमा 'टु इन वान' । अनि उसले लामो सास तानेर छोडी र यति मात्र भनी- 'तिमी नै भन त म झन् कसरी बाँचेकी हौंली ?'

वकीलको अगाडि मनशोभा र दिलशोभाले परिवेश बाँधेर आफ्नो जीवनको भयावह स्थिति, आकुल मनोदशा र उत्पीडनको अनुभूतिलाई चित्रमय ढंगले उपस्थित गरे ।

वकीलले कलम बन्द गरेर भन्यो- 'परिस्थिति उपस्थित गरेर मैले पहिलो लेखन सकें । सबै कुरा सिलसिलाबद्ध ढंगले समावेश भए । अब मुख्य... ।

झट्ट एउटा व्यक्ति आयो । वकीलले उठेर आगन्तुकप्रति स्वागत जनायो जसरी ठूलो मान्छे आउँदा गरिन्छ ।

मनशोभा र दिलशोभाले पनि अभिवादन गरे ।

'केश के भो ?' साविकको वकीलले सोध्यो ।

सुनौलो कोट झुन्याउँदै उसले भन्यो- 'यो पहिलो नजिर हुने भो । मुद्दा त जितियो । उनीहरू पनि आउँदै छन् ।' प्रसङ्ग फेरेर सोध्यो, उहाँहरूको लिखत पूरा भयो ?

'पहिलो ड्राफ्ट सकें, मुख्य सार बाँकी छ । यसैका लागि तपाईंलाई पर्खदै थियौं ।'

'उहाँ पनि वकील हो ?' मनशोभा र दिलशोभाले त्यो आगन्तुक वकीलतिर प्रश्न भावले हेरे ।

ऊ थियो वरिष्ठ अधिवक्ता नाम्रहाङ् नेरूवा । र साविकको छोटे वकील उसकै सहकर्मी थियो ।

'ए, मेरो कोट देखेर वकील हैन कि भन्ने ठान्नु भएको होला । बलियो सरकार आएपछि हामीले पनि कालोकोट छोडेर सुनौलो कोट लाउन थालेका छौं । अब चिन्न नबिर्सनु होस् है- म लिम्बू नाम्रहाङ् नेरूवा । अब तपाईंहरूको मुद्दा हेर्छु ।'

'हजुर, उतैको हुनुहुन्छ ?'

'उतैको, तर म जनजाति चाहिं होइन । मेरो जाति त यो माटो र यो देशसँगै जन्मेको हो । यो जनजाति भनिनेहरू चाहिं २०३० पछि नै जन्मेको हो- भत्ता, सुविधा र समाज मन्थनका लागि । म यो कुरा मान्दिन । म भर्खर जन्मेको जाति हैन । भ्रम नपाल्नु होला नि !'

'हजुर ।'

'अब हाम्रै कुरा गरौं । तपाईंहरूको जस्तै मुद्दामाथि बहस गरेर आउँदै छु । नतिजा राम्रै रह्यो, हाम्रै पक्षमा थियो ।'

मनशोभा र दिलशोभा सुन्दैरहे ।

नाम्रहाङ् नेरूवाले पहिलो वकीलले ड्राफ्ट गरेको लिखतमा सर्सर्ती आँखा घुमाएर सोध्यो- 'तपाईंहरूमा को चाहिं मनशोभा ?'

'हजुर, म मनशोभा ।'

'जी, म चाहिं दिलशोभा ।'

'यो खाले मुद्दा धेरै परेका छन् । राम्रा, असल, पठित चेलीहरू नसोची, छलफल नगरी, नबुझी निर्णय गर्छन् र आफैंलाई अप्ठेरोमा पार्छन् । 'मेरो शरीर मेरो अधिकार' भन्ने वचनको अमल गर्दा पो यस्तो स्थिति हुन गएको हो कि ? तपाईंहरूले गहिरिएर विचार गर्नु भएको छ ?'

'कुमारी चेलीका सपना सुन्दर हुन्छन्, उनीहरू सपनालाई अझ सिंगार्न चाहन्छन् र तर कता-कता चिप्लिहाल्छन् अनि समस्याले घेरिन्छन् । व्यर्थमा अवाञ्छित कुरासँग जुधेर जीवन सडाउनु पर्ने स्थितिसम्म पुग्छन् । आज, अपराधकर्मी अर्थात् ठग, लुटेरा, डाका, हत्यारा, बलात्कारी, जालझेल गर्ने, षड्यन्त्र रच्ने, स्वार्थी र उत्पीडक जस्ता व्यक्तिसँग वा तिनका सन्तानसँग

पारिवारिक सम्बन्ध गाँसेकाहरू मध्ये ९५ प्रतिशत जोडीहरू विवाह विच्छेदका लागि अदालतमा धाउन थालेका छन् । राम्रो घरका, राम्रो परिवारका चेली र चेलाहरू किन यसरी सडकमा झर्दैछन् ? पहिले नै आफूप्रति विवेक-दृष्टि किन राख्दैनन् ? कसले रोक्छ ?' अनुभव र गुनासो सँगै सुनायो । अनि थप्यो- 'मेरो कुरा लामो छ । फेरि गरौंला । अहिले म तपाईंहरूकै मुख्य बुँदामा आउँछु । तपाईंहरू प्रमुख समस्या भन्नुहोस् ।' वरिष्ठ अधिवक्ता नाम्रहाङ् नेरूवाले पेशामा केन्द्रित रहेर भन्यो ।

मनशोभाले भनी- 'म विवाह विच्छेद गर्न चाहन्छु । त्यसैले यहाँ आएकी हुँ ।'

'समस्या के हो त ?'

'मलाई आततायी ज्यानमाराकी बुहारी भएर बस्नु छैन, बस्नु पऱ्यो भने बाँच्नु छैन । मलाई मृत्युवरण गर्न भय पनि छैन ।'

'अनि ?'

'मैले आफ्नो गर्भमा ज्यानमारा, हत्याराको सन्तान या वंश पाल्नु छैन, हुर्काउनु छैन । त्यसैले गर्भपात गर्ने पाप पनि म बोक्तिन र पापीहरूको वंश पनि बढाउँदिन । मेरो रुचि, मेरो संकल्प र मेरो अधिकारबाट म विचलित हुन्न । त्यो अमानुषले बम पड्काएर कति मान्छे माऱ्यो, धराप थापेर कतिको हत्या गऱ्यो तथ्याङ्क सुन्दै मुटु काम्छ ।'

वकील नाम्रहाङ् सुन्दै रह्यो ।

मनशोभाले थपी- 'पतिको वा जीवन साथीको उच्च स्थानमा म कुनै हत्यारा ज्यानमारा वा पापीको सन्तानलाई राख्नै सक्तिनँ ।' उसले जोड दिएर थपी- 'अब मैले विद्रोह बोल्न, बौलाउन र आत्महत्या गर्न मात्र बाँकी छ । यदि विवाह विच्छेद भएन भने शेष देखिने यी तीन बाटा मध्ये एउटा बाटो अगाल्नै पर्छ, या स्वयम् आफ्नै हत्याका लागि अस्त्र उठानु पर्ने हुन्छ । त्यो बाटो जानु नपरोस् भनेरै विच्छेदका लागि यहाँ आएकी हुँ । मेरो कुरा यति नै हो ।'

नाम्रहाङ् नेरूवाले एक पटक आँखिभौं हल्लायो, मौनता लियो र लामो सास तानेर छोड्यो ।

फेरि अर्को लिखतमा आँखा पुऱ्याएर भन्यो- 'अनि तपाईं दिलशोभा, तपाईं आफ्ना समस्या भन्नुहोस् । यहाँ सबै कुरा लेखिएकै छ, केही अपुग देखिए थप्छु ।'

दिलशोभाले छोटो बोली- 'मेरो पनि समस्या त्यही हो । मलाई ज्यानमाराकी बुहारी, डाँकाकी स्वास्नी' भन्छन् । सुनेरै टाउको फुट्ला जस्तो हुन्छ । म विवाह विच्छेद गरेरै छोड्छु ।'

वकील सुन्दै रह्यो ।

ऊ बोल्दै गई- 'मलाई शैतानको गर्भ बोक्नु छैन न त जन्माउनु छ । अघि बुद्धि पुगेन, जवानी र कुमारीपन दुवै कुरा सँगै एकै पल्ट थाम्न सकिएन भनौं, मायाप्रीति गाँसियो । अहिले पछुतो छ । आफ्नै पीरले म त जवानीमै बूढी लाग्दैछु ।'

'मलाई अनुमति छ भने एउटा व्यक्तिगत प्रश्न सोधौं कि ?' वकीलले नरम भावले भन्यो ।

'सोध्नुहोस् , जाने जति भन्छु ।'

'फेरि विवाह गर्न या दाम्पत्यजीवन बिताउन असजिलो त हुँदैन ? यसतर्फ केही सोच्नु भएको छ ?'

'आम्मै, हुँदैन नि ! हाम्रो त रगत नै चोखो छ, शरीर नै चोखो छ । मनै पवित्र छ । फेरि-फेरि विवाह गर्न कुनै अप्ठेरो छैन । राम्रो राम्रो तन्नेरीले हामीलाई पर्खिरहेकै हुन्छ ।' एउटीले भनी ।

'हो वकील साहेब हामीलाई पर्खनेहरू यत्तिकै हुन्छ । त्यो चिन्ताको विषय नै होइन ।' अर्कीले थपी ।

'त्यस्तो पो ।'

'हो नि । पहिला त हाम्रो उमेर छ । फेरि हामी कुनै न कुनै वृत्ति व्यवसाय गर्छौं । मेरो कुरा गरौं- म ब्यूटीपार्लर पनि चलाउँछु, पियानो कक्षा पनि हेर्छु र पेटिङ पनि सिकाउँछु । अर्को जीवन जोड्न मुस्किल छैन ।'

'मेरो पनि स-सानो उपाय छ - जीवन बाँच्ने । कम्प्युटर सिकाउँछु र पोशाक डिजाइन गर्छु र व्यङ्ग्य-कार्टून पनि बनाउँछु ।' अर्कीले थपी ।

'सरकारले पनि सहयोग गरेको होला नि ?'

'सहयोग हैन, असहयोग गरेको छ ।'

'त्यो कसरी ?'

'कागज-पत्र र विधि पुगेको छ । वकीलले पनि रोकिदैन भन्छ । तर कयौं वर्ष भयो दर्ता प्रमाण दिंदैन । सरकारको नीति यस्तो हो या कर्मचारीको । यो त बुझ्न सकिंदैन ।'

वकील सुन्दै रह्यो ।

'घूस दिएर चाहि म दर्ता गर्दिन ।'

'हो, झोले सरदारको पछि लागेर पनि काम बनाउनु छैन ।'

'फेरि कसरी चल्दैछ त ?'

'भाइहरू छन् नि ! उनीहरूको नाम लिनासाथ काम हुन्छ । तर हामी त्यसो गरेर काम होस् भन्दैनौं । विधिवत हुनुपर्छ र सिस्टमबाट चल्नु पर्छ भन्ने हाम्रो धारणा हो ।'

'हो, सरकार कहिले कतै सहयोगी भएन नागरिक-पत्र बाँड्न बाहेक । कुनै आशा र विश्वास छैन ।'

'ओके, मुद्दा वहसको दिन आउनु होला । म खबर गर्छु, ई-मेल, फोन चेक गर्दैरहनु होला । शुभकामना !'

तीन महिनापछि अदालतले उनीहरूको पक्षमा निर्णय सुनायो । मनशोभा र दिलशोभा फेरि कुमारी भए । उनीहरूले अर्को जन्म भएको अनुभव गरे ।

(अर्को जन्म)

आफ्नी छोरी आफ्नै बुहारी

छोराछोरीको नागरिकता कसको नामबाट बनाउने भन्ने विषयलाई लिएर कामिनी सिटौला र कर्मवीर संग्रौलाबीच घमासान संग्राम चल्यो । आखिर पतिपत्नी बीचको कलह कोर्टमा पुग्यो र वैवाहिक सम्बन्ध विच्छेद भयो । आमा-छोरा एकातिर र बाबु-छोरी अर्कातिर लागे । सानो एउटा परिवार दुईतिर बाँडियो ।

समाजको टिप्पणी थियो- हतार गरे, छोरा-छोरीलाई नै सोधेर निर्णय लिएको भए हुन्थ्यो । अझै ९ वर्ष पर्खनु छ नागरिक हुन । विवेक पुऱ्याएनन् यिनले ।

कामिनीले त्यसै दिन आफ्नो जीवनमा पहिरो गएको ठानी जुन दिन कर्मवीरले धर्मनिरपेक्ष र सङ्घीयता थोपरेको विधान स्वीकारेर हस्ताक्षर गऱ्यो ।

रमणीहरू (नारी) धर्म र संस्कृतिका पालक र उन्नायक हुन् भन्ने धारणा राख्ने सन्तपुरुष पनि थिए, तर सरदारहरूले यूरोको खेतीबाट सर्वाधिक लाभ हुने देखेर नागरिक समाजले थाम्दै- हुर्काउँदै ल्याएका मानक स्थिति, परस्परा र आस्थालाई निमठेर कुल्चिन असहज मानेनन् अपितु संगति र शौर्य नै ठाने । यसले पनि कामिनीका मनमा पति (पुरुष) तत्त्वमाथि अनास्था र घृणाको भाव फैलाएको थियो ।

कर्मवीर झन् मुलुकको मेरूदण्ड ढाल्न, उद्योगधन्दा मास्न र तन्नेरी नागरिकलाई विदेश पठाउन र तरूणी छोरीहरूलाई निर्यात गर्न सफल भएकोमा आफूलाई अब्बल दर्जाको खेलाडी सम्झन्थ्यो- धूर्त नीति र गुप्त नीतिमा ।

कामिनी सिटौला जब छोरा (धर्मवीर सिटौला) लाई च्यापेर घरबाट निस्की सधैं स्वस्थ प्रतिस्पर्धामा नै उसले आफूलाई अग्रसर राखी । छोरालाई सिक्किमको पाकिम बोर्डिङ स्कूलमा पढाई । सही मौकामा धर्मवीरले आमाको नामबाट नागरिक-पत्र लियो र उच्च शिक्षाका लागि ऊ अस्ट्रेलिया हानियो ।

पाँच वर्षकी उर्मि (छोरी) लाई हुर्काउने दायित्व कर्मवीरका काँधमा आइलाग्यो । उसले भानुभक्त मेमोरियल बोर्डिङ स्कूलमा उर्मीलाई भर्ना गरिदियो । शक्ति र सम्पत्तिले नहुने कुरा केही थिएन- त्यो वेला । ऊ पनि ऐजन मौकामा बाबुको नामबाट नागरिक भई र १२ कक्षापछि ऊ पनि अस्ट्रेलिया पुगी ।

कामिनी घरबाट निस्केपछि न कसैको कहिल्यै भेटघाट भयो न जान-पहिचान । न कसैले कतै कुनै पहल गऱ्यो न औचित्य ठान्यो । शक्ति र भिडियामा कुनै वेला छाएको कर्मवीर प्रतिक्षण ओझेलमा पर्दै थियो । राजनीतिक अपचालन र अवाञ्छित ढंगको दाम्पत्य विघटनले उसको झन् तेजोवध भएको थियो ।

कामिनी पनि सधैं निरपेक्ष भावले रहिरही । एक्ली, एकान्तवासी र एकमना भएर रही । कुनै पीडा मनमा पस्ला र जीवन बिथोल्ला कि भनेर सतर्क थिई- सर्वथा सम्पर्क शून्य । छोरी यस्ती थिई, अब यत्री भई होली भनेर वेलावेला गुन्थी र आफैंलाई विचलित नपार्न त्यो सन्दर्भ बिर्सने प्रयत्न गर्थी- आफैंलाई नियन्त्रण गरेर ।

जानेर हो, नजानेर हो या नचाहेर हो- विदेशमा पुगेपछि मान्छे मात्र नेपाली भएर चिनिन्थ्यो । परिचयमा नाम, पढाइ र बसाइको चर्चा हुन्थ्यो र धेरै हुँदा कामको । त्यसैले मुसलमान, सीमान्त जनजाति, दलित, उत्पीडित दशनामी, थारु या आर्यभावले कोही अग्रसर हुँदैनथ्यो । त्यहाँ मात्र सद्भाव थियो, समभाव थियो, सहयोग र एकता थियो । विधानले औंल्याएको, वर्गभेद त्यहाँ थिएन ।

अर्को एउटा, व्रत भनौं कि संयम, बडो घतलाग्दो र प्रेरक प्रसङ्ग थियो । र त्यो के थियो भने, हिजोको सन्दर्भ कोही कतै कोट्याउँदैनथ्यो । प्रत्येक व्यक्ति वर्तमानमा र यथास्थितिमा बाँच्न र उद्देश्यमा केन्द्रित रहन चाहन्थ्यो ।

यथार्थ पनि हो आज यहाँ हामी चोखो र सुकिलो देखिने अभिनय गर्नु व्यर्थै हुन्थ्यो । कम्प्युटर वा फोनमा बटम दबाउनासाथ को हत्यारा, को डाका, को ठग र तस्करको, को विद्वान् र साधुको अनि को ठेकेदार, पत्रकार र सौदागरको सन्तान भन्ने कुरा थाह नहुने थिएन । तर समझदारी थियो- कसैको परिवार, परिवेश र अतीत वा हिजोप्रति कोही पनि प्रश्न गर्दैनथ्यो । यो एउटा अघोषित आचार संहिता नै थियो- विधि र निषेधको । त्यसैले यहाँ कोही कसैको नजरमा ठूलो र तुच्छ देखिएन, रहेन । प्रेम, सद्भाव, विश्वास र एकतामा बाँचेको थियो- नेपालीको अष्ट्रेलिया ।

ग्र्याजुएशन पार्टीमा, वनभोजमा, घरको भोजमा र कफी हाउसमा ऊर्मी र धर्मको भेट हुँदै रह्यो, संवाद चल्यो, आत्मा गाँसियो र कोर्ट विवाह भयो । जनमत थियो- दुईटा आँखा जस्तो सुन्दर छ-ऊर्मी र धर्मको जोडी । कोही मनमन भन्थे- एउटै गर्भबाट जन्मेजस्तो छ यिनको जोडी । सफल र सुखद दाम्पत्य जीवनको कामना वर्षा गरेर आमन्त्रित मित्रमण्डली विदा भयो ।

विवाह औपचारिक घोषणा हो- सहवासको । सामाजिक र साँस्कृतिक समर्थन हो- यौवन विलास र आतृप्त संभोगको ।

विदेशको भूमि र संस्कृति सरल र सहयोगी नै हुन्छ । विलम्ब भए पनि कतै प्रतिकूल देखिंदैन । शुभकर्ममा चन्द्र पञ्चाङ्गको महत्त्व रहंदैन । कुनै पनि दिन विवाह हुन सक्छ । अयन, उदय, अस्त, महिना, ग्रहस्थिति, पक्ष, तिथि, घडी र मुहूर्तको महत्त्व खासै मानिंदैन । त्यसैले धेरै कुरा सजिलो हुन्छ ।

मन्दिरको प्रांगणमा विवाह पनि भयो- अग्नि, शास्त्र र दर्शकलाई साक्षी मानेर । ऊर्मी गर्भवती भएकी थिई भर्खरै । तैपनि विधि अनुशरण गर्न असजिलो भएन उसलाई । यो परम्परागत विवाहको मौकामा दुवैतर्फका अभिभावक उपस्थित भए ।

बाबु कर्मवीर सिटौला अघि सऱ्यो र कन्यादान गऱ्यो । आफ्नी छोरीको हात धर्मवीर संग्रौलाका हातमा थमायो । लामो यात्राबाट पुगेको हुनाले यता र उताको समय र निद्रा मिलिसकेको थिएन । निद्राको नशामा अलिकति धङ्धङ पनि थियो नै । उसले विधि पूरा गऱ्यो बस, तर विधि कहाँ पर्छ, त्यसको गणित गर्नु थिएन । गणित गर्ने सोच र संस्कार विधान निर्माण गरेको वेलादेखि नै उसले छाडिसकेको थियो । त्यसैले पनि नीति र सांस्कृतिक पक्षले उसलाई चिमोट्दैनथ्यो । ऊ सुखी थियो ।

'आफ्नै छोरा र छोरीको बीचमा विवाह भएछ' कामिनीले पछि थाह पाई ।

धर्मनिरपेक्ष र नारी स्वतन्त्रताको हुबहु प्रयोगशाला आफ्नै घर भएछ । छोरालाई ज्वाइँ मान्नुपर्ने स्थितिको सिर्जना आफैंले गरेको हो भनेर आत्मपीडा गर्न खोज्यो धर्मवीरले किन्तु समय धेरै अघि बितिसकेको थियो जब विधानमा हस्ताक्षर भयो, जब सम्बन्ध विच्छेद भयो र आमा वा बाबुको नामबाट नागरिकता लिने विवाद उठ्यो । कर्मवीरले आत्मकथन गऱ्यो- 'मेरो गलत सोच र निर्णयको प्रतिफल हो- यो विवाह । एकपछि एक शृंखलित हुँदै गएका अवाञ्छित घटनाको नायक त म आफैं हुँ नि ! मैले जितेर नै धेरै

कुरा हारेंछु ।' किन्तु यो दुर्घटना हो, या दुःखद प्रसंग हो भन्ने छनकसम्म कसैलाई उसले दिएन । बरु ऊ हतारिएर फर्क्यो दूतावासमा काम छ भनेर ।

दुलहीका बाबुलाई एयरपोर्ट पुऱ्याउने औपचारिकता पूरा गर्न कामिनी पछि परिन । उसले व्यंग्य गर्दै भनी 'तपाईंको निर्णयले नै हामी पति पत्नीबाट सम्धी सम्धिनी हुन पुगेका हौं र तपाईंकै कर्मले दाजु र बहिनी पति-पत्नी हुन पुगेका हुन् नि पूर्वमन्त्रीज्यू ! फर्केर एक पटक इतिहास हेर्नुहोस् त !'

छोरी चाँडै सुत्केरी हुनेछ । त्यसैले ऊ पर्खेर बसी । शायद जीवनमा अब हतार सकिएको छ । ऊ यस्तै गुन्न थालेकी थिई ।

छोरीले छोरा पाई । उसको दर्जा बढ्यो । ऊ हजुरआमा भई ।

तर नातिका खुट्टा छोटा रहेछन् । पिडुला थिएनन् । घुँडापछि गोलीगाँठा, औंला, कुर्कुच्चा पैंतालाको भाग जोडिन आएको रहेछ । पछि हिंड्न सक्ला कि भनेर अनुमान गर्न सकिन्थ्यो । आँखा सुन्दर थिए, किन्तु ज्योति थिएन ।

धर्मवीरले सासू त चिन्यो, आमा चिन्यो कि चिनेन भन्न सकिन्न । ऊर्मीले कुनै प्रश्न गरिन । कामिनीले मुख खोलिन । शायद मुख खोल्नुको औचित्य अब थिएन । समय धेरै बितिसकेको थियो ।

ओछ्यानमा पुगेर राति बारम्बार यही कुरा दोहोऱ्याएर कर्मवीर आत्मपीडा लिन्थ्यो 'मैले परिवार, समाज, संस्कृति र मुलुकलाई नै विघटन गर्ने कयौं बुँदा विधानमा सुटुक्क घुसाएर गलत काम गरेछु । यस्तै अकर्म गरेको दण्ड पाएको छु - यो आत्मपीडा ! अब न यो पखालिन्छ न कसैलाई भनेर कम हुन्छ । आफ्नै छोरा र छोरीलाई (यी दाजु र बहिनीलाई) मैले पति-पत्नीको रूपमा, छोरा-बुहारीको दर्जामा स्वीकार गर्नु पऱ्यो, मान्यता दिनु पऱ्यो । हत्तेरिका अब मैले आत्महत्या गरे भएन !'

सधैं कर्मवीर सिटौला रातभरि नसुतेर अपराधबोध गर्थ्यो र राता आँखा लिएर बिहान देखा पर्थ्यो । अनि मनमनै भन्थ्यो- 'देश पनि बिगारें, समाज पनि बिथोलें, परिवार पनि विघटन गरें र संस्कृति पनि नष्ट गरें । म अपराधी नै हुँ । गन्हाएर कति बाँच्नु अब ?'

धर्मवीर र ऊर्मी धर्मपरिवर्तन गरेर रसीद र रेश्मा भए अनि अन्तै बसाइँ सरे । फेरि पनि परिवारको इतिहासले उनीहरूलाई दुःखाउन छोडेन । उनीहरूसँग धर्म बाँकी थियो होला र त परिवर्तन !

(आफ्नी छोरी आफ्नै बुहारी)

कर्णाली गुरूकुल

जब संघीय सरकारले पहिचानको आग्रह राखेर जनजातिको भाषामा पठन-पाठन गराउने नीति लियो, बुद्धिजीवी अक्मकाए, अभिभावक दुःखी भए र विद्यार्थीहरू भड्किए । शिक्षा जस्तो अन्तर्राष्ट्रिय विषयलाई लोकल भाषामा ठिंगुऱ्याउनु त्यति संगतिपूर्ण थिएन । त्यसैले माध्यमिक तहका विद्यार्थीहरूले मुलुक बाहिर गएर पढ्ने निर्णय गरे ।

हिंड्नुअघि सर्वसम्मतिबाट एउटा निष्कर्ष निकाले जसअनुसार सम्बन्धित पक्षलाई सुसूचित गर्नु उचित ठाने र विद्यार्थी पत्रकार संघ, शिक्षण पत्रकार संगठन, भाषा पत्रकार परिषद्लाई सूचित गरे अनि जनजाति महासंघ, संघीय शिक्षा प्राधिकरण, सिंहलीला साम्राज्यका चान्सलर (प्रमुख) र महामन्त्रीलाई ज्ञापनपत्र दिएर देशको पूर्वी सीमानामा पुगे- मेची किनारमा ।

समाजले सूत्रात्मक टिप्पणी गऱ्यो :

'के भएको हो यो सरकार ! शिक्षा जस्तो सार्वभौम र सर्वस्वीकृत विषयलाई जनजातिको भाषामा पढाएर पार लाग्छ ? न लिपि छ न पाठ्य-पुस्तक छन्, न शब्दकोश भेटिन्छ, न शिक्षक उपलब्ध हुन्छन् । कहाँ पुऱ्याउन खोजेको मुलुकलाई ?'

'पूर्व तयारीका साथ ५० वर्षपछि यो अभियान थाल्न सकिएला, पूर्णता र सफलताको कुरा अर्कै हो । विना सोच-विचार र विना मन्थन के गर्न खोज्दै छ यो संघीय राज्य ?'

'शायद विज्ञ, विचारकहरूको सहयोग छैन सरकारलाई ।'

'हो अदालतप्रति पनि जनताको भरोसा रहेन, नत्र अदालत जान्थे ।'

'अहिले मिडिया बलियो भएर आएको छ भन्छन्, हेरौं !'

'फेरि, साइन्स, म्याथ, इंगलिश, ज्योग्राफी, कम्प्युटरजस्ता विषयको पठन-पाठन जनजातिका भाषामा वा स्थानीय भाषामा सही ढंगले हुनसक्ला र ? हाम्रा भाषाको क्षमता त्यतिसम्म कहाँ पुगेको होला र ? हत्तेरिका ! अनर्थ हुने भो ।'

'अनर्थ मात्र होइन, विद्यार्थीको भविष्य नै बिग्रने भो ।'

'देश डुबाउने भए नेताले । कमसेकम अहिले शिक्षालाई नचलाएको भए हुन्थ्यो । धैर्य नै छैन, न भविष्यको कुनै सोच छ यिनमा !'

'शिक्षा-नीति र नागरिक समाज' शीर्षकमा कञ्चनजंघा दैनिकले आफ्नो सम्पादकीयमा लेख्यो- 'मुलुक संघीयतामा गएपछि स्कूल-शिक्षामा भएको हस्तक्षेपले विद्यार्थीहरू निराश भएका छन् । स्थानीय बोर्डिङ स्कूलमा ५ प्रतिशत मात्र विद्यार्थी भर्ना भएका छन् भने सोही अनुपातमा मूल विषयका शिक्षकहरू अवकाशमा परेका छन् । स्थानीय जनजातिका भाषामा पठन-पाठनको नीति अनिवार्य लागू हुने भएपछि बिच्किएका विद्यार्थीहरू अर्को मुलुकमा जान विवश भएको तथ्य प्रकट भएको छ । फक्रन लागेको जवानी सम्हाल्दै गन्तव्य खोज्न निस्केका सन्ततिहरू सिमानाछेउ पुगेर संकटमा फसेका छन् । संघीय शिक्षा नीतिको कार्यान्वयनमा अलि शीघ्रता गरियो कि भन्ने प्रश्न आम नागरिकले गर्न थालेका छन् । अरब पुगेका नेपालीहरूको स्थिति यी हाम्रा कलिला विद्यार्थीले भोग्नु पर्ने हो कि ! मुटु काम्छ, कल्पनासमेत गर्न सकिन्न । राज्यशक्तिका अगाडि निमुखा नागरिक र कलिला विद्यार्थीहरूको के लाग्छ र ! कुनेताको लीला बुझिनसक्नु छ ।

विद्यार्थीहरूले पारी प्रवेश पाएनन्, त्यसैले सीमा क्षेत्रमा अलपत्र परे । अभिभावक पनि चिन्ताग्रस्त भए । आफ्नो सन्ततिलाई फर्काएर सँगै लैजाने कि यही बिस्यार भएर बस्ने भन्ने द्विविधाले पिरोलिंदै गए ।

सडक पत्रकार, नाका पत्रकार, सामान्य पत्रकार र बहुमार्गी पत्रकार त्यहाँ यसरी पुगे मानो सयौं माइलको दूरीबाट धर्तीमा सिनो देखेर गिद्ध बेगले सत्वर अवतरित भएको हो । देखे- विद्यार्थी र तिनका अभिभावकको स्थिति बेहाल देखे ।

न पारि जान पाउँथे न वारि त्यत्रो जनसंख्यालाई व्यवस्था हुन सक्थ्यो । नुहाउने-धुने कर्मको आंशिक सुविधा सीमा-नदीबाट अवश्य मिल्दथ्यो, फेरि

पनि ट्वाइलेट पेपरका गन्धा टुक्रा उडेर शहर-बस्तीमा पस्न थालेपछि जनजीवनमा असामान्य ढंगले कोलाहल मच्चिएको थियो ।

भनै तीन हजार विद्यार्थी भोकै, तीर्खै र अनिंदो रहेर सिमाना छेउमा आफलिनु सामान्य जस्तै भएको थियो - राज्यलाई । किन ? कसरी र कतिन्जेल ? केही भन्न सकिन्न यो सिमानामा ! लुटिने, ठगिने र मारिने डर पनि उत्तिकै थियो । अझ झापा त्यसै पनि मुडिकट्टाको भूमि भनेर चिनिन्थ्यो । झन् आततायीहरूको युद्धले जनताको शरीर र सम्पत्ति जुन शैलीमा भोग गऱ्यो, त्यो सुन्दा तिनको मुटु काम्थ्यो । फेरि राज्यको शिक्षा नीतिले, आम जनताको मत र अधिकारको उपेक्षा भएको चर्चा पनि उठ्न थालेको थियो । झन् सिमानामा पुगेका विद्यार्थीहरूको यो स्थिति देखेर स्थानीय बासिन्दा समेत दिक्दार थिए ।

टेलिफोनका नम्बरमा औंला नाच्दै गए । समाचार देश-विदेशमा फैलिंदै गयो । यो नाकामा मात्र होइन देशको दक्षिणी र पश्चिम नाकामा पनि त्यसैगरी विद्यार्थी र अभिभावक हजारौंको संख्यामा थुनिंदै, अलपत्र पर्दै र असुरक्षित बन्दै थिए । राज्य-शक्तिका अंगहरू चेतनाहीन नै देखिन्थे ।

यहाँ अगि शिक्षा, संस्कृति र राजनीतिको क्षेत्रमा नेम्वाङ परिवारको वर्चस्व थियो । राजनीतिक अध्याय फेरिएपछि सुब्बा भूपेन्द्रहाङ् लिङ प्रखर राजनेताको रूपमा अग्रसर भए । यथार्थ रूपले यी विद्यार्थीहरूले साविकको स्कूल किन छोडे, कहाँ हिंडेका हुन् र लक्ष्य के हो र किन यहाँ अलपत्र ढंगले आफलिएर बसेका छन् भन्ने तथ्य उनी राम्रोसँग जान्दथे ।

सुब्बा भूपेन्द्र अलिक उदार प्रकृतिका थिए, स्वस्थ र युगीन विचारका पक्षधर मानिन्थे । हिजोका असल कुरालाई स्वीकार गर्ने र अवाञ्छित, घातक कुरालाई उन्मूलन गर्ने विचारमा उनी प्रतिबद्ध थिए । त्यसैले कलिला विद्यार्थीहरू आफ्नो क्षेत्रमा, त्यो पनि अन्तर्राष्ट्रिय सीमा नजिक आफलिएर बसेका छन् भन्ने थाह पाएर उनी भेट्न पुगे ।

'नमस्कार है भाइ-बैनीहरू, सेवारो है फुपू-दिदीहरू, दाजु र भाइ, काकाहरू । पहिले पानी-पेय केही लिनुहोस् अनि कुरा गरौंला ।' अनि थपे- 'आफ्नो विषयमा भन्दा म यहींको स्थानीय मनुवा हुँ अहिले, अगि त माथि पाँचथरतिरको भन्नु पर्छ । तपाईंहरूले चाहँदा म केही सहयोग गर्न सकौंला

कि भनेर संवाद गर्न आएको हुँ । पहिले केही खानुहोस् अनि संवाद गरौंला नि ! म पर्खन्छु ।' उनले खुलेर भने ।

विद्यार्थी र तिनका अभिभावकका हात-हातमा पुगे-पिउने पानीका बोतल, रस (जूस) खानेकुराका पाकेट, टावल पेपर र ट्वाइलेट पेपरहरू ।

२१ थान ट्रक रित्तिए । बासुरा (फोहोर-कसिंगर) लिएर फर्के ।

ओइलाउन लागेको फूलमा सुब्बा भूपेन्द्रको सद्भाव र प्रेमले भरिलोपन झल्कियो र प्रसन्नता छचल्कियो । किन्तु उनी अलिक परै थिए ।

विद्यार्थी र अभिभावकका आँखा अब ती सहयोगी व्यक्तिको खोजीमा घुमे । सोधिहाले- 'अघि हामीलाई भेट्न आउने व्यक्ति को हुनुहुन्छ ? पर्खन्छु कुरा गर्नु छ भन्नुहुँदै थियो नि ! खै त कता जानु भो ?'

'ए, तपाईंहरू उहाँलाई चिन्नु हुन्न क्यार ! उहाँ त यहाँको नेता हो नि, सांसद !'

'हो त, कता-कता देखे जस्तो त लागेको हो, टिभीमा पो हो क्यारे !'

'ए हो है, मैले त उहाँको अन्तर्वार्ता सुनेको हुँ । गाई काट्नु हुन्न भनेर बोल्ने उहाँ नै हुनुहुन्थ्यो ।'

'हो त उहाँ पनि जनजाति नै हो क्यार नि !'

'हुन्न, जनजाति नभन है जनजाति भनेको त असाध्य तल्लो, असभ्य, जंगली, निरीह, विचरा पो हो त । त्यसैले म आफूलाई पनि जनजाति मान्दिन नि ! अरूलाई पनि भन्दिन । म त्यो शब्द नै डिक्शनेरीबाट मेटाउन भन्छु ।'

'ए मैले पनि उहाँको विचार सुनेको रहेछु । ऐले सम्झे । उहाँको र हाम्रो विचार मिल्छ, बाइदैन जस्तो लाग्छ ।

बाहुन-बाहुनीको जोडा घरमा कामदार राखेको उहाँले नै हो क्यार ! मैले पनि सम्झें ।'

विद्यार्थी र अभिभावकहरू आ-आफ्नो ढंगले संवाद गर्दै थिए ।

'ए, पख, उहाँ यतै आउँदै हुनुहुन्छ ।' एउटाले संकेतमा बोल्यो ।

'ए, तिमी र तिमी राम्रोसँग बोल्नु है हाम्रा समस्या देखाएर ।'

साथीहरूको सल्लाह अनुसार एक छात्रा र एक छात्र तत्पर भए ।

अर्कातिर सबै जातिका एक-एक विद्यार्थी प्रतिनिधि रहेको एउटा समूह र त्यसैगरी अभिभावकहरूको समूह निर्माण गरिएको हुनाले प्रश्न अनुसार

सही जवाफ दिनु पर्ने स्थितिमा दुवै समूह तत्पर देखिए- सल्लाह पनि यस्तै थियो ।

बिल्कुल आडम्बर शून्य, अभिमान शून्य, तुजुक शून्य, प्रदर्शन शून्य रहेर सुब्बा भूपेन्द्र करबद्ध शैलीमा विद्यार्थीहरूको निकट पुगे । अनि प्रसन्न भएर भने- 'म जनजाति भन्ने शब्द बोल्न चाहन्न तर अहिले चाहिं प्रयोग गर्नै पर्ने भयो । मलाई क्षमा गर्नुहोला । अब मैले बुझेको कुरा म सोध्छु, तपाईंहरू दबाब मुक्त रहेर उत्तर दिनुहोला । त्यसपछि तपाईंहरूलाई म के कस्तो सहयोग गर्न सक्छु भन्ने निर्णय लिन सजिलो होला भन्ने ठानेको छु ।'

'राज्यले आफ्नो मातृभाषामा- जनजातिको भाषामा पढ्ने पढाउने नीति लागू गरेको मन परेन तपाईंहरूलाई ?'

'मन परेन, गलत हो । नेताले आफ्नो स्वार्थ हेऱ्यो, नागरिकलाई हेरेन ।'

'शिक्षा जस्तो विषय राष्ट्रिय-अन्तर्राष्ट्रिय भाषामा पढ्न पाउनु पर्छ पहिले जस्तै । जनजातिका भाषामा हाम्रो पढाइले पूर्णता पाउँन सक्तैन नि हजुर !'

'हो राजनीतिले हाम्रो भविष्यसँग खेलवाड गर्दै छ । शिक्षा त अन्तर्राष्ट्रिय विषय हो, जहाँ पनि बिक्नु पर्छ । बिक्नै नसक्ने, कसैले नपत्याउने सर्टिफिकेट लिएर के काम ?'

सुब्बाले सद्भाव राखेर भने- 'उता आन्दोलन चल्दै छ । सुरक्षा छैन । प्रवेश नपाउँदा लक्ष्यमा बाधा देखिए पनि घुमाउरो हिसाबले हाम्रो कल्याण वा सुरक्षा हो । अब दुई देश र शिक्षण संस्थाबीच पनि औपचारिक कागजपत्र चाहिन्छ । पूर्व स्वीकृति वा अनुमोदन पत्र तपाईं हामीसँग छैन क्यार ! एड्मिशन कहाँ लिने, पाइन्छ कि पाइदैन, त्यो पनि पक्का छैन । खोज्नै पर्ला, भौंतारिनै पर्ला । फेरि हामीलाई अप्ठ्यारोमा परेको देखेर धर्म-परिवर्तन गर्नु पर्ने शर्त लाउलान् । तपाईंसँग धर्म छ भने त परिवर्तन होला, कि साट्ने मात्र हो कि ? शरीरको धर्म परिवर्तन गर्ने कि मनको ? त्यो पनि बुझ्न कठिन होला !' उनले सजिलै भने ।

अभिभावकतर्फ लक्ष्य गरेर उनले थपे- 'यी देशका भविष्य हुन् । यिनको उत्साहमा बल पुऱ्याऊँ । पढाइ, समाज र देशप्रति वितृष्णा जन्मन सक्छ, सावधान गराऊँ । सत्र खेर नजाओस् । त्यसैले चिन्तन गर्नुहोस्, विमर्श गर्नुहोस् र मलाई खुलस्त भन्नुहोस्- अब यहाँहरू के चाहनुहुन्छ

र म यहाँहरूका लागि अर्थात् यी विद्यार्थीहरूका लागि के गर्न सक्छु के गर्नुपर्छ ?'

'सेवारो लुङ्गा ! सँगै आउँला भनेर म चाहिं तपाईंलाई खोज्दै हिडें, तपाईं चाहिं पहिले नै यहाँ आएर मलाई उछिनिसक्नु भएछ ।' एक जना वयस्क र दृढ व्यक्तिले आउँदाआउँदै सुब्बा भूपेन्द्रसँग लीलापूर्वक भन्यो ।

विद्यार्थीको समूहबाट वाक्य सुनिदै गए- 'उहाँ विश्वप्रकाश दाइ त होइन ?'

'सेवारो विश्व दाइ !'

'तासिदेले विश्व दाइ !'

'तारेमाम विश्व दाइ !'

'नमस्ते दाइ !'

विद्यार्थीतिर हेरेर सुब्बा भूपेन्द्रहाङ लिङले भने- 'तपाईंहरूले उहाँलाई विश्वप्रकाश शर्मा ठान्नु भएजस्तो छ । ठान्दा पनि हुन्छ, भन्दा पनि हुन्छ । खासै फरक पर्दैन- उहाँले आपत्ति मान्नु भएन भने । तर उहाँ विश्वप्रकाशकै अर्को रूप हो, उस्तै खुवी र उस्तै दर्शन हो । उहाँ मेरो मित्र र दृढ सहयोगी, कुशल वक्ता र विश्लेषक पनि ।'

'आच्चे ! हामी त विश्व दाइ पो भन्दै थियौं ।'

'फरक छैन । दुवैको बाटो एउटै हो र लक्ष्य पनि उस्तै । बरु थोरै फरक होला हाम्रो दर्शन ।' हा हा हा हाँस्तै ठटेउलो हाँसो गरेर सुब्बाले थपे- 'यहाँ चाहिं आदित्यप्रकाश भण्डारी ।'

भण्डारी, विद्यार्थी र अभिभावकतर्फ नमनको भावले करबद्ध भएर झुके ।

'अब हामी निर्णयतिर जाऊँ । तपाईंहरूका विचार सुन्नुभन्दा पहिले म आफ्ना कुरा सक्छु- यो कुरा मनमा रहोस् । पारी जानासाथ तपाईंका अगाडि अशान्ति, असुरक्षा, अव्यवस्था, अनिश्चितता र असहयोग देखा पर्ने छन् । पाइला पाइलामा समस्याले घेरिने सम्भावना छ । स्थिति हिजोको छैन । अझ त्यताबाट भोका-नाङ्गा मान्छेहरू उत्तरी सीमा काटेर पेट भर्न थालेका छन् । तालिम पनि लिंदैनन् ।' अनि जोड दिएर सुब्बाले थपे- 'वेश हुन्छ आफ्नै मुलुकमा बसेर पढाइलाई निरन्तरता दिने सोच बनाऔं र पारि जाने विचारको विकल्प खोजौं ।'

सुब्बा भूपेन्द्र लिङको विचारमा सहमति जनाउँदै आदित्यप्रकाशले भने- 'माननीयज्यू, मेरो प्रस्ताव छ, विकल्प हामी नै जन्माऔं । उहाँहरू सल्लाह

गरेर हाम्रो प्रस्तावमा सहमति वा असहमति जनाउनु हुनेछ । यो बाटो सजिलो होला कि !'

'ठिक छ । अहिले मुलकभरि कम्युनिस्टको रंग पोतिएको छ । यद्यपि म चाहिं कंनिस्ट हैन, तैपनि रंग लागेको हुनसक्ला । तर, मैले मिलाएको व्यवस्थामा डेमोक्रेटिक शैलीले बाँच्न पाउनु हुन्छ । यसमा चाहिं ढुक्क हुनुहोस्' भनेर उनले एकपटक सबैलाई चकित पारे र थपे- 'तिला कर्णाली, सिंजा कर्णाली, मुगु कर्णाली र महाकर्णालीबाट तपाईंहरूको जीवन पोषित र पल्लवित हुनेछ । र खासगरी, तिब्रीकोट, सिंजादरा, फोई महादेव, रास्कोट, विजयपुर, डिल्लीचौर र काइगाउँमा पढाइको प्रवन्ध हुन्छ । तपाईंकै शिक्षक त्यहाँ पुग्नेछन् र जनजातिको भाषामा पढ्ने-पढाउने वाध्यता हुने छैन । त्यहाँ भाषाको द्वन्द्व छैन ।'

'अनि ?' भन्ने प्रश्नभावले विद्यार्थीहरू सुब्बाको योजना सुन्न उत्सुक हुँदैरहे ।

उनले थपे- 'अब अलिकति थपेर भन्छु छोरा र छोरीको स्कूल पनि एउटै हुनेछ, मेस पनि एउटै हुनेछ । तर छात्रावास फरक-फरक । र सकेसम्म खाद्यवस्तु स्थानीय उत्पादनबाट लिने व्यवस्था हुनेछ ।'

'त्यहाँ जाने कसरी, पुग्ने कसरी ?'

'तपाईहरूबाट यो विकल्प ओके भएपछि हामी त्यहाँ पुग्ने व्यवस्था मिलाउँछौं । मलाई एक दिनको समय चाहिन्छ । म अहिले नै इटहरीको मेयरलाई मेरो फोनको प्रतीक्षा गर्न भनिराख्छु- यातायातको व्यवस्थाका लागि ।

अर्को दिन बिहान निर्णय सुनाए- विद्यार्थीहरू कर्णाली महादेश जान मञ्जुर भए ।

विद्यार्थीको निर्णयलाई स्वागत गर्दै सुब्बा भूपेन्द्रहाङ् लिङ काकडले भने- 'हामी तपाईको शिक्षा, स्वास्थ्य, शरीर र सुरक्षाको ग्यारेन्टी लिन्छौं । इन्डोर गेम र आउट डोर गेमको पनि थोरै व्यवस्था हुन्छ । ठाउँ र स्थिति अनुसार आवश्यक कुराको परिपूर्ति हुँदै रहनेछ । भय र शंका यतै छोडौं, उत्साह र उत्सुकता सँगै यहाँबाट यात्रा गरौं । इतिहासको केन्द्रभूमितर्फ हामी जाँदैछौं । र अनुरोध छ- हामी नेपाली भएर बाँचौं, विज्ञ भएर आफ्नै परिचय दिन सकौं । हाम्रो इतिहास लामो छ । जनजातिको तक्मा नयाँ हो । जसले यस्तो पढाए, गलत पढाए । अब उच्च वा अब्बल दर्जाको नागरिक भएर

निस्कनु पर्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो उचाइ थपिएको हुनुपर्छ । यसका लागि तपाईंहरूले नै आफ्नो गन्तव्य सुनिश्चित गर्नुपर्छ, लगन आवश्यक छ ।'

'हामीले कर्णाली महादेशका विद्यार्थीहरूलाई अतिरिक्त वा विशेष योग्यतावान् बन्ने अवसर पनि दिने छौं । संस्कृत र चिनियाँ भाषा सिक्न सक्ने व्यवस्था पनि गरेका छौं, किन्तु अनिवार्य हैन, विद्यार्थीले चाहे पढ्न सक्ने छ ।' अनि अभिभावकलाई लक्ष्य गरेर भने- 'दशैंको वेला हामी अभिभावकहरूलाई कर्णालीको यात्रा गराउने छौं- तपाईंहरूलाई भेट्न !'

सैनिक प्रहरीको सुरक्षामा सयौं बस-काँकडभिट्टाबाट नेपालगञ्ज पुगे । झण्डै पन्ध्र घण्टाको दूरी पार गरेर आएका विद्यार्थीहरू फेरि पनि ओइलाएका थिएनन् । उमेर, उत्साह र नयाँ ठाउँप्रतिको आकर्षणले यिनलाई म्लान-शुष्क हुन दिएको थिएन । त्यहाँ कोही अन्जान थिएन- सबै आत्मीय र विश्वस्त देखिए । लिङ्गभेद र वर्गभेदको लक्षण कतै थिएन । मानौं एउटै परिवारका अभिन्न सदस्यहरू स्नेहभावले कतै आत्मीयभावले सहयात्रा गर्दै थिए । सहयोग र सद्भाव देखाउँदै रहे ।

विमानहरू उड्दै गए जुम्ला खलंगाको लक्ष्य गरेर । नेपालगञ्जका छात्रावास, अतिथि भवन, पाल, धर्मशाला खाली हुँदै गए ।

काँकडभिट्टाबाट आएको सुरक्षा टोली आफ्नो दायित्व पूरा गरेर फर्कियो । उता जुम्ला एयरपोर्टमा विद्यार्थीहरूको सुरक्षाका लागि त्यहाँको व्यारेकबाट सैनिक जवान खटिएका थिए ।

प्रणय शाहीको नाम राजधानी, अधिराज्य र बाहिर पनि चर्चित हो । कर्णाली महादेशका मानवहरू उनलाई छाता सम्झन्थे । तर त्योभन्दा पनि बढी लेखक, अनुसन्धाता, विद्वान्, संस्कृतिविद् तथा इतिहास पुनर्पठन गर्ने र मौलिक दृष्टि भएका कुशल वक्ता र देशभक्तको रूपमा उनी सम्मानित थिए । कर्णाली महादेशमा पुगेका विद्यार्थीहरूलाई उनकै सक्रियतामा स्वागत-सम्मान र आतिथ्य प्रदान गर्न अनेक व्यक्ति उपस्थित थिए । उनी चाहन्थे- कर्णाली महादेशले आफ्नो गर्भबाट विशेष विज्ञता जन्माउन सकोस् । त्यसका लागि उनी सुन्दर र निरोगी सपना देख्थे गर्थे ।

जब सुब्बा भूपेन्द्रहाङ् लिङले प्रणय शाहीको संरक्षकत्वमा रहने गरी कर्णालीको केन्द्रमा विद्यार्थी ओराले, प्रणय शाहीले कर्णाली महादेशमा स्वर्णयुगको यात्रा थालिएको ठाने ।

विद्यार्थीहरूप्रति प्रेम र सद्भाव राखेर सैनिक व्यारेकले एक दिन भोजको आयोजना गऱ्यो जसमा नाचगानको मनोरञ्जन पनि समावेश थियो । गीत र बाजाको तालले विद्यार्थी पनि नृत्यमा सम्मिलित हुँदै गए ।

पुलिस विभागले दिएको भोजमा नृत्य-गीत अझ चम्कियो । सेना र प्रहरीको आत्मामा लोकगीतको रस यति भावपूर्ण र यति छचल्किएको रहेछ अनुमान गर्न सकिन्नथ्यो ।

केही विभाग र केही साहु महाजनले पनि विद्यार्थीहरूको संमानमा भोजको आयोजना गरे । स्थानीय परिवेशमा हाम्रा विद्यार्थी रमाएका छन् भन्ने हेक्का सजिलै लिन सकिन्थ्यो ।

सुन्दर स्वादिष्ट शाकाहारी भोजन गराएर चन्दननाथ मन्दिरले भण्डारा पूरा गऱ्यो । यस पटकको भण्डारामा विद्यार्थी मात्र होइन, मुख्य विषयका ती शिक्षक पनि पुगे जसलाई विद्यार्थीको अभावका कारण अपदस्थ गरिएको थियो । तिनै गुरू र विद्यार्थीहरूको यो पुनर्मिलन बाबा चन्दननाथका आँगनमा हुनु सामान्य अवश्य होइन, यसले कुनै गूढ, दूरगामी र सफल भविष्यको संकेत गर्दछ । प्रणय शाही यस्तै-यस्तै अर्थ लगाउँन खोज्दथे ।

सन्दर्भ सुखद थियो- एउटा मित्रले अर्को मित्रको भावना र संकल्पको कदर गऱ्यो । टेलिफोन चल्यो- 'माननीय सुब्बा साहेब तपाईंलाई धन्यवाद, विद्यार्थी पठाएर सेवा गर्ने अवसर दिनु भयो । आभारी छु, उपकृत छु ।'

'यिनको भविष्य बर्बाद हुन्थ्यो जोगाइदिनु भयो । म झन् आभारी छु । त्यत्रो व्यवस्था मिलाउन सक्ने क्षमता तपाईंमा देखेर म चकित पनि छु । ऋणी त रहेकै छु । शतशः धन्यवाद ।'

अँ कुन-कुन विद्यार्थी कहाँकहाँ परेका छन्, त्यसको तथ्याङ्क चाहिं फेरि दिने छु । म यो साता सबै ठाउँमा सुपरिवेक्षण गर्ने छु । त्यसपछि लामो संवाद गरौंला । तपाईंले पठाएको विद्यार्थीका अभिभावकहरूको नाम, फोन, इमेल, ठेगाना पाए त्यता पनि खबर गरिदिन्छु ।'

'कर्णाली महादेश अग्रगामी रहोस् धन्यवाद ।'

'कर्णाली अन्तर्राष्ट्रिय गुरूकुल (KIG) अर्थात् कर्णाली अन्तर्राष्ट्रिय गुरूकुलकातर्फबाट तपाईंलाई पनि धन्यवाद है माननीयज्यू !'

'ए मैले त कैलाश कर्णाली गुरूकुल (KKG) पो परिकल्पना गरेको रहेछु ।'

'तपाईंकै परिकल्पना ठिक हो । धन्यवाद !' प्रणय शाहीले टेलिफोन राखेर लामो सास लिए । उनले थकाइको पनि अनुभव गरे । अनि मनमनै भने- 'चढाइको यो पहिलो र मुख्य चरण हुन सकोस् । जय गोरख !'

उता सुब्बा भूपेन्द्र लिङले आत्मसन्तोष लिएर मनमनै गुने- 'राम्रो भो, केटाकेटीको भविष्य सुरक्षित भो, यहाँको जातीय विवादले पढाइ रोकिन्थ्यो, अल्मलिन्थ्यो । जोगियो । लोकल भाषामा आजको युगको ज्ञान लिन सजिलो छ त ? हाम्रो नेता भनाउँदोहरू के भा'को ! हत्तेरि झन्नै बितेको !' अनि चिसो सास तानेर थपे- 'कति सजिलै विचारै नगरी देशको भविष्यसँग खेल्छन् हाम्रो नेताहरू । योजनाकारहरू ! हत्तेरि !'

अज्ञ, अविवेकी व्यक्तिहरू कानूनका जनक हुन पुगेकोमा उनले मनमनै क्षोभ प्रकट गरे ।

अभिभावकहरू कर्णाली कैलाशको यात्रामा जाने सोच बनाएर दशैंको पर्खाइमा बस्न थाले ।

माननीय भूपेन्द्रहाङ् लिङले सैनिक प्रहरी, पूर्वाञ्चल यातायात र साहूमहाजनप्रति धन्यवाद ज्ञापन गरे । राज्यशक्तिले तर्छाएका पत्रकारले यसबारे कलम उठाउने साहस गरेनन् ।

(कर्णाली गुरूकुल)

कुमारीको तरूणभाव

'योंग क्याफे' प्रायः विद्यार्थीले नै भरिएको हुन्थ्यो ।

सिंजा एउटा साथी लिएर पसी । आत्मीय साथी भेला भएर खुला संवाद र विमर्श गर्ने भरोसा-स्थल भएको थियो 'योंग क्याफे' । ग्राहक चाँडै निस्कोस् भन्ने सङ्केत अमेरिकाका क्याफेमा हुँदैन भन्थे । यो क्याफे पनि त्यस्तै थियो - घण्टौं ल्यापटप खोलेर बस्थे ग्राहकहरू । हो, कसैलाई हतार थिएन । त्यसैले पनि रिक्रुटे संवादकार र झोले सरदारको हतार र प्रदर्शनकारी व्यस्तताबाट मुक्त थियो 'योंग क्याफे' ।

कुनाको टेबिलमा साथीहरू भरिइसकेका थिए । आफ्नो उपस्थिति जनाउँदै सिंजाले 'हाई' भनी । कमिला, सजना, निमा, जिरी, छाङ् र च्याङ्ले पनि एक स्वरमा 'हाई सिंजा' भनेर स्वागत फर्काए ।

सिंजाले आफूसँगै गएको पात्रको परिचय गराई- 'ऊ सगुण, कान पनि सुन्दैन, बोल्न त परै जाओस् । तर जीवन्त रेखा-चित्र बनाउँछ र तिम्रो भविष्यवाणी गरिदिन्छ लेखेर । बस उसको मूड चल्नुपर्छ । हामी ढुक्क भएर आफ्ना कुरा गर्न सक्छौं । ऊ आइफोनमा खेलेर बस्छ ।'

अब ऊ पनि केटीकै स्वरूप र प्रकृतिले बस्यो- आइफोनमा खेलेर । किन्तु उसको ध्यान कुमारी केटीको तरूण संवादमा केन्द्रित थियो ।

'साथीहरू आ-आफ्नो डिमाण्ड र कन्क्लुजनमा पुग्यौ हैन ?' कुमारीहरूको यो तरूण बैठकमा ऊ एउटी मात्र नवविवाहित युवती थिई । उसैले संवादको श्रीगणेश गरी ।

'म भनिहालौं है, मलाई '६' फुटदेखि '६.१' सम्मको उचाइवाला ह्याण्डसम युवक चाहिन्छ । अरू कुरा तपसिलमा पर्छन् ।' उसले उछिनेर आफ्नो रुचि पोखी ।

'मभन्दा होचो नहोस् । किन्तु योग्यता पनि कम नहोस् ।'

'मलाई त गाँठवाला हुनुपर्छ, तर उमेर मिल्ने है । अरू डिमाण्ड छैन मेरो ।'

'माया गर्ने र विवेकी होस् मलाई त्यति भए पुग्छ । म आफ्नै खुट्टामा उभिन सक्छु ।'

'जोडी त सुहाउने हुनै पर्छ, त्यसको गौरव र गर्व अर्कै हुन्छ ।'

'हेर, हामीले छानेका र हामीलाई चाहने युवक पक्कै पनि हाम्रो रुचि, योग्यता र परिवेश सुहाउने हुन्छन्, हुनुपर्छ । फेरि, सामाजिक-पारिवारिक संजालले अब हिजोजस्तो हस्तक्षेप वा व्यवधान गर्न सक्तैन, कानूनको कवचले पनि हामीलाई जोगाउँछ ।' विवाहिताले स्थिति बाँधेर भनी ।

'त्यसको अर्थ हो आफ्नै रुचि र निर्णय सर्वोपरि हुन्छ, हैन त !'

'बिल्कुल ।'

'हामीले त दोहो-याएर बोलिसक्यौं, तिमी केही बोल न जिरी !'

'मलाई त साथीहरूकै कुरा सुन्न रहर छ । र मेरो धारणा तिमीहरूकोभन्दा अलिक फरक छ । म 'कम्फर्टेवल लाइफ' चाहन्छु । चाहे जवान होस् या बूढो, धनी होस् या गरीब, नामी होस् या सामान्य खासै फरक पर्दैन, निरोगी हुनुपर्छ । जीवन सम्झौतामा चल्छ । निर्भय र शान्त जीवन बाँच्न पाउनु पर्छ । हतार, छटपटी, उत्पीडन, शङ्का र त्राटनपूर्ण जीवन भोग्नु नपरोस् । मलाई अभाव र गरीबीले पोल्दैन जति अपमान र उपेक्षाले पोल्छ, जति घृणा र ईर्ष्याले घोच्छ अनि जति विद्वेष र प्रतिस्पर्धाले छुन्छ ।'

अर्कीले उछिनेर भनी- 'युग परिवर्तन भइसक्यो । दुई जनाको बीचमा खटपट भो या विचार बाझ्यो बस्, वैकल्पिक मार्गको खोजी भो । त्यसैले पूर्णतः आश्रित हुने र आफ्नो अस्तित्व भेटेर 'त्वं शरणम्' हुने कुरै आउँदैन, नीति, आदर्श र विवेकको लगामले त्यसवेला रोक्न पनि सक्तैन । म यथार्थमा बाँच्न चाहन्छु आफ्नै ढंगले । सम्झ जहाँ दमन र टक्कर भो कि विकल्प जन्म्यो, बस ।'

'दीर्घरोग र असक्षम जस्ता कुरा पनि छन् । यिनले दाम्पत्य जीवनमा कटुता र असन्तुलन अवश्य ल्याउँछन् । असमर्थलाई समर्थवान् गराउन सकिएन भने वैकल्पिक पथको खोजी हुन्छ चाहे त्यो अप्रत्यक्ष होस् या प्रत्यक्ष किन्तु यो खतरनाक पनि हुन सक्छ । त्यसैले पहिले नै निकटता राखेर

यस्ता कुरा बुझ्नै पर्छ कि ! हैन र ? अनि निर्णय लिने नि !' अर्कीले विचार पुऱ्याएर बोली ।

'अवश्य मेरो पनि भनाइ हो- छान्दै खोटो र सुधार्नु पर्ने किन ? हाम्रो चयन पुरानो घर र युजकारको छनोट जस्तो त होइन नि ! कुमारी युवतीहरूको पहिलो छनोट त सम्पूर्ण र खोट रहित हुनुपर्छ नि ! त्यसैले सह्यार्नु पर्ने, सुधार्न पर्ने बोझ टिप्नै हुँदैन । त्यो निर्दोष हुनुपर्छ । आँखा चिम्लने कुरै आउँदैन । अँ, विवाह भइसकेपछि हात भाँचियो, आँखा फुट्यो भने त्यो अर्के पक्ष हो । हाम्रो चयनमा पहिले नै खिया लागेको होस् या विकृति पसेको होस् त्यो मान्य हुने छैन ।'

'म शाकाहारी, ऊ सर्वभक्षी, त्यहीबाट खटपट थालिन सक्छ । सम्झौता त गर्नै पर्छ । सुम्निमाले आफ्नी छोरीलाई अर्ती दिँदै भनेकी थिई- तिमी एक पाइला उक्ल अनि ज्वाइँलाई (सोमदत्तको पुत्रलाई) भनेकी थिई- तिमी एक पाइला ओर्ल ! अनि दुवैलाई भनेकी थिई- सँगै मिलेर हिँड- बराबरीमा ।' अर्कीले सटिक बोली ।

'हो केही छोड्ने र केही लिने त गर्नुपर्छ । त्याग र दानमा पनि त आनन्द मिल्छ नि हैन र !' अर्कीले सही थापी ।

साथीहरूको पालो दोहोरिन थालेपछि विवाहिताले भनी- 'म पनि फेरि थपौं है, सबै उस्तै र एकनासका हुँदैनन् घुर्ने, बर्बराउने, निद्रामै उठेर हिड्ने पनि हुन्छन् । बोल्दा थुक उछिट्याउने, ऱ्याल चुहाउने र भकभकाउने पनि हुन्छन् । जहाँ पनि डकार्ने, अपानवायु छोड्दै हिड्ने पनि कम छैनन् । कसैको त मुख गन्हाएर पनि वाक्वाकी आउँछ, काखी उग्र गन्हाउँछ, छेउ पर्ने सकिन्न । मोजा गन्हाएर घर-कोठा बसिसक्नु हुँदैन । त्यति मात्रै हो र ? खाना खाँदा पनि घिलाग्दो गरी खाने, आवाज छर्ने हुन्छन् । जिउ र टाउको कनाउँने पनि उत्तिकै छन्, भन त के सहने के चाहि नसहने ? कतिको मुख सुङ्दै हिड्ने ? के यी चर्चा गरेर पार लाग्ने कुरा हुन् ?'

अर्कीले थपी- 'वास्तवमा यी त नपच्ने कुरा हुन् तर इन्द्रिय मन्थनपछि छुट्टै कोठामा वा अर्के ठाउँमा सुत्न पनि सकिन्छ, त्यो ठूलो कुरा होइन । फेरि अलिकति आफ्नो मनोदशा र केही सहन सक्ने क्षमताको मात्रामा पनि निर्भर गर्दछ । साँच्चै भन्ने हो भने कोठाको तापमान पनि अनुकूल हुँदैन । शयन-कक्षमा पनि एउटालाई तातो चाहिन्छ अर्कोलाई निक्कै चिसो । कसैलाई

सियो खस्नु हुँदैन, कसैलाई जुनकिरीका प्रकाशले ब्यूँझाउँछ । के त हामीले खोजेका कुरा एउटै पात्रमा पाइन्छ भने ठानेका छौं ? त्यसैले सहनु पनि पर्ला र सम्झौता पनि चाहिएला कि !'

अर्कीले थपी- 'हेर, मलाई त फोटोमा राम्रो देखिने हुनुपर्छ । उमेर, डिग्री, काम र फिजिकल बनोट त पारदर्शी नै हुन्छन्, छोपिने कुरा होइन । फोटो राम्रो हुनुपर्छ डन ।'

'वाह ! मलाई तिम्रो धारणा गजब लाग्यो, तिमी निकै उदार रहिछौ । कंजरवेटिभ रहिनछौ । तिमीलाई त फोटोमा राम्रो देखिए भो, लाटो, कानो, लँगडो, भक्भके, मूर्ख, क्रिमिनल रोगी जस्तो भए पनि फरक पर्दैन । वाह ! मलाई त तिमी नै सबभन्दा सुखी हुने लाग्यो । बधाई छ - राम्रै फोटो आओस् तिम्रो अगाडि । अरू तुच्छ अवगुण जति होलान् फोटाले नै बिर्साइ दिन्छ । अवगुण छोप्ने तत्त्व नै फोटो हुने भए यत्रो छलफलको औचित्य नै के ?' थोरै तीतो मिसाई ।

अर्कीले आफ्ना कुरा भनी- 'हेर, मलाई त एउटा कम्फर्टेबल लाइफ बाँच्नु छ । कसैले प्रस्ताव ल्यायो कि बस, म हुन्छ भनिहाल्छु । मलाई त बेस्सरी दह्रो अँगालोमा बाँधिएर उसैको छातीमा निधाउनु छ । गतिलो मर्द हुनुपर्छ मेरो परमेश्वर बस् ।' वाक्य टुँग्याएर ऊ मरीमरी हाँसी ।

'प्रजनन शक्ति छ कि छैन, ड्रग लिन्छ कि ? भिडिआरएल चेक गराउने हो कि ? यसबारे कसैको चासो छैन त । फेरि कतिको भयावह लिंग स्वरूपबाट र पीडाकर घर्षणबाट भागेका पनि छन् र अपुगमा ब्याकडोर खोल्ने गरेका पनि छन् । कदाचित् त्यस्तो स्थिति त नआओस् है साथी हो । त्यस्तो नहोला भन्ने के छ र ! यस्ता कुरा सुनिंदै र पढिंदै आएका हुन् नि, त्यसैले आश्चर्य मान्नै पर्दैन ।'

एउटीले पहिलो पटक बोली 'प्रेम विवाह, पहिले एउटाले अर्कोलाई साम्रो बुझ्ने, अनि मात्र विवाह गर्ने नि ! राम्रै होला भनेर चिठ्ठा किन पार्न खोज्ने ? भ्रम र शंका निवारण भइसकेपछि विवाह गर्ने नि आत्मविश्वास लिएर । अनुमान, आशा, सम्भावना र भाग्य अब अलिक परै राखे हुँदैन ?'

दोस्रो राउण्ड कफी आएपछि तेस्रो चरण शुरू भो संवादको । 'हाम्रोबीच निकै रोचक संवाद भयो, तैपनि अझै केही साथीले पूरै खुलेर आफ्ना धारणा राख्न चाहेनन् या संकोच माने भन्ने लाग्दछ । यस्ता कुरा सधैं र सबैतिर

हुँदैनन्, आज संयोग जुटेको हो । त्यसैले अप्ठ्यारो नमानी खुलेर भनौं न आफ्ना कुरा, जो अरूका लागि पनि असल पाठ हुनसक्छ ।' एउटीले भूमिका उपस्थित गरी ।

'म त मेरो शरीर दिनसक्छु जस्तो लाग्दैन । भय र लज्जाले होला ।'

'त्यो त तिम्रो कुमारी शरीर र तरूण मनको कुरा हो र शायद यथार्थमा त्यो थामिदैन ।'

'हैन, पुरुष त हामी बराबरको पात्र हो नि ! त्यसैले पनि ऊ साथी हो । उसलाई ठूलो ठानेर बस्ने नै होइन । ठान, तिमीलाई एउटा युवा दौतर चाहियो विधि पुऱ्याएर वा प्रेम गरेर अन्तरङ्ग मित्र बनाऊ । अब आफ्नो अनुकूल पारेर उसलाई चलाऊ, बस् ।'

'म पनि थपौं है, यसरी सम्झे पनि हुन्छ- ऊ तिम्रा लागि नै निर्मित हो, त्यसैले उपस्थित छ । अब तिमी उसलाई नै भोग जस्तो तिमीलाई रहर लाग्छ । उसले आफूलाई भोग्ने होइन, आफूले नै उसलाई भोगेको वा जोताएको हो भन्ने मानसिकता निर्माण गरे हुन्न ?'

अर्कीले थपी- 'भोग्ने र भोगाउने कुरामा शायद सानु र ठूलोको गन्ध आउला । यो सम्बन्ध त बराबरीको हो, समभावको हो, सहअस्तित्वको हो अनि सहयात्राको हो । यो तरुणभावको खेल र आनन्दको उच्च प्राप्ति हो ।'

'तिमी पनि क्यै भन न ।' बीचैमा एउटीले अर्कीलाई लक्ष्य गरेर भनी ।

मौनता तोडेर उसले भनी 'मलाई त यस्तो लाग्छ मेरो भूगोलमा, प्रत्येक भागमा विचरण गर्ने हिम्मत कसले गर्ला ? अनि म त्यसरी घुमेको सहन गर्न सकुँली र ?'

'यो पनि तिम्रो कुमारी शरीरको स्वाभाविक चिन्तन हो । जब स्वयं तिम्रो शरीर तिर्खाउँछ तिमी आफैं कसैको न्यानो र रोमाञ्चक स्पर्शको कामना गर्नेछौ, खोजीमा लाग्नेछौ । जब एक पटक साँचो खुल्छ र मन्थन शुरू हुन्छ, त्यसपछिको मिठास र आकर्षणले मोहित बनाउँछ, भाग्नै सकिन्न भन्छन् ।' अर्कीले यथार्थको नजिक पुगेर भनी ।

'अर्को पनि कुरा छ- यो एउटा कला पनि हो । चर्वणा गर्न जान्दा सधैं स्वाद र आकर्षक हुन्छ, नजान्दा, नसक्दा विषय र आफ्नो जोडीप्रति वितृष्णा र उपेक्षा पनि जन्मन्छ । त्यसैले विधि र क्रमको ज्ञान पनि हुनै पर्छ, अंगप्रत्यंगको महिमा र मूल्य बुझ्नै पर्छ । अन्यथा जीवन दुर्घटनातर्फ

लम्कन्छ । पीडा र उपेक्षाको स्थिति निम्त्याउने सोच र योजना हाम्रै हो नि । त्यसैले सतर्क र जागरूक रहनै पर्छ ।' अर्कीले ! अझ खुलस्त पारी ।

'हैन, विवाह पनि गर्नै पर्ने, जोडी पनि बाँधिनै पर्ने, विचार पनि मिल्नै पर्ने, थुप्रै कुराको लहरामा घेरिनै पर्ने ! यस्तो किन ?'

'त्यता त म जान्न । म चाहिं केटालाई विवाह गरेर घरैमा ल्याउँछु, उसका घरमा जान्न । केटीले केटालाई विवाह गरेर ल्याउने चलन नयाँ हो र ?' एउटीले भनी ।

अर्कीले थपी, म नयाँ संसारमा जान्छु, रहर पनि छ । आफ्नो संसार आफैंले निर्माण गर्छु । दुवैले आफ्नो घरद्वार सिंगार्छौं ।'

'म त आफूभन्दा सानुसँग विवाह गर्छु र चाहेजस्तै गरी नचाउँछु ।'

'म चाहिं अलिक बूढोसँग विवाह गर्छु र पुल्पुलिएरै बस्छु ।'

मलाई त यी कुरा सबै थोत्रा र पिष्टपोषण भए जस्तो लाग्छ । अब चौर्यरतका (चोरी संभोग) कुरा गरौं, रुचि परिवर्तनका कुरा गरौं । हाम्रा प्रत्येक अङ्गको भोकतिर्खा र महिमाको चर्चा गरौं । सौन्दर्यशास्त्र, कामशास्त्र र शरीर विज्ञानका कुरा गरौं । यी पुराना कुरा भए पनि नयाँ सोच र नयाँ दृष्टिले हेरौं, बुझौं, विज्ञलाई पनि सोधौं हुन्न ?' एउटीले प्रस्तावको भावले भनी ।

'चौर्यरत र रुचि परिवर्तनको चर्चा चाहिं सामयिक होला जस्तो छ । फेरिको बसाइमा कुरा गरौंला नि ।'

आजको टेबिल टक सकिएको अनुमान गरेर सिंजाले ल्याएको साथी सगुण उठ्यो । टाउकामा सजाएको कृत्रिम वेणी र गुलाबी रङको पोथी टिशर्ट सिंजालाई थमायो अनि, लेडिज रैस्टरूमतिर पस्यो र फर्कंदा पुरुषको व्यक्तित्वले साकार भयो ।

'सिंजा तैले ल्याएको साथी भाले हो कि पोथी ?'

'यो दुवै होइन तेस्रो हो ।'

'नबोल्ने र कान नसुन्ने भएपछि जो भए पनि के फरक भो र !'

'हैन, मलाई त शंका छ, त्यो कान सुन्ने पनि हुनसक्छ र बोल्ने पनि हुनसक्छ । लाटो-बैरो बन्नु बहना पनि हुनसक्छ ।'

'जब कुनै युवाले एक दिन हाम्रो सम्पूर्ण शरीर नै पल्टाई-पल्टाई हेर्नु छ भने यसले कुरै सुन्यो रे ! के फरक भो र ?'

'हो, डेमोक्रेसीभित्रको कमिन्युज्मले पो के फरक पार्‍यो र !

योंग क्याफेको बैठक उठ्यो ।

क्याफेको पार्किङ लटबाट साथीहरू निस्कँदै गए । सिंजा र सगुण लाटो बुङ्गोको अभिनयले अलिंगी भएर वस्ताको मजा बारे चर्चा गर्दैरहे । तर तरूणीहरूको कुमारी शरीर अब पनि साँस्कृतिक चेतनाको श्रीखण्डले सुवासित छ भन्ने सार निकाल्न सके या सकेनन्, बुझे या बुझेनन् यो अर्कै अध्याय भएर रह्यो ।

किन्तु एकातिर तरूणी छोरीहरूको कुमारी शरीर उपयुक्त जीवन साथीको चयन गर्न मानसिक रूपले अत्यन्त गम्भीर हुँदै गएको तथ्याङ्क सडक-बजारले प्रस्तुत गर्थ्यो भने अर्कातिर पुरुष यन्त्रणा र पारिवारिक जन्जालबाट सजिलै फुस्केर वैकल्पिक जीवन-पथको यात्रा गर्न सकिने कानूनी मान्यता र सामाजिक सद्भाव रहेको हुनाले आफूलाई दृढ र वलशालिनी सम्झने कुमारीहरूको इच्छाशक्तिलाई समर्थन पनि गरेको बुझिन्थ्यो ।

शारीरिक बनोट, मानसिक वेग र सांस्कृतिक चेतको पीठिकामा युवतीहरूको कौमार्यलाई सडक र बजारले मात्र मूल्याङ्कन गर्न नसकेकोले युग, शिक्षा, सञ्चार र सामयिक गतिविधिबाट समेत तरूण शरीरको अक्षत वा कुमारीपनलाई सर्वोपरि महत्त्व दिने वा अधिमूल्यन गर्ने वेला आएको छ भन्ने सोच समाजका अगुवाहरूले लिएका थिए ।

किन्तु अब पनि तरूणी छोरीहरू आफ्नो कुमारी शरीर आफैंलाई भारी ठान्ने र पिल्स्याउने गर्छन् भन्ने छैन । उनीहरू सही ढंगले सद्विवेकको उपयोग गर्न समर्थ थिए ।

इमेल आयो । सबैले पढे :

'साथीहरू, योंग क्याफेको छलफलमा साथीहरूका कुरा सुनेपछि मलाई आफैंसँग जान्न मन लाग्छ- यतिका शङ्का, भय, द्वन्द्व, अररोपन, अप्ठेरो, हीनताबोध, सानो ठूलोको भाव, भोगिने र भोगाउने सोच, मानमर्दन जस्ता कुराले हाम्रो जीवन झन जटिल बनाउँछ भने विवाह गर्नु नै किन र ? र केका लागि विवाह गर्ने ? मात्र रागपूर्ति गर्न वा खेल्नका लागि पुरुष शरीर चाहिएको हो ? अनि मात्र सन्तानका लागि पुरुष संसर्गको खाँचो ठानिएको हो भने ती सबै कुरा सहजै प्राप्त हुन सक्छन् । विना बन्धन, विना दबाब, विना स्वाभिमानमा चोट, विना आत्मसमर्पण, विना आत्मपीडा र विना

हीनताबोध पनि उपाय धेरै छन् आजको विकसित समाजमा । बस, हामी मानसिक र शारीरिक रूपले तत्पर रहनुपर्छ, अनेक विकल्प छन् । कानून बन्दै छ, हाम्रै अनुकूल बनाउँन सकिन्छ । 'आफ्नो शरीर आफ्नो अधिकार' यो मन्त्र स्मरण रहोस् ।

यदि मलाई सोध्छौ भने भन्छु- मलाई त जिउँदो र लिगल पुरुष मान्छे नै चाहिन्छ र सहज, स्वस्थ र प्राकृतिक रति मन्थन नै चाहिन्छ । यसमा न कसैले औंलो उठाउन पाउँछ, न प्रश्न गर्न । यो कुरा विवाह हुनु र नहुनुसँग मतलवै छैन । मात्र सुखद परितृप्तिको निरन्तरता तथा परस्पर विश्वास र समर्पणको भाव प्रवल रहनु पर्छ । मेरो मान्यता यही हो । अहिले तपसिल र कैफियतको कुरा नगरौं । सकारात्मक सोच राखेर बाचौं ।'

नवविवाहिताले आफ्नो अनुभव घोलेर पठाएको इमेलको सार गुन्दै वयस्क कुमारीहरू आफैंमा प्रश्नोत्तर गर्न बाध्य भए - नारी जीवनमा पुरुषतत्वको उपस्थित कति सहज र आवश्यक छ ? कुन कुन कोणबाट हेर्नु ?

(कुमारीको तरूण भाव)

खुला दण्ड

चान्सलरको शासन लागेपछि मुलुकमा शान्ति फैलियो । त्राटन, मारण, दमन, उच्चाटन र वशीकरणको ऐंठनले एकैपटक छोडे जस्तो भयो । उत्पीडन र लुटको भय पनि सकियो । खुम्चेर बसेको तन फुक्यो, प्रसन्नताले मन मस्कियो । यतिञ्जेल रोकिएको यात्रा खुल्यो । सभा पोखरी पुग्नु थियो, म पनि हिडे ।

कोशी महादेशमा पुगेपछि 'बूढासुब्बा चमेना घर' मा पसें । एउटा युवकलाई असामान्य पोशाक र नौलो हेराइमा देखें । टाउको पुरै मुडुले, चिण्डो टलक्क टल्कने । टी-शर्ट बायाँतर्फको पाटो पुरै रातो अनि दायाँ तर्फको पहेंलो । पाइन्टमा आँखा पुगे । रङ उल्टाएको थियो- पाइन्टको दायाँ खुट्टा रातो रङमा थियो भने वायाँ खुट्टा पहेंलो । गुनें- चमेना घरको युनिफर्म होला । तैपनि मेरो दृष्टि फर्कन मानेन ।

हठात् ग्राहकहरूको भीड बढ्यो । पाटे लुगा छोपिंदै गो, देखिंदै गो । मेरा आँखा पाटेलुगा खोज्दै रहे ।

पल्लो टेबिलको एउटा युवक आफ्नो चमेना टिपेर मेरो टेबिलमा आयो र मलाई सोध्यो- 'म अघिदेखि तपाईंका आँखा पढ्दै थिएँ, त्यो युवकप्रति उत्सुक देखें । के तपाईं चिन्नुहुन्छ उसलाई ? नाता पर्छ ?'

'हैन, म त पहिलो पटक उसलाई देख्दै छु । उसको पोशाक, भाव, मुद्रा र आंगिक अभिनयले मलाई तान्यो । त्यसैले मनमा कुतूहल बढ्यो । अगि एकछिनसम्म त देखिंदै थियो, फेरि छोपियो ।' मैले समस्या देखाएँ ।

'तपाईंले ख्याल गर्नु भएन होला । चान्सलरको शासन शुरू भएपछि धेरै कुरामा परिवर्तन र परिष्कार आएको छ । त्यसमध्ये एउटा यो भिल्के पनि हो, अर्थात् यो वर्ग पनि हो । चान्सलरको यो कदम वा यस्तो दण्ड विधानलाई नागरिकले उच्च अनुमोदन गरेका छन् ।'

'कस्तो दण्ड विधान ?' मैले जान्न खोजें ।

'अहिले यो युवक दण्ड भोग्दै छ । बलात्कार गरेबापतको दण्ड । चान्सलरले गरेको पहिलो दण्ड विधान हो यो । कयौं बलात्कारीहरू आज यस्तै पोशाकमा देखिन्छन् ।'

'कहीं यस्तो पनि दण्ड हुन्छ ? यो त दण्डै भएन नि ।'

'यो मात्रै होइन नि ! कयौं विधि पूरा गरेपछि दण्डको शर्त पूरा हुन्छ । तपाईंसँग समय छ भने सुनेरै जानुहोस् ।'

'म त सुनेरै जान्छु ।' मैले सुन्न निश्चय गरें ।

ऊ भन्दै गयो- 'यो पाटे लुगा उसले जीवनभर लगाउनुपर्छ । घर-कम्पाउण्डबाहिर निस्कँदा ऊ यसै लुगामा देखिनु पर्छ, चिनिनुपर्छ । यो लुगा राज्यले दिन्छ । अनि साइकल चढ्दा पनि यस्तै पाटे रङको चढ्नु पर्छ । हप्तामा एकपटक प्रहरी चौकीमा हाजिर हुनुपर्छ र फेरि, एरिया बाहिर जाँदा अनुमति लिनुपर्छ ।'

'अनि ?'

'ऊ प्राइभेट कार चढ्न पाउँदैन, सार्वजनिक यातायातका साधन साना-ठूला बस, रिक्सा एवम् हवाइजहाज चढ्न छूट छ । ट्याक्सी चढ्न पाउँदैन, किन्तु चलाउने अधिकार छ उसलाई । किनकि कमाइ गरेरै खानुपर्छ । त्यसैले यो चमेना घरमा ऊ काम गर्छ, दाम पाउँछ । उसलाई काम दिए बापत होटल स्वामीलाई राज्यले सुविधा दिन्छ । सबै कुरा पारदर्शी छ । गलत काम गरेर खाने सुविधा उसलाई छैन ।'

मैले एकपटक लामो सास तानेर छाडें ।

युवकले निरन्तरता दिंदै भन्यो- 'बाबा, त्यसैले यो विशेष पहिचान हो- पहिचानको लडाइँमा यो पाटे पोशाक । यसै पोशाकले उसको चरित्र र इतिहास झल्काउँछ । देख्नेलाई अतीत खोज्न लगाउँछ र वर्तमानमा सतर्क गराउँछ । यदि, कुरा बुझ्दै हुनुहुन्छ भने अब तपाईंलाई पोशाक बाहिर लैजान्छु ।'

'अलिअलि ।'

'ऊ आयो, त्यहीं छ । अब म तपाईंलाई अर्को कुरा देखाउँछु । पहिले म उसलाई यहाँ बोलाउँछु । तपाईं उसको ललाट राम्ररी हेर्नुहोस् है त ।'

युवकले पाटे लुगा लाउने त्यो चमेना व्वाइलाई बोलाएर भन्यो- 'बिल ल्याउनु है ।'

'एउटै ल्याउँ कि फरक-फरक ?' उसले किंचित झुकेर भन्यो ।

'एउटै ल्याउँदा हुन्छ' भन्दै त्यस युवकको निधारमा मैले ठम्याएर हेरे । ऊ गयो ।

'बाबा, देख्नुभो ललाटमा के थियो ?'

'देखें । कसैले चुम्बन गरेको डाम जस्तो थियो ।'

'डाम त डामै हो, तर चुम्बनको डाम होइन त्यो । स्त्रीको योनिको डाम हो । त्यही पहिचान हो उसको । समाजले चिन्नै पर्छ ।'

म सुन्दै रहें ।

उसले उत्तेजित भएर भन्यो- 'यो बलात्कारी हो, त्यसैले टाढैबाट चिनिन्छ पोशाकले, सामुन्नेबाट चिनिन्छ ललाटको डामले र नाङ्गो पारेर चिनिन्छ ठुटे लिङ्गले ।'

'यस्तो दण्ड-विधान गरिएछ !' म उदासी भावमा थिएँ ।

'हो नि हरेक ठाउँमा मर्छ, हरेकका अगाडि मर्छ । एकपटक मात्र होइन, एक दिनमा ऊ हजार पटक मर्छ । र अझ भन्नुपर्दा उसले आफैंलाई बारम्बार मार्छ र ऊ यसको अनुभूति छिनछिनमा गर्दैरहन्छ । यो अत्यन्त कठोर दण्ड भएन र !'

उसले आफ्नो उद्गारलाई निरन्तरता दिएर भन्यो- 'बाबा यदि पागल या मनस्थिति बिग्रेको हुन्थ्यो भने शायद उसलाई यस्तो दण्डले कुनै असर पर्ने थिएन । फरक नपर्न कि अघोरी हुनुपर्थ्यो, त्यो त होइन । त्यसैले यो दण्ड अत्यन्त दुःखद र दुःसह हुन्छ बलात्कारीका लागि होइन र !'

'म उसको विचार सुन्दै रहें ।'

उसले थप्यो- 'बाबा अब भन्नुहोस् त फाँसी वा आजीवन कारावासको दण्ड चर्को कि बिजुली कुर्सी या तातो गोलीको ?'

मैले आफ्नो विचार दिएँ- 'दण्ड त कारावास वा मृत्युदण्ड नै सुकर होला । किनभने समाजमा हुने र सुन्नै पर्ने बारम्बारका निन्दा, उपेक्षा अवहेलना, आलोचना, घृणा, तीखो व्यङ्ग्य, उपहास जस्ता निर्मम दण्डबाट त जोगिन्थ्यो । जीवनभरि कति र कति ठाउँमा को-कोबाट कस्ता-कस्ता दण्ड भोग्दै रहनु ? यो मानसिक र सामाजिक दण्ड हो । त्यसैले यो दण्ड-विधान कठोर छ ।'

'अझै शेष छ दण्ड-विधि, थपौं ?' ऊ उत्साहित थियो ।

'सुनौं न त्यो पनि ।' मैले करै लागेर भनें ।

'यस्ता अपराधीको परिचयपत्र पनि रातो हुन्छ- रातो कार्डमा कालो प्रिन्ट ।'

'गजब ढंगले दण्ड विधान गरेछ यो चान्सलरले । मान्नै पर्छ । बुद्धिमान् रहेछ दण्ड विधानको सल्लाहकार ।'

युवकले उत्साहित भएर भन्यो- 'पाटे लुगा, योनि छाप ललाट र रातो परिचय पत्र तीनैवटा सुन्नु भो हैन ?'

'हो तीनवटा भए ।'

'अझै एउटा बाँकी छ । सुन्न सक्नु हुन्छ ?'

'सुनौ न ? तपाईं मलाई दण्ड-विधानको प्रक्रियातर्फ अझै डोऱ्याउँदै हुनुहुन्छ भने त्यो एउटा पनि सुनिहालौं ।'

'लिङ्ग छेदन गरिएको छ । नमर्ने गरी लिङ्ग काटेर ठुटो पारिदिएको छ । अब ऊ न सन्तान जन्माउने क्षमता राख्छ न सम्भोग गर्ने । औजार नहुनेसँग अब कसले विवाह गर्ला र ! गरे पनि सफल नहोला । पार्श्वद्वार खोल्ने विकल्प जन्मन्छ कि ! त्यसैले एउटा अपराधका निम्ति कयौं दण्ड-शृङ्खला भोग्नु पर्ने भो नि हैन र ?' उसले वाक्य टुंग्यायो ।

मैले लामो सास तानें ।

उसले थप्यो- 'नारीले पुरुषमाथि गर्ने करणीको दण्ड अहिलेसम्म विधान गरिएको छैन । समलिङ्गी रेप र तेस्रो लिङ्गीसँगको भोगमाथि पनि दण्ड निर्धारण गर्ने सोच रहेको होला, किन्तु भाउजूले देवरलाई र माइजूले भानिजलाई पनि रेप गर्छन् र युवतीहरू श्रीमानका साथीलाई पनि गुप्त रेप गर्छन् किन्तु यस्ता रेपको प्रकृति किंचित दबाब, शर्त, छल वा व्याकमेलिङ शैलीको हुन्छ भन्ने सोच रहेको छ । आशा छ चान्सलरीय शासन पद्धति न्याय-प्रशासन र दण्ड विधानलाई निष्पक्ष, औचित्यपूर्ण र सन्तुलित ढंगले कार्यान्वयन गर्न पछिपर्ने छैन ।'

'हेरौं । हामी सुध्रन समय लाग्छ । जातीय र वर्गीय लडाइँ रोकियोस् । राजनीतिक व्यक्तिले नै राजनीति गरून् । कतै हस्तक्षेप नगरे सुधार आउन सक्छ । उन्नति, शान्ति, सुरक्षा र विश्वासको खडेरी राजनीतिले नै ल्याएको हो । प्रबुद्ध नागरिकले सत्ता लिए भने, सुधार होला । आशा गरौं' भन्दै म उठें । सभापोखरी पुगेर फर्कनु थियो, भारी मनले बाटो लागें ।

(खुला दण्ड)

गीत, कुत्ता र कोर्ट

अकबर र वीरबल जीनको काँधमा चढेर आकाशपथबाट मिल्केको गुराँसवनतर्फ जाँदै थिए । अकबरको दृष्टि धरतीमा पुग्यो । उनले सोधिहाले- 'प्रिय वीरबल, यो भीड कस्तो ? मान्छे र कुत्ता बराबर ? के हुँदैछ यहाँ ? कुनै तमासा हो भने हेरेर जाऊँ कि !'

सधैं मानवले कुत्ता डोऱ्याउँथ्यो आज कुत्ताले मानवलाई डोऱ्याएको छ र सधैं मानव न्याय छल्न खोज्थ्यो आज कुत्ता न्याय खोज्न आफैं पुगेको छ । अलिकति संगति पनि लाग्छ र कतै अमिल्दो पनि । यो स्थिति बुझेर वीरबलले भन्यो- 'महाराज कुत्तालाई अन्याय परेको छ, तिनको मानहानी भएको छ, त्यो पनि वर्गीय मानहानी ! त्यसैले कुत्ताहरू आफ्ना पतिसँग जनअदालतको परिसरमा जम्मा भएका हुन् । इजलास खुलेपछि कार्वाही शुरू हुन्छ । अहिले ९.४९ भो, १० बजे अदालत बस्छ । बहस रोचक होला जस्तो छ, हेरेरै जाऊँ, थोरै पर्खनु पर्ला ! महाराजको जो हुकुम !'

१०.१५ बज्यो, अदालतको द्वार खुलेन । अकबर विचलित भए । अनि भने- 'वीरबल आज अदालत नबस्ने दिन हो कि ? खुकुरी जुलुस, मखुण्डो जुलुस, पेटिकोट जुलुस र लिङ्ग जुलुस त भैसक्यो । किन अदालत नबस्ने भयो त ?'

टाउको दुख्ने गरी सोचेर वीरबलले भन्यो- 'महाराज, आइतबार, आज आइतबार । आज अदालत बस्तैन । किनभने संस्कृति भङ्ग भो, मुलुक कृश्चियनहरूको हातमा गैसक्यो, त्यसैले आज चर्च जान छोडेर को अदालत धाउँछ ? भोलि बस्छ । भोलि नै हेरौं कि !'

अर्को दिन बिहान कुत्ता र कुत्तापतिले फेरि अदालतको परिसर भरियो । आफ्नो वर्ग त्यहाँ जम्मा भएको देखेर गल्लीका भुस्याहा कुकुर पनि त्यही

पुगे । सुँघे । दोस्ती गरे । समस्या बाँडे । सहयोग मैत्री गाँसे । मनोभाव साटे । खुशी देखिए ।

पराधीन र स्वतन्त्र कुत्ताहरू, आज्ञाकारी र विद्रोही कुत्ताहरू, बेल्टवाला र विना बेल्टका कुत्ताहरू, उपचार पाएका र नपाएका कुत्ताहरू, सेवा-सुश्रूषा लिने र नलिने कुत्ताहरू, ट्रेनिङ गरेका र नगरेका कुत्ताहरू, विभिन्न स्वभाव, स्वरूप र आकारका अनि उस्तै-उस्तै लाग्ने कुत्ताहरूको भेला रहरलाग्दो नै थियो ।

हो, बिरालोभन्दा साना र पाडोजत्रा कुत्ता त त्यहाँ देखिन्थे नै, स्याम्पो र पर्फ्युमको सुवास छर्ने, मलमूत्र गन्हाउने अनि घाउ-खटिरा र झिंगा भन्काउने कुत्तासमेत आफ्नो अधिकार खोज्दै त्यहीं पुगे । फेरि खाने, बस्ने र सुत्ने ठाउँको नालिबेलीको रूपरेखा अर्कै हुन्थ्यो । सारमा भन्ने हो गल्लीदेखि महलसम्म अनि घुऱ्यानमा बस्नेदेखि काखमा सुत्नेसम्मका कुत्ताहरूको भेला जो भो त्यो पनि दर्शनीय नै बन्यो ।

मुलुक पनि शक्तिशाली थियो । विवेक र न्यायमा ख्याति भो । सुशासन र सुरक्षामा कतै चुहावट थिएन । प्रमाण जुटाउन र लुकाउन मात्र होइन नष्ट गर्न र निस्तेज पार्न पनि कठिन थिएन अर्थात् सुनलाई पित्तल र पित्तललाई सुन सिद्ध गर्न या कसैलाई फसाउँन, हँसाउन र उम्काउँन पनि असहज रहेन । त्यसैले हठले वा छक्याएर भए पनि उद्देश्य पूरा गर्न मुलुक चुकेको थिएन । विदेशमा पनि राज्यले चमत्कार गरेको छ भन्ने प्रचार पाएकै थियो । वास्तवमा मुलुकमा फैलिएको यो जेहेनले बाहिरको दुनियाँमा अर्कै कुतूहल हुर्काएको थियो । फेरि पशुवाणी बुझ्ने वकीलको उत्पादन गरेर पनि दशौं आश्चर्य जन्माएको थियो । तारीफ त बन्छ नि !'

यस पटक जनअदालतमा पशु न्याय खोज्न पुगेका थिए यी सत्वहरू । यो घटना पनि इतिहास बन्ने क्षणमा थियो । भन्नै पर्छ मुलुकले राम्रोसँग शासन हाँकेको थियो, सफल थियो ।

अदालती कारबाही शुरू भयो ।

अकबर र वीरबल टुपलुक्क पुगे ।

कुत्ताहरू वंश, स्वरूप, प्रकृति र आयुका आधारमा पनि वर्गीकृत ढंगले पङ्तिबद्ध थिए । पशु-वकीलले क्यान्डी ख्वाएपछि ती आफ्नो मनोभाव व्यक्त गर्न अनेक अभिनय देखाउँन थाल्थे । वकील त्यो बुझेर अदालत समक्ष तथ्य संप्रेषण गर्थ्यो ।

कुत्ताको अभिनय देखेर वकीलले व्याख्या गऱ्यो- 'श्रीमान्, यस समूहका कुत्ताहरूको भनाइ छ- त्यस गीतमा झोलेहरूसँग हाम्रो तुलना हुनु हाम्रो अपमान हो । हामी आफ्नो श्रेष्ठतालाई त्यसरी होच्याएको सहन सक्तैनौं । हाम्रो मानमर्दन गरिएको छ । त्यो गायक हो कि गीतकार हो ऊ दण्डित हुनुपर्छ । हामीले न्याय पाउनै पर्छ । अर्काको तेजोवध गर्ने अधिकार कसैलाई छैन ।'

'अदालत जान्न चाहन्छ के यी कुत्ताहरू झोलेभन्दा पृथक् अस्तित्व राख्छन् ? बयान गरून् ।'

वकीलले क्यान्डी ख्वायो । कुत्ताले अभिनय देखाए । वकीलले जे पढ्यो सो अदालतसमक्ष बुझायो- 'श्रीमान् यी कुत्ताको दावा छ- कतै छल, झूठ, चोरी, ठगी, डकैती, गलत बयान, लूट, कब्जा र हत्या यिनले गरेका छैनन् । कुनै हिसाबले यिनमा पाइने श्रेष्ठता झोलेमा देखिंदैन । त्यसैले पनि झोलेसँग तुलना गर्न मिल्दैन ।'

अदालत सुन्दै रह्यो ।

अर्को वकील अगिसऱ्यो र जजको अनुमति लिएर पैरवी गर्न थाल्यो- 'श्रीमान् भुकाइका पनि तह हुन्छन् । यी कुत्ता वर्गीय भुकाइ पनि भुक्छन् । स्वामीभाव अर्पण गर्न पनि भुक्छन् । कर्तव्य पालना गरेको देखाउन पनि भुक्छन् । रक्षाका निमित्त पनि भुक्छन् । सतर्कता दिलाउन र क्षति रोक्न पनि भुक्छन् । केवल पहिलो र दोस्रो बुँदामा झोलेसँग तुलना हुनसक्ला । किन्तु सबैतिर कुत्ताकै चरित्र अब्बल भेटिन्छ । त्यसैले तुलना गर्न मिल्ने थिएन । गीतमा अतिशयोक्ति देखिन्छ । कुत्ताको पक्ष बलियो र जायज छ ।'

'अँ, एक अर्थमा तुलना हुन सक्छ । यहाँ स्वामिवान् कुत्ताहरू मुक्त छैनन्, बाँधिएका छन्, त्यसैले अनुशासित छन् । झोले पनि जो, पार्टीको सूत्रले बाँधिएका छन्, ती अनुशासित होलान् । यस बुँदामा समानता होला पनि । किन्तु जो गल्ली-सडकका कुत्ता छन्, ती स्वतन्त्र पाइन्छन् । लडाका र हल्लाकार छन् तिनको तुलना यदि कुनै झोलेसँग गरिएको हो र तिनको भुकाइलाई अनर्गल मानिएको हो भने त्यहाँ कि साहित्य हुन्छ कि कानून या संस्कृति ! अरू के भन्ने ?'

साहित्यिक अभिव्यञ्जना बुझ्ने एउटा अर्को वरिष्ठ संवक्ताले जजको अनुमति लिएर भन्यो- 'कसैलाई गोरू, गधा, घोडा भन्नु के होच्याउनु हो र ? यो पनि आलंकारिक अभिव्यक्ति नै हो । अनि कसैलाई यो बाघ, या गौप्राणी

हो' भन्नु उच्चता दिने अभिव्यक्ति हो र यो पनि आलंकारिक नै हो । गीतको भनाइ आलंकारिक छ । ग्राम्य लाग्ला, त्यो अर्कै पठन हो ।'

'गीततिर होइन कुत्तातिर फर्कनु होस् ।' अदालत बोल्यो ।

अर्को वकील अगि सरेर भन्नथाल्यो- 'हाम्रा कयौं देव पशुको शिरमा भेटिन्छन् । अपमान त होइन । यो गीतले कुत्ताको स्वभावलाई मानवमा हेर्छ भने खास वर्गका झोलेलाई मात्रै भनेको हो भनेर अर्थ सीमित गर्न मिल्छ त श्रीमान् ? गीतको भाव कालजयी छैन र ?'

अर्को वकील बोल्यो- 'कुत्ताको श्रेष्ठता झल्किने समाजमा कुत्तालाई डो-याउँन मिल्दैन । अन्तर्राष्ट्रिय कानूनले नसमाउला र ! कुत्ता र मानवको सम्बन्ध, सरोकार र प्रेमले जितेको संसारमा कुत्तालाई अवमूल्यन गर्ने प्रश्नै उठ्दैन । मान्छेहरू कुत्तास्वामीभन्दा सेवक बढी भेटिन्छन् । त्यसैले यो मुद्दा पेचिलो छ । गायकले कुत्तालाई निषेध त गरेका छैनन् नि !'

शून्यता फैलियो । लाग्थ्यो कुत्ताहरूलाई भित्तो, घारी र च्यापको खाँचो हुन थाल्यो ।

अदालतले टेबिल ठोक्यो । सतर्क गरायो र आदेश सुनायोः

'गाईलाई राष्ट्रिय पशुको दर्जामा हेर्न नचाहने नागरिकको भीड बढ्दै आएको छ । परम्परागत या सनातन धर्मप्रति नागरिक असहिष्णु देखिदै गएको छ तथा संविधानविद् र संस्कृतिका संवाहक मानिने राजनेताहरूले समेत मुलुकमा अर्को धर्म र संस्कृतिप्रति संमान जनाउँदै छन् । यस्तै अनुभवको आधारमा यो अदालत नेता र झोलेहरूको संमान प्रवर्द्धनखातिर गाईलाई राष्ट्रिय पशुको दर्जाबाट निग्रह गरी आम पशुको रूपमा अवतरित गर्दछ र साम्यवादी व्यवस्थाको स्थापना दिवसको मितिदेखि लागु हुने गरी गाईको ठाउँमा कुत्तालाई राष्ट्रिय पशुको दर्जामा स्थापित गर्दछ र यो निर्णय सार्वभौम नागरिकमा संप्रेषित गर्दछ तथा राज्यसत्तालाई बोध गराउँछ । साथै कुकुर पूजाका दिन राज्यको तर्फबाट विशेष पूजा हुनेछ । कुत्तालाई सलामी टक्र्याइनेछ । त्यसका लागि चाहिने व्ययभार राज्यले नै उठाउने छ ।

अकबरले नकारात्मक भावले शिर हल्लाए र बिस्तारै भने- 'बडो अनर्थ भो ।' उनी गलेको हिसाबले इजलासबाट निस्के ।

वीरबलले भन्यो- 'परिस्थिति बदलिएको छ । संविधानलाई टेकेर निर्णय दिएको हो कि ! संविधान गैर राजनीतिक मान्छेको खेलबाट तैयार भएको

हो र राजनीतिक मान्छे, यूरो डलरको अन्न खाएर बाँचेको बुझिन्छ ।' लामो सास तानेर वीरबलले थप्यो- 'सच्चा राजनीतिक व्यक्तिहरूको प्राथमिकतामा देश, जाति, संस्कृति, समाज रहन्छ । तर कपूतहरूको नीतिमा पहिले आफू हुन्छ, आफ्नो हुन्छ । अरू फाल्तुमा पर्छन् । को हेर्छ देश ?'

अर्को दिन साहित्यलाई राजनीतिले थुन्न सक्तैन' भन्ने शीर्षकमा 'नयाँ दैनिक' पत्रिकाले लामो सम्पादकीय लेखेर विशाल जनसमर्थन कमायो ।

सम्पादकीय पढेर वीरबलले भने- 'महाराज राजनीति गलत मानुषको हातमा पुगेछ । यो राष्ट्र थामिन सक्तैन क्यार !'

(गीत, कुत्ता र कोर्ट)

जवानी शुल्क

क्षेत्रीय सरदारको बैठकमा चवनी सरदारहरू जम्मा भए । सबैले काँचुली फेरे अब उनीहरूले पनि फेर्न पाउनु पर्छ भन्ने प्रस्ताव अघि सारेर अनौपचारिक छलफल गर्नु थियो । सरदारले प्रस्ताव सुन्ने रूचि देखाएपछि योजनाबद्ध शैलीमा उनीहरू आफ्ना योजना अग्रसारित गर्दै भने-

सरदार, हाम्रो बहुमतमा हामीले पनि केही पाउनु पर्छ भन्ने माग लिएर यहाँ आएका छौं । त्यसैले हाम्रो मागलाई औपचारिक मान्यता र कार्यस्वीकृति दिनुपर्छ भन्ने हाम्रो आशय हो ।' एउटाले भूमिका बाँधेर भन्यो ।

'पहिले योजना-प्रस्ताव सुनौं ।' सरदार सकारात्मक देखियो ।

जन्मेदेखि १२ कक्षासम्म पुग्दा एउटा नागरिकले छ पटक नागरिक परिचय कार्ड (नाप कार्ड) लिनु पर्छ । जन्मदर्ता सङ्ख्या क्रम समेतको नागरिक प्रवेशमा ३ हजार दस्तुर र गुलावी रङको नाप । नर्सरी प्रवेशमा ६ हजारको नागरिक कार्ड सुन्तले रङमा । कक्षा १ देखि ७ सम्म चल्ने नागरिक पत्र २५ हजारमा आकासे रङको । कक्षा ८-१० का लागि ५० हजारको नागरिक पत्र नीलो । कक्षा ११-१२ का लागि ७५ हजारमा चाँदी रङमा नाप तथा फाइनल नाप रातो रङमा हुने छ र यसका लागि ९९ हजार रुपियाँ दस्तुर बुझाउनु पर्ने छ । किनभने यो नलिई पनि हुँदैन र नागरिकले नलिई पनि छोड्दैन । अँ, कक्षा ८-१० पछि धारकसँग अभिभावकको फोटो रहने छैन । कार्ड सङ्ख्या सुरूकै कायम रहन्छ धारकको फोटो र कार्डको रंग फेरिदै रहन्छ, बस । त्यसैले यति गर्न सके हामीले पनि राहत पाएको अनुभव गर्न पाउने थियौ नि सरदार !'

सरदार, एकछिन घोरियो ।

जनमर्दनले थप्यो- 'तरकारी, यातायात, औषधि, अस्पताल, शिक्षा, विकास-निर्माण, वनस्पति, पशुधन, अभिलेख, पुरातत्वबाट माफियाहरूले जति

कमाए र जसरी राष्ट्रको गतिलाई दुर्गतितर्फ धकेले त्यति सारो त यो होइन कि !'

फेरि थप्यो- 'यो त मान्छे मार्ने योजना पनि हैन । पानी र धूलोमा पीच गर्ने सोच पनि हैन । न जनताको घरजग्गा कब्जा गर्ने अभियान हो न केटाकेटीको किड्नी र आँखा झिकेर व्यापार बढाउने सुकर्म नै हो । प्रहरी शक्तिको मनोबल गिराउने र न्यायाधीशको गर्दन निमोठ्ने वा अदालतलाई पक्षाघात गर्ने कदम पनि त होइन । बरु हाम्रा सरदारहरू नै देशको सिमाना मिचिंदा दुला पसेर लुक्छन् । यसबारे जनता जति बोल्न पनि सक्तैनन् । अब के भनौं सरदार !' ऊ थाकेजस्तो गरेर पन्सियो ।

यसपटक मानमर्दन बोल्यो- 'हाम्रा सरदारहरूले जति भत्ता पाएका छन् त्यसको २५ प्रतिशत मात्रै कमाई गर्न पाए पनि ज्यान पाल्न सकिन्थ्यो नि ! त्यसैले मेरो योजना अर्कै छ ।'

'के छ तिम्रो योजना ? त्यो पनि सुनिहालौं ।' सरदारले उत्सुकता देखायो ।

'जति पनि भेइकल अर्थात् यातायातका साधन छन् तिनको नम्बरप्लेट प्रत्येक नयाँ वर्षमा नवीकरण गर्ने र त्यसबापत २५ हजार दस्तुर उठाउने विधि अनुमोदित होस् । मेरो माग प्रस्ताव यही हो ।'

कुचमर्दन अघिसरेर बोल्यो- 'मेरो प्रस्ताव एकदम सानु छ, बजार प्रवेश गर्दा शुल्क उठाउन पाऊँ, यसबाट बजार गर्न आउनेहरूसँग प्रवेशद्वारमा नै जनही रू. ५० उठाउन पाए चियापानसम्म पुग्थ्यो कि कं !'

सरदारले अर्को झोलेलाई आखिभौं उचालेर प्रश्न-भावले हेऱ्यो ।

ऊ थियो वक्रध्वज । उसले सूत्र शैलीमा आफ्नो सोच सरदारका अगाडि राख्यो- 'सरदार, सारी, चुरा, पोते र सिन्दूर लाउनेहरूबाट म प्रत्येक दिन २० रूपियाँका दरले उपभोग शुल्क लिन चाहन्छु । मलाई यतिले काम चल्छ ।'

मंगल सेनको पालो आयो । उसले भूमिका नबाँधी भन्यो- 'दुई तोलाभन्दा बढी सुन राख्नेहरूले, राखेबापत प्रत्येक तोलामाथि रू. ५० का दरले स्वामित्व शुल्क हामीलाई बुझाउनु पर्ने छ - हप्तावार, बस । त्यो शुल्क उठाउने अधिकार पाऊँ कं ।

अर्कोलाई लक्ष्य गरेर सरदारले सोध्यो- 'अब तिमी भन, तिम्रो माग के छ ?'

उसले निःशंकोच भन्यो- 'सरदार, मन्दिर जानेहरूबाट जनही ५ का दरले उठाउन पाऊँ । यस क्षेत्रमा लगभग ३१ देवस्थल छन् । या जान छोड्छन् या शुल्क बुझाउँछन् ।'

यसपटक सरदारले साँस्कृतिक आक्रमणको घुमाउरो बाटोलाई यसले पनि बल पुऱ्याउन सक्ने ठानेर प्रसन्न भयो ।

मिस्टर धनवर्धनले आफ्नो योजना तुरून्तै भन्यो- 'हाललाई यात्रीबाहक सिटीबस या माइक्रोबसमा उभिएर जाने यात्रुको भाडा म लिन चाहन्छु । सिटमा बस्नेहरूसँग बसवाला नै लिऊन् । हामी आपत्ति गर्दैनौं । यसको अधिकार पत्र मलाई चाहियो कं ।'

'अब को बाँकी छ ? भनिहाल ।' सरदारले सोध्यो ।

'म भन्दै छु- आफ्नो छायासँगै लिएर हिंड्नेहरूबाट जनही २० रूपियाँ असुल गर्ने मेरो योजना छ । मलाई यसका लागि अधिकार-पत्र चाहिन्छ । किन्तु स्कूल कलेज जाने-आउनेलाई यो छायाशुल्क लाग्ने छैन, किन्तु माग्नेहरूलाई पनि छूट दिइने छैन ।'

राम छविला अगिसरेर भन्यो- 'कंरेड म चाहिं पुलबाट कमाई गर्न चाहन्छु । साना पशु, ठूला पशु, पैदल यात्री र तिनको भारी अनि सबै प्रकारका बाहनबाट प्रत्येक पटक ५, २५, ५०, ७५, १०० र १५०, २०० औचित्य हेरी शुल्क असुल गरिनेछ । अनलोड या खाली भए शुल्क लिइने छैन ।'

सरदारले भन्यो- 'आज रोकौ । समग्र भूकम्प पीडितहरूका घर तयार भएछन् । मैले उद्घाटन कार्यक्रममा जानै पर्न भो, फेरि सीमा क्षेत्रमा बीएसएफको आवास र गस्ती अफिसको उद्घाटनमा पुग्नु छ । त्यसपछि लिङ्ग परिवर्तन गर्ने चिकित्सक र लिङ्ग परिवर्तन गरिमाग्ने व्यक्तिलाई पुरस्कार र प्रमाणपत्र वितरण गर्ने योजना छ । मैले त्यहाँ पनि पुग्नु छ ।' अनि एकछिन रोकिएर उसले सोध्यो- 'तिमीहरूले नागरिकबाट यस ढंगले रकम उठाउँदा शोषण मानिदैन ? नागरिकलाई भार भो नि !'

'यो प्रयोग-परीक्षण पनि हो । पहिलो त फेरि मौका पर्ने हो कि हैन, भन्न सकिन्न । त्यसैले आफ्नो व्यवस्था गरिहालौं भन्ने हो । दोस्रो, नागरिक भन्नुहुन्छ कि यी नागरिकको तहमा उक्लेकै छैनन्, रैती नै छन्- राजा त तपाईंहरू र कारिन्दा हामीहरू नै हौं । त्यसैले पनि यो योजना उचित छ । तेस्रो, जनतालाई आर्थिक भार बहन गर्ने क्षमताको अभ्यास पनि हो ।

यदि विद्रोह उठेन भने यसलाई निरन्तरता दिंदै र आवश्यकता हेरी वृद्धि गर्दै जान पनि सकिन्छ । यस्ता हजारौं योजना जन्माएर जनतालाई दोहन गर्न सकिन्छ । अनि त जनता त्वं शरणं भन्दै हाम्रा पछि लाग्छन् नि कं ।'

'हामीले एउटा अर्को पनि योजना बनाएका छौं । त्यो थाह पाउनु भयो भने तपाईं छक्क पर्नु हुन्छ ।' अर्को अगि सऱ्यो ।

'त्यो पनि सुनिहालौ न !'

'कं, यो 'जवानी शुल्क' हो, १८ देखि ३५ वर्षसम्मका सुन्दरीले जवानी शुल्क तिर्नै पर्छ । तर विवाहित र अविवाहितलाई फरक-फरक शुल्क निर्धारण हुने छ । जवानीको सुरक्षा गर्ने हामी नै हौं ।'

यसपटक सरदारले खुलेर अट्टहास लियो । अनि लाल सलाम खाएर अरू कार्यक्रममा प्रग्नका लागि तत्पर देखियो । जाँदाजाँदै उसले भन्यो, 'तिनीहरूको सोच र योजनाबाट म प्रभावित छु । चाख लाग्यो । जनता अझसम्म जनता नै छन्, नागरिक हुन सकेका छैनन् भने यी योजना सफल हुनसक्छन् । मेरो समर्थन छ । म फायल बढाउँदै लैजान्छु । सदर होला आशा गरौं । प्रयास सफल होस्, मेरो शुभकामना !'

झोले सरदारहरूले एक स्वरमा भने- 'सरदार, हाम्रो नीति नै कमाउ नीति हो त्यसैले यो अवसर अर्को चुनावपछि आउला कि नआउला भन्न सकिन्न । मौका छ काँचुली त फेर्नै पर्छ ।'

'एउटा विशेष अनुरोध छ सरदार !' एउटाले गम्भीर भएर भन्यो ।

'ल जाँदाजाँदै त्यो पनि सुनि हालौं !'

'कृपया हाम्रा योजना किरात साम्राज्यलाई थाह हुन नपाओस् । उनीहरू नीतिवादी छन् । थाह पाए भने हाम्रा कमाउ योजनाहरू फेल खान्छन् । हामी थुनिन्छौं । हामीमाथि विवेक राख्नु होला । लाल सलाम !

'त्यसका लागि पनि हाम्रो तर्फबाट सफलताको शुभकामना !'

जाँदाजाँदै सरदारले बाटैमा सोच्यो- 'मेलम्ची खानेपानीमा एउटा बखेडा झिकेर भए पनि अलिकति त झार्नै पऱ्यो या सडक मर्मतमा चाराना खर्च गरेर बाह्रआना झिक्नुपऱ्यो । भोलि यो मुलुक रहने हो कि होइन, जोहो त गर्नैपर्छ । देश छाडेर हिंड्नु पऱ्यो भने आखिर कामलाग्ने रकम नै हो । चुक्ने किन ?'

(जवानी शुल्क)

टीन मदर

पेन्टी कसैको सग्लो थिएन ।

विधि र विधानका वेत्ताहरू कति खुशी भए, त्यो उनीहरू नै जानून । तर धर्मपथबाट राज्य हाँस्तै रह्यो, खुशीका आँसु खसाउँदै रह्यो ।

झिल्का सानै थियो तर आलोक असीमित हुँदै चल्यो ।

समर सिजनमा युरोपीय मुलुकबाट आएका विद्यार्थीहरूले गाउँक्षेत्र उज्यालो भयो । मुलुक कृषिप्रधान नरहेपछि छुट्टीको समयमा घुमफिर गर्ने अवसर मिल्यो । यताका र उताका विद्यार्थीको मिलन केन्द्र चर्च नै थियो । नयाँ साथी बनाउने, भाषा सिकाउने, सँगै घुमफिर गर्ने र गाइडको काम पनि सम्हाल्ने दायित्व पाएका पर्वतीय-हिमाली क्षेत्रका विद्यार्थीहरू आफ्ना ठाउँमा घुम्न आएका विदेशी विद्यार्थीसँग मित्रता गाँसेर घुलमिल हुन पाउँदा वेला-बखत आफूलाई नै बिर्सन्थे । राज्य-व्यवस्थाले दिएको परिवेश थियो यो ।

शायद आफैंलाई बिर्सिदिंदा कहिलेकहीं आनन्द मिल्छ । अरूलाई खुशी पार्दा सन्तुष्टि मिल्छ र समभावमा पुग्दाको उचाइ अतुलनीय हुन्छ ।

स्लीपिङ ब्याग, तौलिया, टर्चलाइट, औषधि र टेलिफोन समेतको बन्दोबस्त । हरियालीले मनोरम देखिने पर्वतीय गाउँ-बस्ती घुम्ने लक्ष्य । त्यसैले बस, ट्याक्सी, रिक्सा र पैदल यात्राको चाख हरेक जोडीको आ-आफ्नै थियो । सबै जोडी सँगै हुन्थे यात्रामा र पृथक्-पृथक् कक्षामा प्रवेश गर्थे- रात्रिवासको समयमा युग्मभावेल, यौवनको ऊर्जाले । थाह हुनु थिएन अनुरोध कसको र अनुमोदन कसको अनि आमन्त्रण कसको र अनुगमन कसको । वाणी इतर भाषा झन् गूढ-गम्भीर र अर्थपूर्ण हुँदैन र ! हो, कोही कतै विफल रहेन । पर्दा रहनुको औचित्य नै थिएन ।

शीतल उद्दीपक परिवेश, नौलो रूचि र स्वादमा आत्मविस्मृत नहुने को होला ? समान वयः ऊर्जा र कौतुकमय दीर्घ केलिसँगै निशर्त प्रहारको अङ्गीकारलाई जीवनको उन्नत, स्वस्थ क्षण ठान्न सकिन्न र ! प्रश्नै छैन । भोलि कसले देख्छ र यो क्षणमा ! देख्नु तक्षणको अपार सुखबाट आफ्नै वञ्चना हुनु होइन र ! विना योजना बाँच्ने क्षणको वरण हुनु अमंगलकर होला त ! किन्तु यस्ता कुरा केलाउने न त्यो क्षण हो, न परिवेश हो न आयुसमूह ! विधि र राज्यव्यवस्थाको सुरक्षामा नै सबै कर्म साधित हुन्थे । गजब हैन ? विकास हैन ?

कसको योजना, परियोजना र संकल्पमा यो मार्गचित्र कोरिदै छ यसले कहाँ पुऱ्याउने हो, यी नवयौवना र नवयुवकहरू अनुमानसम्म गर्न सक्तैनन् । तर जुन महल बनाउनु पर्ने हो त्यसको जग सुस्थिर भइसकेको थियो । न यो कुरा बुझ्ने सक्ने परिवेशमा उनीहरू थिए, न त मनोदशामा नै ।

फोटो सम्बन्धी विधि र निषेधका कुरा भर्खरै लागु भएको हुनाले मुलुकको सञ्चार संहितालाई कसैले नाघेन । यो आयुसमूहमा, यो क्षणमा विग्रहको निरीक्षण-परीक्षण परिभ्रमण, परिभोग, परितृप्ति, प्रसन्नता र परितोषलाई यिनले अवहित्था भावले समेटेर हिँडे । आँखाले लिएका तस्वीर आ-आफ्नै अन्तरंगमा टाँसे । त्यो उमेरको त्यो शरीर ठीक त्यस्तै गुण, स्वरूप र सुवासमा पाइन्छ कि पाइँदैन अर्को क्षणमा । यो रहस्यको विषय नै भएर रह्यो । फेरि पनि प्रयोग र प्रहारपछि अथवा घर्षण र प्रक्षेपणपछि किंचित परिवर्तन त आउला नै ! त्यो प्रकृतिको नियम हो । पर्खैनै पर्ने थियो ।

यात्रा चल्दैरह्यो । परेवाका जोडी नछुट्टियून्- दर्शकको आसिक यस्तै हुन्थ्यो ।

बाह्रौं ग्रेड पार गरेर घुम्न आएका बाईसजनाको विद्यार्थी टोली फर्किंयो कलेज खुल्ने साताको गणित गरेर । प्रस्थान गर्नुअघि उनीहरूलाई भनियो- 'एकपटक स्वास्थ्य चेक अवश्य गराउनू देशमा पुगेर !'

यता छात्राहरूको स्वास्थ्य परीक्षण गराउनु थियो- समाजसेवा संघले आफ्नै रेखदेखमा । यात्रा र मित्रताको प्रतिफल सकारात्मक रहोस् र लक्ष्य एउटा पनि निष्फल नहोस् भन्ने अभीष्ट थियो निर्देशक क्लबको एनजीओको ।

छात्राहरूको स्वास्थ्य परीक्षण गर्दा पोजेटिभ अर्थात् सकारात्मक देखियो । एक्काईस जना छात्रा गर्भवती भएछन् । रिपोर्ट सुरक्षित गरियो ।

परमेश्वरको महान् कृपाले छात्राहरूको जीवन सार्थक भएको व्याख्या सुनाइयो । स्वास्थ्य परीक्षणको क्रममा जहाँ शर्त, स्वीकृति र हस्ताक्षर चाहिन्थ्यो-सुरक्षित भयो ।

स्कूलले कुनै जागरूकता देखाएन । गर्मी छुट्टिको वेला भएको घटना भनेर सजिलै पन्सियो । गाउँमा विचारक पनि थिए, समाज शास्त्री पनि थिए र संस्कृतिज्ञ पनि । तिनले आ-आफ्नै विवेक र योग्यताले मुख खोले ।

'विदेशबाट साँढे मगाएर गाईमाथि चढाउनुको अर्थ ?'

'बाबुको पहिचान नहुने सन्तानको नागरिकता बारे अभ्यास ।'

'आमाको नामबाट सजिलै नागरिकता लिने सुविधा हो यो ।'

'विद्यार्थी/क्रिश्चियन भोटर्स बढाउने योजना पहिलो हो नि ।'

'समृद्ध धरती र सुखी नागरिक भन्ने नाराका लागि यो यूरो दोहनको अचुक योजना पनि त हो ।'

'युरोपीय शक्तिसँगको गाढा-मैत्रीमार्गको निर्माण होइन र यो ? प्रतिफल हेरौं न !'

'मेरो दृष्टि फरक होला ।' एकजनाले भने 'राजनीतिक सरदार, व्यापारी, धर्माधिकारी वा पण्डा, चिकित्सकहरू जहिले पनि अर्काको जीवनलाई प्रयोग गरेर आफ्नो उन्नति गर्न अग्रसर रहन्छन् । यसमा उनीहरू हीनताबोध र आत्मपीडाको सट्टा आत्मश्लाघा र आत्मतुष्टि लिने गर्दछन् । यस्तै उद्योगको यो एउटा खेल हो- जहाँ नयाँ उमेरका केटाकेटीबाट प्रजनन गराएर धर्म, संस्कृति र सामाजिक जीवन ध्वंश गरिन्छ, राजनीतिक शक्तिको अपचालन गराएर समग्र राष्ट्रको प्रत्येक अंगमा नियन्त्रण राखिन्छ । सधैं कम्पायमान गराउने र आफ्नो अनुकूल बनाएर नचाउने दुष्कर्मका निमित्त यस्तै सेतुको निर्माण गरिन्छ ।'

'यसको अर्थ हो- हाम्रै सरदारले यो स्थिति निम्त्याएका हुन् ।'

'बिल्कुल । एनजीओले वा राज्यले भन्नुपर्छ ।'

'त्यसो हो भने यस्ता अकर्मको उन्मूलन कसरी होला त ?'

'हुन्छ, एउटा जिउँदो जंगबहादुरको उदय हुनुपर्छ र त्यो हाम्रै बीचबाट जन्मनु पर्छ ।'

'त्यसो नभए न अहिले भइरहेका सरदारबाट यो काम हुन सक्छ न यिनले हिंडेको पथबाट, हैन त ?'

'बिल्कुल, व्यक्ति पनि नयाँ, सोच पनि नयाँ र मार्ग पनि नयाँ चाहिन्छ । यो अबको युगको माग हो ।'

'थपौं न संकल्प पनि नयाँ भनेर !'

'प्राप्ति नै त्यही हो नि !'

'मैले चाहिं यति नै बुझें- विदेशीहरू आफूले चाहेजस्तो जनशक्ति यहींको नागरिकबाट संचित गर्न चाहन्छन् । राज्य, सरदार, एनजीओ र स्थानीय मिशन यसमा बल पुऱ्याउन कटिबद्ध छन् । खासगरी शिक्षा र स्वास्थ्यतर्फका एकाइ अभ्यासहरू भूमिगत रूपले गाउँ-घरमा टीन मदरबाट घुमन्ते बाबुका बतासे सन्तान जन्माउन अथक भूमिका खेल्छन् । त्यस वापत प्रभुबाट पुरस्कार, स्यावासी र अनुदान लिन्छन् अनि आफ्नो उचाइ बढेको सम्झेर आत्मश्लाघा गर्छन् । सामाजिक सेवाका मिशनमुखी गुरू-गुरूमाहरू नै शक्ति र सत्ताका स्तम्भ भएका हुनाले यिनले यो देशमा धर्म, संस्कृति, पारिवारिक बन्धन र सामाजिक सद्भाव बिथोल्नकै लागि कन्या-कुमारीलाई टीन मदर बनाएर छोड्ने योजना बनाएका हुन् । र, बहुमुखी योजना अन्तर्गत फिरंगीलाई पर्यटक अतिथिको रूपमा आमन्त्रण गरेर तिनलाई आफ्नो फूलबारीमा यथेष्ट रमण-विचरण गर्ने अवसर दिएका हुन् सत्ता, शक्ति र संपत्तिका लागि ।'

स्कूलका बालिकाहरूले अरूको योजनाभित्र आफू कठपुतली भएर प्रयोग-उपयोग परेको तब थाह पाए जब गर्भवती भएपछि चासो लिने र अप्रत्यक्ष रेखदेख गर्नेहरूकै परिवेशभित्र आफू परेको अनुभव गर्न थाले ।

किन्तु यो प्रक्रिया रोकिएन, किनभने दफा ११.५ तथा २६.१ र ३ लाई आकर्षित गर्ने हुनाले राज्यले देखाएको उदारतालाई संमान गर्नु पर्ने त छँदैछ, किन्तु सामाजिक जीवनले यस्तै कतिपय कारणले निहुरमुन्टी लगाउनु परेका पीडा बुझेर बुझ पचाउनु पर्ने स्थितिले पनि निरन्तरता पाउँदै थियो ।

केही महिनापछि, दुई साताको अवधिभित्र गाउँका बाह्र कक्षाका २१ वटी छात्राहरू टीन मदरको संमानबाट आलंकृत भए जो भ्रमण मैत्रीमा संलग्न थिए र जसको योजनाकार नयाँ धर्मस्थल थिए । समाज सेवातर्फका आमा-आंटी थिए ।

नवजात शिशुको नाम कतै अन्तैबाट वितरण भयो- स्थानीय संस्कृतिसँग संपृक्त थिएन । आमाले आफ्ना सन्तानको नाम मनपराउनु वा नपराउनुको औचित्य रहेन ।

स्वास्थ्य र शिक्षामाथि विशेष दृष्टि राख्ने सामाजिक संगठनको विशेष क्षेत्रीय एकाइको तत्परतामा आमाको नामबाट बालकहरूको जन्मदर्ता भयो ।

विधानविद् तथा केही संसद सदस्यहरूले यो सन्दर्भमा दीपावलि गरे किनभने नेपाली चेलीकै कोखबाट धर्म, जनसंख्या, भोट, विना बाबुको सन्तानको कोटा पूर्तिमा धारा अर्थात् ११.५ लाई बल पुग्दै थियो ।

बच्चाको शरीर कुन रूपमा विकसित हुन्छ र त्यसले कस्तो आकार लिन्छ, त्यसै अनुसार त्यसको वर्ग वा समूह छुट्याउनु पर्छ भनेर त्यसबारेको मन्थन मुल्तवी रह्यो- नृतत्वविद्को सल्लाहमा ।

परन्तु यी बालकहरूलाई आफ्नो पक्षको मतदाता बनाउन सरदारका दूतहरू चक्कर लगाउँदै रहे भोलिलाई हेरेर, सिंहावलोकन गर्दै रहे सिंहदरबार छिरेर ।

'त्यहाँ हाम्रा मान्छे अब कति पुगे !' भनेर युरोपियन युनियन छुट्टै गणित राख्दथ्यो । यताबाट प्रगति विवरण पेश हुँदैरहन्थ्यो । संविधान सभाका अधिकांश सदस्यहरू आफ्नो योजना र संकल्प सफल हुँदै गएकोमा भोजमा आमंत्रित हुँदै रहे । पुरस्कार र प्रशंसापत्र समाउँदै गए । देश देशान्तर घुम्दै थैली भर्दै रहे ।

तर सरदार विधानको सफलता र बहुमतको शक्ति प्रर्दशन गर्ने दम्भमा पछि परेन । राज्य र सरदारको दृष्टि केमा अडियो र केमा पुगेन त्यो चर्चाको विषय बन्न सकेन किनभने कठपुतलीको धागो अर्कैको औलामा हुने गर्थ्यो । त्यसैले सचेत नागरिक टिप्पणी गर्न पछि परेन :

'बहुमत भए चन्द्रलोक हान्न सकिन्न र !'

'बहुमतले जनतालाई नै पछार्न सकिन्छ नि !'

'नागरिकभन्दा सरकार बलियो हुन्न र !'

'हो, माफियाको राज्य कमजोर हुन्थ्यो कसरी !'

'यो त देश-विघटनको आमन्त्रण हो ।'

'के त ? साँच्चै प्रश्न गर्न मिल्दैन ?'

'नागरिक समाज निस्तेज छ ?'

'अचेत छ ?'

'स्पन्दन शून्य छ ?'

'तर यी सबै कुराको भूमिकामा आततायीको लगानी छ, जो यस मुलुकको संस्कृति नष्ट गर्न चाहन्छ ।'

मीमांसा चल्दै रह्यो ।

अब टीनमदरहरू आफ्नो सन्तान हुर्काउन ठाउँठाउँमा सेविका बन्दै गए र राज्यको विधानलाई पोषित गर्दै रहे ।

प्रतिवर्ष यस्ता अध्याय जोडिदै रहे । संविधानसभाका सदस्यहरू गौरव गर्दै गए । संविधानको मर्मलाई पोषण गर्दैरहे । नीतिवान् नागरिकहरू लज्जाबोध र विवशताले पग्लदै रहे ।

(टीन मदर)

डर : आशय करणीको

कानूनका हात लामा हुन्छन् भन्छन्, तैपनि छोटै देखिन्छन् । सामाजिक र व्यक्तिगत जीवनमा प्रतिदिन घट्ने, सुनिने र बुझिने कुरा कानूनको कठघरामा तमाशा जस्तै पनि लाग्छ र मनोरञ्जक पनि । कानून जन्माउन पनि पाइन्छ र सोचाइमा मन्थन ल्याउन पनि सकिन्छ । बस चिन्तन र आत्मविश्वासको कुरा हो ।

हिजोसम्म यो कुरा कानूनको विषय हुनसकेको थिएन आज सशक्त भएर आएको छ, हिजो मनोगत र व्यक्तिगत भएर कठिन थियो, त्यसैले सीमित थियो-शायद ! आज मञ्चमा पुग्यो, मिडियामा पुग्यो र घर-घर र व्यक्ति-व्यक्ति भएर यो कुरा मुद्दाको विषय भएर आयो । भूमिका यति मात्र हो ।

कानूनचीको कार्यालय खुल्यो । सुन्दरी उपस्थित भई । उसले आफ्नो कुरा भनी- 'म कीर्तिबाला, मेरो छिमेकीलाई मुद्दा हाल्नु छ, त्यसैले म यहाँ आएकी । म कानूनी प्रक्रियामा जान चाहन्छु । मेरो मुद्दा लेखिदिनु होस् ।'

'मेडम म तयार छु । तपाईं आफ्नो समस्या भन्नुहोस् ।' कानूनची सजग भयो ।

उसले भन्न शुरू गरी- 'वकील साहब पहिले मलाई हेर्नोस्, म जवान छु ? सुन्दर छु ?'

'जी, सुन्दर हुनुहुन्छ । जवानीले त सौन्दर्यको पोषण गर्छ । गरेको पनि छ ।'

ऊ, कुर्सीबाट उठी र बिस्तारै दुई फन्का घुमी, अनि सोधी- 'तपाईंले ममा कतै खोट देख्नु भयो ?'

'देखिने ठाउँमा त खोट देखिंदैन । नदेखिने ठाउँमा या नदेखेको ठाउँमा के भन्नु ?' अनि यति मात्र थप्यो- 'निर्दोष सौन्दर्य ।' फेरि मनमन गुन्यो- 'यो त यस्ती सुन्दरी हो जो हामी जस्ता कानूनचीलाई त्यसै खाइदिन्छन् ।'

अनि बडो गर्वबोध गरेर ऊ बिस्तारै कुर्सीमा बसी । उसको बसाइले वकीललाई पनि धक्का दियो ।

उसले भनी- 'तपाईंले मेरो सौन्दर्य पनि देख्नु भो, उचाइ पनि देख्नु भो । शारीरिक गठन र रङ पनि देख्नु भो । नारी, हत्केला, औंलाको बनोट र नङको स्वरूप र सजावट पनि थाह पाउनु भो । मेरो ललित हिंडाइ र दृष्टि-प्रक्षेपणको शैली वा भू-विभ्रम पनि थाह पाउनु भो ?'

'थाह पाएँ । तर मैले थाह पाएर क्यै हुँदैन । जसलाई यी कुराको महत्त्व छ उसले थाह पाएको हुनुपर्छ ।'

'बस, तपाईं मेरो कुरामा आइपुग्नु भयो, कुरै यै हो ।'

'कस्तो कुरा ?' वकीलले मनमनै प्रश्न गऱ्यो ।

'मेरो बेवास्ता भो, उपेक्षा भो, मेरो सौन्दर्यको अवमूल्यन गऱ्यो त्यो छिमेकी युवाले । हेर्नोस्, जब म प्रसाधन प्रयोग गरेर बाहिर निस्कन्छु, दुनियाँ, मेरो सौन्दर्य हेर्न उत्सुक रहन्छ । बजार मेरो सौन्दर्यको गुणगान गर्न पछि पर्दैन र कहिल्यै थाक्तैन । तर, तर यो छिमेकी युवा मलाई देख्या-नदेख्यै गर्छ । कि उसका कानमा वायर लागेको हुन्छ, कि ऊ आँखा बन्द गरेर झुम्दै हुन्छ, कि कुनै पत्रपत्रिका हेर्न एकाग्र देखिन्छ कि त टेलिफोनमा अल्झेकै देखिन्छ । सधैं अन्तै ध्यान, सारा नाटक !'

कीर्तिबालाले थपी 'जब म देखिन निस्कन्छु भने उसले मलाई, मेरो ब्यूटीलाई, मेरो गमन र दर्पपूर्ण पाउ प्रक्षेपणलाई अनि हिंडाइबाट उत्पन्न शरीरको थर्कन-कम्पनलाई हेरिदिनु पर्दैन ? नहेरिदिएर, नबुझिदिएर मेरो सौन्दर्यको त्यत्रो अपमान ? को गयो को आयो मतलबै छैन ? त्यस्तो पनि हुन्छ ? मेरो सौन्दर्य, मेरो जवानी र मेरो प्रदर्शनकारी निर्गमन र प्रत्यागमन सारा व्यर्थ ! निस्सार ! के ऊ सौन्दर्यको पारखी हैन ? उसका लागि हाम्रो सौन्दर्यको कुनै मूल्य छैन ?' एकछिन रोकिएर फेरि थपी- 'यो तिरस्कार हो मेरो, उपेक्षा हो जवानीको र बेवास्ता हो- सौन्दर्यको । लेख्नोस् म अदालत जान्छु ।'

'मैडम हुनसक्छ तपाईंको सुन्दर, शान्त र सुखी जीवनलाई उसले बिथोल्न नचाहेको होस् । तपाईंलाई उसले देख्तै नदेखेको होस् । तपाईं कहाँ बस्नुहुन्छ, थाहै नभएको होस् । या यो पनि हुन सक्छ तपाईंको पनि केटो वा केटी साथी होली कि भनेर ऊ मौन रहेको होस् या विवाह भएको होला

कि भन्ने ठानेर जड देखिएको होस् । अनि यो पनि हुनसक्छ नि उसकी केटी साथी या श्रीमती अत्यन्त राम्ररी र गुणवती होस् । ...कानूनची बोल्दा बोल्दै रोकियो ।

'वकील सा'ब यो कुरा किन बुझ्नुहुन्न- विवाह हुनु, नहुनु, केटी या केटो साथी हुनु नहुनुको विषयमा बहस होइन, बहस मात्र यति हो कि मेरो उपेक्षा किन भयो ? अपमान किन भयो, बेवास्ता किन भयो ? के म यसरी अवमूल्यन गरिने वस्तु हुँ ? त्यसले मलाई किन वास्ता राखेन ? एकपटकसम्म दृष्टि उठाएर पनि नहेर्नु ? कत्रो आहत सहेकी छु मैले ! मैले न्याय पाउनै पर्छ- किन यत्रो अपमान मेरो सौन्दर्यको ? के मेरो सौन्दर्य मैले आफैले हेर्ने, मूल्याङ्कन गर्ने र भोग्ने हो र ? त्यत्रो पटक हिँडे, उसका अगाडिबाट हिँडे र देखिने गरी हिँडे, वास्तै छैन ! तपाईं नै भन्नुहोस् त अब हाम्रो मूल्याङ्कन गर्ने कसले ? व्यक्ति वा समाजबाटै हाम्रो मूल्याङ्कन हुने होइन ? त्यसको दृष्टिमा मेरो भाउ खै ?'

'मैया फूल आफैंमा सुन्दर छ र सुन्दर भावना ब्युँझाउन सक्छ । कसैले सुन्दर भनोस् या नभनोस् फूल त्यस्तो चाहना राख्दैन । तपाईंमा जुन सौन्दर्य छ त्यो अरूसँग तुलना हुन सक्तैन । त्यसैले यसरी हीनताबोध लिने कुरै छैन । भनिन्छ रत्नले ग्राहकको खोजी गर्दैन अपितु ग्राहकनै रत्नको खोजी गर्छ ।' कानूनचीले यसपटक निकै हिम्मत लिएर भन्यो ।

पञ्चायती राज्य व्यवस्थासम्म व्यक्तिको घर-दैलो र बैठकसम्म मालपोत कार्यालय पुग्ने गर्थ्यो । बस माग हुनुपर्थ्यो र विशेष शुल्क बुझाउनु पर्थ्यो । मुलुकमा संघीय राज्यव्यवस्थाको अभ्यास थालिएपछि न्यायालय त्यसैगरी घर-दैलो, बैठक वा टोलमा पुग्न थाल्यो । नागरिक यस प्रकारको न्याय वितरण प्रक्रियालाई घुम्ती अदालत या 'घरदैलो न्याय सेवा' भन्ने गर्थे ।

फेरि संघीय तत्त्वले न्यायसेवा अत्यन्त निष्पक्ष र शीघ्रताका साथ वितरण गर्थ्यो । मुद्दा दर्ता भएको दुई घण्टाभित्र दर्ता गरिएको लिखतको एकप्रति प्रमाणित गरेर दोस्रो पक्षकालाई बुझाइसकिन्थ्यो र एक दिनको अध्ययन विमर्शको समय हुन्थ्यो र तेस्रो दिन बहस गरेर मुद्दा टुँग्याइन्थ्यो ।

तर यस पटकको न्याय वितरण प्रणाली किञ्चित नौलो थियो । त्यो कसरी भने- अदालत माइक्रो बसमा गयो र राजकीय पाठशालाको वरण्डामा

बस्यो । अपरान्ह चार बजेको समय हुनाले बाधा कतै थिएन । कारबाही शुरू भयो :

महोदय, यो मुन्धुम छोएर वाचा गर्नुहोस् ।

'म बितेका आफ्ना पितृहरूलाई सम्झेर वाचा गर्न पाऊँ ।'

...उसले त्यसै गऱ्यो- 'म विपिन पल्लव । म साँचो कुरा मात्र गर्छु ।'

'भन्छु भन्नुहोस् ।'

'जी, साँचो कुरा भन्छु ।'

'तपाईंको व्यवहारबाट असन्तुष्ट भएर कीर्तिबालाले मुद्दा दायर गर्नु भएको छ र त्यसको एकप्रति तपाईंलाई उपलब्ध गराइएको छ । अब यो संघीय घुम्ती अदालत तपाईंसँग जान्न चाहन्छ- के तपाईं कीर्तिबालाले लगाएका आरोप स्वीकार गर्नु हुन्छ ?'

'आरोप त राम्रा छन् आरोपीको व्यक्तित्व पनि त्यहाँ प्रतिविम्बित भएको रहेछ । मैले पढें ।'

'तपाईं उहाँलाई चिन्नु हुन्छ विपिन पल्लवजी ?'

'म चिन्दिन । अब यो लिखत पढेर चिने भन्नु पऱ्यो ।'

यस पटक अदालत हाँस्यो । अनि सबैका मनमा एउटै प्रश्न उब्ज्यो- 'नचिनेका मान्छेमाथि मुद्दा ?'

'उहाँको नाम कीर्तिबाला हो ।'

'होला, सम्भव छ । नाम अनुसारकै काम पनि होला ।'

'उहाँ यौवनवती र रूपवती नारी हो ।'

'हुनुहोला, तर कसरी जान्नु उहाँ नारी हो भनेर ?'

इजलास फेरि हाँस्यो ।

'के तपाईं नारी र पुरुषलाई चिन्न सक्नु हुन्न ? यस पटक परबाट कसैले सत्य तर व्यङ्ग्य बोल्यो, उहाँ आफैं विपिन पल्लव ।'

'चिन्छु पुरुषलाई । उसलाई चिन्न सजिलो छ । तर तपाईं नै भन्नुहोस् बोली नसुनेपछि एउटा मानव शरीरलाई नारी हो कि पुरुष हो कसरी चिन्ने ? के आधार हो चिन्ने ? र के लक्षण हो नारी शरीरको ? के शिरको कपाल नै अन्तिम आधार हो त ?'

'के तपाईं कसैलाई हेरेर यो नारी शरीर हो या होइन भनेर छुट्याउन सक्नुहुन्न ?'

'अहँ । के तपाईं चिन्न सक्नु हुन्छ ? सघाउनुहोस् त मलाई !'

'नितम्ब, स्तन, मुखमण्डल र शरीरको बनोट जंघा र हिंडाइबाट थाह हुन्छ नि !'

'यसपटक विपिन पल्लवले व्यङ्ग्य र परिहासमा अदालतलाई सोध्यो- 'श्रीमानजी वकील सा'बको विचार वा धारणाप्रति प्रश्न गर्न चाहन्छु । नारी शरीरका ती-ती ठाउँ वा अंग र बनोटलाई हेर्ने अधिकार कसलाई छ ? शायद उहाँलाई कानूनले देला ! मलाई दिंदैन । उहाँ कानूनसँग खेल्न सक्नु हुन्छ । म मर्यादा गर्छु र वकील साहेबलाई त्यो अधिकार कसले दियो ? मेरो प्रश्न अदालतलाई हो ।' एकछिन रोकिएर थप्यो- 'श्रीमानज्यू, मेरा प्रश्नमा नै अदालतले चाहेका उत्तर लुकेका छन् । बुझ्न गाह्रो छैन ।'

जजले आदेश गऱ्यो- 'अदालत जान्दछ तर इजलास र वकीलले पनि जान्नु आवश्यक छ, त्यसैले तपाईं खुला ढंगले स्पष्ट पार्नुहोस् । यो अदालत तपाईंको चिन्तन र चरित्रको कदर गर्दछ ।'

'श्रीमानज्यू, कुन शरीरलाई कहाँ कहाँ हेरेर लिङ्ग छुट्याउँन सकिन्छ भन्ने विचारसँग म सहमत छैन । फेरि अर्काको दिमाग, हृदय र अनुहार पढ्ने अधिकार मलाई छैन । कानूनले दिंदैन । आयो ममाथि कीर्तिबालाको आरोप, ती सबै आरोप म स्वीकार गर्छु । मैले उहाँलाई आँखा उठाएर हेर्ने हिम्मतसम्म गर्न सकिन । त्यसैले मैले उहाँलाई देखिन ।'

'किन हेर्ने हिम्मत गर्नु भएन ? कारण के हो ?'

'मैले आफैंलाई पन्साएको हुँ, रोकेको हुँ, किनकि मैले सुरक्षित हुनु थियो ।'

'के कीर्तिबाला त्यस्ती डरलाग्दी सुन्दरी हुन् र तपाईंले जोगिनु पर्ने ? आँखा बन्द गरेर बस्न विवश हुनु पर्ने ?'

श्रीमान्, कीर्तिबालाको अनुपम, निर्दोष सौन्दर्यले मोहित नहुने को होला र ! उहाँ आज सबैको अगाडि प्रस्तुत हुनुहुन्छ । सबै कुरा प्रत्यक्ष छ, वकील साहेबले भनेजस्तै; तर म उहाँको व्यक्तित्वमा निहित सौन्दर्यको संमान गर्छु, किन्तु दण्ड भोग्न डराउँछु ।'

किन ? अब के के डर ?'

'आशय करणीको मुद्दा लाग्ने भयले मैले उहाँलाई हेरिन । तर उहाँले आफ्नो सौन्दर्यको अपमान र अवमूल्यन गऱ्यो भन्ने ठानेर मलाई कोर्टसम्म

घिसारेर पुऱ्याउनु भयो । र अब यति भन्नै पर्ने भयो- यो जीत पनि म उहाँकै ठान्छु र उहाँको सौन्दर्य- शक्तिको कदर पनि गर्छु ।'

अदालतले विपिन पल्लवलाई दोषमुक्त करार गऱ्यो । र निर्दोष व्यक्तिलाई अपराधी करार गरेर तेजोवध गर्ने नियत राखेकोमा कीर्तिबालालाई २० वर्षसम्म कुनै अदालतमा मुद्दा दर्ता गर्न नपाउने आदेश जारी गऱ्यो ।

कीर्तिबाला सौन्दर्यको रङ् सधैंका लागि उडेको ठानेर विकल हुँदै घर फर्की ।

ऊ कारमा थिई ।

ऊ चुँडिएको चप्पलमा थियो ।

पुग्नु पर्ने एकै ठाउँ थियो । बाटो एउटै थियो ।

घर जोडिएको भए पनि मन रोइरह्यो । संवाद चल्न सकेन ।

(डर : आशय करणीको)

तामाङ फूल

तामाङ फूल म्हेन्दु बडो मुश्किलले काठमाडौंको वीर अस्पताल पुगी । आफन्तले उसलाई त्यहाँ लगेका थिए । प्रसूति गराउनु थियो । प्रवेश पाई । शैयामा पुगी । परिचारिकाहरू आए र प्रसूति फाइल तयार गर्न लागे । उसका आफन्त दुईजना नारीहरू केही पर सरे ।

'पहिलो पटक सुत्केरी हुन लाग्नु भएको हो कि ?'

'जी, तर म जान्न चाहन्छु सिस्टर, मेरो प्रसूति कसले गराउँछ ?'

'हामीले नै गराउने हो ।'

'के तपाईं पनि डाक्टर हो ?'

'म डाक्टर होइन, नर्स हुँ, तर हामी डाक्टरसँगै हुन्छौं ।'

'कुन डाक्टरले मेरो प्रसूति गराउँछ त ?'

'डाक्टर विमल हुनुहुन्छ । डाक्टर सोनिया हुनुहुन्छ । डाक्टर सरोज हुनुहुन्छ । सबैजना प्रसूति विशेषज्ञ हुनुहुन्छ । तपाईंले डर लिनु पर्दैन । पहिलो पटक भएर तपाईं डराउनु भएको होला । त्यस्तो केही हुँदैन ।'

'तपाईं त भाग्यमानी हुनुहुँदो रहेछ । आजका तीनै जना डाक्टर विशेषज्ञ हुनुहुन्छ ।' अर्कीले म्हेन्दुको मनोदशा सहज बनाउन थोरै जोड दिएर भनी ।

'सिस्टर मैले जान्न खोजेको कुरा अर्कै हो । कुन जातिको डाक्टरले मेरो प्रसूति गराउँछ भन्ने जानकारी म पाउन चाहन्छु ।'

नडराउनुहोस् न, तपाईंको प्रसूति सफल हुन्छ । आजका तीन जना डाक्टर मध्ये दुईजना पनि आउन सक्छन् । तीनै जना आउन पनि सक्छन् । कहिले कहीं एक्लै पनि हुन्छन् । त्यो कुरा अवस्था र स्थिति हेरी हुन्छ ।' परिस्थिति हेरेर फेरि उसले थपी- 'बैनी, तर तपाईं यति सारो अररो भएर

किन प्रश्न गर्नु हुन्छ ? यस्तो वेलामा मनमा द्वन्द्व र आशङ्का लिनुहुँदैन । अब बिल्कुल शान्त हुनुहोस् ।' अर्की परिचारिकाले थपी ।

'हैन, उहाँले के भन्न खोज्नु भएको हो, त्यो सुनौं । उहाँको इच्छा विपरीत हामीले जानुहुँदैन ।' एउटी परिचारिकाले खुलेर भनी ।

'ठीक छ, भन्नुहोस् के भन्नु छ ।' अर्कीले सजिलो परिवेश दिएर भनी ।

'ऊ पर बसेको मेरो मान्छे हो बोलाइदिनु होस्, उसले पनि मेरो कुरा बुझ्नुपर्छ ।' म्हेन्दुले आफन्तलाई नजिक झिकाई ।

दुई जना म्हेन्दुको बेडको नजिक पुगे । आ-आफ्नो टेलिफोन बन्द गरेर उभिए । दुवै अनुशासित देखिए ।

तिनैलाई साक्षी बनाएझैं गरेर उसले भनी- 'सिस्टर मेरो कुरा ध्यान दिएर सुन्नुहोस्, म जनजातिको सदस्य हुँ, म्हेन्दु योन्जन, र मेरो प्रसूति पनि तामाङ डाक्टरले नै गराउनु पर्छ, बुद्धिष्टले नै गराउनु पर्छ । अरूले मेरो शरीर छुन पनि पाउँदैन र प्रसूति गराउने अधिकार म अरूलाई दिन सक्तिनँ ।'

अनि आफन्ततिर फर्केर भनी- 'मेरो भनाइ यही हो यहाँ जनजातिको तामाङ डाक्टर आउनुपर्छ र उसैले मेरो प्रसूति गराउनु पर्छ । म अरूबाट प्रसूति सेवा लिन्न । यो मेरो अडान हो । मसँग हठ पनि नगरियोस् र छलफल पनि नहोस् ।'

एउटी परिचारिकाले विनम्र भावले भनी- 'बैनी, तपाईंको माग पनि ठिक होला । तर तामाङ जनजातिको डाक्टर भए हामी बोलाइ हाल्छौं, चिकित्सा प्रशासनलाई तुरून्तै खबर गर्छौं । थोरै समय लाग्छ । मौका दिनुहोस् है । हामी यो कुरा यहाँ आएका डाक्टरहरूलाई जानकारी गराउँछौं ।' दुवै परिचारिका त्यहाँबाट निस्के ।

म्हेन्दुको कुरा सुनेर उसका आफन्तहरू झस्के । अनि टेलिफोन चल्न थाले । घण्टी बज्न थाले ।

म्हेन्दुलाई प्रसूति पीडाले छुँदै लग्यो ।

परिचारिकाहरूसाथ प्रसूति विशेषज्ञको टोली आइपुग्यो ।

म्हेन्दुले आफ्नो कुरा दोहो-याई । उसले अडान छोडिन । ऊ झन् छट्पटाउन थाली ।

डाक्टरको टोलीले पन्सिनका लागि भन्न सक्थ्यो- जुन सेवा र सुविधा यहाँ प्राप्त छ त्यसैभित्र रहेर प्रसूति कार्य सम्पन्न गर्नुपर्छ । मान्नुहुन्न भने

धामी-झाँक्री वा परम्परागत ग्रामीण प्रसूति विशेषज्ञबाट प्रसूति गराउनु होस् । नभएको डाक्टर यहाँ कहाँबाट ल्याउने ?' तर भन्न सकेन । भन्नु हुने थिएन कि !

अब उपत्यकाभरि तामाङ जातिको डाक्टर त्यो पनि प्रसूति विशेषज्ञको खोजी हुन थाल्यो । अस्पताल र नर्सिङहोमहरूमा टेलिफोन/मोबाइलको घण्टीले नीरस ध्वनिको महामारी फैलाउँदै लग्यो । काठमाडौंको राजधानी शहर एउटै कुराको खोजमा एउटै समस्याले व्यस्त भयो । जनजातिका सांसद, सजग भए । स्वास्थ्य समिति, स्वास्थ्य विभाग र स्वास्थ्य मन्त्रालय काम्न थाल्यो । डर कुर्सी हराउने होइन, जनताको एकता शक्तिको डर थियो ।

जनजाति जनसमुदाय आफ्ना युवा नेताका साथ अस्पताल परिसरमा भरियो ।

'नेता शिवाराम तामाङ पनि सुविधा सम्पन्न गाडीबाट अस्पताल पुग्यो र आफ्नो टोलीका साथ ऊ म्हेन्दु समक्ष उपस्थित भयो ।

'नेता दाइ मेरो अवस्था हेर्न आइदिनु भो धन्यवाद ! मैले आफ्नो जातिबाट उपचार नपाउने भएँ । तपाईंहरूले देखाएको बाटो हिंड्दा मेरो यो अवस्था भयो । अरूले यो दुर्दशा भोग्नु नपरोस् । वचन दिनुहोस् ।'

म्हेन्दु अस्पतालको शैयामा प्रसूति पीडाले छटपटाउँदै रही । गैर जनजाति समुदायका प्रसूति विशेषज्ञ र परिचारिकाहरू यो दारूण अवस्था हेर्न विवश थिए । जनजाति महासंघका अध्यक्ष, महासचिव र प्रवक्ता तथा सांसद र स्वास्थ्यमन्त्रीको उपस्थितिमा म्हेन्दुले प्राण त्यागी ।

शिवराम तामाङले यस घटनालाई राजनीतिक व्यापार फैलाउने असल झिल्का ठान्यो र नाटकीय रोदनको अभिनय गर्दै तत्कालका लागि टोपी झिकेर मुख छोप्यो । संघ-संगठनका पदाधिकारी तथा स्वास्थ्यमन्त्री लगायत त्यहाँ उपस्थित अन्य व्यक्तिले शिर निहुँराए ।

एउटा पत्रकारले उचित अवसर हेरेर मुख खोल्यो- गैरराजनीतिक अभ्यासको प्रतिफल हो यो । यसलाई राजनीतिक व्यक्तिहरू ऊर्जामय घटना ठान्छन् ।'

औपचारिक रूपमा म्हेन्दुको मृत्यु भएको घोषणापछि तामाङ जाति टोलायो ।

नेतृत्व पङ्क्ति झस्कियो ।

विद्यार्थीहरूले जिब्रो टोके ।

तर जनजाति महासंघले यस अनर्थलाई अर्थपूर्ण बनाउन सकिने पहिलो सोपान ठान्यो ।

'कोशी पोस्टले सम्पादकीय लेख्यो : चिन्तन रोगी भो । विभेद चर्कियो । सद्भाव हरायो । प्रतिशोधको भावना उर्लेर आयो । अरूले घुमाएको हो या आफैं घुमेको छ घुम्ने आफैं जान्दैन ।

मुलुकको चरित्र पनि हो- वेलावेला नयाँ जाति जन्माउँदै रहन्छ । यो गतिशील कदम पनि हो । तर आजको सन्दर्भ जनजातिको हो । यसबारे प्रश्न कति छन् कति । प्रश्न कसले गर्ने र उत्तर कोबाट लिने ? फूल नफकी झऱ्यो किन ?

म्हेन्दुको मृत्युवरणको पछाडि कसको हात छ ? जनजातिको सोचलाई सफल बनाउने अभियान हो त यो ? जनजाति महासंघ र नेतृत्वपंक्ति के भन्छ ? यस्ता गतिविधि पोषणमुखी हुन् कि विनाशमुखी ? आम नागरिक यस घटनालाई कसरी लिन्छन् ? के मानव अधिकार र व्यक्तिगत स्वतन्त्रताका अगाडि उपचार नीति निस्क्रिय हुन्छ ? राज्यको उपस्थिति सक्रिय छैन ? म्हेन्दु सही बाटोमा थिई कि थिइन ? के जनजाति म्हेन्दुको मृत्युमा गौरव गर्छ ? या जनजाति बनाइएकोमा अब अभिशाप ठान्छ ? घृणाको राजनीति कहिलेसम्म ? निषेधको राजनीति किन ?

थप प्रश्न जनजातिलाई पनि, जनजाति जन्माउनेलाई पनि । जनजाति थाम्नेलाई पनि अनि जनजाति भन्ने विर्ताबाट बाँच्नेहरूलाई पनि :

यो आफ्नै जातिले आफ्नै मान्छेमाथि गरेको प्रहार त होइन तुच्छ स्वार्थका लागि ? जनजातिले नै यसको जवाफ दिनुपर्छ ? बाटो कति सही थियो ? र यो बाटो कसले खन्यो ? कसले खोल्यो ?

(तामाङ फूल)

धेरैले काखी बजाए

संसद भवन खुल्यो ।

सांसदहरू संसद भवनभित्र पस्तै गए । संविधानको प्रस्तावनाको अनुच्छेद ४ र भाग १ को दफा ३ मा प्रयुक्त 'समान आकांक्षा' तथा धेरै ठाउँमा प्रयुक्त मौलिक अधिकारलाई चिन्तन गर्दै पनि थिए ।

अनेक प्रक्रिया वा स्रोतबाट भवनभित्र प्रवेश गर्नेहरूको सीट व्यवस्थापन जुन ढंगले हुनुपर्थ्यो, त्यो थिएन । अलग-अलग भूगोल, स्वरूप र प्रकृतिका सत्वलाई एउटै प्रांगण या खोरमा हाले झैं सांसदहरू संसद भवनभित्र खाँदिदै गए ।

परिवेशले निर्माण गरेको मनोवृत्ति र राजनीतिक क्षेत्रका अग्रजहरूबाट संचित तर्कबुद्धिको ऊर्जाले प्रेरित रहेका पर्यवेक्षक, पत्रकार, विद्वान् र नीतिवान् पनि सो अवसरमा सचेष्ट थिए । त्यसैले उनीहरूको मानसिक टिप्पणी थियो- कुनै पनि किसिमले संसद सदस्यहरूको स्वत्व अर्थात् पहिचान मुखर हुने ढंगले सीटको व्यवस्थापन भएको हुनुपर्थ्यो । त्यो किन भएन ?

आजको दिन ल्याउनका लागि गरिएको त्यत्रो कसरत र यहाँको स्थितिमा कतै संगति थिएन । यो त स्वत्वको/पहिचानको, अधिकारको, सहभागिताको, साझेदारी र अस्तित्वका लागि गरिएको त्याग र बलिदानको प्रतिफल थियो । किन बुझ्दैन आज यो संसद ?

र सदन यो पनि बुझ्दैन कि हाम्रो सांसद हलो जोत्ताजोत्तै, गोठालो गर्दागर्दै, भारी बोक्ताबोक्तै, व्यापार गर्दागर्दै, ठेक्कापट्टा मिलाउँदा-मिलाउँदै, कमिशन खाँदाखाँदै र टिकट बेच्तै र किन्दै यहाँ पुगेको हुन्छ । त्यसैले उसलाई भवन-प्रवेश गर्नुसँग महत्त्व छ । अगि मनन गर्दै आएको संविधानको

प्रस्तावना र धाराहरूमा लेखिएका विशेष शब्दको अर्थ र परिधि ऊ अब पूरै बिर्सिन पुग्छ । अनि आफ्नो वास्तविक पहिचान मुखर गर्न थाल्छ ।

राजनीतिक समूहको विभाजन स्थूल हो र यो पारदर्शी पनि छ । लैङ्गिक मर्यादा पनि अवैज्ञानिक हुने थिएन । द्विलिङ्गी, विलिङ्गी, निर्लिङ्गी, तेस्रो लिङ्गी पनि सजिलै समावेश हुन सक्थे । त्यो पनि छैन । अब जाति, वर्ण, धर्म, रंग र उमेर, बल र शैक्षिक योग्यताका आधारमा पो सीट व्यवस्थापन होला कि ! कि यहाँ पनि पहाड, मधेश, खस-आर्य, दशनामी-मुस्लिम, आदिवासी, सीमान्तकृत तथा दलित र जनजातिको हिसाबले हुने हो कि सीट व्यवस्थापन ! आखिर जो पहिचानको मुद्दा हो ।

किन उदास रह्यो संसद सचिवालय ?

किन संझदैन राजनीतिक यात्राको सुखद परिणाम ?

के कर्मचारीतन्त्रको हठ र ऐठन अझै खुकुलिएको छैन ?

संसदीय शक्तिको महातूफानका अगाडि नाथू पुतली ! विचरी भगेंरी ! च्वः कर्मचारी ! तेजोवध भयो कि !

क्रम, मर्यादा र औपचारिकता सबैले थाह पाउनु पर्छ, त्यो आवश्यक छैन । बच्चा जन्माउन विवाहको विधि पूरा गरेकै हुनुपर्छ, त्यो पनि अनिवार्य छैन । पोइला जान पाइँदैन र गोत्र फेर्न मिल्दैन भन्ने कानून पनि छैन । फेरि साम्यवादी चिन्तन र चर्चा परम्पराबाट किचिएर बस्नुपर्छ भन्ने पनि छैन । ध्वंश गर्नु र उछिन्दै हिंड्नु युगीन माग होइन र ? पुरानो बोकेर नयाँ गर्न सकिन्छ र ? कति प्रश्न ?

त्यसैले होला सांसद पदधारी एउटा विलिंगी उठ्यो र संसद भवनको भित्तामा सुशोभित फोटोतर्फ औंल्याएर भन्यो, अदक्ष महोदया, सारी ! महामुखी महोदया !'

यो सम्बोधनबाट केही सांसद चकित भए । किन्तु कसैले प्रतिक्रिया जनाएन ।

'माननीय मुख्य मन्त्रीज्यू ।' बोल्ने ऊ केन्द्रीय सांसद थियो, प्रधानमन्त्री भन्न खोजेको थियो कि ! तर त्यसो भएन । सम्बोधन कसैबाट निर्दिष्ट थियो, आयोजित थियो, साँच्चै नै अनभिज्ञता थियो ? कोही जान्दैन । परबाट हेर्दा... सांसदको स्वरूप वा व्यक्तित्व मणिलोक सेराधुराकी जस्तो भान हुन्थ्यो ।

केही तर्कशील सांसदले अर्थ लगाए- 'प्रधानमन्त्रीको राजनीतिक व्यक्तित्व मुख्यमन्त्रीको जस्तो भएर व्यंग्य गरेको हो कि ?'

'हो, नभए आफ्ना देशको प्रधानमन्त्रीलाई मुख्यमन्त्री भन्नुको अर्थ के हो त ? हेपेको हो ? भन्न नखोजेको ? 'भन्न नजानेको हो ? उसलाई ल्याएकै यसैका लागि हो ? प्रयोग गरिरहेको हो ? किन समस्या ? चुनेर, छानेर, टिपेर, कसैले भनेर वा किनेर यहाँ पुगेको हो ? बाटो पत्ता लागे थाह भैहाल्छ नि !'

'अर्थात् कोटा ? कि टीका ?'

'त्यस्तै त्यस्तै ।'

ठाउँ-ठाउँ साइड टकमा विनोद हुँदै रह्यो ।

तर पहिलो वक्ता सांसद पदधारीले दृढताका साथ आफ्नो भनाइ थप्यो । अदक्ष महोदया,

'सभामुखले आफ्नो गरिमालाई ख्याल गरेर भन्यो- 'माननीयज्यू, मर्यादामा रहेर बोल्न अनुरोध गर्दछु ।'

'महोदया, हिजोसम्म हामीले सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडन खपेका थियौं । यो कुरा संविधानको प्रस्तावनामा स्वीकार गरेका छौं नि !' अनि संसद भवनको भित्तामा सुशोभित श्री ५ पृथ्वीनारायण शाहको फोटोमा दृष्टि स्थिर गरेर क्रुद्धभावले भन्यो- 'यो, यो, यो पृथ्वीनारायण शाहको चित्र यहाँबाट झिकिनु पर्छ, यो फ्याँकिनु पर्छ । अघि मैले भनेका कुरा, संविधानमा लेखेका उत्पीडनका कुरा यसैले लादेको हो हामीमाथि । आज यस देशका नागरिक उसको वीरता र गौरवपूर्ण इतिहास मान्न तयार छैन । त्यसैले यो चित्र यहाँ राख्नुको औचित्य सिद्ध हुँदैन । दमनकारीको इतिहास बोक्नुको अर्थ छैन ।' वक्ता जुधाइमा जीत र थाकेको शैलीले आफ्नो ठाउँमा बस्यो ।

केही सांसदको मुखमा बादल लाग्यो, जुन पनि पोतियो र आगो पनि बल्यो ।

अर्को सदस्य उठ्यो । ऊ द्विलिङ्गी लाग्दथ्यो । उसले परिहासमा भन्यो- 'श्री सभामुखज्यू, त्यो गणेशको चित्र पनि हटाइयोस्- हामी यो माग राख्दछौं । अब विघ्न पर्दैन । यस्ता लाखौं-लाख गणेशको व्यवस्था हामीले दफा ११.४ मा गरिसकेका छौं । कामना छ यिशुले यस दफाको निरन्तरता

कायम गरून्, नत्र पूर्व सभामुखको सहयोग लिनु पर्छ ।' वक्ता आफ्नो कथनमा दृढ थियो ।

अब धेरै सांसदले धेरै बुइदै सम्झौताको क्षण संझे र ऐजन मौकामा आफूले विवेक पुऱ्याएको ठानेर काखी ठोके ।

वक्ताको समर्थनमा तीन चौथाई सदस्यले जुत्ता ठोकेर तालीको काम गरे । परम्परागत ताली वर्जित थियो । हातको ताली प्रतिगामी हुने गर्थ्यो ।

तेस्रो लिङ्गी उठेर भन्यो- 'हँसमुख, अध्यक्ष महोदय, हाँसेरै निवेदन गरौं । तपाईं यो भित्तामा पशुपतिनाथको मन्दिरको रजत चित्र देख्नु हुन्छ ? अब यहाँ पशुपतिनाथको काम छैन । यसलाई पनि पन्साए हुन्छ, किन टाँस्नु यहाँ ? हाम्रा पशुपति पनि उखान-धन र खण्डवीर नै हुनुहुन्छ । उहाँका अमृतमय वाणीको चावुक प्रहारले यो भुवन नै थर्थराउँछ । चण्ड-प्रचण्ड-उदण्ड मुस्तण्ड उहाँकै नन्दीभृंगी समूहका महानायक हुन् । यिनै चण्डी र खड्गी हाम्रा देवता र दिक्पाल हुन् । यिनै प्राणदाता, अन्नदाता, पददाता र मुक्तिदाता हुन् जसले ३६ हजारलाई सजिलै खेली-खेली स्वर्ग पुऱ्याए । चित्र चाहिन्छ त हाम्रै युगनायकको । त्यसैले यो चित्र हटाऊँ, बरु संग्रहालयमा राखौं । त्यहाँ इतिहास संचित हुन्छ । यसको कारिगरी पनि आकर्षक छ ।' वक्ताले आफ्नो विचार पूरा गऱ्यो ।

मननीय प्रसंग के थियो भने सीमा-समुद्र पारिको अन्न खाएर वकालत गर्ने र उतैको पक्ष लिएर विधि-निषेध निर्दिष्ट गर्नेहरूको समूहबाट ऊर्जा पाएकाहरूले तथा असरकारी सामाजिक संस्थाका गुरू-महन्त, पालक, विनियोजक, वाहक तथा तिनको छेउमा रहने र पुग्नेहरूले कोटभित्र हात हाले र मस्त काखी बजाए ।

माटो, जीवन, संस्कृति, संपदा र स्वाधीनताका उपासकहरू बासीमुख लगाएर संसद भवनबाट निस्किए । अराजकता, अस्थिरता, अशान्ति र भोगलाई महत्त्व दिनेहरूले अबको निर्माण हाम्रो - जिन्दावाद ! भन्दै वक्ताको समर्थनमा झन्नै चार चौथाइ सदस्यले जुत्ता ठोकेर तालीको काम गरे । परम्परागत ताली अझै बर्जित थियो । प्रतिगामी शैली भनिन्थ्यो ।

'नेपाली पहिचान' दैनिकले आफ्नो सम्पादकीयमा लेख्यो- 'दक्षिण र पश्चिमका मित्रहरूले राखेका प्रस्तावलाई हाम्रा राजनीतिककर्मी, विधान विशेषज्ञ, तथा सत्पुरुष र पूर्ण मानवहरूले शतशः अनुमोदन गरे जसको

परिणाम धर्म, सांस्कृति, जातीय स्वत्व, भौगोलिक स्वरूप फेर्न, सामाजिक सद्भाव विथोल्न राष्ट्रका प्रत्येक एकाइमा ध्वंश गर्न र दुष्टता फैलाउने मन्त्रणा दिए । राजनीतिका पक्षधरहरूले विधानलाई नै छाता बनाएर यस्ता अकर्म र दुराचरणलाई प्रश्रय दिँदै रहे ।

त्यसैले होला 'घर भाडामा खाली छ'- 'जहाज डुब्दै छ' भनेर बेलैमा खबरदारी दिने हजारौं दूरदर्शी, मतिमानहरू प्राज्ञिक मञ्चबाट बाहिरिदै रहे । किन्तु राजनीतिमा चेतना, सहिष्णुता उदारता र परख जस्ता शाश्वत गुण, धर्म अनि विधि र निषेधको विवेकपूर्ण विनियोजन गर्न नसक्दा खुर्पाको बीड श्रीखण्ड भएको हो । गँडेउलालाई सर्प, मुसोलाई हात्ती, साङ्लोलाई हवाइजहाज र घुनपुतलीलाई युद्धक विमान तुल्याउने कर्म राजनीतिक शक्तिले बाहेक अरूले गर्नसक्यो र ! इच्छुमतीमा जहाज चलाउने सोच असंगत हो र !

पानी जहाज आयो रे इच्छुमती नदीतिर
जय होस् लाल सेनाको आततायी बसेतिर

तर आफूले चलाएको यान कता जाँदैछ, चालक स्वयं जान्दैन । वाह रे विधान विनियोजक ! वाह रे सारथी !

यो नौका हिमालयतर्फ लागेर ठोकिन्छ कि समुद्रमा गएर डुब्छ कोही जान्दैन । तैपनि सांसदहरू काखी बजाउँदै रहे ।

(धेरैले काखी बजाए)

नागरिक हार्दैन

'आमाको नामबाट वा बाबुको नामबाट नागरिकपत्र लिने भन्ने विधेयक यदि संसदबाट पास भयो भने यो आफैंमा गलत हुने छ र यसले नागरिकलाई अमार्गमा चल्न बाध्य गर्ने छ ।' छेन्दुले संसदलाई संबोधन गर्ने क्रममा बोल्यो । ऊ आमन्त्रित विशिष्ट अतिथि थियो ।

संमाननीय सभानेतृ महाशया, हामीले अतिथिलाई यस्तो बोल्न निम्त्याएका होइनौं । यो हाम्रो गरिमामय संसदको अपमान हो । उहाँलाई बोल्न रोक लगाइयोस् ।' संसदमा सदस्यहरूले आवाज उठाए ।

अतिथि बोल्दै गयो- 'नागरिकपत्र पाउनेले आफ्नै नामबाट लिन पाउनु पर्छ आमा या बाबुको नामबाट होइन । यदि नागरिकता आमा या बाबुको नामबाट लियो भने शैक्षिक प्रमाणपत्र चाहि सम्बन्धित व्यक्तिको नामबाट किन ?'

संसदमा शून्यता फैलियो ।

'पत्रले जोसँग सरोकार राख्दछ, उसैको नामबाट दिए हुँदैन ?' उसले थप्यो- 'मलाई लाग्छ संसदले विचार पुऱ्याउनु पर्छ ।'

एकछिन सबैतिर हेरेर भन्यो- 'संमानित सभा समक्ष प्रस्ताव पनि गर्दछु- आगामी चुनावपछि यो संसदमा महिला र पुरुष सांसदहरूको उपस्थिति बराबर होस् । त्यस्तै पहिचानमा नआएका लिङ्गहरूलाई पहिचान दिएर उसले चाहेको समूहमा समावेश गरियोस् ।'

अन्त्यमा एउटै कुरा भन्छु- 'लिङ्गवान्हरूले राज्य-शासन चलाउन नसकेकोले निर्लिंगीहरूलाई मौका दिने हो कि ? यो झिल्का हो । यसमाथि विमर्श गर्ने ठाउँ छ । जै गोरखा ।'

संसद भवनभित्र कानेखुसी शुरू भयो ।

'अतिथि वक्ताले घुमाई-घुमाई चावुक हान्यो नि थाह पाउनु भो मान्यज्यू !'

'मेरो ध्यान चाहिँ एकै ठाउँ केन्द्रित रह्यो - हामीले प्रयोग गरेका शब्दको अर्थ र आशयको करणी भो भन्ने ठहर गरें । विधानमा प्रयुक्त शब्दावलि र तात्पर्यमाथि प्रहार भयो ।'

'खुलस्त भन्नुहोस् न, मैले बुझिन ।'

'जस्तो ढंगले विधान लेखिनु पर्थ्यो, कुरा पर्नु पर्थ्यो र स्पष्टता आउनु पर्थ्यो त्यो भएन, देखिएन भन्ने अर्थ बुझिन्छ ।'

'के त यो हामीले लेखेको विधान होइन ?'

'लेखेको त हामीले नै होला तर अर्काकै कुरा लेखियो र अर्काकै लागि लेखियो भन्ने कुरा आभास हुन थालेको छ ।'

'असंगत कुरामा परिशोधन गर्न सकिन्छ नि !'

'अवश्य, तर नगरी नहुने कुरा अरू नै छन् ।'

'जस्तो ?'

'कस्तो भने, प्रधानमन्त्री र राष्ट्रपतिको कार्यकाल एकपटक मात्र कायम गर्ने । सांसद टिपेर ल्याएका हुन् कि चुनिएर आएका हुन् यदि अपराधी हुन् भने प्रत्याह्वान गर्ने, संसदमा पुगेर अपराध गरेका छन् भने पनि फर्काएरै छाड्ने र कोर्टमा उभ्याउने यो अधिकार वैधानिक चुनाव क्षेत्रको जनसभामा सुरक्षित रहने ।'

'यो सम्भव छ ?'

'बिल्कुल । यदि राजनीतिक शक्तिले नागरिकलाई पिल्स्याउन र उत्पीडन दिन छाडेन भने नागरिकले जनमतको माग गर्ने छन् फेरि ती कता जान्छन् त्यो स्वतः अनुमान लगाउन सकिन्छ ।'

'त्यसो भए के बारम्बार मर्दन खप्नु, बलात्कार सहनु र रखौटी जस्तो भएर बस्नुको सट्टा विधिवत विवाह गरेर बस्नु संमानको कुरा हो भन्न खोज्नु भएको हो त ?'

'यदि मेरो भनाइको आशयलाई करणी गरिएको नमाने तपाईंको अनुमान गलत नहोला । र यो दुर्दिन हाम्रै सरदारहरूले गर्दा आउन सक्छ, सम्भव छ ।'

'विपक्षी नि !'

'बाघ मार्न सक्थ्यो, स्याल मार्ने योजनामा केन्द्रित देखिन्छ । यो हुने कुरा हो ?'

'अनि ?'

'अनि के, मिलोमतो छ । सबैले अर्काको नून खाएका छन् । न नीतिमा अडिन सक्छन्, न मनोबल छ । नत्र आमन्त्रित अतिथिले हाम्रो संसदमा आएर त्यस्तो भन्न सक्छ ? हाम्रा सरदारले आत्मा बेचेको परिणाम होइन र यो ?'

'अनि ?'

'आगामी चुनावमा स्थानीय पुराना नागरिक नेता र अंगीकृत नेताबीच घमासान हुन्छ र भयानक उथलपुथल हुन्छ । यो पनि योजनाबद्ध छ । हेरिराख्नु होस् ।'

'यो पनि विधानसंमत कुरा हो त ?'

'नभए नागरिक छन् नि । नागरिकमा जुन शक्ति छ, त्यो कसैले बुझ्न सक्तैन । यदि नागरिक उठे भने कुनै तत्त्वले थाम्न-रोक्न सक्तैन । उनीहरूलाई धोखा भएको कुरा नागरिकले बुझ्न थालेका छन् र सरदारहरूले मात्र सुविधा भोगेको कुरा पनि तिनले देखेका छन् । युद्ध त अब थालिन्छ अधिकार र शान्तिका लागि । कति सहनु राज्यको उत्पीडन जनताले ? कति चुस्छन् श्रम र समय सरदारले !'

'फेरि परिवर्तन हुन्छ त ?'

'अवश्य पहिले युगान्तकारी क्रान्ति र त्यसपछि आउँछ परिवर्तन र शान्ति । नयाँ नेतृत्वको पर्खाइमा छन् नागरिक । त्यसैले आशावादी छु ।'

(नागरिक हार्दैन)

पत्रकार र ट्राफिक प्रहरी

संलाप र प्रलाप किरातेश्वरको बाहिरी परिक्रमा गरेर फर्कदै थिए । मनमा ताप थपियो- मन्दिरबाट फर्कदै गरेको कसैले नदेखून । मनोभाव देवत्वप्रति अल्झिए पनि विचार चाहि पार्टी, रङ, सरदार र संकल्पप्रति केन्द्रित थियो ।

'वेशै भो, परिक्रमा गरेर फर्केको कसैले देखेन ।' आफैंले आश्वस्त पारे- आफैंलाई पर्दा गरेर । आत्मसंवादमा केन्द्रित हुँदै उनीहरू अश्वशालाको यातायात बिसौनीमा पुगेर अडिए ।

'ए कति चाँडो गौशाला पुगिएछ, मनमा कुरा खेलेपछि यस्तै हुन्छ क्यार !' संलापले अनुभव पोख्यो ।

'मित्र यो गौशाला होइन, अश्वशाला हो, नाम फेरियो । यो पुरानो जीर्ण नाम, खस-आर्यहरूको शब्द, क्लासिकल तत्त्व फ्याँकियो नि ! कहाँ छौ तिमी ?' प्रलापले स्थितिबोध गराउन खोज्यो ।

वास्तवमा मुलुक सिन्कान्सेनको गतिले प्रगतिपथमा लम्कदै थियो । पत्रकारको चेतनाले पहिल्याउन भ्याएको थिएन । कसैको पूजा र कसैलाई सडकमा नग्न-स्नान गराउन लाग्दा धेरैलाई फुर्सद थिएन । त्यसैले यथार्थ खासै गम्भीर थिएन । युग परिवर्तनकै थियो । चेतना कतै बन्दी थियो ।

संलाप र प्रलापले प्रयास गरे, असफल भए- उनीहरू ट्याम्पो, ट्याक्सी, बस चढ्न सकेनन् । हार खाएर नजिकैको पुलिस चौकी पुगे । अनि सहयोगको अपेक्षा गरेर गुनासो पोखे-

'अश्वशालाबाट यातायातको साधन हामीले पाएनौं ।'

'पायौं, चढ्न पाएनौं ।'

'चढ्ने मौकै दिएन के भन्नु ?'

'हो, सीट खाली भए पनि हामीलाई लगेन ।'

'एउटाले त यतिसम्म पनि भन्यो कि सीट भए पनि हामीलाई हुँदैन ।'

'हामीलाई बसबाट पनि ओरालिदियो- चढेका थियौं ।'

प्रहरी स्टाफ दुवै जनाका कुरा सुन्दै गयो ।

पीडित मध्ये एउटाले अलिक शीतल भएर भन्यो- 'हेर्नोस् न, म आफैं सडक पत्रकार । मसँग आइ डी पनि छ । अझ उहाँ त यातायात पत्रकार । हामी दुवै आउट । यातायातले हामीलाई नै नपत्याउने ? अचम्म छ वा ! के भो यो मुलुकमा ! के हुँदै छ ?'

प्रहरी कक्षमा उभिएको एउटा बाहिरिया व्यक्तिले प्याच्च भन्यो- 'के हुँदैछको उत्तर एम्बेस्सीको ढोकेले दिने छ । ऊ हाम्रो भविष्य देख्ने क्षमता राख्दछ ।' वक्ता अलिक तातेको लाग्दथ्यो । आफ्नो कुरा भनेर ऊ त्यहाँबाट निस्कियो ।

'तपाईं पत्रकार भन्नुहुन्छ आफूलाई । स्थिति बुझ्नु भएकै रहेनछ । नराम्रो नठान्नु होला । तपाईंको अनुहारले नै तपाईंलाई सुविधाबाट वंचित गराएको हो । तपाईंलाई खस आर्य ठानेर नचढाएका हुन् । त्यत्ति बुझ्न सक्नु भएन !' प्रहरीले कारण जनायो ।

अगि बाहिर निस्केको मानव चुरोट गन्हाउँदै भित्र पस्यो र सन्दर्भ टिपेर जोड्यो- 'अनुहारले मात्र होइन बुद्धिले भन न बुद्धिले । जाति र वर्गको विभाजन, स्वत्वको अधिकार र प्रयोग गर्ने शक्ति त हामी सबैलाई संविधानले दिएको छ नि हैन र ? यसमा सडक मजदुरको के दोष !' वक्ता फेरि बाहिर निस्क्यो ।

'बले, जा उहाँलाई चढाइ दे ।' भित्रबाट आदेश आयो ।

'सा'प !' अनि यतातिर सोध्यो 'कहाँ जान खोज्नु भएको हो ?'

'रत्नपार्क-शहीद गेट ।' संलाप र प्रलापले एकैचोटि भने ।

प्रहरीले इषत् व्यङ्ग्य गरेर भन्यो- 'तपाईं स्पेसको पत्रकार होला अनि तपाईं चाहिं पातालको हैन ? नत्र कत्रा-कत्रा सन्धि र सम्झौता भए अनि कत्रा-कत्रा परिवर्तन भए । थाह नहुने पत्रकारलाई खै खेद भन्नु कि धिक्कार ! कि तपाईंहरू हामीलाई जिस्क्याउँदै हुनुहुन्छ ?'

'हैन ऊ मेची महेन्द्रनगरको म महाकाली धुलाबारीको ।

'तपाईं दार्जिलिङ्को छेउको अनि तपाईं दिल्लीको छेउको; यति पनि थाह छैन, फेरि पत्रकार भन्नु हुन्छ ! के पढ्नु भो ? कसले पढायो तपाईंलाई । स्वयम् जान्नुहुन्न के सुसूचित गर्नुहुन्छ नागरिकलाई ?

'बले !' भित्रबाट सम्बोधन आयो फेरि ।

'सा'प ।'

'बहस नगर् न, लिएर जा उहाँहरूलाई ।'

'सा'प ।'

'सुन, उहाँहरूको गुनासो टिपोट गर, दर्ता गर ।'

'सा'प ।'

'बयान दर्ज गर्दै बलेले भन्यो- 'अब इन्दिरापार्क र गान्धीगेट भन्नु पर्छ; नाम फेरियो । प्रगति भो । रत्नपार्क र शहीद गेट त इतिहासमा भेटिएलान् ।'

'बले, बढ्ता पंडित न हो न ! एक-एक वटा सिटी म्याप दे उहाँहरूलाई । त्यसै दे आज । पत्रकार हुँ भन्छन् क्यारे, लैजाउन् ।'

'सा'प ।' अनि पत्रकारतर्फ लक्ष्य गरेर भन्यो- 'ल यहाँ नाम थर वतन लेखेर हस्ताक्षर गर्नुहोस् ।'

अनि पढेर बलेले भन्यो- 'तपाईं प्रलाप परियार र तपाईं चाहिं संलाप गजमेर' अनि थोरै परिहासमा भन्यो- 'तपाईंहरूले पनि गठबन्धन गर्नु भएको रहेछ हगि ! नत्र शताब्दी-शताब्दीदेखिको पानी बाराबार..., हो राजनीतिक गठबन्धन जस्तै लाग्यो- स्वार्थको । तर मलाई खुशी लाग्यो । हिंड्नोस्, म तपाईंलाई चढाएर आउँछु ।'

+ +

'सा'प । बुट बजाएर शलोट ठोक्दै बलेले आफू फर्केर आएको जानकारी गरायो- हाकिमलाई ।

'चढाएर आइस् के भा' रहेछ ?'

'अलिकति यी पत्रकारले पनि नबुझेको र अलिकति हामीले पनि ख्याल नगरेको भन्ने लाग्छ सा'प । सडक मजदूरको यसमा कुनै गल्ती छैन सा'प ।'

'कसरी ?'

'यहाँ नोटिस छ सा'प । म पढेर सुनाउँछु - भित्तामा छ ।'

'सुना ।'

'सा'प, आइत र सोम आदिवासी जनजातिले चलाएका व्यावसायिक र प्राइभेट भेइकल चल्ने, स्टाफ पनि तिनै हुने र यात्री पनि आदिवासी र जनजाति नै हुने । अर्को जातिले उपयोग गर्न र बाधा पुऱ्याउँन नपाउँने ।

'मंगल र बुध : दलित, दशनामी, मुसलमान, सीमान्तकृत, वर्गले चलाएका ऐजन अनुसारका भेइकल चल्ने र तिनै जाति स्टाफ हुने र तिनै वर्गका यात्रुले मात्र यात्रा गर्ने या उपयोग गर्ने । अर्को जातिले उपयोग गर्न र बाधा पुऱ्याउन नपाउने ।'

'सा'प म अर्को पढ्दै छु ।'

'सुन्दैछु भन ।'

'सा'प, बिहीबार महिलाहरूको स्वामित्वका ऐजन अनुसारका भेइकल मात्र चल्ने र स्टाप पनि महिला वर्गकै हुने । यात्रु पनि महिला र काखे बच्चा मात्र स्वीकार्य हुनेछन् । तर किन्नर, देवकी, वादी भिक्षु महिला नगरवधूले पनि त्यसैदिन यो रूटमा यातायात व्यवसाय चलाउँन पाउँने छन् । स्टाफ र यात्रु पनि यसै वर्गका रहनेछन् ।'

'बले, खस-आर्य चाहिं मोटर व्यवसायी छैनन् ?'

'सा'प, छन् नि ! यिनकालाई शुक्रबार दिइएको छ । तर अरूकोभन्दा फरक शर्तमा चलाइन्छन्- सार्वजनिक यातायात ।'

'कसरी ?'

'खस-आर्यले चलाएका व्यावसायिक वा निजी भ्यानमा जो पनि स्टाफ हुन सक्ने छ । अनि जो पनि चढ्न पाउने छ । कुनै बन्देज छैन । तर शनिबार एक दिन चाहिं सबैलाई सबैतिर जाने छूट छ ।'

'मधेसी समुदाय र थारू समुदाय चाहिं बस व्यवसायी छैनन् ? कि ती पनि अब आर्यभित्रै परे ?'

होलान् नि सा'प । यहाँ नहोलान् । निवेदन पऱ्यो भने सबैलाई एक-एक दिन सकिन्छ कि !'

'बले, यो त बुझें । पत्रकारले किन चढ्न नपाएका रहेछन् बुझिनस् ?'

'सा'प, खस-आर्य अनुहारका यी दलित परेछन् - एउटा परियार र अर्को गजमेर । आज जनजातिको परमीट डे हो । अनुहार हेर्ने बित्तिकै यिनलाई पन्छाए, चढ्नै दिएनन् । आज तपाईंलाई हुँदैन, यसमा तिमीलाई मिल्दैन, तँ अर्को हेर, यो अन्तै जान्छ आदि इत्यादि कुरा गरेर पन्साइ दिन्छन् । जजभन्दा के कम छन् र गाडीका स्टाफ !'

'जनताले दुःख पाउने भए ।'

'हो सा'प, हामीले त आदेश पालना गर्ने हो तर जनता नागरिक भएका दिनदेखि मात्र समस्या आफैं मेटिन्छन् ।'

बले, राजनीतिक झोलेले जनताबाट भोट लिएर अहिले जनतामाथि नै असुविधा लादेका छन् । तँ एउटा निवेदन ड्राफ्ट गर । के नहुनु पर्ने र के हुनुपर्ने, बुँदागत रूपमा लेखेर मलाई देखा । आईपी सा'ब कहाँ यो समस्या पुऱ्याउँछु । सुधार होला । अँ, यातायात, जनकल्याण र महानगरलाई पनि बोधार्थ तयार पार ।

'सा'प ।' बलेले फाइनल बुट ठोक्यो । अनि यस्ता थुप्रै अप्ठ्यारा कुराको बीज-विधान त हो नि; त्यही राज्यविधि भनेर ऊ दिनभर दिग्दार मानेर गुनासो गर्दै रह्यो- समयसँग ।

(पत्रकार र ट्राफिक प्रहरी)

पीडा : यौवन विलासको

प्रीति र परशु सँगसँगै कोर्टमा पुगे । प्रसङ्ग विवाह विच्छेदको थियो । विवाह भएको तीन साताभित्रै विच्छेदको लागि कोर्टमा पुग्नु भनेको असामान्य जस्तै थियो । त्यसैले पनि यो सन्दर्भ आश्चर्यजनक र कुतूहलपूर्ण लाग्दथ्यो ।

सम्बन्ध विच्छेदको स्थितिसम्म पुऱ्याउने कारक तत्त्व बाहिरी थिएनन् । पति-पत्नीबीच जन्मेको असहजबोध र अस्वीकारका विपरीत अधिकार र हठको आक्रमण थियो । कतै मानमर्दन, कतै पुरुषबोध वा पतिबोधको गाढा रंग, कतै दैन्यस्थिति र अरूचिमा पनि उत्पीडनको निरन्तरताले गर्दा यातना मोचनको याचना गर्दै प्रीति कोर्टमा पुगेकी थिई ।

अप्राकृतिक शैलीको इन्द्रियमन्थनको पद्धतिबाट परितुष्ट रहने पुरुष प्रकृतिसँग सहज भावले 'बेड स्वीमिङ' गरेर सुख र सन्तोष लिन नमिल्ने र सुरूचिसम्पन्न ढंगले यौवन विलासका अनुपम क्षणको अनुभव र काल्पनिक स्मृतिविम्ब संचित गर्नसमेत नसकिने कटु अनुभव समेटेर पनि प्रीति आफ्नो नामको विपरीत दुर्गति र पीडा भोग्न विवश थिई ।

आफ्नो रुचि र क्षमताअनुसार दुवै पक्षबाट सन्तुलित र सुललित ढंगले रति-विलास र इन्द्रिय मन्थन सम्पादन गरेर मानसिक र शारीरिक सन्तुष्टि तथा पोषण लिनुपर्नेमा घृणामय, हठमय र अहन्तामय व्यवहारले आक्रान्त हुनु परेकोमा प्रीति यौवनका आरम्भिक दिनहरूमा नै नर्कबोध गर्न लागेकी थिई । यथार्थमा ममता र आत्मीय भाव उसले कुनै दिन अनुभव गर्न पाइन, जब कि नारीहरू प्रेम र सम्मानका भोका हुन्छन् ।

आफ्ना पीर-मर्का, अप्ठ्यारा कुरा र असहज ढंगको युग्मकेलिबारे प्रीतिले आफ्ना वकीललाई अक्षरशः भनिसकेकी थिई र वकीलले पनि लिखितमा दम भरेर मुद्दा पेश गरेको थियो । त्यसैले प्रदर्शनकारी तर्क बुद्धिको औचित्य

त्यहाँ देखिएन । बहसको मौकै परेन । त्यसै पनि गुराँसरवनको वकील सुमेरू पाङ्मा- मुद्दा लेख्नमा माहिर मानिन्थ्यो ।

अन्त्यमा न्यायाधीशले निर्णय सुनाउँदै भन्यो- 'अभियुक्त परशु पाखेले आफ्नी श्रीमती प्रीति पेगोडालाई पत्नी भावले संमान नदिएको, नारी शरीरका अन्य अवयवबाट अदम्य यौवन-तीर्खा मेट्न खोजेको, प्रत्येक पटकको यौवन विलास अस्वस्थ र अमान्य रहेको तथा प्राकृतिक रतिलाई उपेक्षा गरेर अप्राकृतिक शैलीको रति-विलासद्वारा पत्नीलाई कष्ट पुऱ्याउने र संकटमा पार्ने मात्र नभई बलात्कारमय संभोग गरेको सत्य प्रमाणित भएकोले न्याय माग्न आउने प्रीति पेगोडाको पक्षमा सकारात्मक निर्णय गर्दै यो अदालत प्रीति पेगोडा र परशु पाखेको विवाह बन्धनलाई विच्छेद गरिएको घोषित गर्दछ ।

साथै यो अदालत, प्रीति पेगोडालाई पुनः कुमारी घोषित गर्दै निजको मानसिक र शारीरिक क्षतिको उपचारको व्ययभार परशु पाखेले बेहोर्ने आदेश गर्दछ । तथा कानून बमोजिम संपत्तिको विभाजनको आदेश गर्दछ ।

अन्तिम क्षणमा अदालतले भन्यो- 'यो नजीर अरू मुद्दामा लागू नगर्ने गरी अर्को महिनाको १५ गतेदेखि निग्रह गरिएको हुनेछ ।'

(पीडा : यौवन विलासको)

फर्कियो सिंहदरबार !

मनसरी र सुनसरीका लागि सिंहदरबार गाउँमा पुग्यो । संघीय चिन्तन अनुसार 'घुम्ती न्यायपीठ' पहिलो पटक सिंहलीला प्रदेशको 'पानबारी' भन्ने गाउँमा पुग्यो । प्रज्ञाचक्षु सर्वज्ञ तेम्बे कथा सुनाउँदै गयो :

मेरो बुबा दुर्घटना पत्रकार हुनुहुन्थ्यो । आमा समाज विज्ञानको प्रोफेसर । कहिलेकहीं उहाँहरूबीचमा कुरा चल्थ्यो, बहस हुन्थ्यो । सुन्दासुन्दै हामी निधाउँथ्यौं । काठको घर भएको हुनाले उहाँहरूबीच भएको संवाद सुन्न विशेष प्रयास गर्नु पर्दैनथ्यो । एकदिन कुरा चर्क्यो । मैले सुने :

'मलाई मतलव छैन, जनजाति हुनहोस् या अदिवासी त्यो तपाईंकै विवेकमा छ । तर म र मेरा छोराछोरीलाई कुनै पनि हालतमा जनजाति हुनदिन्न र जनजाति भनेको पनि सुन्न सक्तिन । आमाले आफ्नो विचार संक्षेपमा भन्नुभयो ।'

'त्यो विधि पनि पूरा गरौं, बिर्सिए छ ।' न्यायपीठले भन्यो ।

'भाइ, यो पुस्तक छोएर शपथ लिनुहोस् ।'

'यो वाइविल त होइन ?'

'हैन, यो गीता हो ।'

'मैले आज यहाँ हाम्रो मुन्धुम छोएर वाचा लिन मिल्दैन ? म लिम्बूको छोरा । मेरो यस्तै इच्छा छ, कि संविधान भए पनि हुन्छ कि !'

सिंहदरबारबाट आएको न्यायपीठ स्तब्ध भयो । शून्यता फैलियो । फेरि कानेखुसी चल्यो । उत्सुकता भरियो ।

उसले थप्यो, यत्रो मौनता ? के भो ? मैले अप्रिय कुरा भने कि, कोही किन बोल्दैन ?'

'भाइ, हामी सबै यही छौं । किन र ?' मनसरीले शून्यता पन्साई ।

'मैले आमालाई मुन्धुम समाउन दिएको थिएँ, मागन न दिदी ! मुन्धुम नभए दिव्योपदेश भए पनि हुन्छ ।'

जलजला पाङ्मा मुन्धुम लिएर अग्रसर देखिइन् । न्यायपीठको एक सदस्य उनका हातबाट मुन्धुम लिएर सर्वज्ञ तेम्बेका छेउमा पुग्यो र भन्यो- 'लिनुहोस् मुन्धुम, शपथ लिनुहोस् ।'

मुन्धुम लिने-दिने वेलाको आंगिक अभिनय देखेर न्यायपीठले ठान्यो, सर्वज्ञ प्रज्ञाचक्षु त होइनन् ?'

मुन्धुम हातपरेपछि उसले भन्यो- 'म सर्वज्ञ तेम्बे, किरात महादेश अन्तर्गत मैवाखोला थुमका बासिन्दा हुन मेरा पुर्खाहरू । म सत्य कुरा गर्छु, अदालत र राज्य व्यवस्थाले पनि सत्यपथको पक्षमा आलोक भर्नेछन् भन्ने विश्वास लिएको छु ।'

न्यायपीठले सोध्यो- 'सर्वज्ञ, तपाईं कति वर्षको हुनु भो ? आफ्नो विषयमा केही जानकारी दिनुहोस् न ! अनि यी मनसरी र सुनसरीहरू तपाईंका दिदीहरू ?'

'हजुर, सुनसरी मेरी दिदी, ठूलाबाकी छोरी । मनसरी र म दिदी भाइ । म १४ वर्षको हामी दुवै एकै कक्षामा पढ्छौं- नौ मा । लिम्बुवान प्राज्ञ परिषद्ले मलाई एक कक्षा सानो भाइ सहयोगका लागि दिएको छ । मेरा यावत् जिज्ञासा उनी शान्त गरिदिन्छन् ।'

'तपाईंहरू स्कूलको विद्यार्थी, यही उमेरमा अदालतमा उभिनु पऱ्यो । अलिकति सन्दर्भ कोट्याइदिनुहोस् न, दिदी-बैनी यसरी एक अर्काको बैरी भएर देखा पर्नुको कारण के हो ?' न्यायपीठले प्रश्न गऱ्यो ।

'प्रसंग काटियो । जोडेर भन्छु ।' उसले सन्दर्भ मिलाएर भन्यो- 'म भन्दै थिएँ- जलजला पङ्मा मेरी आमा, उहाँ आफूलाई याक्थुम्बा भनाउन चाहनुहुन्छ र आजीवन याक्थुम्बा भएरै रहन गर्व गर्नुहुन्छ । तर बुबा नयाँ जातिमा दरिन चाहनुहुन्छ । आमालाई बुबा हिंडेको नयाँबाटो मन पर्दैन । बुबा आफ्नो बाटोमा हामी सबैले हिंड्नु भन्नुहुन्छ । आमा बुबाको विपक्षमा उभिनु भएको छ यस कुरामा । हामीलाई पनि किरात याक्थुम्बा भएरै बाँचेको देख्न चाहनुहुन्छ ।' सर्वज्ञ तेम्बेले पृष्ठभूमि तानेर भन्यो ।

'तपाईंलाई थाह छ, तपाईंका दिदीहरू अहिले एकअर्काका विपक्षमा यहाँ उपस्थित छन् ?' न्यायपीठले सोध्यो ।

'हजुर, थाह भो ।'

'कलहको कारण के हो ? संक्षेपमा जानकारी दिनुहोस् न ।'

'चाँडै घटित हुने भयावह प्रलयको झिल्का-संकेत हो यो कलह । हिजोले दिएको हाम्रा अदूरदर्शी तथा अल्पज्ञ अग्रजहरूले राखेको जगको दुष्परिणाम हो यो । नत्र दिदी-बैनी बीच केशा-केशी (जगल्टा-जगल्टी) को स्थिति नै आउने थिएन, किरात जातिको इतिहासमा यो पहिलो घटना होला । अब त दाजुभाइ बीच नोल-खुकुरी उठ्न बेर छैन- किराती र जनजातिको वर्ग-द्वन्द्वमा ।

'के त अग्रजहरूले 'जनजाति' भन्ने नयाँ मानव जन्माएर नकाम गरेको हो भन्ने लाग्छ तपाईंलाई पनि ?'

'बिल्कुल । परिणाम हाम्रै अगाडि छैन र ? सुनसरीले हामी सबै जनजाति हौं भनिन्, मनसरीले म जनजाति हैन, मलाई जनजाति नपार म किरात हुँ भनिन् । संवाद भो, विवाद भो, झम्टाझम्टी भो, द्वन्द्व भो, महाभारत मच्चियो अनि सिंहदरबार गाउँमा आइपुग्यो; त्यो पनि हेलिकोप्टरमा । अझ यो घटना एक वर्षपछि भएको भए सिन्कान्सेन रेलमा चढेर गाउँमा आउँदो हो सिंहदरबार !'

यत्रो प्रचार, प्रसार र प्रशंसा छ 'जनजाति' वर्गको, तपाईं चाहिं यसको गरिमा र मूल्यलाई महत्त्व दिनु हुन्न त ?'

'स्वार्थ, सत्ता, सुविधा र सम्पत्तिका लागि खडा गरिएको हो जनजाति । र यो अर्काले उभ्याइदिएको हो । यसको कुनै इतिहास छैन । संगठनको विरोध होइन, संगठन चाहिन्छ । तर राम्रो शब्द राखेर संगठन चलाउन सकिन्छ । 'जनजाति' होइन, हुँदैन । यसले हामीलाई झार्छ ।'

'किन ?' तपाईं पुष्टि गर्न सक्नु हुन्छ ?

'म अलिकति समय लिन्छु है न्यायपालज्यू, यो २०३०-३१ सालको कथा हो । मगुराली, तासे मगुराली, शेता मगुराली जस्ता शब्द आविष्कार भएर पनि धूमिल हुँदै थिए र यिनको ठाउँ 'जनजाति' भन्ने शब्दले लिंदै थियो । कीर्तिपुर क्याम्पसका दुई विद्यार्थी बीच संवाद चल्यो रे । मैले सुनें :

'सेवाराम भाइ, विद्युत प्राधिकरण, प्रज्ञा-प्रतिष्ठान, प्रहरी उपरीक्षक, वायुसेवा निगम जस्ता शब्द हामीले बनायौं । संगठनलाई राम्रो शब्दले नाम दिएर दर्ता गर, यो जनजाति भन्ने नाम चाहि बिल्कुल नराख । यसको ध्वनि राम्रो छैन ।'

'हरिनाम दाइ दर्ता त भै गो ।'

'रोक, संशोधन गर ! हेर, डा. हर्कबहादुर गुरूङ, रणधीर सुब्बा, सूर्यबहादुर शाक्य, लैनसिंह वाङ्देल जस्ता उच्च र आदरणीय व्यक्तित्वलाई जनजाति भन्यौं भने सेतो शूटमा हिलो छ्यापेजस्तो हुन्छ । गल्ती गऱ्यौ, अनर्थ भो, अकर्म भो ।'

'कारण ?'

'शायद तिमी, पचाउन सकौला । 'असभ्य', 'गैवार', 'जंगली', 'पछौटे', 'अशिक्षित', 'भेंडो', 'बिचरा' भन्ने बोध गराउँछ जनजातिले । र यो समाजशास्त्रको शब्द हो र अरूले नै जन्माएको हो । कृपया यो घटिया शब्द प्रयोग नगर । जसलाई जनजाति भन्ने गरिन्छ शायद, त्यो निरीह, होचो दीन र सारै तल्लो स्तरको मानिन्छ । त्यसैले जनजाति नभन र नराख । यो कलंक बोक्यौ भने भविष्यमा पनि यो पखालिने छैन । यै झिल्का कथा हो । ४६ सालपछि पुनर्जागरण (साप्ताहिक) मा पनि यस्तै कुरा पढें । किन्तु कुनै जातिलाई उच्चता प्रदान गरेर वा श्रेष्ठता दिएर कसैलाई जनजाति सिद्ध गर्नु असल विचार पक्कै थिएन र होइन पनि ।'

'अनि ?' न्यायपीठले फेरि सोध्यो ।

'यो फुट ल्याउने नीति हो । अरूले कान फुके, हामीले नाच नाच्यौं । अरूले फुट हाल्ने मन्त्र दिए, हामी फुट्न थाल्यौ ।'

'जस्तो ?' न्यायपीठले फेरि जिज्ञासा राख्यो ।

'हेर्नोस् न, मेरो दिदीहरूमा फुट भो, मेरो आमा र बाबु बीच फुट भो, मेरो ठूलो बा र बाबु (दाजुभाइ) बीच फुट भो । अरू जाति र हामीबीच फुट भो । अब समाजका प्रत्येक एकाइसँग हाम्रो दूरी बढ्दै जान्छ । हामी कमजोर हुँदै जान्छौं । अर्काले फाइदा उठाउँदै जान्छ । वास्तवमा यो जनजाति भनिने पगरी हाम्रो हीनताबोधको आत्मस्वीकृति हो । त्यसैले म पनि, मेरी दिदी पनि मेरी आमा पनि जनजातिको छाताभित्र पर्दैनौं । यसको घेराभित्र, यसको पीठिकामा हामीले उभिनु छैन । हामीलाई जनजातिभित्र हुल्ने र जनजातिका कित्तामा उभ्याउने अधिकार कसैलाई छैन । म को हुँ, मै जान्दछु ।'

'र न्यायपीठसँग मेरो निवेदन छ- म किरात जातिको सदस्य हुँ, मेरो आफ्नै भूखण्ड छ, परिचय छ, भाषा छ, संस्कृति छ, इतिहास छ, विधि र निषेधको नीति छ । म आफैंमा पूर्ण छु र मैले आफूलाई जनजाति भनाएर

आफैंलाई होच्याउनु र तुच्छ ठान्नु छैन । 'हीनताबोधको टोपी जनजाति' भनेर बोक्नु पनि छैन ।' उसले थप्यो, 'मेरो इतिहास आर्यसँगै जोडिएर आएको छ । म भर्खरै जन्मेको जनजाति होइन । यी मेरा दिदीहरू बीचको जन्मेको कलह/द्वन्द्व पनि पुरानो, जेठो, ऐतिहासिक, शालीन तथा गौरवमय परम्परामा चल्दै रहने निष्ठाशक्ति र अर्काले जन्माइ दिएको, बनाइदिएको कुनै उद्देश्यका लागि उभ्यादिएको जनजाति भनिने बीच टक्कर हो । एउटा आफ्नै परम्परागत धर्ममा गतिशील छ भने अर्को आयातीत धर्मतर्फ उन्मुख ।'

त्यसैले हाम्रो समाजलाई चिरा-चिरा पार्ने र भूखण्डित गर्ने प्रवृत्तिले प्रेरित रहेको जनजातिभित्र म आफूलाई समावेश गर्न सक्तिनँ । मैले अरू जातिको अगाडि आफैंलाई सानो र तुच्छ ठानिने जनजाति भनाउनु छैन । मलाई र मजस्ता धेरैलाई त्यो स्वीकार्य छैन, हुँदैन । मेरी दिदी र मेरी आमाको पक्ष पनि यही हो भन्ने मैले ठानेको छु, बुझेको छु । अझ म किराँत-याक्थुम्बा भनेर बाँच्न र चिनिन चाहन्छु, फगत याक्थुम्बा । आमाको र दिदीको धारणा पनि यही हो ।'

न्यायपीठले मुद्दा मुल्तवी गरेको जानकारी दियो र हेलिकोप्टर सिंहदरबार फर्कियो ।

अर्को दिन 'जनअदालत' दैनिकले सिंहदरबारबाट गाउँ पुगेको न्यायपीठ विधि र निषेधको पुर्पक्ष गर्न नसकी फर्कियो ।' भन्ने आशयमा गहन सम्पादकीय लेख्यो । संकेत गऱ्योः जनजातिमा दरिएको वर्गले विवेक पुऱ्यायो भने संविधानबाट जनजाति भन्ने शब्द हटाउने माग गर्ने छ । किनभने इतिहासको गौरवपूर्ण समय-खण्डमा अब्बल, सर्वोपरि, जेठो, शक्तिमान मानिएको यो जाति सिरानबाट झरेर एकैचोटि बटमलाइनमा पुगेर कसरी बस्ला र ? जब कि अझै यस देशको धुरी भएर पुनः किरात साम्राज्य सञ्चालन गर्ने क्षमता राख्दछ ।

सर्वज्ञ तेम्बे भन्ने किशोरको जनजातिप्रतिको व्याख्या र विश्लेषणले सिंहदरबारलाई मुद्दा मुल्तवी गर्न विवश बनाएको चर्चाले बजार तातेको सत्य विद्युतीय सञ्चार माध्यममा भाइरल भएको बुझिएको छ ।

(फर्कियो सिंहदरबार)

भर्खरै पढें

'एघार र बाह्र कक्षाका विद्यार्थीहरूले प्रहरी चौकीमा पुगेर आ-आफ्ना अभिभावक विरुद्ध उजुरी दिए । चौकीले पुर्जी काटेर बोलाएपछि अभिभावकहरू हाजिर भए । विपक्षमा छोरीहरूलाई देखे ।' समाचार यति नै थियो, यति नै पढें ।

प्रहरी चौकीले आफू पनि सुरक्षित रहनु पर्छ भन्दै एउटा एटर्नी र एउटा वार्ताकारलाई अनुरोध गरेर त्यहाँ बोलाएको थियो ता कि भोले र छोटे सरदारहरूका तर्फबाट कुनै व्यवधान नहोस् ।

छात्राहरूको उजुरी र माग यति मात्रै थियो- अभिभावकले उनीहरूको व्यक्तिगत स्वतन्त्रतामा अंकुश लगाए । अब उनीहरू जवान भइसकेका छन्, भोट हाल्ने अधिकार पनि उनीहरूसँग छ । 'आफ्नो शरीर आफ्नो अधिकार' भन्ने नारा उनीहरूको हितमा यहाँ पनि ल्याइएको हो । उनीहरू त्यसको अनुशरण गर्छन् । उनीहरूको खुशीमा नियन्त्रण वा वाधा-विरोध गर्ने अथवा दखल-अन्दाज गर्ने हैसियत कसैलाई छैन । उनीहरू राज्यले दिएको कानूनी अधिकारलाई मूर्त रूप दिन चाहन्छन् । राज्यको गन्तव्य र योजनालाई बल दिन्छौं भन्छन् । त्यसकारण अभिभावकहरूले अब उप्रान्त तिनका पछाडि नजर राख्ने र तिनको खुशी र स्वतन्त्रतामाथि निग्रह गर्न पाउने छैनन् । उनीहरूलाई बन्धन स्वीकार हुने छैन ।

एटर्नीले अर्थ लगायो- राज्य, सरकार र समाजलाई पक्षघात गर्ने दूरगामी कदम हो यो । विधानविद् र राजनीतिका सरदारहरूले भोलिका लागि सोचेनन् । मुलुक र नागरिकका लागि हितको बाटो ठम्याउन तिनले सकेनन्, जानेनन् ।

वार्ताकारले सोच्यो- यिनीहरूलाई कस्ले उकास्तै छ र गुमराह गर्दैछ, अनि कहाँ गएर यो उमेरका छोरीहरू के गर्दैछन् र यसको नतिजा कस्को पक्षमा

जान्छ भन्ने तथ्य उजागर गर्न नसकिने थिएन । अबाटोतिर हिड्दै रहेको जीवन र समाजलाई होशमा ल्याएर पक्कै सावधान गराउँन सकिन्थ्यो किन्तु राज्यले सञ्चारलाई अशक्त बनाएको छ । कसैको पछि लागेर चियो गर्नु र इतिहास कोट्याउनु पनि त भएन ! हैरान भएर वार्ताकार त्यसै थन्किएर बस्यो ।

प्रहरी-प्रशासन जान्दथ्यो- रमणीहरू (नारी) अहिले बलियो भएका छन् । युवकहरू उनीहरूसँग हिजोको जस्तो व्यवहार वा सम्बन्ध राख्न सक्तैनन् । कुनै पनि चुक भयो कि जेल पुग्न सक्छन् । त्यसैले बतासे सन्तान पनि जन्मन थालेका छन् । नीति नै गलत भो ।

वर्तमानमा उसको टिप्पणी थियो- युवकहरू पछि सरेकै कारण युवतीहरू भूगोल, संस्कृति, नीति र सामाजिक पारिवारिक मर्यादालाई सजिलै अतिक्रमण गरेर- जहाँ पनि जसरी पनि र जतिखेर पनि आयुक्रीडा र यौवन विलासको चरम आनन्द लिन र यसको परिणतिलाई आँखा चिम्लेर स्वीकार गर्न थालेका छन् । भोलिको चिन्ता उनैलाई हुनुपर्ने हो जसले यस्ता नयाँ उमेरका कयौं युवतीहरूलाई जीवन भोग्ने यथेष्ट मार्ग खोलिदियो अर्थात् विधिविद् र विधि-निर्माता सरदारलाई ।

'अरे, बच्चा हुआ तो के भो ? बाबु चाहिए तो मेरो नाम टिपादेना बच्ची हो या बच्चा, बस हमें तो भोटर्स बढाना है और सत्ता में दाखिल होना है ।' सिमानाछेउ बजारमा खुला संवाद सुनिन्थे :

'लेकिन याद राख, तू बच्चा देगी और देगी तो उतने ही देगी जब तक मैं ना न बोलूँ । जब हमने शहीद बनाया तो क्या बच्चा नहीं बना सकते ?'

'अरे आमाकै नामबाट नागरिक लेओस् आखिर बाबु बन्न मलाई के हर्ज छ रे ! यता बसी भने मलाई नोकरानी चाहिन्छ, उता बसी भने नयाँ ससुराल हुन्छ । नुक्शान कहाँ छ भई ! मै भी तो नक्साली बनूँ ।'

निर्लोम कन्याहरू सलोम सन्तान पाउँदै गए- अर्कै रङका र नौला स्वभावका ।

आफ्नाले उसको बच्चालाई माया देखाएनन् । ऊ आफैं पनि संकोच मान्थी र मनमन भन्थी- 'छि : कस्तो सन्तान जन्माएँ नचाहेर पनि !'

'कानूनले बाटो खोलिदियो तर युवा समाज तर्किदियो- कानूनकै डरले । त्यसैको परिणाम हो अवाञ्छित गर्भ धारण र बढ्दो सामाजिक समस्या ।' विज्ञ भन्थ्यो ।

अनुभवीहरू भन्थे- परिवार विघटन र संस्कृति नष्ट गर्ने खेलमा समाजसेवी, राज्य, स्वार्थी झोले र सरदारहरू योजनाबद्ध ढंगले लागेका छन् विधान बनाएर । सामाजिककर्मीले हावाको इन्धन भरेका छन् ।

'के नागरिकले आफ्नो रुचि र उद्यमलाई नस्वीकार्न मिल्छ ?'

'राज्यको नीति र दृष्टिप्रति कृतज्ञ किन नहुने ?'

'प्रशोधित ऐन-कानूनको पूजा यही त हो नि ।'

'विप्लव र परिहासको सन्दर्भ एकैचोटि ?'

प्रहरी, एटर्नी र संवादकार भिन्नभिन्न दृष्टि राखेर पनि एउटै निष्कर्षमा पुगे- 'बहुमतले राज्यप्रति न्याय गर्न जानेन । शैतानका हातमा शक्ति दिने नागरिक नै यस्तो दुर्दिन निम्त्याउने तत्त्व हो ।'

'हो, सरदारको चयन गलत भो ।'

'मुलुक विघटनतर्फ उन्मुख भो ।'

'शासक ? उसलाई त आगोले पनि छुदैनथ्यो । कठपुतली भएर नाच नाच्तै रह्यो निर्लज्ज !' तीन चौथाइ स्वतन्त्र नागरिकको अवधारणा यस्तै रह्यो ।

(भर्खरै पढें)

भतेर

मुकुन्द केशव उपाध्यायले विधिवत् छोरीको विवाह सम्पन्न गरे र एक साताको विश्रामपछि उनले भोजको आयोजना गरे ।

आमन्त्रित अतिथिहरू निमन्त्रणापत्र देखाउँदै अग्रसर हुँदै गए । निमन्त्रणा पत्र देखाउनु आवश्यक थियो- किनकि त्यसमा सिट-व्यवस्थापन अङ्क अङ्कित थियो । त्योभन्दा पनि महत्त्वपूर्ण र स्थूल सङ्केत के थियो भने निमन्त्रणा पत्रका खाम फरक-फरक रंगका थिए । यी रंगहरू स्वयम्सेवकको सुविधाका लागि र व्यवस्था मिलाएर अतिथिलाई सम्बन्धित प्रवेशद्वारसम्म पुऱ्याउनका लागि सहयोगी हुन्थे ।

विवाह-भोज पालमा व्यवस्थित गरिएको थियो । समाज, नेतृत्व र संविधानप्रति उच्च सम्मान झल्कन्थ्यो; लाग्थ्यो भोज व्यक्तित्व प्रदर्शन गर्ने मौका र माध्यम मात्र हो । जोडाहरू, परिधान र आभूषणहरू, उमेर, स्वरूप तथा बनोट र रंगहरू नै हुन्थे- व्यक्तित्वका पोषक र प्रवर्धक तत्त्वहरू । शहरिया कृत्रिम मुस्कानको औपचारिक विधि निर्वाह गर्दै अतिथि र आतिथेयका बीच लघु संवाद पनि हुने गर्थ्यो ।

कतै स्वयम्सेवक, कतै आफन्त, कतै परिवारजन र कतै स्वयम् उपाध्याय दम्पत्ति उपस्थित भएर स्वागत गर्ने र पालको द्वारसम्म पुऱ्याउने सुकर्म हुन्थ्यो ।

निमन्त्रणा पत्रको खामको रङ हेरेर भन्थे- स्वागत छ हजुर, सवारी होस्, हजुरका लागि यसतर्फ स्थान सुनिश्चित गरिएको छ, राज होस् ।

आगन्तुक आफ्नो ठाउँमा बस्तै गए ।

'जातीय सद्भाव अमर रहोस् ।'

'वर्गीय स्वत्व कायम रहोस् ।'

यी वाक्य धेरै ठाउँमा टाँसिएका थिए । आमन्त्रित अतिथिका आँखा यिनै पङ्क्तिहरूमा ठोकिंदै गए ।

गुलाबी रङको खाम बोक्ने अतिथिहरू पहिलो पालभित्र पसेर आ-आफ्नो ठाउँमा जमे । प्रत्येक टेबिलमा *दलित सद्भाव र एकता बनिरहोस्* भन्ने वाक्य राखिएको थियो । त्यो देखेर गौरवले छाती तन्काउने पनि थिए ।

हरियो खाम बोक्ने अतिथिले दोस्रो पाल भरियो । त्यहाँका टेबिलमा *आदिवासी, जनजाति एकता र शान्ति कायम रहोस्* भन्ने वाक्य लेखिएको थियो । त्यहाँ उत्साह थियो ।

गेरूवा रङको खाम बोक्ने अतिथिहरू तेस्रो पालमा पुगे । त्यहाँका टेबिलमा *दशनामी र नयाँ जाति बीच सद्भाव बनिरहोस्* भन्ने वाक्य देखाइएको थियो । तर अर्को महत्त्वपूर्ण कुरा के थियो भने डी.एन.ए. छुट्याउनु पर्ने पारिवार र त्यस्ताबाट विकसित संस्करणहरू पनि यसैभित्र थिए ।

चौथो पालमा खस-आर्य भनेर चिनाइएकाहरू पहेंलो खामका साथ उपस्थित थिए । यिनका प्रत्येक टेबिलमा *उदात्तता र अपरिग्रही चिन्तन सार्वभौम र सार्वकालिक भएर रहोस्* भन्ने पदावलि अंकित थियो ।

रातो रङको खाम बोक्ने निम्तारूहरूले पाचौं पालमा पुगेर आशन ग्रहण गरे । यिनका टेबिलमा *शहीद जन्माउने रक्तभोगी कथित राजनीतिक उद्योग तन्त्र बरकरार रहोस्* भन्ने वाक्य लेखिएको थियो । यस वाक्यले केहीको अनुहारमा आगो बाल्यो र कतिको अनुहारमा बादल लाग्यो । कति पानी-पानी भए ।

छैटौं पालको प्रवेशपत्र सेतो खाम भयो । कुनै पनि जाति, वर्ग, लिंग, रंग, धर्म, आयु र पेशाबाट चिनिन नचाहनेहरू यसैमा एकत्रित थिए भने दलित वर्गका किशोरी र सभ्य-प्रबुद्ध महिलाहरू यसै पालमा सम्मानित थिए । सातौं पालमा साहित्यकार, कलाकार, लेखक, विद्वान्, दार्शनिक, सन्त, भिक्षु र प्रज्ञाचक्षुहरू एकत्रित थिए भने त्यहीं आम्रपाली, मेनका र उर्वशीहरू अनि दलपोषक बुद्धिजीवी दुई जिब्रे, द्विलिङ्गी र निर्लिङ्गीहरू पनि शोभित थिए ।

अर्को पालमा नारदकुलका निकै सदस्यहरूले आ-आफ्नो सिटबाट व्यक्तित्व प्रदर्शन गरेका थिए ती अनेक संस्कृति, नीति, अनीति, सुनीतिमाथि मीमांसा गर्थे । यो यस्तो पाल थियो जहाँ चारै लिंगका संवादकार देखिन्थे ।

नारद वंशको एक वरिष्ठ र अनुभवी व्यक्ति पालमा अटाएन कि ? सबैतिर ऊ घुम्यो, हेऱ्यो, बुझ्यो र गुन्यो । उसको घुमाइलाई नयाँ पुस्ताका नारदहरूले

खासै महत्त्व दिएनन् । ऊ गुन्दै रह्यो- भूगोल, जाति र रङको स्वत्व (पहिचान) लाई आजको निमन्त्रणाले बिर्सेको त होइन ? माफिया तत्त्व पनि छैन र सरदारहरू (राजनीतिक व्यक्ति) पनि छैनन् । अब अनिष्ट निम्त्याउने भो यो स्थितिले । फरक-फरक रंगको खाम फरक-फरक द्वार, फरक-फरक वचन र फरक-फरक व्यवस्थाको औचित्य के ? कति सुहाउँदो र सामयिक ?

लाग्थ्यो नारदवंशीय यो वृद्ध दशकौंदेखि भोज र नमस्ते भोगेर तृप्त भएको हो । उसलाई कसैले चिन्नु र नचिन्नुको न महत्त्व छ, न त हाई-हलोको । ऊ आफ्नै सुरमा भएको लाग्थ्यो । एक-दुई परिक्रमा पछि ऊ देखिन छोड्यो ।

अर्को दिनदेखि खेल शुरू भयो । जब 'कञ्चनजङ्घा सेतु' दैनिकले ' जातीय स्वाभिमानको मानमर्दन र विधानको उपहास' शीर्षकमा आलोचनात्मक दिग्दर्शन उपस्थित गऱ्यो । बस, नागरिक समाजमा आँधी मच्चियो । परिणाम के भयो भने विधानकै छाता ओढेर विधानले विशेष महत्त्व दिएका नागरिक समूहप्रति घुमाउरो पाराले, अपमान झल्काउने सोच र सङ्कल्पका साथ भतेर गरेको अभियोगमा आयोजक उपाध्याय दम्पत्ति कठघरामा उभिन पुगे । त्यस्तै सुशासन र समृद्धिको गति ९९ डिग्रीमा पुगेको वेला दुर्नियत राखी समाजमा परस्पर विद्वेष र जातीय दुश्मनी जन्माउने खालको भतेर व्यवस्थापनको पद्धतिबाट विधानको अपव्याख्या गरेको तथा समाजको मनोदशा बिथोल्ने र सांस्कृतिक सद्भाव धमिल्याउने यत्न देखाएको आरोपमा सम्पादक रहिमसिंह अहिर पनि अदालतको कठघरामा उभिन पुग्यो ।

सरकारी वकीलले कठघरामा उभिएका अभियुक्तलाई सोध्यो, 'मुकुन्द केशव उपाध्यायज्यू, भतेरको व्यवस्थापन पक्षबाट नागबेली शैलीमा तपाईंले जाति र वर्गको अपमान या तेजोवध गर्नु भएको भन्ने आरोप छ तपाईंमा । के तपाईं स्वीकार गर्नुहुन्छ ?'

'अहँ, म स्वीकार गर्दिन । विधानले किटी-किटी, औंल्याई-औंल्याई चिनाएका मान्छेलाई मैले पनि त्यस्तै ढंगले महत्त्व र संमान दिएर भोजको व्यवस्था गरेको हुँ । यदि विधानको पालना गर्दा अभियोग लाग्छ भने मेरो दोष ठहर्छ र श्रीमान् ! त्यहाँ अपमान वा तेजोवध भएको ठहरिन्छ भने त्यसको जवाफ त विधानले देला नि श्रीमान् !' बारम्बार जजतर्फ हेरेर उपाध्याय बोल्यो ।

सरकारी वकील पछि सर्‍यो ।

अब बचाउ पक्षको वकील हरिकृष्ण योगी अघि सर्‍यो । इजलास उत्सुक देखियो । उसले न्यायाधीसँग दरखास्त गर्दै भन्यो- 'श्रीमान् म केही दृष्टान्त पेश गर्ने अनुमति चाहन्छु ।'

'अनुमति छ ।'

वकील हरिकृष्ण योगीको सङ्केत अनुसार एउटी युवती कठघरामा गएर उभिई ।

उभिएकी युवती रानाथारूकी छोरी थिई- कैलालीकी । आफ्नो सांस्कृतिक पोशाकले पूर्ण सुसज्जित थिई, मानौं कुनै पर्व-उत्सव मनाउन भर्खरै घरबाट निस्केकी हो । सबैका आँखा उसैमा केन्द्रित थिए ।

वकीलले छेउमा पुगेर सोध्यो, मैया तिम्रो नाम के हो ?

'म आङ्रीता शेर्पा ।'

सबै छक्क परे । इजलासले आफ्नो परिहास ठान्यो ।'

अर्की यस्तै १७/१८ वर्षकी नवयुवती कठघराभित्र पुगी ।

वकीलले भन्यो, 'श्रीमान् यो दोस्रो दृष्टान्त पेश गर्दैछु ।'

'अनुमति छ ।'

यसैपटक कठघरामा उभिएकी छोरी धिमाल जातिकी नवयुवती थिई । उसको स्वरूप र आकृति वस्त्र हेरेरै थाह हुन्थ्यो ऊ आफ्नो सांस्कृतिक पोशाकमा सजिएकी धिमाल युवतीबाहेक अरू हुन सक्तिन । वकील हरिकृष्ण योगीले सोध्यो 'तिम्रो नाम ?'

'म साम्पा शेर्पा ।'

उत्तरमा संगति नमिलेको अनुभव इजलासले गर्‍यो ।

'श्रीमान् अब एउटा उदाहरण पेश गर्न पाऊँ ।'

'अनुमति छ ।'

'एउटा जवान शरीर लचकदार हिँडाइमा कठघरामा पुगेर उभियो ।'

'छोरी तपाईंको नाम ?'

'कर्मशेर राई भन्छन् हजुर मलाई ।'

वकील हरिकृष्ण योगीले सोध्यो- 'मेरा विद्वान् मित्र, सरकारी वकील गोकुल राजवंशीलाई अब थाह भयो होला कि सत्य के मा छ ? अनि न्यायपतितिर लक्ष्य गरेर सोध्यो- 'श्रीमान् अब त रहस्य रहेन कि ?'

सबै चुप रहेर निष्कर्ष सुन्न एकाग्र देखिएन ।

वकीलले भन्यो- 'श्रीमान् पहिलो दृष्टान्तमा उभिएकी आङ्रीता शेर्पा- उनी सरिता हुन् । कैलालीकी रानाथास्की छोरी । दोस्रो साम्पा शेर्पा होइनन्, यी हुन् मोरङकी धवला धिमाल, छोरी- रामकलीकी ।'

फेरि उसले थप्यो- 'म प्रश्न गर्छु अदालतलाई यिनको परिधानले/सांस्कृतिक पोशाकले यी कहाँका- हुन् कुन समाजका सदस्य हुन् र कुन लिङ्गका हुन् भन्ने भ्रम अदालतलाई होला र श्रीमान् ?'

'अब म अन्तिम उदाहरण बारे आफ्नो बहस अग्रसर गर्छु । मैले उनलाई सोधें- छोरी तपाईंको नाम ? तर उनी छोरी थिएनन्, छोरा थिए । उनले आफ्नो नाम कर्मशेर राई भने । के उनको नाम र थरबाट उनको जाति, वर्ग, लिङ्ग र भूगोल संस्कृति थाह हुँदैन र श्रीमान् ? अथवा म युगल शेरचन भएँ रे, यतिले मेरो वर्ग र भूगोल थाह हुँदैन र ? म मुरारीकृष्ण पोखरेल भएँ, यतिले मेरो जाति, वर्ग, लिङ्ग, धर्म थाह हुन सक्तैन र ? अतिरिक्त प्रमाणित हुनु या खोज्नुको औचित्य के ?'

'त्यसैले श्रीमान् वर्तमान संविधानमा कसिंगर कुरा धेरै छन् । बारम्बार दलित, जनजाति, मुसलमान, अपाङ्ग सीमान्त भनिरहनु पर्छ र ? ल एकछिनलाई म हरिविक्रम चन्द भएँ रे । के यतिले नै मेरो स्वत्व जाहेर हुँदैन र मलाई बारम्बार खस-आर्य भनिरहनु पर्छ र ? फेरि कयौं आर्यलाई आर्य मान्दैन यो विधान किन ?'

श्रीमान् मेरो पक्षले विधानले प्रयोग गरेका शब्द र अभिप्रायसँग खेलेर भोजमा व्यवस्थित ढंगले मर्मको दुष्प्रचार गऱ्यो । यस घटनाको ध्वनि यति मात्रै हो- 'संविधानको मर्म निरोगी छैन । घातक छ ।'

कसैलाई जीवन भरि वा पुस्ता दरपुस्ता टाउकोमा दलितको टाँचा वा लालमोहर लगाउन पाइन्छ ? कसैलाई आदिवासी र जनजातिको नयाँ समूह बनाएर होचो पार्न मिल्छ ? यिनको आ-आफ्नै कुलवंश छैन ? आफ्नै कुलवंश बिर्सेर नयाँ जातिमा आदिवासीमा फेरिन खोजेका हुन् त ? यिनले आफ्नो पहिचान आफैं मेट्तै आफैं खोज्दै गरेका हुन् त ?'

श्रीमान्, म अदालतसँग दर्खास्त गर्दछु- 'यदि स्वयम् जनजाति र दलित भनेर आफूलाई चिनाउन र भनाउन चाहन्छन् भने हामी केही गर्न सक्तैनौं । उनीहरू त्यसमा गर्व गर्छन् भने उनीहरूकै इच्छा हो । कमसेकम

हामी त जोगियौं । हामी कसैलाई दलित र जनजाति नपारौं, विधान फेरौं ।'

ऊ भन्दै गयो- 'त्यसैले श्रीमान् यो मुद्दा अदालतसम्म पुग्न सक्ने सोच राखेर विवाहको भोजको आयोजना गर्ने उपाध्याय दम्पतिलाई पनि धन्यवाद दिन चाहन्छु र यो विषयलाई सञ्चार माध्यमले टिपेर मन्थनका लागि यहाँसम्म पुऱ्याउने पत्रकार र उहाँको सम्पादकीयप्रति कृतज्ञता ज्ञापन गर्दछु ।'

वर्गभेद गराएर कुनै पनि जातिलाई तुच्छ देखाउने विधान अब स्वीकार्य छैन कि ?

अदालतले घोषणा गऱ्यो- 'यो विधान रहेसम्म यो मुद्दा मुल्तवी गरिन्छ । र यसलाई राजनीतिक मुद्दा करार गरेर पुनर्विचारका लागि संसदतर्फ प्रक्षेपण गरिन्छ ।

(भतेर)

मसी सुकेछ

कस्तो मिठो सुयोग !

अनाम र अनामिकालाई जनताले लगेर अदालतमा उभ्याए ।

अनामिका एकल आमा हुँ भन्छे । ऊ आफ्नो बच्चाको नाममा कुनै बाबु जोड्न चाहन्न । विना बाबु आफ्नो सन्तान हुर्काउने उसको आँट छ । बाबु तत्त्वको नाम र छाया आफ्नो सिर्जनामा नपरोस् भन्ने सोच राख्छे ऊ । हिम्मत युग-सापेक्ष नै लाग्दछ ।

उसले अदालत समक्ष स्पष्ट भनी- 'कानूनतः उमेरले म विवाह योग्य भएकी छैन । म कानूनको इज्जत गर्छु । त्यसैले हालसम्म मैले कसैलाई पति भनेर वरण गरेकी छैन ।'

अनामतर्फ संकेत गरेर थपी- 'ऊ मेरो ब्वाइफ्रेन्ड हो, मैले उसलाई पतिको दर्जा दिएकी छैन ।' ऊ बोल्दै गई- 'उसलाई मैले पतिको रूपमा स्वीकार गर्ने नगर्ने कुरा भविष्यले निश्चित गर्छ र मलाई उसले पत्नीको दर्जामा स्वीकार गर्ने या मान्यता दिने कुरा पनि भविष्यको गर्भमा छ ।'

उसले जोड दिएर थपी- 'यदि हाम्रो, हामी दुई बीच वैवाहिक सम्बन्ध कायम भयो भने त्यसपछि छोराका लागि बाबुको नाम औल्याउन मलाई कुनै संकोच हुने छैन ।'

आफ्नो भनाइलाई उपसंहारतर्फ लगेर भनी- 'प्रेमी-प्रेमिका बीचको सुरत-केलीलाई विवाह भन्नु, बच्चा पाउँदैमा बाबु देखाउन विवश हुनु, यी युग सापेक्ष कुरा होइनन् । राज्य वा कानूनले यदि मेरो व्यक्तिगत स्वतन्त्रता र मेरो शरीर मेरो अधिकार भन्ने वचनलाई निस्क्रिय-निस्तेज पार्ने धृष्टता गर्छ भने त्यो विश्व मानव अधिकारको सिद्धान्त र सीमाको उल्लंघन हुने छ ।'

उसले कैफियत दिएर भनी- 'न्यायपाल महोदय, यदि वाइफ्रेन्डसँग यौवन- विलास गर्नु कानूनले निषेध गरेको छ भने हामीलाई ताला दिनुहोस्, तालाबन्द गरेर बस्छौं । बिहा नगरी सन्तान जन्माउन निषेध गर्ने कानून छ भने त्यो धारा उपधारा पढ्न पाऊँ । अन्तर्जातीय विवाह, निषेध छ भने कस्तो विवाहलाई मात्र खुला छ, त्यो पनि जान्न पाऊँ ।' अनि एकछिन रोकिएर फेरि थपी- 'मन मिल्ने, रुचि मिल्ने र आवश्यक समयमा मानसिक र शारीरिक सुख मिल्ने हिसाबले सुरत-क्रीडा गर्न विवाह गरेकै हुनुपर्छ भन्ने सोच र सीमा सुनिश्चित गरिएको छ भने त्यसको उल्लङ्घन भएको प्रमाणित होस् म दण्ड भोग्न तयार छु ।' मातृभाव संचित गरेर थपी- 'त्यसैले म अदालतसँग दर्खास्त गर्दछु, मेरो सन्तान निरपराध छ । म स्तनपान गराउँदै छु । ऊ दण्डभागी नहोस् ।'

उसले भनी- 'यो एकरङ्गीको सरकार हो, यहाँ न्यायालय, न्याय वितरण, न्याय पैरवी र न्यायाधीश राजनीतिक चिन्तनबाट मुक्त छन् भन्ने गलत सोच म राख्दिन किनभने न्यायालयले नै न्यायाधीश जस्तो सम्मानित व्यक्तित्वलाई दागी बनाएर झारेको छ । त्यसैले न्याय श्रीमान्का हातमा छ । यदि न्यायालयसँग न्याय भए म पक्कै न्याय पाउँछु भन्ने मेरो विश्वास छ ।'

'फेरि नीति, धर्म, संस्कृति, परम्परा, सदाचार र नियम विरुद्ध नै साम्यवादी दर्शन र व्यवहार अग्रगामी हुने र ध्वंश गर्ने गर्दछ । यस दृष्टिले त मैले कंनिस्टकै आदर्श पहिल्याएको पनि ठहर्ला नि ! यसरी हेर्‍यो भने मैले त दण्डको सट्टा पुरस्कार पो पाउनु पर्ने हो त !' उसले अलिकति व्यङ्ग्यमा परिहास गरी ।

भनौं, अदालती कारबाही आर्य-चिन्तनको अनार्य पथबाट प्रेरित देख्दै छु । किरात जाति र यस्तै अनेक जातिमा सम्भोग, विवाह, सन्तान र पारिवारिक संरचनमा निरोगी चिन्तन र सरल व्यवहार पाइन्छ, सुसंस्कृत जीवन शैली र संयोग-सुख मिल्छ, स्वनियन्त्रित र प्रकृत कानून भेटिन्छ, त्यसको तुलनामा आजको कानून अत्यन्त रोगी, निरीह, असन्तुलित र कोल्टे देखिन्छ । त्यसैले पनि यो नबुझ्ने समाजले आज मलाई अदालतको कठघरामा उभ्याएको हो । यो हाम्रो जंगली र असभ्यपनको संकेत हो भन्ने मैले ठानेकी छु । यो इन्डियन कल्चरको प्रभाव पनि हो कि ! यो हटाउनु पर्छ । यो राज्यविधिभन्दा किरात याक्थुम्बाको राज्यविधि जेठो पनि छ,

वैज्ञानिक पनि छ र उदार पनि । जीवन-यात्राका अनेक वैकल्पिक द्वार पनि खुला छन् ।'

न्यायाधीशले प्रश्न गऱ्यो, 'चेली, तपाईंको वकील को हो ?'

'श्रीमान् मेरो वकील छैन । वकील राख्ने औकात पनि छैन ।'

'तपाईं वकील राख्न चाहनुहुन्छ भने, अदालत त्यसको व्यवस्था गर्ने छ ।'

'यदि मेरो भाषामा अदालती कारबाही हुन्छ भने म श्रीमान्को प्रस्ताव स्वीकार गर्छु । मेरो मातृभाषा अदालतमा चल्दैन भन्ने कुरा कतै विधान गरिएको छ र ? विधि र निषेधका कुरा संघीय सरकारको न्यायाललाई थाह नभए कसलाई थाह होला र श्रीमान् ?'

राजनीतिक रङ्गले नरंगाई न्याय दिनुपर्छ भन्ने चिन्तनमा अदालत केन्द्रित भयो किन्तु कुन आधारबाट न्याय दिने भन्ने प्रश्नमा यस पटक संवेदना शून्य रहेर न्याय दिने आँट गर्न सकेन । समस्या थियो- के मा टेकेर न्याय दिने ?

प्रेम गर्न वर्जित छ ?

प्रेममा यौवन विलास वर्जित छ ?

यौवन विलासमा सुरत-केलि वर्जित छ ?

सुरत-केलिमा वीर्य प्रक्षेपण वर्जित छ ?

ब्वाइ फ्रेन्डबाट गर्भधारण वर्जित छ ?

गर्भधारणपछि प्रजनन वर्जित छ ?

प्रणयीका लागि संसार वर्जित छ ?

अनि सांसारिक जीवनमा प्रणय र प्रजनन दुवै वर्जित ?

यस्तो तार्किक विश्लेषण सुनेर परीहरू पनि हर्षले नृत्य गर्न थालेका थिए । यूट्युबबाट पनि युग्म विलास हेरिसकेका थिए । त्यहींबाट विवेक र ऊर्जा लिएर न्यायाधीशले निर्णय दिने सोच राख्यो ।

विवाहलाई औपचारिक शिखर चौतारी मानेपछि ब्याइफ्रेन्ड, गर्लफ्रेन्ड अनि चौर्यरतको अध्याय वा द्वार बन्द हुन्छ त ? तीन घुम्तीकी इन्द्रमायाको आत्मविश्वास र युग्मकेलिको खाँचो आवश्यक हुने ठानेर-मानेर न्यायाधीशको चिन्तन अनामिकाको पक्षमा सकारात्मक बन्यो, किन्तु निर्णय लेख्न उठेको कलम, मसी सुकेछ, लेख्न मानेन ।

अनिश्चित कालका लागि मुद्दा मुल्तवी गरिएको जानकारी दिएर अदालती कारबाही टुंगियो ।

'तर, न्यायाधीश आईसीयूमा पुग्यो ।' महानगरले समाचार छाप्यो- 'सुयोग नै हुनुपर्छ ।'

आम नागरिकले यस घटनालाई उच्च महत्त्व दिएर हेरे । किन्तु अदालतका लागि यो मुद्दा गलगण्ड भएको थियो ।

'जनजाति दैनिक'ले संपादकीयको पहिलो खण्डमा लेख्यो- 'मुलुकको न्याय प्रणाली खस-आर्यको चिन्तन पद्धतिको पीठिकामा टेकेर विकसित गरिएको हुनाले मतवाली समुदायमा यसले प्रतिकूल प्रभाव पारेको छ । फेरि भर्खर केही वर्ष अघिदेखि मुलुकमा एउटा नयाँ जाति अर्थात् जनजाति विकास भएको र त्यसले आफ्नो सामाजिक कानून निर्माण गरिनसकेको अवस्थामा यो संघीय कानून अन्तर्गतको न्याय वितरण कति उपयोगी र विवाद शून्य हुन्छ त्यो भने हेर्न बाँकी छ ।

अर्को खण्डमा लेख्यो- 'पृथक् जीवन र पृथक् न्यायबाट हटेर अनाम र अनामिकाको मुद्दालाई खस-आर्य पद्धतिको न्यायपीठिकामा उभ्याएर फैसला दिने सोच बन्दैछ, जबकि यी दुई बीच विकसित भएको प्रेम सम्बन्ध र त्यसको परिणतिलाई परम्परागत मतवाली समुदायकै न्याय व्यवस्था अन्तर्गत रहेर किनारा गर्नु स्वाभाविक ठहर्छ भन्ने जनबोली छ ।'

(मसी सुकेछ)

युद्धक विमानको पोर्ट

राज्यमुखको निवास अगाडि एउटा बाबा ठिंग उभियो । लट्टे कपाल, ललाटमा भस्म, गलामा रूद्राक्ष तथा दायाँ हातमा त्रिशूल र बायाँ हातमा कमण्डलुबाहेक वस्त्रमा लिङ्गरोधक लगौटीले उसको स्वरूप र शक्तिको विज्ञापन गर्दथ्यो ।

'बऽऽ म् भोले !' बाबाले वर्गीय वाणी निकाल्यो ।

पाले बाबाका सन्मुख हाजिर भयो । विनयभावले हात जोडेर नमन जनायो ।

'म प्रमुखलाई भेट्छु ।' बाबाले उद्देश्य बतायो ।

पालेले दोहोरो कुरा गर्नु सान्दर्भिक ठानेन । उसले खबर सम्प्रेषित गऱ्यो । कयौं तह पार गरेर सन्देश पुग्यो । यता विलम्ब भएकोमा बाबा दुःखी भयो । अब मात्र दुर्वासा भएर कमण्डलुको पानी संकल्पपूर्वक छर्कन बाँकी थियो ।

प्रमुख हतार-हतार बाबाको अगाडि पुग्यो । नमनभाव अर्पण गऱ्यो र आज्ञा पालकको शैलीमा उभियो । अनि भन्यो- 'बाबा कृपा रहोस् । के आज्ञा छ, सेवकलाई ?'

'बृटिशले तिमीबाट लिएको भूमि जुन आज पनि इंडियासँग छ, त्यसको केही हिस्सा यूकेलाई दिने निर्णय गरेछौ र त्यहाँ अब अमेरिकाका युद्धक विमान ओर्लने छन् । म यो देख्दै छु ।'

बाबा त्यो मेरो भूमि हो, किन्तु मेरो भोग र अधिकारमा छैन, यदि मैले कसैलाई दिंदा दिइन्छ भने, त्यो त, मेरो भोग सरह नै भो नि ! बाँकी भूमि पनि मेरो भोगमा आउला नि बाबा ? अनि एउटा मित्रले अर्को मित्रलाई त्यहाँ आउने मौका दिएको भन्ने अर्थ पनि लाग्ला नि बाबा !'

'तिम्रो भूमिमा तिमीले नै बोलाएको भन्ने कि उसले भोगेको तिम्रो भूमिमा उसैले बोलाएको भन्ने ? आज उसँग तिम्रो मित्रता गाढा छ कि उसको र

उसको मित्रतामा गाढापन छ ? कसले गर्दा अमेरिकाका युद्धक विमान त्यहाँ ओर्लदै छन् ।' बाबाले आत्मकथन गऱ्यो ।

बाबा लामो समयसम्म मौन रहेको देखेर प्रमुखले भन्यो- 'बाबा मेरो तर्फबाट कुनै त्रुटि भयो कि ?'

'तेरो छिमेकी आफैं देशको स्वरूप बिगार्दै छ, आकार घटाउँदैछ । छिमेकीसँगको द्वन्द्व पराइले थाह पायो । कल्याण होस्, होनीको कसले टार्न सक्छ ।' बाबा हिंड्यो ।

अर्को मिथिला एक्सप्रेसले 'सम्पादकीय लेख्योः बृटिशको समयदेखि इंडियामा गाभिएको नेपालको भूमिको केही भाग अमेरिकी युद्ध विमानको सार्कस्तरीय अड्डा बन्दैछ र यसको नेतृत्व इंडियाको पूर्व सरकार स्वयम् बेलायतले गर्दै छ । छिमेकीले छिमेकीमाथि गरेको ज्यादति र निरन्तर सीमा अतिक्रमणको नतिजा यो हो भन्ने कूटनीतिज्ञहरूको भनाइ छ । कहिले कहीं, कतै, मुसा खान तत्पर रहेको सर्पलाई मयूरले, पनि टिप्ने गर्छ अनि मुसोले मयूरलाई धन्यवाद पनि जनाउँछ ।'

समाचारपत्रमा जे छापिएको छ, त्यो सत्य हो भने यसको उपचार के ?' छिमेकी संसदमा संवादबाट विवाद शुरू भयो ।

'हामीले छिमेकी देशको सीमा मिच्नु हुँदैनथ्यो, उसका नागरिक मार्न पाइन्नथ्यो । हामीले संयम लिनु पर्थ्यो ।'

'हो छिमेकीले हामीलाई के नोक्सान गऱ्यो ? कि हामीले नै उसलाई नोक्सान पुऱ्यायौं ?'

'यदि हामीले थिचोमिचो गर्न छोडेनौं भने यो देश पनि टुक्रन्छ, रूस र पाकिस्तान उदाहरण हुन् ।'

'जति भूमि यता पसेको छ, त्यो विविधत फिर्ता गरिदिउँ, त्यसो भएपछि न द्वन्द्वको स्थिति रहन्छ न बाह्य शक्तिले यहाँ प्रवेश पाउँछ ।'

'मलाई लाग्दै छ कि हाम्रो भूभागमा 'सानो तिब्बत' घोषणा हुँदैछ । र त्यसपछिको परिणाम कस्तो हुन्छ त्यो अनुमान सिद्ध छ ।'

'जसरी अमेरिका र उत्तर कोरिया हात मिलाउँदै छन् त्यसैगरी चीन र अमेरिका पनि नजिकिदै छन् ।'

'हो, राजनीतिमा कुनै नीति हुँदैन, बस स्वार्थ नीति, सुरक्षा नीति र व्यापार नीति र बल हुन्छ । हामीले त रूसबाट हात झिकेर अमेरिकासँग

मिलाइसकेका छौं । यदि उसले नै 'बृटिशभुक्त' नेपालको भूमिमा युद्धक विमान पोर्ट र कार्गो केन्द्र बनायो भने कतिवटा हुन्छ इंडिया गणित गरेका छौ ? फेरि चीनको व्यापारिक घेराबन्दीले इंडिया त्यसै अत्तालिएको छ । हैन र ?'

'म त अर्को दुःस्वप्न देख्छै छु, कश्मीरमा अमेरिकाले कुल्चेछ अनि सभेन स्टिरमा चीनले ।'

'यसको अर्थ हो- हामीले छिमेकीप्रति थिचोमिचो गर्ने, हेप्ने, उपेक्षा गर्ने, बेमौसममा भोज गर्ने, अमिसार गर्ने, राज्यसत्तामाथि हस्तक्षेप गर्ने गरेकाले हाम्रो चरित्र उदाँगिएको हो र पराइले मौका हेरेको हो ?'

'हो क्यार ! चीन र अमेरिकाकै कारण हामी टुक्रिन्छौ ।'

'व्यापार, सागर, भोका-नाङ्गा जनता, यहाँको उर्वर धरती र उन्नत मुगल संस्कृति नै पराइका लागि आकर्षक हुन् ।'

'हो, अभिमान, अविवेक, अर्कालाई तुच्छ ठान्ने र अनधिकृत क्षेत्रमा लज्जा त्यागेर हस्तक्षेप गर्ने हाम्रो व्यवहारले हामीलाई अप्ठ्यारो परेको हो ।'

'अब के गर्ने त ?'

'संयम लिने, गल्ती सुधार्ने, अपरिग्रही चरित्र लिने, छिमेकीको भूमि अविलम्ब फिर्ता दिने ।'

'हो पोर्चुगालले पनि त आफूले कब्जा गरेको भूमि फिर्ता दियो नि, हैन र ?'

संसदले सकारात्मक सोच राखेर परभूमि हस्तान्तरण गर्ने, आफू सुरक्षित रहने, पराइलाई सार्क भूमिमा युद्धक पोर्ट बनाउने मौका नदिने र यसका लागि छिमेकीको कुरा सुन्ने निर्णय लियो ।

तर अमेरिकी युद्धनीतिको चक्र-गति बुझ्ने क्षमता सबैसँग थिएन । त्यसैले उत्साह-हीन संसद वैलिएको पात झैं देखियो ।

यता त्यस्तै बाबा संसदको द्वारमा पुगेर भन्न थाल्यो- बच्चा जैसी करणी वैसी भरनी, अविवेक र अतिक्रमणको प्रतिफल आफैंले भोग्नु पर्ने भो कि ?'

सांसदहरू अमंगलको आशंका बोकेर संसद भवनबाट निस्कदै गए । ' बच्चा तिम्रै अविवेकले गर्दा बृटिशले भोगेको नेपालको धरतीमा अमेरिकी युद्धक विमान ओर्लदै छन् ।' बाबाले बोलेको यस वाक्यले उनीहरूलाई पछ्याउदै रह्यो, छोडेन ।

(युद्धक विमानको पोर्ट)

युवा विहार

'इच्छुमती' साप्ताहिकले निकै समयपछि नचाहेर पनि 'युवा विहार' शीर्षकमा लागो सम्पादकीय लेख्यो ।

नारीले आफ्ना सन्तानको जनक औल्याउनै पर्ने कानूनी मान्यतालाई राज्यले निग्रह गरेपछि, सुन्दरी (नारी) समुदायभित्रका केही एकाइमा उल्लास मनाइयो । यसै सरोफेरोमा सम्पादकीय केन्द्रित थियो ।

'फुल पार्ने त पोथी नै हो नि, छोप्ने र छिड्ना काट्ने योग्यताकै भरमा त्यो भाले कुखुरा तिनमा आफ्नो अधिकार देखाए भैं गर्छ । बकवास !'

बरु अधिकांश पशु-जगत निष्पृह छ । भाले तत्त्व आफ्ना सन्तानमा अधिकार खासै जनाउँदैन । पोथी तत्त्वको चाहनामा वीर्य-शक्तिप्रहार गर्छ र पूर्णता बुझेपछि पन्सिन्छ । कत्रो स्वतन्त्रता ।

सुन्दरीहरूको सोच र रुचि 'विकास निगम'ले बुझेको थियो । यद्यपि यो परियोजना यूरोपीय समुदायले यहींका विधिवेत्ता र संवादकार मार्फत् स्थायित्व दिन ल्याएको थियो- जस अनुसार 'युवा विहार' भन्ने ठूला-ठूला व्यापारिक अड्डा सबैतिर सञ्चालित हुँदै थिए ।

युवतीहरू भर्ना हुन जान्थे । भर्ना भएर फर्कन्थे । दुनियाँ अगाडि थियो । दुनियाँ परै थियो ।

राज्यले, कानूनले अनि समय र परिवेशले दिएको सुविधा थियो यो, अधिकार थियो । झन् आफ्नो शरीर आफ्नो अधिकारको नारा र समर्थन सत्य सार्थक भएपछि युवाविहारतर्फको विचरण र त्यसप्रतिको आकर्षण बढ्नु स्वभाविक पनि थियो । सुन्दरीहरू मेरो सन्तान मेरो मात्र सन्तान भनेर आत्म गौरवका साथ बाँच्न पाउँथे । सन्तानका लागि कुनै बाबुको नाम जोड्ने बाध्यता रहेन, अपितु यो कदम असंस्कारको मोचन थियो र राज्यको चाहना पनि ।

सुन्दरीहरूको यो कदम अत्यन्त संमानजनक थियो । उनीहरू आफ्नो सन्तानको बाबु औंल्याउनै पर्ने पुरानो कानूनी वाध्यता र कठोर सामाजिक स्थितिबाट मुक्त भए । न पति घोषित गर्नुपर्ने भो, न बाबु चिनाइरहनु पर्ने भो । बतासे सन्तानको गरिमालाई महत्त्व दिने परिवेश अझ बलियो हुँदै गयो । हो, युगको माग थियो- पुरुष तत्त्वको यातना, दमन र एकाधिकारबाट आफू र आफ्नो सन्तानलाई मुक्त गर्ने युग थियो ।

विज्ञ र गैर आर्यको टिप्पणी थियो- यो कदम कथित आर्यहरूको अन्यायी व्यवहार र नीतिका कारण चालिएको हो । पितृसत्तात्मक परिवार बाहेक अरूलाई सुन्दरीहरूको यो कदमले खासै असर पारेन जो परम्परादेखि नै स्वतन्त्र, अनुशासित र स्वावलम्बी थिए । मातृशक्तिको सम्प्रभुता रहेको कारण तिनलाई नयाँ कानूनले खासै अप्ठ्यारो पारेन, न हिजो नै पारेको थियो ।

तथ्याङ्कशास्त्री र पत्रकारहरूले 'जनसङ्ख्या : स्रोत र सरोकार' भन्ने शीर्षकमा 'युवा विहार' कैफियत जनाएर फायल बन्द गर्ने चलन बस्तै गयो ।

राज्य शासनचाहिं विना बाबुका नागरिक उत्पादन गरेर विकास निगम मार्फत् एनजीओ र दाता राष्ट्रप्रति आभार व्यक्त गर्दै रह्यो । धर्म, भोट, पारिवारिक विचलन र सामाजिक विघटन आफूले चाहे जस्तै भएकोमा पुरस्कार स्वरूप आफ्ना पक्षका सरदार, विधिविद् संपादक र वार्ताजीवीको भौतिक आर्थिक समृद्धि र प्रतिवर्ष देशाटन तथा वित्त आर्जन हुँदै गयो । एकल आमाको अभिनन्दन गर्ने कार्यक्रमलाई राज्यले नै गौरव दिवसको रूपमा हरेक साल डिसेम्बर २० देखि जनवरी ५ का बीच गर्ने घोषणा गऱ्यो ।

यस्ता नयाँ कदम र सुपरिणामका लागि राज्यका विधिविद्, संस्कृतिविद्, इतिहासविद्, समाजशास्त्री, धर्माधिकारी, संवादविद्, दुर्घटना विशेषज्ञ र विखण्डनविद्हरूले नै सरदार र राज्यलाई ऊर्जा दिने कर्म गर्दै रहे ।

त्यसैले युरोपको दरबार, इंडियाको कार्यालय, सरदारहरूको छाता र एनजीओको योजना र निर्देशनमा एकल परिवार र बाबु विनाका नागरिक उत्पादन गरेर मुलुकले अब्बल नाम बनाएको स्पष्ट थियो । यसका लागि चेतना, शिक्षा र स्वास्थ्यतर्फका सेवा निकायहरू र त्यसका नाइकेहरू पुरस्कृत हुँदै रहे ।

यो योजना ल्याउने, लागु गर्ने र सफल पार्नेहरू अन्तर्राष्ट्रिय स्तरका प्रमाणपत्र र शिखर संमानबाट प्रतिवर्ष सम्मानित हुँदै रहे । विदेश यात्रा र यूरो-डलर थाप्न लोभिँदै गए । मुलुकको स्थिति कहाली लाग्दो हुँदै गयो ।

मैले गुनें- सामाजिक स्थिति र नैतिक मर्यादा पोषण गर्न राज्यसत्ताले अभियान नै चल्यो । यो 'स्वत्व' जोगाउने बाटोमा राज्यले नागरिकलाई हिँडाउँदै रह्यो । यसरी नयाँ मूल्य र मान्यताहरू नागरिक समाजबाट स्वीकृत हुँदै गए । सरकार स्वयं प्रेरक रह्यो स्थायित्वका लागि । तर लोक गायकले विमति गायो :

नेता नयाँ जंगलबाट आए
विधान तिन्ले वनकै बनाए ।
विवेक, सद्भाव कतै रहेन
सत्ता भए पुग्दछ- सोच छैन ।
फेरि पनि देश रित्याउने र समाज नङ्ग्याउने कर्म रोकिएन ।

(युवा विहार)

यू टर्न च्याङ्सेको

माङ्देन गाउँका किशोरहरू चुल्ले, च्याल्ले, चापते र च्याङ्सेले अघिल्ला वर्षहरूमा दशैंपर्व जुन उत्साह र जाँगरले मनाएका थिए यस वर्ष त्यसमा थोरै न्यूनता आउने लक्षण देखिन्थ्यो । त्यसको कारण थियो- च्याङ्सेको निर्गमन र चापतेको आगमन । यद्यपि किशोरहरूको सङ्ख्यामा कमी भएन, फेरि पनि च्याङ्सेको अनुपस्थितिले अमिलो अनुभव गराउँन छोडेन । ठालु सरदारहरूले निर्माण गरेको विधानबाट प्राप्त अधिकारको उपयोग गरेर च्याङ्से चार्ल्स हुन पुगेको थियो । त्यसैले त ऊ आफ्ना किशोर साथीहरूको यो समूहमा न खुलेर सम्मिलित हुन सक्यो न दशैंपर्वको खुशियाली मनाउँन सक्ने स्थितिमा नै थियो ।

दशैं शुरू भयो । चारै किशोर देवस्थल पुगे, रोटेपिङमा घुमे, लिङ्गेपिङमा मच्चिए, शुभकामना आदान-प्रदान गर्दै हिंडे । तर चार्ल्स (च्याङ्से) आफैंलाई छल्दै रह्यो र मनमन पिल्सिंदै गयो ।

दशैं मच्चियो । सुब्बा मान्ने र सुब्बाङ्गी थाम्ने, मार हान्ने र फूलपाती मनाउने, फेरि टीका थाप्ने र आशीर्वाद लिने, कोसेली बोकेर आउने जाने, मावली, ससुराली धाउने चलनले निरन्तरता लिंदै गयो ।

यो गाउँमा, यो ठाउँमा पाइला-पाइलामा नीति र मर्यादा झल्किन्थ्यो- संवादमा, सम्बन्धमा, व्यवहारमा अनि सन्दर्भ र परिवेशमा । हो, मौका पऱ्यो कि रूचि, आयु र समूह मिल्नेहरू आ-आफ्नो ढंगले मनोरञ्जनमा जुट्थे । शिष्टाचार, स्वागत, सत्कार र खानपिनमा कतै त्रुटि र कमी थिएन । भन् ज्वाइँ-चेला र भान्जाभान्जीहरूको उपस्थितिले दशैंपर्व र गाउँघर त्यसै उज्यालो र आनन्दमय हुन्थ्यो । लाग्थ्यो दशैं भेटघाट र सम्बन्धको जेठो पर्व हो ।

चार्ल्स हुन पुगेको च्याङ्सेले अब एकान्तवासको अवधि बढायो, आत्मदाहको मात्रा थप्यो, आफूलाई एक्लो ठानेर भोक्राएको भावले अन्तर्मुखी हुँदैगयो । उसले खुलेर आत्ममीमांसा गऱ्यो- 'के को लागि र कस्का लागि म च्याङ्सेबाट चार्ल्स भएँ ? मैले के जितें ? आफ्नो सुख आफैंले बिथोल्नु र गुमाउनु पनि जीत हो र ? यत्रो पर्व जहाँ शताब्दी शताब्दीदेखि दुनियाँ रमाउँदै आएका छन् म त्यसमा रमाउन सक्तिनँ, मैले रमाउनु हुँदैन, जब कि हिजोसम्म त्यसैमा रमाउँदै आएको थिएँ । त्यत्रो संसार आज बिटुलो भो मेरो लागि किन ? किन म छुट्टिएँ एक्लो भएर ! म आफ्नो स्वार्थले चार्ल्स भएँ या अर्काको स्वार्थले मलाई चार्ल्स बनायो ? कसरी बुझ्नु मैले यो घटना ? दुर्घटना नै त होइन ?'

दशैं मनाउँन घरमा बोलाएको सम्झ्यो । 'सबैसँग मिलेर खुशी बाँड्नु' भनेको उसका कानैमा ठोकियो । उसले आमाका वचन सम्झ्यो- 'सांस्कृतिक पीडा विषैलो हुन्छ, बाबु फर्केर आऊ, म टीका लाइदिन्छु र सम्पूर्ण आशिक दिन्छु तिमीलाई र शिरमा चुमेर ओजस्वी रहने शक्ति भरिदिन्छु तिमीभित्र । आऊ, यू टर्न गर । मैले तिम्रा लागि जमरा साँचेकी छु ।'

कोजाग्रत पूर्णिमा आयो, दशैंले विदा लियो ।

तिहारका लागि फूलका बुटाहरू गर्भवती हुँदै गए ।

'भाइ, यहाँबाट उडेको प्लेन जसरी लण्डन पुग्छ, त्यसैगरी लण्डनबाट उडेर यहाँ फर्कन्छ । म टीकाको थाली लिएर पर्खी बस्छु तिमी आउँछौ भनेर, बाटो हेरेर । टीका नसुकोस्, फूलको माला नओइलेओस् । आँखामा आँसु छचल्काएर म निर्मिमेष तिम्रो बाटो हेर्दै रहन्छु, तिमी आएको हुनुपर्छ, फर्किएकै हुनुपर्छ । म आशा राखेर बसेकै हुन्छु -बाँचुन्जेल ।' दिदीले सन्देश पठाई ।

चार्ल्स अन्तर्दाहले छट्पटाउँदै गयो ।

फूलको ऋतु मुस्कुरायो । पञ्चक शुरू भयो । काग र कुकुरदेखि गाई र लक्ष्मीसम्मको पूजा भयो । दीपमालाले गाउँबस्ती शहर र महल जगमगायो । भैली र द्यौसीका खेलले जीवन उत्फुल्ल हुँदैगयो । खेल र नृत्य-गीतले, जनजीवन उत्साहित देखियो । दिदी-बहिनीहरू भातृपूजाको किनमेलमा व्यस्त हुँदै गए । भाइटीकाको साइतको पर्खाइमा घडीपलाको गन्ती शुरू भयो ।

चर्चमा कोलाहल मचियो ।

प्रहरी पुग्यो तर प्रवेश नै पाएन ।

दफा २६ को ३ सक्रिय थियो ।

नेपथ्यमा एउटा अप्रिय घटना भयो- चार्ल्स पिटियो, रक्ताम्य भयो । चर्चमा पुऱ्याएर मल्हमपट्टी गरियो । चार्ल्स सिकिस्त भएको कुरा गाउँमा फैलियो ।

चार्ल्सले यू टर्न लिएर परित्यक्त संस्कृतिमा सहभागी भएको, नयाँ मार्गको अर्थात् गृहीत संस्कृतिको आचारप्रति आस्था नदेखाएको कारण उसको पिटाइ भएको हो भन्ने तथ्य, घटनाको प्रकृति, परिवेश र अनुसन्धानले पुष्टि गऱ्यो । किशोर मन हिजोको चरन क्षेत्र सम्झेर लुकी-लुकी रमण गर्न पुगेकै थियो । त्यसैले पिटियो । द्रष्टाको टिप्पणी थियो ।

स्वयंसेवा संघको स्थानीय निकायले चार्ल्सलाई चर्चबाट निकालेर प्रहरीको चिकित्सा भ्यानमा राख्यो । त्यहाँ उपस्थित ग्रामीण समाजले एकपटक बिजुवालाई स्वास्थ्य परीक्षण गर्न अनुरोध गरेपछि बिजुवाले पनि नाडी परीक्षण गऱ्यो । बिजुवाको मुखको रोगन, कान्ति र आँखाको भाव बुझेर दर्शकहरूको अनुहारमा बादल लाग्दैगयो ।

स्थिति राम्रो नभएको संकेतमा बिजुवा बूढाले दायाँ-बायाँ गरेर थोरै शिर हल्लायो । भाव उत्साहजनक थिएन ।

चर्च चार्ल्सलाई प्रहरीको चिकित्सा भ्यानमा नै उपचार होस् अन्त नलगियोस् भन्ने सोच राख्दथ्यो । तर बिजुवाको अनुहारको भाव पढेपछि गाउँले युवाहरूले प्रहरीको भ्यानबाटै उसलाई सिधै अस्पतालको आकस्मिक सेवामा पुऱ्याए समय नबित्तै ।

ऊ बाँच्यो ।

दिदीको हातको टीका थाप्नु थियो त्यसैले बाँच्यो ।

फेरि ऊ च्याङ्से भएरै बाँच्यो ।

झन्नै ९ वर्षपछि, शरीर छोड्नुअघि बिजुवा बूढाले एउटा चिठी, स्वयंसेवक संघलाई पठाएर आफू दिवंगत भयो । लेखेको थियो- 'च्याँङ्सेको शरीरमा मन्द विषको सञ्चार भएको थियो । आँखाका कोष अनि ओठ र जिब्रोले यो प्रमाणित गरेको थियो । मलाई डर थियो- यो कुरा तत्काल मैले भनें भने गाउँमा युवकहरू खुकुरी र खड्ग लिएर निस्कने छन् र आततायीले जस्तै हजारौं-हजार मान्छे गिड्ने छन् भन्ने सोचेर चुपलागें । चर्च उपचार चाहन्थ्यो

कि चाहँदैनथ्यो भन्न सक्तिनँ । अस्पताल पुगेर च्याङ्से बाँच्यो । अब च्याङ्से नै भएर बाँचोस् । युवाजन र उनीहरूको एकतालाई धन्यवाद छ मेरो ।'

प्रहरीले पनि अनुसन्धान प्रतिवेदन खोल्यो- 'सभामुखको निर्देशन अनुसार हामीले फोहोरमैलाबाट खोजेको तथ्य बाहिर ल्याएनौं । बितेको कुरा नकोट्याउनु नै श्रेयकर होला । रगतको होली फेरि नदोहोरियोस् भन्ने कामना राखेर नै गोप्यता गराएको हो ।'

आफ्ना चाडपर्वहरूमा आफ्नै बुद्धिले आफैं ठगिनु हुनेथिएन । अब न दशैं-तिहार बिथोलिन्छ, न कसैका प्रसन्नता लुटिन्छ । सिंगो गाउँले यस्तै पाठ सिक्यो । यस्तै पाठ पढायो ।

तिहारको फूलबारी दिदी बैनीलाई
त्यै बारीको फूलमाला दाजुभाइलाई ।

(यू टर्न च्याङ्सेको)

रामधुनी

शायद रामधुनी त्यति पुरानो होइन । त्यसैले होला यसको प्राचीनता र ऐतिहासिक महत्त्वलाई लेखकहरूले खासै मूल्य दिएनन् । बूढासुब्बाको कोठेबारीमा घुम्ने रहरलाई पन्साउन कसरी सकिन्थ्यो र ! दशैं बित्यो । तिहार आउँदै थियो । प्रकृति प्रसन्न थियो । राम र लक्ष्मण रामधुनीबाट हिंडे । आश्रममा सीता एक्लै बसिन् ।

जङ्गलमा हिंड्दा-हिंड्दै बाटो हरायो । निशा लाग्यो । बिहान आश्रमबाट हिंड्दा खयरको रङमा बाँङ्गीकाठको चिनी र बेलको मुरब्बा खाएर निस्केको खुराकले पूरै छोडिसकेको थियो । तिर्खाले आकुल पाऱ्यो । झन् उल्टै पसिना बगेर शरीर क्षीण भएजस्तो लाग्यो ।

जरूवा पानी फेला पऱ्यो । यथेष्ट पिए र विश्राम गरे । जङ्गलको शीतल धरती अब निकै सुन्दर लाग्यो । आत्मबल बढ्यो । अनि एकाएक उत्साहित भएर लक्ष्मणले भने- 'रामदाइ अब हाम्रो उद्देश्य पूरा हुने छाँट छ । हेर्नोस् त पानी पिउन आएका जङ्गी पशुका पाइला !'

'हो, अब शिकार भेटिन्छ जस्तो छ । तर पहिले केही खान पाए हुन्थ्यो । कतै गाउँ निस्कने बाटो पनि फेला परेन । कहाँ छौ, त्यो पनि थाह छैन । फर्केर धुनी पुग्ने सम्भावना पनि छैन है लक्ष्मण । बल गरौं वा कतै पुगिन्छ कि !'

एउटा गोहो पहिल्याएर हिंडे । अलि टाढा खुला आकाश देखियो । उत्साहित भएर त्यसैतर्फ लागे ।

वरिपरि जङ्गल चारवटा घरको एउटा गाउँ देखियो त्यहाँ । फुसको छानाको दुईतले घर, मानो बनकर तर्छाउन बनेका अस्थायी आवास हुन् ती टुङ्हरू ।

टुङ्घरको आँगनमा राम र लक्ष्मण पुगे । अनि आफ्नो उपस्थिति जनाउँदै लक्ष्मणले भने- 'घरमा को हुनुहुन्छ हजुर !

'को हो, तल ?'

'हामी बटुवा परदेशी ।'

'त्यतै बस्तै गर है नानी सुकुल तानेर !' घरको माथिल्लो तलाबाट सुब्बेनी आमैले स्वागत गर्दै भनिन् ।

राम र लक्ष्मणले सन्तोषको सास तानेर भू-परिवेशतर्फ दृष्टि घुमाए । तोरीको फूल झर्न थालेको र कोसा भरिन लागेको हरियो-सुनौलो विशाल मैदान देखेर गर्व गरे- कति ममतामयी छ हो कि यो धरती । हरेक कुरा दिएको छ- सत्वलाई । भर्खरै पानी-पटाएको तोरीबारी त्यसै पनि यौवन र सौन्दर्यले परिपूर्ण अक्षत वनिताको सादृश्य झल्काउँथ्यो । प्रकृतिको हरियो पहेंलो छटा र घना वन्य प्रदेशको घेरा देखेर दुवै चकित भए : यौवनवती, सुन्दर र समृद्ध धरतीको दर्शन भो । वाह !'

भित्रबाट मल्खुको डालो च्यापेर सुब्बेनी आमै बाहिर आइन् र प्रसन्नतामा आश्चर्य मिसाएर भनिन्- 'आयाक्को हो ! अनि अलिकति शिकारी जस्तो, अलिकति भिखारी जस्तो कोहरू पो हौ नि यो नानीहरू ! अनि कतादेखि आइपुग्यो नि यतासम्म ?'

दुवैले सुब्बेनी आमैलाई हात जोडेर नमनभाव अर्पण गरे र भने- 'हामी बाटो हराएर यहाँ आइपुग्यौं । भोकै छौं । रामधुनीबाट आएका आमा !'

गोबर र रातो माटोले पोतेको सफा सिकुवा । त्यसै बसौं बसौं लाग्थ्यो । तैपनि सुब्बेनी आमैले पटेरको सुकुल ओछ्याएर भनिन्- 'सुब्बेनी आमैको घरमा भोकै आएको राम्रो नि ! हाम्रोमा को त आउँछ पाहुना भन्ने लाग्दैथ्यो । आयौ, राम्रो भो । आजको दिन फलिफाप भो । पख म हेर्छु है ।'

अर्कोतिर, सिकुवामा पानी छर्किन्, सानु लामो परालको तीनघरे सुकुल ओछ्याइन् । फेरि केराका पात काटेर ल्याइन् र पखालेर ओछ्याइन् । अनि खानेकुरा दुई ठाउँमा हालिन् । फेरि बाँसको घिरीमा हात धुने पानी राखिदिइन् ।

'घाम नडुबुन्जेल यो मौरीले दुःख दिन्छ । म धपाउँछु । तिमीहरू खाइहाल ! तोरीको फूल झरिसकेपछि यो मौरी पनि जान्छ कता-कता ! आजभोलि त यत्तिकै छ । आफ्नू घर जानु मान्दैन ।' सुब्बेनी आमै अवस्थाको जानकारी गराउँदै रहिन् ।

पलेंटी कसेर राम र लक्ष्मणले भोजन शुरू गरे । स्वाद पाएर मुखा-मुख गर्दै खाए ।

थप्तै सुब्बेनी आमैले भनिन्- 'यो चाहिं थपी- थपी खाऊँ बल दिन्छ । यो बूढासुब्बामा चढाएर ल्याएको पर्साद । ठूलो खसी महिषासुरको घोडा ।'

भोक र स्वादको सुरमा सुन्न र बोल्न नभ्याई गाँस टिप्दै गए । सुब्बेनी आमै तिनले मिठो मानेर खाएको देखेर सोधिन्- 'घरमा को-कोहरू छ नानी ?'

'भाउजु मात्र हुनुहुन्छ ।' लक्ष्मणले सीतालाई सम्झेर भने ।'

'उसो भए सुब्बेनी आमाले दिई पठाएको भन्नू । म बोहोतोमा भरिदिन्छु - बूढासुब्बाको पर्साद ।'

'हुन्छ ।' को भावमा लक्ष्मणले शिर हल्लाए । र मनमन भने- 'आपर्द्धर्म ।'

'यो पनि थप । यो मैले घरैमा बनाएको तीन पाने हो । सम्धी, ज्वाईं, मित, भान्जा, गुरू, फेदाङमा जस्तोहरू आउँदा यस्तै दिनुपर्छ । तिमीहरू पनि त्यस्तै ठूलो पाहुना हो । त्यसैले झिकेको नि नानी ! फेरि थप ! बल दिन्छ । म बूढी त यो नभई चल्नै सक्तिनँ ।'

'हजुर सुब्बेनी आमै । खानेकुरा मिठो छ । अनि आँखा लोलाएपछि मस्तीको अनुभव गरेर लक्ष्मणले भने- राम दाइ, यो पेयले चाहिं जादूको काम गर्छ जस्तो छ ।'

'हो, यो पनि तिम्रो भाउजूको लागि एक माना जति पठाइदिन्छु । नबिर्सेर लगिदिनू । नत्र तिम्रो सुब्बेनी आमाको मन दुख्ला नि !'

'हुन्छ आमा ।' लक्ष्मण प्रश्नोत्तरमा तेज थिए ।

रामले सोधे- 'सुब्बेनी आमै, यो कुन ठाउँ हो ? कस्तो राम्रो रहेछ ।'

'यो त पानबारी हो नि ! बुढा सुब्बाको आँगन भन्छन् पानबारी ।'

'यस्तै बाली हुन्छ सधैं ?'

'हुन्छ, तर कोदो यहाँ हुँदैन । कोदो रोप्न निषेध छ । विघ्न पर्छ भन्छन् । यहाँ यस्तै विश्वास छ । उता-उता पानबारीमा भन्दा पर त हुन्छ ।'

राम र लक्ष्मण सुन्दै रहे ।

सुब्बेनी आमाले थपिन्- 'मंगलबार यहाँ जोत्नु हुँदैन । यो वर्त सबैले मान्नै पर्छ । कहिले कसैले जोतेको छैन मंगलबार । जोत्यो भने बाघले वस्तुभाउ टिपिहाल्छ । मान्छेलाई झम्टन्छ । पशुधन नासिन्छ । मरिमराउ

पर्छ । थाह नपाउने रोग लाग्छ । नाता कुटुम्बमा मार पर्छ । जहाँ गए पनि सिमे-भूमे त मान्नै पर्छ नि नानी !' एक सासमा सकिन् र भित्र पसिन् ।

लक्ष्मण लोलाएका आँखाले हरियो-पहेंलो जवान तोरीबारी हेर्न एकाग्र थिए । रामले चाहिं सीताको स्मरण गरेर गुने 'सीता चूल्हो कुरेर पर्खिरहेकी होलिन् ।'

बाँसको एक आँखे ढुङ्ग्रोमा तिनपाने खोयाबिर्के र एक बोहोतो शिकार ल्याएर सुब्बेनी आमाले लक्ष्मणलाई दिएर भनिन्- 'तिम्रो सुब्बेनी आमैले दिई पठाएको भन्नु है नानी तिम्रो भाउजुलाई । यो बूढा सुब्बाको पर्साद हो ।'

+ +

राम-लक्ष्मण बेलुका रामधुनी पुगे । सीता मलिन अनुहार लिएर पर्खिरहेकी थिइन् । दिनभरि भोकै । पति परमेश्वर बाहिर । स्थिति सामान्य भन्नु कसरी !

सीताले भोजन पस्किन् । एक गाँस खाएपछि रामले सम्झेर भने- 'सुब्बेनी आमाले सीतालाई दिएको प्रसाद ल्याऊ न लक्ष्मण, हामी पनि अलि-अलि खाउँ, अनि सीतालाई सबै देऊ ।'

राम र लक्ष्मणले मुखामुख गरे रमाइलो मानेर खाए पनि, पिए पनि । सन्तुष्ट देखिए ।

जब सीताले खाइन्, एक घुट्की पिइन् र असह्य भएर उनी बाहिर निस्किंदै थुकिन् र भनिन् 'छिः कस्तो पर्साद हो यस्तो रक्सी जस्तो ! अभक्ष मासु जस्तो !' उनी रिसाएर बोलिन्- 'कसैको लोग्ने रक्साहा नहोस् ।'

रिसले पतिलाई अवाच्य भन्दै उनी के बाहिर पुगिन् र खाने-पिउने कुराको के अपमान गरिन्, बस राउन्ने जङ्गलबाट आयो र कुटीको आँगनबाटै सीतालाई घिसारेर लग्यो ।

राम लक्ष्मण हेरेको हेर्‌यै भए ।

पतिको निन्दा र भोजनको अपमानको प्रतिफल त थिएन यो ? हैन, घरमा अभक्ष ल्याउनु हुने नै थिएन कि ! घटना र प्रश्न कालान्तरसम्म सुनिंदै रह्यो ।

(रामधुनी)

रूप बिगार्ने सुन्दरीहरू

एयरपोर्टको विश्राम स्थलमा एभरेष्ट र पिरामिड बीच संवाद चल्यो । फ्लाइटको पर्खाइमा समय बिताउनु र छुट्टिनु पनि थियो ।

'मिस्टर एभरेष्ट, दायाँतिरबाट आउँदै गरेका चार पोथी शरीरलाई हेर है !'

'हेरें, देखें, ब्यूँझायौ मलाई, धन्यवाद तिमीलाई !'

'भन् त के देखिस् ?'

'कस्तो प्रश्न हो यो ? प्रश्न त त्यो हो जसको उत्तर सही र मांसल हुन्छ ।' एभरेष्टले यस पटक मृदु र भावपूर्ण प्रहार गऱ्यो ।

'तैपनि ?' पिरामिडले हठ छोडेन ।

'अफ्रिकन, ककेशियन, मंगोलियन, ल्याटिन-आर्यन् बडी (शरीर) देखें । विशिष्टताका साथ प्रत्येक शरीरले एकबाट अर्कोलाई पृथक् अस्तित्वका देखाउँछन् ।' एभरेष्टले बुझेको कुरा गऱ्यो ।

'कसरी ?'

'शरीरको बनोट, रंग, केशको स्वरूप तथा आँखा र नाकको विन्यासबाट । किन्तु तिनमा निहित सुवास, संवाद कौशल, स्मिति, माधुर्य, ज्ञान र संस्कार जस्ता आन्तरिक गुण-धर्महरूको नापतौल चाहिं सजिलै हुन सक्तैन ।'

'यसको अर्थ हो, तँ सौन्दर्यको पक्का पारखी होस् ।'

'हैन, तिमीलाई भ्रम भो, म मात्र जिज्ञासु र खोजकर्ता हुँ, बस् ।'

'याने मिस्टर एभरेष्ट, तेरो ज्ञान र चेतनाको तह म बुझ्न सक्तिनँ, हारें ।' अब पिरामिड थाकेको शैलीमा ओइलाए जस्तो देखियो ।

एकछिन सोचेर फेरि एभरेष्टले भन्यो- 'हेर पिरामिड, व्यापारिक शैलीको मापनले नारी सौन्दर्यको मूल्याङ्कन हुन सक्तैन न यो नै अन्तिम सत्य र परिणाम हो भन्न मिल्छ ।' उसले कारण उपस्थित गरेर थप्यो- 'प्रतियोगितामा उपस्थित

हुनेहरूबाटै सुन्दरी छनोट हुन्छ, तर संसारमा कयौं सुन्दरी सुन्दरताको अब्बल उचाइमा पुगेका हुन्छन् र अप्रतीम नै रहन्छन् । तिनका अगाडि प्रतियोगितामा छानिएका वा विजेताहरू न्यून सौन्दर्यका देखिन पुग्छन् । दाँज्ने कुरा त गर्ने हुन्न । अन्याय हुन्छ । सौन्दर्य त त्यो हो जो यौवन वा आयुसीमासँग मात्र सरोकार राख्दैन । सौन्दर्यको सीमा अलिक फराकिलो हुन्छ ।'

पिरामिड एकोहोरो सुन्दै रह्यो । अनि मौनता खोलेर यति मात्र भन्यो- 'हुन त हो, जो नाप-तौलका लागि प्रस्तुत हुन्छ- उसैको मूल्याङ्कन गर्ने हो । तर धूलो पुछेर सजाएका स्याउको सौन्दर्यभन्दा एक्लै-एक्लै रूखमा झुम्मिएको स्याउको सुवास, स्वाद र सौन्दर्य न्यून होला त ? शायद चलेको मूल्याङ्कन प्रणाली गलत छ कि ! सोच्नै पर्छ । के थाह देखिन आउनेभन्दा खोजेर भेटिने अनुपम होस् ?'

मित्र पिरामिड, सौन्दर्य पोषक र सौन्दर्य वर्धक तत्त्व के हुन् बुझेका छौ ? अब तिमी यसै विषयमा रिसर्च गर । र यो पनि जान तिमी जस्तो भाषा अरूका लागि प्रयोग गर्छौ त्यस्तै भाषा तिम्रा लागि अर्कोले प्रयोग गऱ्यो भने तिम्रो सौन्दर्यमा क्षति आउने छैन कि ? यस पटक थोरै छद्म व्यङ्ग्यको चावुक देखायो एभरेष्टले ।

मिस्टर पिरामिड झस्के झैं भयो ।

नजानिंदो ढंगले अर्को प्रसङ्ग तानेर पिरामिडको ध्यान तान्दै एभरेष्टले भन्यो- 'वास्तविक र कृत्रिम सौन्दर्यको भेद (अन्तर) छुट्याउने आयोजनाको उच्च सफलताको पनि एउटा रोचक कथा नै छ ।'

'मिस्टर एभरेष्ट, म त्यो कथा सुनेरै छुट्टिन्छु । भन ।'

'नारी सौन्दर्यको मूल्याङ्कन स्थायी, अब्बल, वैज्ञानिक र सर्वमान्य नठानिएको हुनाले केही भिन्न प्रक्रियाबाट वास्तविक र अनुपम ब्यूटीको पहिचान (स्वत्व) पहिल्याउने यत्न गरिएको एउटा सानो झिल्का घटना मात्र हो । त्यसैले कथा- गाथा लामो पनि छैन ।'

एभरेष्ट भन्दै गयो- 'निर्दिष्ट स्थान र समयमा सुन्दरीहरू उपस्थित हुँदै गए । कारको ढोका खुलेपछि नै सौन्दर्यको मूल्याङ्कन शुरू हुन्थ्यो, किन्तु सुन्दरीहरूलाई त्यो कुरा थाह हुँदैनथ्यो ।

यहाँ सौन्दर्यको प्रदर्शन गर्ने विधि वा शैली बिल्कुल भिन्न थियो । प्रतियोगीहरू सौन्दर्य प्रदर्शन गरिने वास्तविक कक्ष र स्टेजको खोजीमा

हुन्थे किन्तु त्यस्तो ठाउँ नै त्यहाँ थिएन । त्यो स्थल त सुन्दरीहरूका लागि संसारका सर्वोत्कृष्ट प्रसाधन/शृङ्गारका सामग्रीहरूको प्रदर्शनी र बिक्री कक्ष थियो- तीन दिनका लागि । अर्को भागमा सुविधा सम्पन्न होटल-कक्ष, जहाँ उनीहरूको सामान कारबाटै पुगिसकेको थियो ।

बस, प्रतियोगितामा भाग लिनेले एउटै शर्त मान्नु पर्थ्यो, प्रसाधन/शृङ्गारको बक्स ल्याउन निषेध थियो र त्यसको पालना पनि भएकै थियो । वास्तवमा शयन कक्ष, स्नान कक्ष र प्रसाधन कक्षमा जे जे चाहिन्थ्यो र हुनुपर्थ्यो त्यसमा कमी थिएन । सोचेभन्दा बढी थियो- त्यसको व्यवस्था ।

प्रसाधन सामग्रीले भरिएका दुई सेट शृङ्गार बक्स पनि सम्बन्धित प्रतियोगीको कक्ष पुगिसकेका थिए । र अर्को महत्त्वपूर्ण कुरा के थियो भने जे कुरा त्यो बक्समा छन् तिनको सूची पनि त्यहीं थियो । त्यसैले सबै थोक पारदर्शी थियो ।

प्रतियोगिता चलेकै हुन्थ्यो- सुन्दरीहरूले थाह नपाएरै । प्रसाधन प्रदर्शनीको विराट जमघटमा सुन्दरीहरूकै मेला र भेला हुँदैरह्यो । किन्तु सुन्दरीहरू उपस्थित हुने, घुम्ने, देखिने संवाद गर्ने र सौन्दर्यको परख गर्ने क्रम घट्दै गयो ।

तेस्रो दिन, तोकेको ठाउँ र समयमा उपस्थित भएर सामूहिक र एकल फोटो लिनु थियो अनि पुरस्कार थापेर सञ्चार सञ्जालमा छाउनु पनि थियो र सुन्दरीको दर्जाले विभूषित पनि हुनु थियो ।

किन्तु महान् आश्चर्य एकदेखि दशसम्म गनिएका, मानिएका सुन्दरीहरू शत प्रतिशत मंगोल कित्ताका युवतीहरू थिए जसले सौन्दर्य प्रतियोगिता जितेर अन्यतम कीर्तिमान स्थापित गरे । सौन्दर्यको गाथा यही हो । घत लाग्दो छ हगि !'

'घतलाग्दो हैन मिस्टर एभरेष्ट, ठेस लाग्दो छ । म जान्न चाहन्छु कसरी यस्तो भो ?'

'मसँग यसको उत्तर छ नि ! जो शरीरका रौं काटेर, चुँडेर, खुर्केर र उखेलेर क्षणिक सुन्दर देखिन्थे, तिनले शृङ्गारको डिब्बामा कपाल-रौं झार्ने साधन भेटेनन् । रौं सफा गर्न नपाएपछि लोमवतीको शरीर खस्रो र घोच्ने-बिझाउने भइसकेको थियो । दाढीवाली, जुँगेवाली अनुहार बिग्रेर राक्षसी लुकमा पुगे । ऐना हेरेपछि आफ्नो अनुहारसँग आफै डराए । शर्मले अरूका अगाडि पर्ने छोडे । किन्तु यी सबै दृश्य होटलको कक्षमा क्यामेरा बन्द भइसकेका थिए ।'

यति मात्र होइन, सुन्दरीहरूको शरीरको स्वाभाविक सुगन्ध र साथै निद्राको घुराई, एकोहोरो प्रलाप, बर्बराई र सुतेर उठ्ता-उठ्तैको अनुहारको छवि पनि क्यामेराले देखाइसकेको थियो । त्यसैले पीतवर्णी निर्लोम मंगोल सुन्दरीको प्राकृतिक सौन्दर्यका अगाडि यी कृत्रिम सौन्दर्य देखाएर हिंड्ने लोभवतीहरू स्वतः पराजित भए ।'

'प्रश्न छ यस्तो रौं चुँड्ने, उखेल्ने, ताछ्ने वा काट्ने घातक दीक्षा कसले दियो होला युवतीहरूलाई ।'

'कुरा सिधा छ । उद्योगपतिले, व्यापारीले, मिडियाले साथी सर्कल र प्रतिस्पर्धाले अनि सुन्दरीले आफैंले पनि सिके, आफ्नै अविवेकले । देखिने ठाउँका रौं त चलाउनै मिल्दैन नि ! तर त्यस्ता साधनको व्यापार र लोकप्रियता यति बढ्यो कि तिनको उत्पादन र व्यापार कदाचित् रोकियो भने केही समयसम्म सुन्दरीहरू नै देख्न पाइने छैन ।'

'गजब छ हकि !'

'मित्र, म तिमीलाई अर्को बुँदा पनि भन्छु जसलाई सुन्दर भन्छौं नि, यदि बोली वचन नमिठो छ भने त्यो सौन्दर्य सीसाको महल टुटेझैं छिनभरमै नष्ट हुन्छ । त्यसैले सौन्दर्यको अन्मतम उचाइ त उसको बोली वचन नै हो । रूप त पूरक मात्र हो । बोली वचनले नै उसको आन्तरिक सौन्दर्य अर्थात् अमूर्त सौन्दर्यलाई पनि पारदर्शी गरिदिन्छ नि, तिमी कल्पना गर्न सक्छौ ?'

पिरामिड सुन्दै रह्यो ।

'मित्र, अब एउटा वाक्य बाँकी छ । त्यो पनि सुनिहाल ।' एभरेष्टले भन्यो- 'रौं प्रशोधन गर्ने उपकरणका दुई-दुई सेट (बट्टा) उपहार दिएर लोभवती सुन्दरीहरूलाई आयोजना स्थलबाट विदा गरे ।

'शरीरका रौं खुर्केर, खौरेर, चुँडेर, उखेलेर, झारेर त क्षणिक सौन्दर्य मात्र झल्किने रहेछ, वास्तविक सौन्दर्यले त्यति विघ्न प्रसाधन नै माग्दैन । जो सुन्दर छ, त्यसलाई सजावट नै चाहिदैन । गलत गरिएछ कि भनेर चिन्तित भए, र उपहारमा पाएका रौं नाशक उपकरण र औषधि कसिंगर गरेर सुन्दरीहरू हिडे ।'

'हो, घटना रोचक मात्र होइन, मार्मिक रहेछ, छोयो । धन्यवाद ! म हिंडे । उडानको वेला भो ।' पिरामिड छुट्टियो ।

'मित्र, यात्रा सुखद रहोस् !'

(रूप बिगार्ने सुन्दरीहरू)

वर्जित भाषा र करणी मुद्दा

न्यायपीठको सूचना पाटीमा मानिसहरू झुम्मिदै र पन्सिदै थिए । 'के छ ? के हो ?' को उत्सुकताले मलाई छायो । गएर विषय पढें- 'अदालती कारबाही वा बहस पैरवीमा संस्कृत भाषाका शब्दहरूको प्रयोग गर्न निषेध आज्ञा जारी गरिएको ।'

विस्तार पनि पढें ।

'संस्कृत भाषाका माध्यमले समाजमा असंस्कार फैलाएको, परम्परागत स्थानीय संस्कृतिमा अतिक्रमण गरेको, पठन-विवेचनामा जाटिलता ल्याएको, कुनै खास वर्गको भाषा बन्न पुगेको, पाठ्यक्रमबाट समेत हटाइसकिएको र लामो समयदेखि राज्यका विभिन्न एकाइ र समाजका अनेक तहले पूरै असहिष्णुता देखाएको हुनाले आजका मितिदेखि लिखत र बहस पैरवीमा संस्कृत भाषाका शब्दको प्रयोग वा व्यवहारलाई निषेध गरिएको जानकारी सम्बन्धित सबैलाई गराइन्छ ।' गुनें दुवाली त राम्रैसँग थुने जस्तो लाग्यो ।

'न्यायपीठको सचिवालयको सूचना शाखाले टाँसेको यो सूचना असहज र विस्मयकारी बहसको कारक हुने निश्चित थियो । फेरि बाघ पनि कराउनु सिंगारी पनि हराउनु भने जस्तै करणी मुद्दाको बहसको सन्दर्भ पारेरै यो भाषा-निषेधको सूचना टाँसिएको हो कि ?' मैले कसैको संवाद सुनें ।

केही पुरातन चिन्तन राख्नेहरूकोतर्फबाट पनि गुने- 'न्यायालयलाई उडाउने योजनाले भाषाबार ल्याइएको हो कि ? लज्जा त्यागेर करणी मुद्दाको बहसले पूर्णता लेला त ? किन्तु असम्भव के छ र यो माटोमा, यो व्यवस्थामा, यो बहुमतमा, बलियो राज्य सत्ताको धुरीमा ।'

न्यायपीठ जनअदालतमा परिवर्तन भएको रहेछ । अब म इजलासमा पुगें । अदालती कारबाही शुरू भयो । तर अभियुक्तले कुनै पुस्तकलाई छोएर वाचा गर्न चाहेन । उसले आत्मालाई र आफ्ना दिवंगत पुर्खालाई साक्षी राखेर सत्य बोल्ने वाचा गर्न चाह्यो । जनअदालतले त्यो मञ्जुर गऱ्यो । मलाई यो पनि ठिकै लाग्यो ।

जजले भन्यो- 'जनअदालतको मर्यादा राखेर सभ्य र शालीन भाषामा बहस चलोस् । अब यसतर्फ नै अभ्यास हुँदैरहनेछ । र स्मरण रहोस्- अब संस्कृतका शब्दहरू यहाँ प्रयोग हुने छैनन् । नयाँ संस्कारको राज्यव्यवस्थाभित्रको यो कदम हो । अश्लीलता नमानियोस् ।'

वकील कालुप्पे फाकुम्बाले जजको शब्द टिपेर भन्यो- 'बिल्कुल अश्लीलता नमानियोस् । तर जजले नै भन्नु भो- 'अश्लील ।' यो शब्द पनि संस्कृतकै हो । आरम्भमा नै अवाञ्छित कुरा भएको छ । र यो मुद्दा जुन खालको हो त्यसलाई पनि संस्कृत शब्दकै उझिण्डोमा झुण्डाइएको छ । किन होला ?'

मैले वकीलको व्यंग्यमा धार पनि देखें ।

अब, करणी मुद्दाको कारबाही शुरू गर्दै पीडित पक्षको वकील मस्यामराज तराजुले पीडक युवक उभिएको काठेबार छेउ पुगेर सोध्यो 'मानुष, तपाईं आफूलाई चिनाउनु होस् ।'

'जी, म सेते मुडुले ।'

'मुडुले के यो नयाँ थर हो ?'

'संन्यासी भनेको, संस्कृत जोगाएको ।'

एकपटक इजलास खुशीले हाँस्यो ।

'फेरि थालनीदेखि भन्नुहोस् ।'

'जी, म सेते मुडुले, उमेर २१ । रगतको जात ० पोजिटिभ, उचाई ५ फीट ८ इन्च, रङ नस्पाति । म सडक सन्तान हुँ र मलाई गुरिल्ला फौजको छोरा भन्छन् । मुलुकले मलाई दफा ११.४ भित्र राखेको छ । तर म त्यो हैन । गुरिल्ला कमाण्डर नै मेरो नालिबेली जान्लान्, उनैले भन्नु पर्छ ।'

'तपाईंलाई कस्तो मुद्दा लागेको छ थाह छ ?'

'जी, जबरजस्ती संभोग गरे वापत लागेको मुद्दा । तर सल्लाहले नै गरेका हौं, जबरजस्ती गरेनौं ।'

इजलासका मान्छेले कान थुने ।

'थाह छ यसको सजाय कस्तो हुन्छ ?'

'जी रंगा-बिल्लालाई दिए जस्तो हुनसक्छ, दोषी ठहरिए म त्यस्तो सजाय भोग्न तयार छु ।'

रंगा-बिल्ला को थिए ? तिनले के गरे र कस्तो सजायँ पाए भन्नेतर्फ कानूनको पैरवी गर्नेले घोल्त्याइँ देखाए ।

'कसैले चाह्यो भने तपाईंलाई कालबाट जोगाउँन सक्छ ? के लाग्छ ?'

'जी, उनले चाहिन भने म बाँच्न सक्छु ।'

'हैन, यो कस्तो मुद्दा हो ?' इजलासमा एकान्त संवाद भो- कान कानमा । केटाले संभोग गर्छु भन्छ । केटीले हुँदैन, दिन्न, तँलाई गराउँदिन, तँसँग सुत्तिन भन्छे; मान्दिन । तर केटाले जसरी पनि बल-प्रयोग सुताएरै छोड्छ, गरेरै छोड्छ र यस किसिमको एकपक्षीय घोटाइलाई कोर्टमा पुग्दा करणी मुद्दामा दरिन्छ ।

'यो मात्र लिंग र योनीको संघर्ष हो र भाषाको बारले यो मुद्दा जटिल भएको हो ।'

वकील मस्यामराज तराजु अब अर्को काठेबारभित्र उभिएकी केटीछेउ पुग्यो र भन्यो- 'तपाईं आफ्नो चिनारी दिनुहोस् मैया ।'

'म रति योगी । उमेर १९ । उचाई ५ फीट ४ इन्च । रगत ० पोजिटिभ । अम्बा रङ । आँखा र कपालको रङ कालो । छाती ३१, कम्मर २७, नितम्ब ३४ इन्च र भित्रिकपाल झारेको ।

भैगो, अब भन्नुहोस्, तपाईं सेतो मुडुलेलाई कहिलेदेखि जान्नु हुन्छ र यस्तो घटना कसरी घट्न गयो । के उसले तपाईंसँग जबरजस्ती गरेकै हो ?'

'चिनेको एक हप्ता जति भएको थियो । उसले दिएको सम्मान र प्रेमले म आकर्षित भएँ । एकदिन तपाईं जस्तो साथीसँग चिकाबाजी खेल्ने रहर छ भन्यो । त्यो भनेको कस्तो खेल हो भनेर सोधें । दुईजना मिलेर खेल्ने खेल हो भन्यो । अनि त्यो दिन उसले त्यो खेल खेल्ने विचार गरेछ । मलाई जाऊँ आज मौसम पनि मन पनि चिकाबाजी खेल्न माग्दैछ भन्यो । नामै नसुनेको कस्तो खेल होला भन्ने लागेको थियो । पछि त्यस्तो गर्न पो रहेछ ।'

'के यो कुरा, यो खेल अचानक भएको हो भन्न सक्नु हुन्छ ?'

'हैन, अचानक त होइन । सोचेर, योजना मिलाएरै खेलेको हो ।'

'खुलेर छोटकरीमा भन्नुहोस्- जनअदालत जान्न चाहन्छ ।' मस्यामराज तराजुले घटना तौलने हिसाबले कुरा खोतल्दै भन्यो ।

'माइक्रो बसबाट ओर्लेर हामी दुई-चार पाइला टाँसिदै, अँगाल्दै हिंड्यौं । बाटो छाडेर थुम्की उक्लियौं । एकले अर्कोलाई मद्दत गर्दै हिंड्यौं । माथि पुगेर दक्षिणतिर हेर्दा तल मैदानमा फैलिएको शहर देखियो- भेडेटाहारबाट धरान जस्तो ।'

अनि ?

'उसले स्याउला-पात ओछ्यायो । मैले आफ्नो ज्याकेट ओछ्याएँ ।'

के तपाईंले यत्रो लामो सिलसिलालाई कहीं पुग्नका लागि होला भन्ने होश लिनुभएन ? अनि तपाईंको भित्र कुनै तिर्सना जन्मेन ?'

'जन्म्यो बाटैदेखि जब हामी अँगालोमा च्यापिंदै हिंड्यौं । मैले रमाइलै मानें । एकाअर्कासँग ढेपिंदै र ठेलिंदै हिंड्यौं, त्यो पनि प्यारै लाग्यो । त्यसले मलाई अर्कै दुनियाँमा पुऱ्याएजस्तो लाग्यो ।' फेरि उसको स्पर्शमा संमोहन र चुम्बनमा विचित्र आकर्षण थियो । ऊ यसैमा लाटिएँ-लट्टिएँ भन्न खोज्थी तर भाषाको बारले रोक्यो उसलाई ।

'के त तपाईंले यो सबै होशमै गर्नु भएको हो ?'

'यहाँसम्म त मलाई होश थियो, तर जब मलाई उसले अँगालो हाल्यो म पग्लिएछु, मैले होश पाइनँ । आनन्दले आफैंलाई लठ्याए जस्तो भो, आँखा खुल्नै मानेन । तर जब उसले मेरा ओठहरूमा तल/माथि चुस्न थाल्यो मैले आफूलाई पूरै बिर्सेछु ।'

इजलास सुन्दै रह्यो ।

'अनि ?'

'चिसो हावाले मलाई अल्छिपना र थकाइबाट उठायो । शरीरमा चिसो लागेको जस्तो भो । थाह पाएँ क्यै भएछ । उसले सोध्यो- 'कस्तो छ तिमीलाई ? कस्तो लाग्यो यो खेल ? त्यै क्या चिकामारी खेल ? तिमी त लठ्ठिएर सुत्यौ नि एकछिन !'

'अब म झस्किएँ । त्यो मैले चाहेको थिइनँ ।'

युवतीले अवहित्था नदेखाई बयान दिई भन्ने मैले ठानें र म पनि उत्सुक भएर इजलासमा बसिरहें ।

प्रतिपक्षको वकील कालुप्पे फाकुम्बा प्रतिवाद गर्दै उठ्यो । उसले तातेर भन्यो- 'यो जबरजस्ती मैथुन गरेको हुनै सक्तैन । मजालिन संभोग गराउनेले जबरजस्ती भोग्यो भन्न मिल्छ ? रति योगीले चाख लिएर आनन्द मानेको

वयानले यो मुद्दा मिलेमतोको हो, करणीमा दरिन सक्दैन, बरु आफूले अघाउन्जेल मजा लिनका लागि तन्नेरी गोरेलाई आफ्नो गैरी खेत जोत्न लगाएकी हुन् । म यो कुरा प्रूफ गर्न चाहन्छु र यसका लागि अदालतसँग दर्खास्त गर्दछु ।'

'अगि बढ्नुहोस् ।' जनअदालतले आदेश दियो ।

'जज साहेब । राज्यले भाषाको सन्तुलित विकास गर्नु पर्ने ठाउँमा नियन्त्रण र अवरोध गरेको हुनाले सम्बोधन गर्न चाहिने संमान सूचक शब्द बिर्सनु पर्ने भो । त्यसैले ऐजन मौकामा ऐजन खेलको वहस गर्न ऐजन शब्द बोल्न अप्ठेरो हुने हुँदा मलाई अन्य वैकल्पिक शब्द राख्ने मौका मिलोस् भनी माग गर्दछु । सकेसम्म लाडा-भाँड जोगाउने छु ।'

'गलत ! रोक, स्टप, भन्दै पीडित पक्षको वकील मस्यामराज तराजु उठ्यो र भन्यो- 'वकील फेल हुनु भो । उहाँले वर्जित भाषाका शब्द बोलेर जनअदालतको हुकुम काट्नु भयो । अदालतको हुकुम नाघेर बहस गर्ने औकात उहाँसँग छैन ।'

अदालत बोल्यो- 'संस्कृत शब्दबाट जोगिएर बहस गर्नु होला मिस्टर फाकुम्बा ।

'बोली त मान्छेको बढप्पनको चिन्हारी हुने गर्छ । अब सरकार र अदालत मिलेर नंग्याउछन् भने थाम्ने कसले ? के नांगोपनबाट जोगिन अर्को चुनाव पर्खनै पर्छ त ? अथवा ?' आत्मकथनपछि वकील कालुप्पे फाकुम्बाले खुलस्त भन्यो- 'जज साहेब यदि संस्कृत शब्द प्रयोग नगर्ने हो भने भाषाबाट जोगिने लज्जा पनि लज्जा हो र ? यसतर्फ नै दुई शब्द किन नबोल्ने ? म सरकार र अदालतकै भनाइलाई पुष्ट गर्न थप केही भन्न चाहन्छु अनि आफ्नो बहसमा लाग्छु ।'

'इजाजत छ ।'

'जज साहेब अब त खुलेरै भन्नुपर्ने भो- हाम्रो जिउमा टाँसिएका, झुन्निएका, च्यापिएका, चिरिएका, थिचिएका अङ्ग-उपाङ्गहरूको नाम लिनु फोहोर हो र ? ती खराब हुन् र ? अनि तिनको भोक तीर्खा र तिनको खेल र रमाइलो खराब हुन्छ र ? यदि यस्ता कुरा, तिनको नाउँ र खेल खराब हुन्थ्यो भने काटेर किन फ्याँकिएन, किताबबाट किन हटाइएन, आजसम्म जोगाउँदै चलन चल्तीमा किन ल्याइयो ? त्यसैले म राज्यशक्ति र अदालतको निर्णयलाई स्वागत गर्छु र सुत्ने-सुताउने मुद्दामा बहस गर्न थाल्छु ।'

'शुरू गर्नुहोस् ।'

जब वकीलले निःसंकोच अश्लील शब्द प्रयोग गरेर छिचि-याइँ-फो-याइँ भन्न थाल्यो धेरैले कान थुने ।

वकील कालुप्पे फाकुम्बा रति योगी उभिएको काठेबार नजिक पुग्यो र भन्यो- 'शायद तपाईंको नामसँग कुनै नमिठो छैन अदालतलाई; नत्र तपाईंको नाम पनि फेरिदो हो । अब भन्नुहोस् तपाईं जुनवेला हावाबाट बिउँझिनु भो कस्तो हालतमा आफूलाई देख्नु भो ?'

सिंगान र खकारमा लट्पटिए जस्तो थिएँ । मलाई असाध्य घिनलाग्यो । म आफै गन्हाएकी थिएँ । मेरो ज्याकेटमा फोहोर-फोहोर थियो । -याल र रगत पनि देखें ।

'पेन्टी ?'

'छेउमै थियो ।'

'फेरि ?'

'ज्याकेटको ओभानो तिरबाट पुछें आफूलाई सफा पारें । ओछ्याएका स्याउलाका पातले पनि पुछें । बोतलको पानीले धोएँ । अनि पेन्टी लगाएँ । उसले पेन्टी लगाउन हेल्प गऱ्यो ।'

'फुकाल्न पनि हेल्प गऱ्यो होला सेते मुडुलेले ?'

'त्यो त मलाई सम्झनै छैन उसले कि मैले ।'

'के उसले कुनै नशा लिएको थियो ?'

'अँ हँ ।'

'तपाईं नि ?'

'म त आफ्नै जवानी, उसको अँगालो र किसको नसिलो रागले लट्ठिँदै थिएँ । पेन्टी कसरी सऱ्यो र छेउमा पुग्यो नशाको बेहोशीले गर्दा होला थाह पाउँन सकिनँ ।'

इजलासलाई सत्यताप्रति विश्वस्त हुँदै गयो ।

'भन्नुहोस् त रतिजी तपाईंको जिउमा कुनै चोटपटक दाग वा घाउ लागेको छ खास गरी त्यसवेला जब तपाईं आफ्नो ज्याकेटमाथि सुत्नु भयो ।' वकील कालुप्पे फाकुम्बाले सोध्यो ।

'मैले बुझिनँ ।' रति योगीले अर्को पटक प्रश्न सुन्न चाही ।

'यो फूल जस्तो जिउमा कसैले चिथोरेको, नङ्ग्याएको, टोकेको, अठ्याएको, चिमोटेको त्यस्तो कुनै दाग पारेको थियो त्यसवेला ? लाजमात्र छोपेर अदालतलाई जिउ देखाइदिन सक्नुहुन्छ ?'

'त्यस्तो केही थिएन । अझ मेरो जिउ असाध्य हलुका, फुर्तिलो र मन फुरूङ्ग थियो । अर्को दिन हिंड्दा असजिलो भएको हो कि जस्तो लाग्यो एक छिन । त्यत्ति नै हो । तर मनमा खुशी भरिए जस्तो लागेर आयो । त्यसवेला मलाई राम्रै सम्झना छ' भन्दै ऊ किंचित लाज छोपेर नग्न प्रायः भइदिई ।

मैले चाहिं जनअदालतले नारी र पुरुषलाई समान ठानेको रहेछ नत्र महिला प्रहरीबाट बुझ्न सक्थ्यो, भन्ने ठानें । गलत ठानेछु । वकील र सुन्दरी दुवै सहज रूपले प्रस्तुत हुँदै थिए तैपनि मैले गुनें, खुशी पनि अनि फेरि करणी पनि ? यो त प्रणय-विधि र परस्पर विश्वासप्रति चोट होइन र ! सम्मानजनक स्पर्श र लीलालाई करणी भन्ने ? हत्तेरिका के भयो हँ यो समाज ?'

कालुप्पे फाकुम्बाले भन्यो- 'म अदालत समक्ष दर्खास्त गर्दछु- यो करणी मुद्दाले निज रति योगी करणीमा परेको यकिन हुँदैन । ठोकुवा हुँदैन । सल्लाह र खुशीले खेलेको मैथुन खेललाई करणी गरेको भन्न सकिन्न अर्थात् रेप केशको कुनै गोहो यो मुद्दामा देखिंदैन । त्यसैले यो सुरतक्रीडा नै हो । करणी होइन ।'

उसले लक्ष्य औल्याएर भन्यो- 'जुन ठाउँमा जुन चिजले जुन ढंगले जे गर्दा रेप गरेको पक्का ठहर्छ त्यहाँ त्यस्तो कुनै निसान, चोट, घोटाइ, सूजन वा विद्रूप भएको देखिंदैन । म भन्दिन, अर्थात् यो भनाइ मेरो होइन, मेडिकल जाँचले यो कुरा भन्दैछ । डाक्टरको रिपोर्ट यस्तो छ ।' उसले मेडिकल चेकको रिपोर्ट जजतर्फ बढायो । र थप्यो 'जज साहेब, रति योगीको जिउमा कुनै खति नदेखिनु नै कसूर भैदियो उनका लागि ।'

अब मैले सार निकालें, सुरत क्रीडाको यो घटना मनोविज्ञान र शरीर विज्ञानका दृष्टिले प्रचुर स्वस्थकर भएको बुझिन्छ । यो यथार्थमा हेल्दी स्वस्थकर संभोग थियो भन्ने मेरो मूल्याङ्कन हो । यो वाञ्छित थियो ।

वकील फाकुम्बा पैरवीमा केन्द्रित थियो । उसले भन्यो- 'आयो मुद्दा हाल्ने कुरा, यो चाहिं हलुका सोच हो र साँच्चै खेलाँची नै हो । यस्ता खेल खेलेर अदालतको समय बर्बाद गर्न पाइन्न । अदालतसँग पनि खेलाँची गरेकै हो रति योगीले । उनी कसुरबार छन् । र मेरा क्लाइन्ट मिस्टर सेते मुडुले करणी मुद्दाको दागबाट फुक्का आजाद हुनुपर्छ । मेरो भनाइ यही हो ।'

इजलास उत्सुकताले भरियो ।

म पनि मुद्दाको किनारा हेर्न उत्सुक भएँ ।

रति योगीतिर फर्केर कालुप्पे फाकुम्बाले सोध्यो- 'अब नढाँटी भन्नुहोस्, तपाईले आफ्नो तन्नेरी याने ब्याइफ्रेन्डलाई फसाउँन करणी मुद्दा किन हाल्नु पऱ्यो ?'

'ऊ मेरो ब्याइफ्रेण्ड होइन, मैले त चिकाचिकी खेल कस्तो हुन्छ भनेर जान्न खोजेको मात्र हो । उसको रहर देखेर उसलाई साथ दिएको मात्र हो । खेल त्यस्तो होला र नतिजा यस्तो निस्केला भनेर सोचेकै थिइनँ । ममाथि उसले खेले छ, मैले खेलेकै होइन ?'

'कुरा न लुकाउनुहोस् अन्जान नबन्नुहोस् । तपाईंलाई करणीमा परें भन्ने कसरी थाह भयो ? फेरि कसरी सेतेलाई करणी गरेको आरोप लगाउनु भो त ? को छ यसका पछाडि ? कसले उकास्यो तपाईंलाई ? मजा पनि लिने अनि दण्ड पनि दिने ? भन्नुहोस्, को छ तपाईंको मतियार ? कानूनको छाता खोज्दै जनअदालत धाउनुको रहस्य के हो ? तपाईंले आज साँचो बोल्नै पर्छ । यसरी नागबेली चाल चल्नुको रहस्य ?'

'रोक्का, जज साहब रोक्का । संस्कृत शब्द !'

'रोक्का खुला छ ।' जजले पैरवी जारी राख्ने हुकुम दियो ।

अँ, भन्नुहोस् ।

'मेरा चलाख साथीहरू जो हाम्रो गाउँका झोले सरदार हुन् तिनैले भने- तैले मजा लिइस् भने हामीले पनि मजा लिन पाउनु पर्छ । तँ करणी मुद्दा हाल- 'द्रव्य' झार्नुपर्छ भनेर मलाई दबाब दिए अनि मुद्दा गरें ।'

'तपाईंले गोरेसँग मजा पनि लिनु भयो र मृत्युदण्ड पनि दिलाउँने हुनु भो हैन ? बिचरा, अब उसलाई फाँसीको सजाय सुनाउँछ जनअदालतले । तपाईं आफ्नो जिउ भोग्ने, त्यो खराब मान्छेलाई अब जोगाउन चाहनुहुन्छ कि झुन्नाउन ? तपाईं आफ्नो आत्मालाई साक्षी राखेर भन्नुहोस् के गर्ने ? बचाउने कि मार्ने ?' वकील फाकुम्बाले कडाइसाथ सोध्यो ।

ऊ बोल्नै सकिन । म झन् उत्सुक भएँ ।

दुई पाइलापछि सरेर कालुप्पे फाकुम्बाले अदालतलाई भन्यो- 'मलाई अन्तिम निस्सा देखाउने मौका मिलोस् ।

'सदर ।'

उसले आफ्नो पक्षको तन्नेरीलाई भन्यो- 'गोरेजी तिमी जाङे (कट्टु) बाहेक सबै लुगा फुकालेर तिम्रो शरीर अदालतलाई देखाइ देऊ त ! तिमीले करणी गर्दा, रतिले आफूलाई जोगाउन तिमीमाथि पनि आक्रमण गरेको हुनुपर्छ ।

त्यसका निस्साहरू तिम्रो शरीरमा देखिनु पर्छ- नङ्ग्याएको, चिथोरेको, फहऱ्याएको वा टोकेको भए चोटहरू तिम्रो जिउमा होलान् । देखाइ देऊ । अदालतलाई गोहो चाहिन्छ ।'

अभियुक्त गोरे मुडुलेले त्यसै गरेर जनअदालतलाई आफ्नो नांगो जिउ देखाइदियो ।

ऊ अभियोगबाट मुक्त भयो । किन्तु जालसाँझी गरेको आरोपमा रति र उसका मतियार पनि थुनिए ।

सल्लाह गरेर खेलिएको आफ्नो रूचिको खेल करणीमा दरिनु हुने थिएन । कसूर यही भैदियो रतिका लागि ।

गुनें, दुवै घटक रसपूर्ण छन्, समान रूचि र उत्कण्ठामा अभिमुख रहेर यौवन-क्रीडा गर्छन् भने क्षति हुनुको सट्टा पोषण र आरोग्य थपिन्छ । त्यस्तोमा अपराधमूलक गोहो भेट्न सम्भवै छैन । र यही भएको हो रति र गोरेको यौवन-विलासमा । कालुप्पे फाकुम्बाको पैरवी मलाई रोचक लाग्यो ।

हो अस्तिका दिन करणी, हिजो मुद्दा दर्ता र मेडिकलजाँच अनि आज मुद्दामामाथि बहस र किनारा । यै त हो नि समृद्धिको संकेत भन्दै करणी मुद्दा सकिएपछि म इजलासबाट निस्किएँ । मेरो मन उद्विग्न भयो । अदालतमा मुद्दाको बहस पैरवी गरौंला भन्ने जाँगर पनि मरेर आयो । त्यसैले वकालत गर्ने अधिकार पत्र लिनका लागि निवेदन गर्न हिंडेको म त्यसै फर्किएँ । धेरै शारीरिक श्रम गरेर थाकेजस्तो भएर वासमा पुगें । अनुभव भयो- मस्तिष्क थाकेपछि शरीर पनि थाक्तो रहेछ ।

अर्को दिन बिहान 'दैनिक आतङ्क' हात पऱ्यो । 'सरकारको शैतानी' शीर्षक दिएर सम्पादकीयमा लेखेछ :

सरकार नै नागरिक, माटो र संस्कृतिको रक्षक र पोषक हुन्छ भन्ने विश्वास अब हराएको छ । अभिभावकको दायित्व लेला भनेर भर गरिएको भए पनि स्वयं शैतान भएर उत्रेको छ । उसको प्रत्येक कदम र निर्णयले जनजीवन त्रस्त छ, आकुल छ । आफूलाई शक्तिमान् सिद्ध गर्न छुल्याईपूर्ण र असंगत कर्म गर्न पछि छैन । आफ्नो परिधि र दायित्वलाई लत्याएर अहिले आफैं दस्यु, वंचक र पातकीमा प्रस्तुत भएको छ । सांस्कृतिक आतङ्क मच्चाएर सामाजिक संरचना र पारिवारिक सद्भावलाई भताभुङ्ग पार्दै छ । कानूनी निकायलाई कुसुलेले पुतली नचाए झैं आफूखुसी नचाउँदैछ । यो

भाषा निषेध नीति पनि शृङ्खलाबद्ध अपराधको एउटा पोयो हो जसलाई कानूनको पीठिकाबाट सुनियोजित ढंगले उत्प्रेषण गरिएको छ । संस्कृति माथिको निर्मम प्रहार हो यो ।

सन्दर्भ संस्कृत भाषाका शब्दलाई विधिको क्षेत्रमा अर्थात् लिखत अदालती काम कारबाही र बहस पैरवीमा प्रयोग गर्न गरिएको भाषा निषेध नै राष्ट्र विखण्डन गर्ने प्रहार हो जसले मेरूदण्ड भाँचिदिन्छ ।

करणी मुद्दामा भाषिक प्रयोगलाई जुन ढंगले निषेध गरिएको छ र ग्राम्य, फोहोरी, छाडा वा अश्लील शब्दलाई जुन ढंगले प्रोत्साहित गरिएको छ त्यो हेर्दा, सुन्दा यस्तो लाग्छ हाम्रो जातिले यस माटोमा सुसंस्कृत जीवन बाँच्न अरू २ सय वर्ष लगाउनेछ । यो अभ्यास हिन्दी वा उर्दू भाषालाई प्रश्रय दिएर यस खालका मुद्दामाथि बहस पैरवी गराउँदै जाने दूरगामी किन्तु घुमाउरो राजपथ हो भन्ने यथार्थ अब छोपिन सक्तैन । मैदानी भेगको राजनीति पनि यही चाहन्छ र सरकार तथा ठूला-साना सरदारहरूको भित्री अभिप्राय पनि यस्तै छ । यिनको गतिविधिले यस मुलुकको राष्ट्रिय मति पनि जनगणमनमा एक हुने छ । जनताले लगाम दिएनन् भने राष्ट्रध्वज पनि फेरिने छ । यदि यसो भयो भने जनता सुखी हुनेछन् र सरकार दुःखी । अब सरदारका सल्लाहकारले उनीहरूलाई कस्तो परामर्श दिन्छन्, जनतालाई बलियो बनाउने कि सरदारलाई ?

आफ्ना सरदारको चिन्तन र चरित्र बुझ्न नसक्नु नै मुलुकमा दुर्गतिको बहाली हो । त्यसैले भन्नै पर्छ जनताले गलत सरदारलाई जिताएर मुलुक लुट्ने मौका दिएका हुन् भने परिवर्तन पनि जनताले नै गर्न सक्छन् । यो दर्शन हो । तर जनता अझै ब्यूझेका छैनन् । सपना फल्ने आशाको नशामा निरन्तर गरीबी, दमन र अभावको मैलो खास्टो ओढेर निदाउनु नियति भएको छ- आफ्नै बुद्धिले ।

यो कुरा न सरकार बुझ्छ न नागरिक । किन्तु बाहिरियाले अवश्य बुझ्छ । त्यसैले त चारो छरेर निर्णयहरू गराउँदै रहन्छ, मुलुक भने सन्धि र सम्झौताहरूमा हरेक पटक हार्दै र घुँडा टेक्दै रहन्छ । तर सरदार जीतको बिगुल फुक्छ । धेरै जनता हारेकै हुन्छ । देश लुटिएकै हुन्छ ।

संपादकीय मैले दोहोऱ्याएर पढें ।

(वर्जित भाषा र करणी मुद्दा)

शरीर मासेको अभियोग

'सुकन्याहरू प्रहरीको छापामा' शीर्षक दिएर 'संघीय दैनिक' ले समाचार छाप्यो : संघीय कन्या छात्रावासका चारछात्रालाई प्रहरीले पक्राउ गरेको छ । छात्रावास सूत्रका अनुसार निजहरू उक्त छात्रावासका छात्रा रहे-नरहेको यकिन हुन बाँकी छ । पक्राउ पर्नेहरूमा दुई युवकका साथ नीलकमल दाहाल, खद्योतप्रभा वली, तमसा सिटौला र शेफाली देउपा (सबैको नाम फेरिएको) छन् ।

प्रहरी स्रोतका अनुसार शरीर मास्ने अपराधमा उनीहरूलाई पक्राउ गरिएको हो । अपराधको प्रमाणीकरणका लागि डाक्टरी जाँच लिइएको भन्ने स्रोतको दावी छ । किन्तु कथित अपराध कर्ममा संलग्न भएकाहरू एटर्नीको सम्पर्कमा रहेको जानकारीमा आएको छ ।

घटना सरकारवादी मुद्दामा दरियो ।

संघीय सरकारको तर्फबाट रणध्वज लावती वकीलको दायित्व लिएर आयो; पीडित छात्राहरूको पक्षबाट चाहिं एटर्नी छेदीलाल त्रिपाठी इजलासमा पुगेर उभियो । आफ्नो पक्षका छ जना विद्यार्थीहरूलाई कठघरामा उभ्याइएको देखेर दायित्वबोध लियो र उसले बहस शुरू गऱ्यो :

'श्रीमान् यो मुद्दा नै होइन, बनाइएको मुद्दा हो । मुद्दा पर्नु पेशेवार वकीलका लागि राम्रो हो, तर यस्ता मुद्दाले व्यर्थ अदालतको समय बर्बाद गरेको छ । छात्रावासलाई बदनाम गरेको छ । होटललाई शरीर मास्ने अड्डा सिद्ध गरेको छ । प्रहरी शक्तिको दुरूपयोग गरेको छ । चिकित्सा क्षेत्रसमेत प्रभावित भएको छ ।'

'यति मात्र होइन, यस मुद्दाले यस्तो उमेरका प्रत्येक नवयुवती यस्तै ढंगले शरीर मास्ने अपराधमा संलग्न रहन्छन् भन्ने आशंका र कुप्रचार

बढाउन तथा प्रहरी, वकील र तिनका सहयोगी-साक्षीहरूको मुख्य भूमिका रहेको छ भन्ने प्रमाणित गर्दछ ।'

वकील छेदीलाल त्रिपाठी धाराप्रवाह बोल्दै गयो- 'श्रीमान् यो शरीर मास्ने मुद्दा होइन, यो त शरीर पोस्ने वा स्वास्थ्यवर्धक गतिविधि हो । यो अपराध होइन निरोग रहने उपचारको अभ्यास हो ।'

'श्रीमान् यी बीस र एक्काइस वर्षका सुकन्या हुन् । यो उमेरमा युग्म केलिको उत्कृट आकांक्षा रहन्छ । समवयस्क युवा-युवतीहरू एक अर्काको शरीर र मनका लागि विशिष्ट वा सफल चिकित्सक भइदिन्छन् । यस्ता चिकत्सिक नपाउँदा यी विक्षिप्त मनोदशाका शिकार हुन्छन् । त्यसैले मन र शरीरको स्वस्थता र सौन्दर्यको वृद्धिका लागि विपरीतलिङ्गीप्रतिको आकर्षण, यौवन विलास र त्यसपछिको सुरतसुख अवश्य नै उच्च हुन्छ, स्वर्गीय हुन्छ र त्यसैले स्वस्थकर हुन्छ । छात्राहरूले गरेको गतिविधिलाई अपराध मान्न सकिन्न । यो मुद्दा उल्टिएर प्रहरीमाथि चल्नु पर्छ ।'

'यसको अर्को पक्ष पनि छ श्रीमान्, यी सबै स्कूलका साथी हुन् र दुई युवक र चार युवती बीचको होटलको बसाइलाई कसरी बुझ्ने र कसरी हेर्ने ? फेरि यो पैसाको लेनदेनको खेल पनि होइन । त्यसैले प्रश्न उठ्छ- कसरी कसले कसको शरीर मास्न खोजेको थियो ?'

श्रीमान, भर्खरै हाम्री विदुषी अंगना ढुंगेलले यो माटो र संस्कृति सुहाउने मुद्दा उठाएर हामीलाई उद्बोध गर्नु भएको थियो- नारीहरूले आफ्नो शरीर आफ्नो अधिकार भन्ने सूत्रवचनलाई वेद-वाइवल वाक्य जस्तो ठानेर अमल गर्नु पर्ने हुन्छ । र हाम्रा छात्राहरूले गरेको गतिविधि अपराध नभएर तिनकै मनोदशा र आवश्यकता अनुरूप रहेको प्रमाणित हुन्छ । श्रीमान् यी विद्यार्थीहरू अभियोग मुक्त छन् कसैका योजनाले यिनलाई जालमा पारिएको हो । नैतिक मूल्य र सांस्कृतिक मान्यतालाई यिनले धक्का दिएका छैनन् ।'

अदालतले निर्णय सुनायो- 'अभियुक्त छात्राहरूलाई आफ्नो शरीर आफ्नो अधिकार भन्ने विश्व वचनको अनुगमन गरेको आधारबाट ससम्मान मुक्त गरिएको छ । र यो मुद्दा फेरि सुनाइ नहुने गरी रद्द गरिएको छ ।'

साथै शरीर मासेको आशंकामा छात्राहरूलाई पक्राउ गरेको, निजको शान्ति भंग गरेको, मानसिक यातना दिएको, डर पैदा गरेको, समाज र संस्कृतिमा नकारात्मक प्रभाव फैलाएको र साथै उनीहरूको स्वनिर्मित

एकान्तवास र सुखद यौवनकेलिमा व्यवधान पुऱ्याएको अभियोगमा यो अदालत सम्बन्धित प्रहरी जवानहरूलाई र प्रहरी बोलाएर छापा मार्न लगाउने मतियारहरूलाई समेत संघीय कानूनको ग्रामशाखा अन्तर्गत मुद्दा चलाउने आदेश जारी गर्दछ ।'

अभियोगबाट मुक्त भएका दुई छात्र-युवक संगम सेवा र अमूर्त अतिथि तथा चार जना छात्रालाई तिनका साथीले फूलमाला सहित अदालतको परिसरबाट लिएर गए ।

जाँदाजाँदै वकील रणध्वज लावतीले भन्यो, जज साहेब, यो मुद्दा, अदालतमा ल्याउनै नहुने । यस्तो घटना त हाम्रोतिर सधैं भइरहन्छ । खै अदालत पुगेको थाहै छैन । यो त खस-आर्य र संघीय सरकार मिलेर जनतालाई दुवालीभित्र छेक्तै जालमा फसाउने योजना पो जस्तो छ । न मुद्दालाई पनि मुद्दा बनाउने सोच ! बकवास !

हो, स्थिति सुध्रनुको साटो बिग्रदै छ । आशा गरौं सुध्रला ।

(शरीर मासेको अभियोग)

शहीद लछुमन शरभंग

देशमा नागरिकताको मुद्दा कहिल्यै टुंगिएन, जति जन्मे त्योभन्दा बढी नागरिक भए । खुला सिमानाको लाभ धेरैले पाए । यो कुरा अपारदर्शी रहेन ।

नागरिकता मिलेन, दिएन, पाइएन, भन्ने आवाज यति चर्को र मार्मिक थियो कि संसारका बुद्धिजीवी र पत्रकार चकित हुन्थे अनि सरकार, योजना, संकलन, लक्ष्य र नागरिक बन्न चाहने अनागरिकहरू निकम्बा मानिन्थे ।

एकदिन एउटा घटना घट्यो, लगौट जुलुशमा एउटा किशोर पुलिसको गोलीले मऱ्यो । बिहार, बंगाल, यूपी र उत्तराखण्डमा पनि मृतकका आमाबाबुको खोज भयो । पछि थाह भयो- आफ्नै अनागरिक रहेछ । बाबुआमा पत्ता लागे ।

सञ्चार माध्यमले जानकारी गरायो मृतक किशोर यसै देशका नागरिक हुन्- लछुमन शरभंग 'सरवरिया' ।

मुद्दा पऱ्यो । मृतक नेपालका नागरिक हैनन् भन्ने प्रमाणित भयो ।

अनुसन्धान पत्रकारले सिद्ध गरेर देखायो- मृतक शरभंग यसै ठाउँमा जन्मेका हुन्, उनका आमाबाबु यहीका मुख्य बासिन्दा हुन् । किन्तु मृतक नागरिक हैनन् । अभिलेखले उनी नागरिक भएको प्रमाण दिँदैन ।

समस्या पऱ्यो आमाबाबु त यहीका नागरिक हुन् तर मृतक नागरिक हैन । अनागरिक करार छ अनौपचारिक ढंगले । हो त नागरिक, तर नागरिक भन्ने आधार राज्यले अझै दिएको छैन । आयुको गणनाले नागरिकता दिइन्थ्यो, त्यसका लागि पनि अझै पाँच महिना बाँकी थियो । उसलाई नागरिक भन्न कुनै सरकारी अड्डाको पत्रले टेवा दिँदैनथ्यो । समस्या जटिल भएकोले मुद्दा मुल्तवी गरियो ।

बार एसोसिएशनमा यसबारे छलफल भयो ।

'मृतक यस देशको नागरिक होइन किनभने ऊ नागरिक बनेकै छैन ।'

'मृतक शरभंग हाम्रै नागरिक हो, किन्तु उसँग नागरिकताको प्रमाण छैन ।'

'लछुमन शरभंग नागरिक-पत्र नभएका नागरिक हुन् ।'

मृतक लछुमनकै वर्गका ठालुले बारमा पुगेर भन्यो- 'उसलाई नागरिक सिद्ध गर्नै पऱ्यो, अनि मात्र हामी उसको मरवट पाउने छौं । हामी नै प्रमाणित गरिदिन्छौं । ऊ नागरिक थियो, त्यसैले लगौट आन्दोलनमा भाग लिन आएको थियो । छोरा गुमाएपछि केही फल त पाउनु पर्छ नि हर्जाना । हामीले उसका आमाबाबुलाई पनि सम्झाउनु पर्छ ।'

समस्या थियो- नागरिक भएकोले नागरिकताको प्रमाणपत्र पाउने कि नागरिक नभएको हुनाले नागरिकताको प्रमाण-पत्र पाएर नागरिक हुने ?

'हैन, ऊ त मृतकमा दरियो । अब नागरिक र अनागरिकको बहसभन्दा 'शहीद' बनाउने मागतिर लाग्नु आवश्यक कदम हो कि ?'

ठालुले भन्यो- 'जुलुशको नेतृत्व हाम्रो, त्यसैले हाम्रो भागमा पनि आउनै पऱ्यो नि क्षतिपूर्तिको रकम ।'

फेरि अदालत बस्यो । फेरि इजलास भरियो । निर्णय सुन्न सबै उत्सुक थिए । अदालती कारबाही शुरू भयो ।

राज्यको दूरगामी योजना, स्वस्थ र विवेकपूर्ण प्रशासन पद्धति, निष्पक्ष र पारदर्शी ढंगको नागरिक सेवा नदेखिएको हुँदा नागरिक-अनागरिक भन्ने समस्या अवाञ्छित ढंगले हुर्कदै आएकोले, आजका मितिदेखि सन्तान जन्मनासाथ निज बालक नागरिक हुने र पाँच साताभित्र आमा बाबुका साथ चित्र राखेर नागरिकताको सङ्ख्या र प्रमाणपत्र उपलब्ध गराउनको लागि सम्बन्धित निकायलाई यो अदालत आदेश जारी गर्दछ । उक्त नागरिकपत्रमा आमा र बाबुको नाम र सङ्ख्याहरू समावेश हुनेछन् ।

मृतक लछुमन शरभंगको हकमा स्कूलको अभिलेख, निजका बाबुआमाको नागरिकता र ठालुहरूको उपस्थितिलाई दृष्टिगत गर्दै लँगौटी आन्दोलनको क्रममा प्रहरीको गोलीबाट शहीद हुन पुगेका निजलाई नागरिक घोषित गर्दछ ।

अंगीकृत नागरिकको हकमा औचित्य, चरित्र, व्यवहार र आवश्यकता हेरी प्रत्येक ३ वर्षमा नागरिकता नवीकरण हुनेछ र निग्रह पनि गर्न सकिनेछ । पत्रसंख्या साविकै कायम गरी केवल कार्डको रंग र फोटो फेरिने छ ।

अर्कोदिन 'नागरिक वाणी' ले आफ्नो सम्पादकीयमा लेख्यो : आजसम्म कसैको प्रभाव, दबाब र सरकारको हचुवा शैली र प्रशासनको अस्वस्थ मानसिकतालाई चिर्दै अदालतले गरेको निर्णय र आदेशलाई नागरिक समाजले अनुमोदन गरेको छ । साथै नवजात शिशुलाई पाँच साताभित्र स्वयं अड्डा पुगेर विधिवत् नागरिकता उपलब्ध गराउने आदेश दिएको छ । बच्चा आयात गरेको, सारेको, साटेको चोरी गरेको नहोस् भन्नाका लागि आमाबाबु बाहेक, छिमेकी, आफन्त वा देखिजान्ने सुनिजान्ने, बुझिजान्ने पाँच जनाले नवजात शिशुको जन्म, समय, सम्बन्ध र स्थानको सत्यता निरूपणका लागि साक्षी भावले, औंठाछाप सहितको हस्ताक्षर दिनेछन् । र तोकिएको उमेरमा पुगेपछि निज नागरिकले शुरूको नागरिकताको पत्र संख्या कायम गरी नयाँ फोटो सहित नागरिकता लिन सक्ने छ । किन्तु ५, १० र १६ वर्षमा फोटोसहित नागरिक पत्र साविककै संख्याबाट नवीकृत हुनेछ ।'

वा ! नागरिकता पाइएन भन्ने गुनासो सधैंका लागि बन्द । कतिपय ठाउँमा दीपावलि भयो । अंगीकृत प्रथाका पक्षधरले चिन्ता लिए ।

शहीद घोषित गरेपछि लछुमन शरभंगको प्रतिमा राजमार्गको केन्द्रमा लालगढमा उभ्याइयो किनभने ऊ स्थानीय पुरातन बासिन्दा थियो । अंगीकृत थिएन ।

(शहीद लछुमन शरभंग)

सट्टा दण्ड

संघीयता आएपछि किरात महादेश अत्यन्त सक्रिय भयो । केही नौलो र कुनै अनुपम कर्म गरेर छोड्ने संकल्पले जागरूक रह्यो । त्यसैले संघीयताको अभ्यासलाई न्यायवितरण पद्धतिबाटै मूर्तरूप दिंदैगयो ।

सडक सञ्चारमा सर्वाधिक मौलाएको पूर्वाञ्चल क्षेत्रको यातायातले संघीयता आएपछि निकै हैरानी बेहोर्नु पऱ्यो । तर पनि यातायात सेण्डिकेटले स्थानीय संसदलाई झुकाएरै छोड्यो- "सट्टा दण्ड" विधेयक सदर भयो ।

सन्दर्भ थियो सडक दुर्घटना एउटा किशोरको मृत्यु, अदालती कारबाही र सट्टा दण्डको घोषणा । सम्पूर्ण कथाको सार यति मात्र हो कि अदालतको निर्णय एउटा अपूर्व नजीर भएर रह्यो जसको चर्चा देशान्तरसम्म भयो ।

सडक दुर्घटनापछि बस चालक सिधै प्रहरी चौकी पुग्यो र यथार्थ बयान दियो । प्रहरीको प्रतिवेदनलाई सरकारी वकीलले अनुगमन गऱ्यो ।

विभिन्न क्षेत्रका गिरोह वा सेन्डिकेट निकाय जान्दथे सरकारवादी मुद्दामा सरकारी वकील जहिले पनि हारेकै हुन्छ । त्यसैले एकानी भोले सरदार र विचौलियाले यो मुद्दालाई आफ्नो अनुकूल निर्णय गराउने कसरत पनि थाले । दुवैतर्फका वकील आए । पहिले सरकारी वकील सनम सेढाईं अघिसऱ्यो :

'महाशय, तपाईं आफ्नो नामथर भन्नुहोस् ।'

'हजुर, म इन्द्रिजित जनजाति ।' अभियुक्त चालक ।

'जनजाति होइन, शुद्ध नाम थर भन्नुहोस् ।'

'पुरानो त मलाई थाह छैन । हामी जनजातिमा दरियौ रे । जानेको त्यही हो ।'

इन्द्रजीतको वकील भीम पालुङवा उठेर बोल्यो- 'अब्जेक्शन ! अनि अदालतलाई लक्ष्य गरेर भन्यो- 'सबैलाई जनजाति भन्ने एउटै कित्तामा

हालिएको छ । त्यसैले यो जाति को हो के थियो भन्ने तथ्याङ्क राख्न अब राज्य चाहँदैन । यिनले आफ्नो वास्तविक पहिचान बिर्सियून् या छोडून् नै भनेर यिनलाई जनजाति भन्ने नयाँ जातिमा दरिएको हो । परिणामतः राज्य फाइदामा हुन्छ र यो जाति घाटामा । जातिगत विविधता, सांस्कृतिक विशिष्टता र पारिवारिक श्रृंखलालाई भेट्नैका लागि जनजाति भनिएको हो नि । त्यसैले जनजातिको परिभाषा दिने र चिन्हाउने शब्दकोशलाई पनि अब मिल्काउनु पर्छ । यदि यिनले जनजातिको अर्थ र अभिप्राय बुझे भने जनजातिलाई हाँक्ने र चिन्हाउनेलाई नै मास्न बेर लाउने छैनन् ।' व्यंग्य बोल्यो र पछि सर्‍यो ।

तैपनि आफ्नो पुरानो पहिचान भन्नुहोस् न ।' सरकारी वकील सनम सेढाइँले फेरि सोध्यो ।

'त्यसको कुनै महत्त्व छैन, महत्त्व नभएरै जनजाति भन्ने नौलो चिनारी बोक्न बाध्य भएका हौं । यो मैले चाहेर गरेको त हैन, हाम्रा जान्ने ठूलाहरूले नै गरेको हो । सुन्ने चाहनुहुन्छ भने म प्रशण्ड हुँ ।' अभियुक्तले भन्यो ।

अब वकीलको टाउको घुम्यो ।

'श्रीमान्, यस्ता अनावश्यक प्रश्नोत्तरको मञ्च होइन अदालत । उहाँजस्तालाई संविधानले जनजातिमा बाँधिसकेको छ । परिभाषा दिन बाँकी होला, बुद्धि पुगे त्यहाँबाट उम्किन सक्नुहुन्छ । नभए जनजातिको ठिगुरामा सधैंका लागि बन्दी, बस् । उम्कन गारै होला ।' थोरै व्यंग्यका बीज छोडेर उसले सन्दर्भ टिप्यो- 'म आफ्नो समयको सदुपयोग गर्न चाहन्छु ।' चालकतर्फको वकील भीम पालुङ्वाले भन्यो ।

'अनुमति छ ।'

'इन्द्रजित, तपाईं कुन अभियोगमा यहाँ उभिनु भएको छ, थाह छ ?'

'जी, सडक दुर्घटनाबाट एक जनाको ज्यान लिएको अभियोगमा ।'

तपाई आफ्नो दोष स्वीकार गर्नु हुन्छ त ?

'स्वीकार गर्छु, मैले चलाएको बसले एउटाको ज्यान लिएको हो । मैले प्रहरी चौकीमा पनि यही बयान दिएको छु ।'

न्यायाधीशतर्फ फर्केर वकीलले भन्यो- 'श्रीमान् इन्द्रजितलाई दण्ड होइन, पुरस्कार दिनुपर्छ भन्ने मेरो जिकिर छ ।'

इजलासले आँखिभौं उचाल्यो ।

'देशको राजनीतिक अभियानको महत्त्वपूर्ण र दूरगामी पक्षलाई सघाउ पुऱ्याएकोमा उनीप्रति राज्य कृतार्थ रहनु पर्छ कि !' पालुङ्वाले थप्यो ।

जजले भन्यो- 'तपाईं यो कुरा प्रमाणित गर्नुहोस् ।'

'जी ! जसरी हजारौं-हजार नागरिक आततायी युद्धमा मारिए, जसरी हजारौं बेपत्ता पारिए, जसरी अपाङ्ग बनाएर निस्क्रिय गराइए तिनको रिक्त ठाउँमा उताबाट ल्याएर नागरिक बनाइए । फेरि प्राकृतिक प्रकोपबाट जति मरे तिनको सट्टा पटक-पटक उतैबाट नागरिकको परिपूर्ति हुँदै रह्यो । अभियुक्त इन्द्रजितले पनि राज्य र राजनीतिक सरदारको सोच र कार्यक्रमलाई थप बल पुऱ्याएको देखिएको हुनाले उनी अपराध मुक्त देखिएका छन् । उनी राष्ट्रको नीति विपरीत छैनन् । जो व्यक्ति मऱ्यो, त्यसको सट्टा ऐजन मौकामा उताको अर्को व्यक्तिलाई नागरिकता दिने सुयोग जुटाइदिएकोमा चालक इन्द्रजितप्रति राज्य कृतार्थ रहनु पर्छ भन्ने मेरो जिकिर छ ।'

वकील पालुङ्वाको हातमा कागजको टुक्रा आइपुग्यो । त्यो पढेर उसले भन्यो- 'हाम्रो प्रदेशले भरखरै 'सट्टा व्यक्ति' भन्ने विधेयक पास गरेको हुनाले यदि अभियुक्तलाई थुनामा राख्ने सजाय सुनाइन्छ भने सट्टा व्यक्तिद्वारा अभियुक्तको सजाय भुक्तान दिने निवेदन स्वीकार्य हुनुपर्छ । यो मेरो माग हो । हाम्रो पक्षको जिकिर हो ।'

यसबाट माफियाको गिरोहले अभियुक्त गाडी चालकलाई जोगाउन उसको ठाउँमा सट्टा व्यक्तिलाई जेल जीवनको दण्ड प्रक्षेपित गऱ्यो ।

सट्टा जेल सजाय भोग्न व्यक्ति वा वर्ग खोज्ने एउटा जमात नै खडा गरिएको थियो अर्को प्रदेशमा । संविधानले दलितको दर्जामा पुऱ्याएपछि त्यस क्षेत्रका सुकिला नागरिकहरूबाट त्यो वर्ग अत्यन्त उत्पीडित र अपेहलित हुन पुगेको थियो र त्यसै वर्गको दलित सदस्य सट्टा दण्ड भोग्न प्रस्तुत थियो ।

सडक दुर्घटनापछि नै सबै कार्य सुनिश्चित गरिसकिएको हुनाले चालक इन्द्रजितको नाममा तोक आदेश भएको जेल सजाय भोग्न अर्को व्यक्ति दलित वर्गबाट तयार भयो । अदालतले सडक दुर्घटनाको अभियुक्त इन्द्रजित जनजातिको सट्टा गणपत कोहिरीले २० वर्ष जेल जीवन भोग्ने प्रस्ताव स्वीकार गऱ्यो ।

एउटा हाँसेर बाहिर आयो ।

अर्को सन्तोषले भित्र पस्यो ।

अदालतको निर्णयमाथि नागरिकहरूले आआफ्नो ढंगले मीमांसा गरे । किरात महादेशको न्याय वितरण पद्धति निकै चर्चित रह्यो । किन्तु केही सञ्चार माध्यमले सरकार, संसद र सुरक्षा निकायभन्दा भूमिगत शक्ति, विचौलिया, सेन्डिकेट माफिया र तस्कर निगमहरू संस्थागत र शक्तिशाली ढंगले न्याय वितरक हुँदै गएको देखेर नागरिकको तर्फबाट गहिरो क्षोभ प्रकट भयो ।

सडकमा आलोचना चल्यो- देशको झण्डा फेर्ने संकेतको यो बोनस लाभ हो ।

(सट्टा दण्ड)

सपना हुनखोज्दै छ विपना

यस पटक विश्व बौद्धसम्मेलन लुम्बिनीमा हुने विज्ञप्ति जानकारीमा आएपछि धर्मगुरूहरू उत्साहित भए र सम्मिलित हुने सोच बनाए ।

सुधी राष्ट्रपतिलाई चाहि चिन्तित तुल्यायो । 'कही नरेशको प्रत्यागमन र हिन्दूत्वको पुनरूत्थान हुने त होइन ! मेरो यूरोप दरबार किन कुनै संकेत गर्दैन ?' उसलाई निद्रा परेन, निकैबेर छटपटायो र स्वप्न जगत्मा उक्ल्योः

सिद्धग्राममा सुत्ने वेला हुँदैथियो । लामा त्यसैको तर्खरमा थिए । उनको कक्षमा बिरालाको चालले एउटा भिक्षु पुग्यो र उनलाई शिष्यभावले अभिवादन गऱ्यो अनि सहज शैलीले पत्र प्रदान गऱ्यो ।

लामाले पत्र पढे । अनि दृष्टि उठाएर उनले भिक्षुलाई हेरे । पहिलो झलकमा उनले देखेको भिक्षु थिएन त्यो । उसको स्वरूप र व्यक्तित्वमा असामान्य परिवर्तन उनले देखे । प्रतिक्षण त्यो आगन्तुक भिक्षु जाज्वल्यमान एवम् ओजस्वी हुँदै गएको र आफू चाहि उसका अगडि तेजोवध गरिएको निरीह सत्व हुन पुगेको अनुभव गर्दै रहे । यो दृश्यले सूर्यका अगाडि अग्निको स्थिति झल्काउँथ्यो ।

लामाले पत्र दोहोऱ्याएर पढे । त्यसको मर्म हृदयंगम गरे । भिक्षुले यो कुरा बुझिसकेको थियो । त्यसैले होला लम्केर उसले लामाका हातबाट पत्र लियो र मुखमा हालेर चबायो र निल्यो ।

आगन्तुक भिक्षुको खातिरदारीका लागि लामाले यति मात्र सोधे- 'तपाईलाई जाडो भयो होला यहाँ ?'

'हाम्रोमा जति जाडो यहाँ रहनेछ ।' भिक्षुको वाणी मधुर र गम्भीर थियो । अनि मनमनै भन्यो- 'जाडो र न्यानोका अनुभव त्यति मलाई छैन पनि ।' भिक्षु त्यहाँबाट सऱ्यो ।

मैले आफ्नै ठाउँमा बस्नुपर्छ । त्यही मेरो ममता छ । त्यहीं मेरा आफन्त छन् । भगुवा भएर यहाँ बसेको छु । यदि म लामा नै हुँ भने भाग्नुको आशय नै के ? के पाउनु छ र के गुमाउनु छ मैले ? म जहाँ हुन्छु मेरा आफ्ना त्यही हुन्छन्, त्यहीं पुग्छन् । यदि साँच्चै म ज्ञानी वा सिद्ध हुँ भने मेरो भन्ने चीज नै के छ र ? मैले नै सबैको भइदिएर बाँचे हुँदैन ? मेरो जाति, मेरो देश, मेरो संस्कृति मैरै कारण धरापमा पर्ने हुन् कि ? अझ मलाई नै प्रयोग गरेर त्यहाँ विप्लव ल्याउने त हैनन् मलाई मेरा भन्नेहरूले ? क-कसको तुरूप कार्ड बन्नु मैले र केका लागि ? जीवनको यो भागमा यत्रो सकस किन मलाई ? र यो सकस मलाई मात्र कि मेरा आफन्तलाई पनि ? यो सकसबाट म मुक्ति पाउन सक्तिनँ त ? छैन त कुनै उपाय ? छैन कुनै बाटो मेरा लागि ? म सन्त गुरू रे, साधु रे लामा रे । अनि मै प्रतिबन्धित, मै नजरबन्द मै खुला कैदी ? त्यसको अर्थ हो म अपराधी छु र अपथ हिडेको हुँ । अब मेरो अपराध मोचन हुनै पर्छ । यहाँबाट मुक्ति लिनै पर्छ । त्यो पनि सशरीर निस्कनै पर्छ मैले । मेरो अन्तरात्मा यसै भन्छ ।' लामा रातभर निद्रामा एकालाप गर्दै रहे ।

बुद्ध जयन्तीकै सन्दर्भ पारेर आयोजित थियो- विश्व बौद्ध सम्मेलन । त्यसैले बुद्धस्थल वा बौद्ध तीर्थहरूमा धार्मिक गतिविधि र चहल-पहल सप्ताहव्यापी नै थियो । गुरू, भिक्षु र भक्तजनको धार्मिक यात्रा अविराम चल्दै थियो ।

सिद्ध र नाथका पीठहरू सजग भएर उठे ।

गोरख पीठबाट योगी मार्तण्डको हेलिकोप्टर पश्चिम उत्तरको लक्ष्य गरेर उड्यो । तुरून्तै फर्क्यो- सारनाथ पुग्यो, राजगीर भ्यायो । फेरि जनकपुर धामतर्फ लाग्यो र दीपक दशनामीलाई उनको आश्रमबाट टिपेर लुम्बिनी विश्व बौद्ध सम्मेलनको परिसरमा पुगेर अडियो ।

यसपटक लुम्बिनीबाट चारवटा हेलिकोप्टर उडे । एउटा जुन बाटो आएको थियो त्यही बाटो गरेर फर्कियो । अरू तीन हेलिकोप्टर स्वयम्भूनाथ, बौद्धनाथ, नाम्चे बौद्ध-केन्द्र हुँदै ओलाङचुङ गोला पुगेर अडिए ।

बुद्धपूर्णिमाको दिन बौद्ध तीर्थदर्शन र परिक्रमा गर्दै उडेका हेलिकोप्टर यसपटक चारवटा भएर ओलाङचुङ गोलाबाट लस्करै उडे र घाम छँदै पोताला प्यालेसको परिसरमा पुगेर बसे बौद्धतीर्थमा ।

ल्हासा महानगर उनको स्वागतमा मुस्कुराइरहेको थियो । राज्यको तर्फबाट प्रत्यागमनको बढाइ गरियो ।

यताबाट गएका हेलिकोप्टर ल्हासाबाट फर्किए । र गोधूलिको वेला थिम्पू पुगे । त्यहाँ आयोजित कार्यक्रममा दीपक दशनामीले धर्मगुरू लामाको सन्देश पढेर सुनाए :

'विश्वभर फैलिएर बसेका आदरणीय महिला र बालक-बालिकाहरू, मेरा प्रेमी र मलाई माया गर्नेहरू, मेरो शिष्यगण तथा भिक्षुगण, मेरा अनुयायी र मित्रजन, जाति, वर्ग, लिंग धर्म, रंग र भूगोल तथा बनोट र विविधतामा चिनिने र नेतृत्व लिने तथा मप्रति विशेष चाखराख्ने महामहिमहरूप्रति मेरो न्यायो अभिवादन, अशेष संमान र शतशः सद्भाव ।

मैले राजनीति छोडें । यहाँहरूलाई थाह छ । राजनीति गर्न छोडेपछि म आफ्नै देशमा अटाउन सक्छु भन्ने आत्मविश्वास लिएर फर्कदैछु ।

फर्कनु पनि अनिवार्य जस्तै थियो, किनभने अर्को शक्तिले मलाई नै मेरो देश विरुद्ध प्रयोग गर्दै थियो, उभ्याउँदै थियो । अरूतिरबाट पनि मेरो देशप्रति आक्रमणको सोच बनाउन थालिएको थियो । मैले त्यो कुरा पचाउन सकिनँ । माटोको मायाले म तानिएँ क्यार !

यो कुरा भन्न र अनुभूत गर्न मलाई संकोच लाग्दैन, मित्र राष्ट्र नेपालका महान नेता तथा विचारक स्व. विश्वेश्वरप्रसाद कोइरालाको दर्शन र चरित्रले मलाई आफ्नो देश फर्कन बारम्बार प्रेरित गऱ्यो । म फर्किएँ । पुक बन्न चाहिन ।

आज म यस्तो स्थितिमा छु- मेरो कोही छैन, मेरा सबै छन् । म कसैको होइन, सबैको हुँ म । आज समग्र बुद्धमार्गीहरू, बुद्धप्रति आस्था राख्नेहरू, विचार र व्यवहारको अनुगमन गर्नेहरू मेरै परिवार हुन् ।

मेरो देशका हरेक एकाइमा विभक्त नागरिक मेरै आत्मीय र बन्धुजन हुन्, म उनीहरूको स्नेह र सद्भावले सिंचित हुने छु भन्ने विश्वास पालेको छु ।

राज्यका अधिकारीजन तथा शीर्षस्थ नेता गण जान्दछन्, म अब अकिंचन छु, शस्त्र र अस्त्रबाट टाढा छु, गणहीन छु, त्यसैले पनि निर्भय छु । किनकि अब प्रतिस्पर्धा पनि छैन, कामना पनि छैन । त्यसैले भय, तुजुक र अभिमान पनि छैन । राजनीति जान्दछ तोपले मूसो मारिन्न । पुतलीका लागि गन उठाइन्न । सिंह कमिलाको शिकार गर्दैन ।

र म राज्यशक्तिसँग दर्खास्त गर्दछु, मेरो आस्था र आयुप्रति विवेक रहोस् ।

र म वाचा गर्दछु मेरो आस्था र आयु मेरा देशको विचार र व्यवहारसँग प्रतिकूल हुने छैन । राज्यद्वारा निर्देशित विधि र निषेध अर्थात् दण्ड वा पुरस्कार मेरा लागि सहज स्वीकार्य हुनेछन् ।'

राष्ट्रपति सपनाबाट ब्युँझ्यो । ठान्यो लामाको प्रत्यागमन हुन्छ कि ? त्यसो भयो भने म त दाँत र नंग्रा उखेलिएको बाघ हुन बेर छैन । राजनीतिक हिसाब गर्नेले के भन्लान् र दैवज्ञहरूले राष्ट्रको फलादेश कस्तो लगाउला, एकपटक परामर्श गर्ने कि ? ऊ झन् चिन्तित भयो, कतै संचारवालाहरूले मेरो सपनाको अतिव्याप्ति र दुर्मन्थनपूर्ण विश्लेषण थाले भने ? अनि आफैंलाई सान्त्वना दिएर भन्यो, लामा गए भने मलाई दबाब दिने त्यो शक्ति पनि पछि सर्ने होला । ठिकै होला ।

फेरि पनि युरोपको राजधानी ममाथि आक्रामक हुन छोड्ने छैन । यत्रो भूमि सिंगै भोग्न शायद म पाउँदिन । मेरो स्वरूप नबिग्रला भन्ने के छ र ! सपना विपनामा परिणत हुनसक्ने आशंकाले ऊ बढी चिन्तित भयो र सपना आफैंभित्र लुकाएर आफूलाई अविचलित बनाउन खोज्यो । किन्तु उसको स्वप्नपीडा कम भएन ।

राष्ट्र विघटित हुनसक्ने सम्भावना देखेर ऊ प्रतिक्षण उदासीन देखिंदै गयो । अनि आफैंलाई सम्झाउने विधिले गुन्यो- 'मैले जोगाएको राजदण्ड यदि ढोडको लौरी सिद्ध भयो भने लाग्छ के ? ऊ हतास भयो, योगासन, व्यायाम र परिभ्रमणमा उसको जाँगर चलेन आज । उसले आफ्नो शरीर मात्र होइन, चिन्तन पनि कुनै शक्तिशाली आघात परेर दुखेको अनुभव गर्दै रह्यो र प्रांगणमा पुग्यो; उत्तर फर्क्यो अनि हात जोडेर मनमन भन्यो : पर्वतराज, कैलाश ! यो भिक्षुको कल्याण गर !'

(सपना हुनखोज्दै छ विपना)

समाचार हुन सकेन

युवापुस्ता आज यति बढी किन विचलित छ, किन दुर्घटित छ र गन्तव्य के हो ? शायद प्रश्न अनुत्तरित नै रहन सक्छ । त्यसैले कोही प्रश्न गर्दैन । किन्तु राज्यले थाह लिनुपर्ने कुरा हो भन्न संकोच मान्ने स्थिति छैन ।

नयाँ पुस्ता कानूनलाई औधी महत्त्व दिन्थ्यो । त्यसैले आफूलाई पूर्ण संशकित ठान्थ्यो ।

संजु सेवती- एउटी चर्चित कलाकार । नृत्य, गायन र अभिनयमा 'थ्री-इन वान' भनेर चर्चामा आउँथी । सफलता र स्वाभिमानले उसको व्यक्तित्व उद्भासित थियो नै; वाक्-पटुता र व्यवहार कौशलले पनि प्रशस्त जनमत संचित गरिसकेकी थिई उसले ।

आज ऊ वकीलको कार्यालयबाट निस्की तर उसले यो सार निकाल्न सकिन- ऊ आफ्नो पक्षमा थिई कि विपक्षमा । मनको भोक-तीर्खा उदाङ्ग पारेर अदालतसम्म पुग्नु हुन्थ्यो कि हुँदैनथ्यो ? पुगेपछि अर्कै बाटो गरेर पो पुग्नु पर्थ्यो कि ? कहीं आफ्नो उदीयमान व्यक्तित्वमाथि ग्रहण पो लाग्ने हो कि ? ऊ अब किंचित झस्की ।

वकील कामदेव चौधरी पनि मात्र वकील थिएन, ऊ समाजशास्त्र र सौन्दर्यशास्त्रको पनि ज्ञाता थियो अनि मनोसंस्कृति र यौवन विज्ञानको पारखी पनि । त्यसैले संजुले भन्न नसकेका र भन्न नजानेका कैयौं अन्तरंग कुराहरूलाई औचित्य र संगतिपूर्ण ढंगले दोहन र परीक्षण गरेर नै लिपिबद्ध गरेको थियो उसले ।

'यो सम्बन्ध कायमै राखेर आफूले चाहेको ठाउँ, समय, साथी र विधिले रूचि सम्पादन गर्ने सोच राख्न सकिन्न नि ! किनभने यहाँमा भेटिने रूचिको विविधता र सद्य परिवर्तनशील अंग विलासको जुन मनोदशा छ त्यो निश्चित परिवेश र क्षणमा परितृप्त हुन सक्तैन । यसका लागि अनेक वैकल्पिक

बिसौनीहरूको खोज र व्यवस्था जुटाउने गर्दा के होला ? किन पनि भने मनको गति र चोरीलाई रोक्ने युक्ति नै छैन खासगरी तपाईंजस्तो पात्रका लागि । त्यसैले यौवनविलासका भावमुद्राको गति पनि नरोकियोस् र पारदर्शी पनि हुन नपाओस् । अनेक सन्दर्भ र पीठिका निर्माण गरेर आफूलाई आफैले सुरूचिपूर्ण ढंगले प्रस्तुत गर्ने र आफ्नो तरंगलाई सहज अनुकूलतामा ल्याएर ललित विलासका पद्धतिहरूमा ढालेर निर्वाध परितृप्तिको क्षण जन्माउन मनोचित्रलाई किन ननिम्त्याउने ? यो आंशिक चौर्यरत हो । म चाहन्छु तपाईंबाट अभिसार चाहिं नहोस् । त्यो शोभनीय हुने छैन । बरु आमन्त्रित होस् कुनै मनोनायक ।' वकीलले भनेको कुरा सम्झेर पनि सकियो । कार पनि रोकियो । उसले सम्झी वकीलले त वैकल्पिक मार्गको सोचबारेको यो कुरा हस्ताक्षर हुनुपूर्व नै संझाएको थियो । अब पछि सर्ने कुरै आउँदैन । उसले अलिकति हठ लिई ।

तोकिएको तारेखमा अदालत पुगे- वकील, संजु र अक्षर अधर्मी ।

वकील कामदेव चौधरी (थारू) मुद्दा लेखनमा सिद्धहस्त मानिन्थे । मुद्दा उठान गर्ने, व्याख्या गर्ने, मन्थन गर्ने र निष्कर्षमा पुग्ने लेखनविधि अनुकरणीय ठानिन्थ्यो । त्यसैले कलात्मक वा साहित्यिक जस्तै लागे तापनि उनले लेखेको मुद्दा दमदार हुने गर्थ्यो । किन्तु अदालतमा फिल्मी शैलीको बहस नभएर लिखत प्रमाण र मनो-वस्तुगत प्रकृतिका आधारमा, अध्ययनपछि नतिजा आदेश हुनेगर्थ्यो । तैपनि पक्ष-विपक्षका वकीलको उपस्थितिमा सम्बन्धित पक्षको अभिमत प्रत्यक्ष हुन आवश्यक थियो ।

न्यायाधीशले सोध्यो- 'संजु सेवती, तपाईको वकील कामदेव चौधरीले तयार गरेको मुद्दाको व्यहोरा बारे तपाईंलाई पूर्ण जानकारी छ ? र तपाईंले चाहेका वा भन्न खोजेका कुरा यसमा परेका छन् भन्ने विश्वास छ तपाईंलाई ?'

'जी, छ ।'

'प्रणय-व्यापारको क्षेत्रमा मेरा पतिपरमेश्वर अत्यन्त उदासीन रहेको र यौवन सुलभ संवाद, व्यापार विनोद र अभिनयमा कुनै रूचि र ज्ञान नभएको देखिएको र यसबारे मेरो प्रत्यक्ष अनुभव भएकोले अब उप्रान्त म अर्को बाटोको यात्रामा लाग्छु र आजसम्मको अरूचिकर बेमेलयात्रा यही टुंग्याउन चाहन्छु भन्ने तपाईंको भनाइमा कतिको सत्यता छ ?'

'मेरो तर्फबाट सत्यता छ, प्रयोग र परीक्षणका लागि उहाँसँग कसैले पत्नी भएर त्यो अनुभव अदालतलाई सम्झाउन सक्छ । मार्ग खुला छ ।' संजुले स्पष्ट पारी ।

'धेरै कुरा त लेखिएका छन्, यथार्थ नै होलान् । मैले पढें पनि । तैपनि यो अदालत प्रत्यक्षतः तपाईंबाट जान्न चाहन्छ । तपाईं खुलेर भन्नुहोस् । तपाईंको असन्तोषको, पीडाको, अस्वीकारको, विच्छेदसम्म पुग्ने निर्णयको आधार वा कारण के हो ? छोटोमा भन्नुहोस् ।' न्यायाधीशले जान्न खोज्यो ।

'श्रीमानज्यू, ऊ एकोहोरो छ । एकसुरे छ । आफ्नै तालको छ । त्यसैले दाम्पत्य जीवनको सहयात्री हुन सक्तैन ।'

'अलिकति समय लिएर खुलेर भन्नुहोस्, अदालत जान्न चाहन्छ ।'

'म पूर्ण यौवनमा छु, एक्काईस वर्षकी । मेरो जवानी फक्फकाउँदो छ ।' संजु सेवती भन्दै गई ।

इजलास बयान सुन्न सजग देखियो ।

'नारी भूगोलका प्रत्येक क्षेत्र र फाँटहरू मौसमी जलवायु, भोक-तिर्खा घर्षण-प्रताडन र कम्पनको चाहना राख्तछन् । के डाँडा, के पाखा, के च्याप र ओडार । सबै महत्त्वका छन् । सबैतिर उचित स्नेह, मर्यादा र परिभ्रमण आवश्यक छ । तर मेरो पतिपरमेश्वरसँग त्यो भिजन छैन । अर्थात् पिण्ड दिने कर्म त केही मिनेटमा सकिएला तर पिण्ड दिनुपूर्वको विधि, क्रम, अभिनय र मनोनिर्माण तथा पिण्ड दिइसकेपछिको उपक्रम अवसान वा पूर्वापर तारतम्य र औचित्यको अपेक्षा मेरो परमेश्वरबाट मैले गर्न मिल्ने थिएन र श्रीमान् ? त्यो मेरो अधिकार बाहिरको कुरा थियो र !'

'अलंकारमा हैन, तपाईं सीधा भाषामा भन्नुहोस् ।'

'ठीक छ । म टप टु-बटम अर्थात् शिर-नख भन्ने यत्न गर्नेछु ।'

इजलासमा उत्सुकता थपियो ।

'उसको यात्रा छोटो छ । एउटै बाटो हिड्छ । ऊ सबैतिर पुग्नै सक्तैन । न ऊ महत्त्व दिन्छ न सक्रिय छ । भेंडो एकोहोरो ।' यसपटक उसले झर्को देखाई ।

इजलास सुन्दै रह्यो ।

उसले गम्भीर भएर पीर पोखी 'मेरो केशराशि, नागचुल्ठी वेणीबन्ध, यसको चमक, सुकोमल र रेशमीपन मात्र होइन प्रकृत सौन्दर्य र त्यसले दिने छाया र छविलाई सम्झने कस्ले ? मेरो मुखमण्डलको आकारप्रकार र गर्दनको भाग जहाँ केश राशिले छोपिएको हुन्छ त्यहाँको ब्यूटी, अनि मेरो मांसल कुम पाखुरा, नाडी, औलाको बनोट र विन्यासको आकर्षले नतानिने कस्तो लुक ?'

अझ गम्भीर भएर थपी- 'मेरा आखिभौं र परेलामा शृंगारगृहका हात कहिल्यै पुगेनन् । यी प्रकृत सौन्दर्यका अब्बल उदाहरण हुन् । यी बनाएर सुन्दर देखिएका हैनन् । अझ आँखाको हेराइमा भेटिने समर्पण भाव र नेत्रविलासको सहज र धारिलो प्रहार बुझ्ने को ?'

अर्को प्रसंगमा पुगेर भनी, 'ओठको आकार र स्वरूप अनि रंग र स्मिति-विलासमा देखिने आकुञ्चन र प्रसारणबाट मेरो पात्र यदि आहत हुँदैन भने म उसको भएर रहनुको तात्पर्य नै के ? त्यति मात्रै किन ? के मेरो वाणिविलासले कसैलाई ब्यूँझाउँनै सक्तैन ? त्यसो भए मेरो हुनुको अर्थ के ? मेरो यौवनको सार्थकता कहाँ ? विलासपूर्ण युग्मकेलिको कामना किन ?'

उचित अवसर हेरेर थपी- 'यी अनुपात मिलेका कुचमण्डल, वर्तुल गम्भीर नाभि, अझ ऊर्ध्वगाभी र अधोगामी तन्तुमय सूक्ष्म रोमावलिको नाभिमुखी नागिन यात्रा । फेरि त्यसमा पनि वेलावेला त्रिवलिको गतिरोध र यसैवेला साकार हुन आउँने सौन्दर्यको उपभोग कसका लागि ?'

'कटि-नितम्बको आकर्षक बनोट अनि सुरूचिपूर्ण कम्पन, सुडोल मनोहारी जंघा र विलासपूर्ण पदक्रमको अधिमूल्यन गर्ने कसले ? मेरो शरीरबाट उद्भासित हुने समग्र सौन्दर्य र सुवाको चेत कसलाई छ ? कसले लिनुपर्ने ?' ऊ अझ गंभीर भई ।

'म अदालतसँग प्रश्न गर्न चाहन्छु, रूप, रस, गन्ध, स्पर्श, चेतना र सौन्दर्य यी कुनै तत्त्व देखिंदैनन् त ममा ? शरीरमा केही अंग च्यापिएका, केही टाँसिएका र केही झुंडिएका र केही गुफामय पनि छन् । तिनको पहिचान र उपयोगको औचित्य कसरी सिद्ध होला र श्रीमानज्यू ? भन्नुहोस् त मेरो काखीको सुवास कसलाई दिने ? अनि भर्खर नुहाएर निस्कँदा आउने मेरो शरीरको सुगन्ध कस्ले लिने? मेरो केशराशिबाट तप्कदै गर्ने जल बिन्दुको महिमा कसले बुझ्ने ? जान्नु पनि पऱ्यो अनि थाह पनि पाउनु पऱ्यो नि ? होइन र ! सधैं अवमूल्यन ?'

'श्रीमती संजु सेवती, तपाईंको आरोप के हो त ?

'श्रीमानज्यू, मेरो पतिपरमेश्वरलाई सौन्दर्यको चेतना छैन । उसँग मात्र भोगवादी चेतना छ र ऊ मात्र छिद्रान्वेषी हो, उसलाई त्यै चाहिन्छ । उसले मेरो सम्पूर्ण सौन्दर्यको उपेक्षा गरेको छ, मेरा अंग-प्रत्यंगको महिमा र तिनमा निहित गुण-धर्म, क्षमता तथा सुवास र माधुर्यको हेला गरेको छ । यो निम्न चेतना

भएको पात्र हो । उसको अनभिज्ञताले गर्दा हो वा सुरूचिपूर्ण जीवनको बोध नभएर हो मेरो जीवन नै निस्सार भएको छ । मेरो जीवनमा अभाव, उत्पीडन, अशान्ति र अपूर्णता ल्याउने तत्त्व नै ऊ हो मात्र मेरो कथित पतिदेव !

'अब के चाहनुहुन्छ तपाईं ?

'छुटकारा, विच्छेद अनि मस्ती र स्वतन्त्रता ।'

अदालतले संजु सेवतीको पक्षमा निर्णय सुनायो । मुद्दा जितेकोमा कामदेव चौधरीलाई धेरैले बधाइ दिए । संजु सेवतीले पनि साथीहरूबाट शतशः बधाई र आगामी जीवन सुखद र सम्पूर्ण रहोस् भन्ने शुभकामना पाई ।

किन्तु अक्षर अधर्मीलाई जय र पराजयले कुनै प्रभाव पारेन । ऊ जान्दथ्यो उसले चाहेका कुरा थोरै खर्च गरे सुलभ हुन्थ्यो । सूर्यको ताप शक्तिले जलशोषण गरेको जर्जर धरतीमा एक थोपा पानीको पनि महत्त्व भएजस्तै शासकीय शक्तिले शुष्क, नीरस बनाएको जीवन पूँजी देखाउनेका पछि चुम्बकीय शक्तिले तानिएजस्तै तानिन्थ्यो । ऊ यो पनि जान्दथ्यो । त्यसैले होला यो नभए त्यो सही, एउटा नभए अर्को सही भन्ने आततायी नव-धनिकको मनस्थिति बनाएर अदालतको परिसरबाट ऊ एक्लै बाहिरियो ।

किन्तु 'नयाँ पुस्ता' दैनिकले यसबारे न संपादकीय लेख्न सक्यो न समाचार बनाउन । समाजको राय बुझ्न जनता आतुर देखिए ।

यो साता भरि टिपिएका बनाइएका कथित नेताहरूको प्रशस्ति गायन र योग्यताको परिचयमा समाचारपत्रहरू केन्द्रित थिए किनभने संघीय यात्रालाई आंशिक योग पुऱ्याउनु अनिवार्य जस्तै थियो । फेरि विधर्मी र साम्राज्यवादीहरूको उद्देश्य पूर्ति गर्ने सोचमा समग्र राज्यशक्ति जुट्नु अनिवार्य भएको थियो- बहुमतको सक्रियतामा । किन्तु आम नागरिक चकित थियो- मूक दर्शक ! त्यसैले संघीय पत्रहरू यस्ता समाचारप्रति उदासीन नै थिए या अनिभिज्ञ ! त्यसैले पनि होला यो मुद्दा समाचारहुन सकेन ।

संजुको विषयमा छुट्टै, अक्षरको विषयमा छुट्टै र दुवैलाई जोडेर छुट्टै चर्चा र विश्लेषण हुँदैरहे । वकील कामदेव चौधरी (थारू) चर्चामा जोडिएर आउँदैरह्यो ।

(समाचार हुन सकेन)

सिन्दूर पुछाउने

हिटीको चुतुरे बजार भर्न गएकी चारूशिला घर फर्किन । वयस्क छोरीहरूको जीवनयात्रा घुमाउरो हुनसक्ने अनुमान गर्ने ठाउँ त थियो नै; गाउँका र केही उसका साथीहरूले यति मात्र भने -तन्नेरीहरूले चारूशिलाको बाटो छेकेका थिए हिटीको बजारमा ।

अभिभावकहरूले सन्दर्भको सार निकाले - यतिञ्जेल भयो बिहा त भैसक्यो होला, आउली नि आफ्नो तन्नेरीलाई पछि लगाएर ।

हो, भन्नै दुई महिनापछि ऊ घर फर्किएकी थिई । हैन, यसो भनौं- हिंड्दा घरबाट हिंडेकी थिई र अहिले ऊ माइत फर्केकी हो । साँझको सुनौला घामको लामो छायासँगै ऊ सिकुवामा पुगी ।

सूचक सगुन हिजै पुगिसकेको थियो ।

सभ्य, प्रतिष्ठित परिवारकी छोरी थिई चारूशिला । त्यसैले छोरीले ज्वाइँ लिएर आउनलाई अन्यथा मानिएन । स्वयं चारूशिलाले पनि ठानी- आमाबाबुको हृदय उदात्त हुन्छ; उसलाई क्षमा गर्नेछन् उसको भुलचुकमा ।

विधि पुऱ्याएर चेली-ज्वाइँको स्वागत भो । दुई दाजु-भाइ बीचकी एउटी चेली, प्रेम र सद्भावको कमी रहेन । अब उसले पहिले झैं आफूलाई सुरक्षित र बलवती ठानी । नन्द-भाउजूको प्रेम पनि उदाहरणीय नै थियो । मनका कुरा खोलेर चारूशिलाले भाउजूलाई सुनाई र भाउजूबाट पनि उसले पहिले झैं स्नेह र सद्भाव संचित गरी ।

फेरि आमाका सामु वेदनाका आँसुले मुछेर मनका पीडा पोखी- आफ्नो इच्छा नहुँदा नहुँदै, विरोध गर्दागर्दै बलैले बिहा गरिएको र एक्लै प्रतिकार गर्न नसकी विवश भएर पराजय बोध गर्नु परेको अश्रुमय क्रन्दन र छटपटी खुलस्त राखी ।

आमाले चारूशिलाका शिरमा हात राखिदिइन, अनि भनिन्- 'परम्परादेखि मान्दै र धान्दै आएको यो चलन याक्थुम्बाहरूकै हो । अब नराम्रो पनि कसरी भन्नु ?' अनि झर्न लागेको आँसु लुकाएर थपिन्- 'त्यै परम्पराबाट अप्ठ्यारो पनि फुकाउनु पर्ला नि ! भैगो, अब चिन्ता नगर ! तिमी सकुशल आयौ । त्यै ठूलो हो हाम्रो लागि ।'

चारूशिलाले आमाको धुरीभित्र शान्ति र सुरक्षाको अनुभव गरी ।

अर्कोदिन अपरान्ह सुब्बा चन्द्रवीरको घरमा सानो कचहरी बस्यो । परिवारका सदस्य र कुटुम्बहरू उपस्थित भए । परम्परागत शैलीमा विवाह विच्छेदको लागि संवाद शुरू भयो- खोयाबिर्केको सट्टा जानीवाकर ब्ल्याक र ग्रीनलेबल अगाडि राखेर विनय र सौहार्द्रता अनुपम देखिन्थ्यो यसवेला ।

ससुरालीतर्फकाले हात जोडेर भन्यो- 'ज्वाइँ नै भनौं है हजुर ऐलेसम्म हाम्रो चेली यो बिहा मंजुर छैन भन्छिन् । मंजुरी नगर्दा नगर्दै बिहा गऱ्यो, म बिहा फिर्ता माग्छु भन्छिन् । उनी भन्दछन् । यो हाम्रो भनाइ होइन । हजुर यसमा विवेक पुऱ्याउनुहोस् है हजुर !' अनुरोधमा माधुर्य र शालीनता थियो ।

युवक, खाइलाग्दै थियो, रहरलाग्दै थियो- झलक्क हेर्दा र बोलीबचनबाट पनि कुनै कमी देखिंदैनथ्यो । दुई जनाको यो जोडी कुनै पनि किसिमले अनुपयुक्त छ भने लाग्दैनथ्यो । यत्तिको युवकलाई पत्याउने चेलीहरू कम होलान् भन्न सकिने स्थिति थिएन । तर भित्री कुरा के हो कोही जान्दैन । रीत बुझाएर ब्यौलीलाई अगिलाएर ससुरालीबाट खुसीखुसी फर्कनु पर्नेमा सधैंका लागि छोडेर एक्लै फर्कनु पर्ने विवशता के हो ? यस्ता क्षण हाम्रो संस्कृतिमा आउँदै रहन्छन् भन्ने मनोदशा पहिलेदेखि नै निर्माण भएको हुन्छ कि त ! आश्चर्य मान्नुपर्ने कारण हैन भनेर चित्त बुझाउनु सजिलै होला कि !

एकपटक हात जोडेर युवक हर्कजङले अनुनयको भावमा भन्यो- 'मेरो कुनै कमी, कमजोरी वा गल्ती भए भनिदिनोस् म सिन्दूर पुछाइदिन्छु । हजुरहरूको प्रस्ताव स्वीकार गर्छु । हैन भने हाम्रो परम्परा अनुसार नै हाम्रो बिहा भएको हो, चलन त्यस्तै थियो, त्यसै गरियो । अनि बिहा फिर्ता गर्ने कुनै कारण छैन भने, बनिसकेको हाम्रो जोडीलाई किन फुटाउनु हजुर ! म त रीत बुझाउन र हजुरहरूको आशीर्वाद लिन पो हाजिर छु ।'

'मलाई यो बिहा मंजुर छैन । म छुटिन्छु ।' चारूशिलाले छिटो बोली ।

'कारण ?'

'हाम्रो धर्म मिल्दैन ।'

'तिमी नारी, तिमीसँग नारी धर्म छ । म पुरुष, म पुरुषधर्मको निर्वाह गर्छु । अरू के चहियो । कि मलाई कोहीभन्दा कम देख्छ्यौ भने स्पष्ट भन ।'

'तिमी ठिक छौ, तर तिमी मात्र भएर मेरो जीवनमा पूर्णता, स्वस्थता र शालीनता आउँन सक्तैन । मलाई मेरो परिवेश र मेरो संस्कृतिमा बाँच्ने रहर छ ।'

'कसले रोक्या छ तिमीलाई ?'

'तिमीले, तिम्रो धर्मले, मलाई चर्च जानु छैन । मलाई छट्पटी र उकुसमुकुसमा बाँच्नु छैन । विधर्मीसँग बसेर मलाई मानसिक सुख र सन्तुष्टि मिल्न सक्दैन । मेरो पारिवारिक संरचना र इष्टमित्र बीच मैले मेरै परिवेश र चालचलनमा घुलमिल रहेर बाँच्नु छ । परिवर्तन र करकापमा म बाँच्न सक्तिनँ । मेरो संस्कृति जति उदात्त छ, सहिष्णु छ, यसमा जति सदभाव र परोपकारको चेत छ म त्यो छोड्न सक्तिनँ । बनावटी र सिको गरेर मैले जीवन भाँड्नु छैन ।'

उसले फेरि हात जोडेर भनी- 'मलाई मुक्त गरिद्यौ । म छुटकारा चाहन्छु । सिन्दूर पुछाइदेऊ, बिहा फिर्ता गरिमाग्छु । सबै काम आजै अहिले नै सकिन्छ । म आफ्नै संस्कृतिभित्र बाँच्न चाहन्छु । त्यो मेरो अधिकार हो । कृपा गरेर सिन्दूर पुछाइदेऊ, हठ नगर ।'

'लौ ज्वाईं हाम्रो चेलीको कुरा सुनिहाल्नु भो, के विचार छ ?'

ज्वाईं हर्कजङ्ले सबैतिर आँखा घुमायो । आफ्नो पक्षको भन्ने कोही थिएन । अनुरोध नमान्दा झन्झट बढ्न सक्ने अनुमान गऱ्यो । द्वन्द्वको स्थिति निम्त्याउनुभन्दा सदर गर्नु नै वेश होला भन्ने निष्कर्षमा पुग्यो । अनि संसद जस्तो बलियो कचहरीलाई ठट्टाको भावले सजग गराउँदै युवक हर्कजङले भन्यो- 'ल चारूशिला, तिम्रो बिहामा मलाई निम्ता गर्ने हो भने मैले सिन्दूर पुछाइ दिएँ । बिहा फिर्ता भो ।'

जय होस् हजुर ! धन्यवाद ! हामी निम्ता पठाउँछौ नि चारूको बिहामा ! त्यो जिम्मा हाम्रो भो । भन्दै जानिवाकर खोलेर सबैले खुसी भनाए ।

चारूशिला फेरि कुमारी भई ।

हर्कजङ थाकेको शैलीमा मुटु छोडेर घर फर्कियो ।

हितैषीहरूको भनाइ थियो- 'अदालत पुग्नुपरेन, नत्र समय, सम्पति र आयुको क्षति हुन्थ्यो । 'अझ मीमांसा चल्दै गयो...।'

'हाम्रो ज्वाइँलाई उसको धर्मले बिगारेर छ ।'

'हो मनुवा असलै रहेछ । बुद्धि पुऱ्यायो भन्नुपर्छ ।'

'हाम्रो चेलीको हिम्मत र दृढता पनि कम्ती रहेन छ । कुनै दिन बाटो सोझिन्छ भनेर कत्रो मन थाम्न सकेकी यो उमेरमा । उसलाई त मान्नैपर्छ ।'

'हो उसको संयम मान्नैपर्छ । जे भए पनि सुब्बाको छोरी हो नि ।' गाउँको पेनीवाले सहमति जनायो ।

हर्कजङ्ले घरमा पुगेर पोको खोल्यो । उसलाई, दिएका लुगा, गहना र प्रसाधनका सामग्री फर्काइदिएकी रहिछ । चारूशिलाले दिँदा 'आमालाई दिनु है हजुर' भनेकी थिई । केही रूपियाँ पनि थिए- बिहाखर्च र खाँदावस्ताको गणित पनि गरेकी रहिछ । ऊ अन्तर्मुखी भयो अनि आफैंभित्र गुन्यो- 'मैले उनको बाटोमा व्यवधान गरेको रहेछु । रूचि र स्वतन्त्रतामा आक्रमण गरेछु । अर्कालाई आफ्नो अनुकूल बनाएर उसको इच्छा विपरीत परिचालन गर्नु हिंसा त हो नि ! हो, मैले परपीडन गरें क्यार !' अब ऊ अपराध अनुभव गरेर एक्लै-एक्लै व्यथित हृदयले गुन्गुनाउँदै रह्यो :

कसैको दिल दुखाई कसरी गरें मलाई
अपराध यै गरें छु, सजाय के मलाई
सपना थिए हजारौं, विपनाहरू हजारौं
यस जिन्दगीमा उनका रचना थिए हजारौं
झस्काई मैले उनको मनमा व्यथा भरेंछु
अपराध नै गरेंछु सजाय के मलाई !
पवित्र भावनाको संसार त्यो नवीन ।
रचेर आफूभित्रै ती जिऊन् भनी भनिन...
ऊ बारम्बार गुन्गुनाउँदै रह्यो ।

(सिन्दूर पुछाउने)

हावा कुरा

घंटी बज्यो । स्कूल छुट्यो ।

संघीय सह-शिक्षालयबाट विद्यार्थीहरूको बहिर्गमन हेरेर आँखा अघाउन्नथ्यो । शान्त, क्रमबद्ध र समान गतिमा छात्रवृन्दको मुक्त संचरण हेरेर ज्येष्ठ नागरिकहरू पचासौं वर्षअघिको आफ्नो विद्यार्थी जीवन सम्झन पुग्थे । तर आजको जस्तो आकासे रंगको टी-शर्ट र गाढा नीलो रंगको पाइन्टको चलन धेरै थिएन त्यसवेला । कतै मात्र थियो, सबैतिर थिएन ।

विद्यार्थीको समूहबाट चेरी र मेरी केही पृथक् भए । छिनभर संवाद गरेर छुट्टिए ।

चेरी एक्लै घर पुगी । मेरीका पनि पुस्तक कापी उसले आफ्नो झोलामा खाँदेर बोकेकी थिई । उसलाई थाह थियो स्कूलबाटै आउट ड्रेसमा ऊ निस्केकी थिई, र कतै जाने योजनामा थिई । गह्रुँगो झोला बिसाएर लामो खुई लिई र ऊ बाथरूमतर्फ लागी ।

'नानु, बैनी खै ? आज पनि तिमीलाई आफ्ना पुस्तक बोकाई अनि ऊ चाहि बरालिन हिडी हैन ?' सौदामिनी छोरीहरूको रूचि र गतिविधि बुझ्दै थिइन् । त्यसैले प्रसंग लम्ब्याइनन् । आजका छोरीलाई कानून र परिवेशले साथ दिएको छ । उनका पालामा यस्तो स्थिति थिएन । उनी यो कुरा पनि बुझ्दथिन् ।

'तिमीलाई जाऊँ भनिन उसले ?' चेरीको मन बुझ्ने सोचाइ राखेर सौदामिनीले सोधिन् ।

'ऊ त आफ्नो ब्वाई फ्रेन्डसँग गई । कल्चरतिर होली । अनि म एक्लै-एक्लै घरै फर्कें । मेरो ब्वाइफ्रेन्ड भए म त घरै ल्याउँथे र हजुरलाई चिनाउँथें । तर...

'तर के ? खोज्दै छु, अहिलेसम्म छैन, हैन ?'

लामो सास तानेर छोडी अनि हैरानीको भावले यति मात्र भनी- 'खै अब त्यसै त होला नि मम्मी ! यी सबै हावा कुरा !

'तिम्रो दाइलाई थाह छ मेरीको कदम ?'

'मम्मी, हजुरलाई थाह छ नि म कसैका विषयमा टिप्पणी पनि गर्दिनँ र चासो पनि राख्तिनँ । मेरो चासो प्लस-टु गर्नु हो बस ।'

'तिमी ठिकै भन्छ्यौ, तर मेरो मानसिक बनोट नै फरक छ । म सन्तानको चासो नदिई बस्नै सक्तिनँ । म आमा हुँ नि !' सौदामिनी आफ्नो कुरा सकेर पछि परिन् ।

चेरी आमा भित्रभित्र दुःखी भएको कुरा सम्झन्थी । तर समय र परिवेशले आमाका विचारलाई रोगी र पुरानो बनाइसकेको थियो । ऊ यो तथ्य पनि बुझ्दथी । फेरि पनि उसले आमाको सोचाइप्रति प्रतिवाद गरिन किन्तु कयौं कुरामा ऊ आमासँग सहमत थिइन । आमाले पनि मेरीको मुक्त चिन्तन, आत्मविश्वास र निर्णयलाई नकारात्मक भावले लिइनन् । आयुसमूह एउटै भएर पनि होला दाजुसँग पनि मेरीको विमति रहेन ।

आधारात हुनै लागेको थियो, एउटा स्कूटी आएर आँगनमा रोकियो । दुईटा छायाँ-मानव भित्र पसे । पस्न सजिलै थियो- ढोका ढप्काएको मात्र हुन्थ्यो । स्वरूप, छायाँ र हिँडाइले चिन्न असजिलो थिएन । उसको दाइ थियो- थेतुपे र शायद उसकी प्रेयसी थिई प्याक्तु ।

सिनेमा या नाइट क्लब भ्याएर आएका होलान्- चेरीले अर्थपूर्ण चिन्तन राखी ।

दुवैजना निःशब्द कोठामा पसे । भित्रबाट ढोका बन्द भयो । निर्भय बसे । यता उसले सन्तोषको सास लिई ।

चेरीले गुनी- 'अवश्य पनि दुवैले आफ्नो शरीरमाथि आफैं अधिकार भन्ने अन्तर्राष्ट्रिय सोचलाई कानूनी मान्यता दिने आयुमा टेकिसकेका छन्, अब प्रश्न किन र रोक्ने केले ? समाजले रोक्न खोज्यो भने कानूनले त्यसलाई छेक्छ र छाता ओढाउँछ । व्यावहारिक र नैतिक पक्षबाट बाहेक अरू पक्षबाट बोल्ने अधिकार कसैलाई थिएन । पहिले पढाइ पूरा गर, काम थाल अनि जोडीबाँध भन्नु नीति र आदर्शको कुरा भइदिन्थ्यो । यो कुरा पढाउँनु अब सुहाउने थिएन । त्यसैले मौनता नै श्रेयस्कर लाग्दथ्यो । चेरीले यस्तै कुरा गुनी र प्रत्येक घटना र दृश्यलाई कल्पनाले रंगाएर मधुर बनाई ।

फेरि भाले स्कुटी आएर आँगनमा रोकियो । बत्तीका छायाँमा चुम्बन चल्यो, अँगालो चल्यो । र फेरि बाईबाई चल्यो । भाले स्कुटी फर्कियो । मेरी भित्र पसी ।

चेरी मोवाइलमा चित्र खोज्दै थिई- टुँडालका संभोग आसनहरूमा, फ्री पीहरूमा । अनि गुन्दै थिई- दाजुकी प्रेमिका पनि आफ्नै क्लासकी साथी, अनि बहिनीको ब्वाइफ्रेन्ड पनि आफ्नै क्लासको साथी ! एउटा जोडी बाँधिएर आयो । अर्को जोडी फुटेर गयो । केले छुट्यायो र केले बाँध्यो ? छुट्याउँन सक्ने स्थितिमा ऊ थिइन । आँखा थिए मोवाइलका सुरत केलिमा र विचार अरूको प्रणय व्यापारको कल्पनामा । ऊ एकछिन भावुक पनि भई । उत्तेजित पनि भई र पेन्टीभित्र औला पसाएर आनन्दले आँखा चिम्ली ।

उत्तर फर्केको घर, माथिल्लो तलामा दक्षिणतर्फ बस्थिन् सौदामिनी । थाह हुँदैनथ्यो के हुन्थ्यो के हुँदैनथ्यो तल । अभिभावकको पाठ कठिन पनि थियो । केटाकेटीका असजिला र छाडा कुरा थाह भएर पनि थाह नभएजस्तो, अमर्यादित संवाद सुनेर पनि नसुने जस्तो गर्नुपर्ने र बिर्सनै नमिल्ने अभिनयको लामो निरन्तरता निर्वाह गर्नैपर्ने । अन्जान हुँदै मुटु पिल्स्याएर उनी प्रकट हुन्थिन् क्यै भएकै छैन जस्तो भावमुद्रा लिएर । लाग्थ्यो मन दुखेको औषधि उनलाई थाह छ ।

सन्तानको चियो गर्नु पनि त भएन घात आफैंलाई पर्छ । उनी समझदार हुनखोज्थिन् आफैंलाई पर्दा गरेर । सन्तानप्रति व्यक्त गरेका सद्भाव, आशीर्वाद हावा भएर उड्थे निस्सार ! हुर्किसकेका बचरा गुण छोडेर उडिसकेका हुन्थे नयाँ बसेरा बनाएर । त्यसैले एकोहोरो माया प्रवाहित गर्नुबाहेक अर्को विकल्प थिएन अभिभावकका लागि । यस्तै ठानेर सौदामिनीले आफूलाई संयम, विवेक र ममताका पोयाले कसेर राखिन् ।

कुमारी केटी आउँथी जान्थी । पेट बोकेर पनि आई, नबोकेर पनि आई । अरूलाई असजिलो भएर के भो ! देख्नेलाई र पुरुषार्थ गर्नेलाई गौरवकै सन्दर्भ थियो ।

न छोरासँग संवाद गर्ने मौका मिल्छ न त्यो अज्ञात गर्भवतीसँग परिचय गर्ने अवसर जुर्छ । पुरानो चिन्तन बोकेर पिल्सनु बाहेक अर्को निकास थिएन- सौदामिनीका लागि ।

उनले यस पटक गुनिन्- 'कानून कडा छ, रोकेको छ । धेरै कुरा छेकेको छ । यस्ता धेरै कुरालाई राज्यले नै छाता ओढाएको छ । कसैको जन्मपत्री खोल्ने र गणित लगाउने अधिकार अर्को व्यक्तिलाई छैन । त्यो

गर्भवती केटी छ, थेतुपेकी प्रेयसी वा पत्नी नहुन पनि सक्छे । वा यस्तो अवस्थामा त्यो केटीलाई उसले सहयोग गरेको होस् । उनले लामो खुई लिएर निष्कर्षमा बोलिन्- चर्चमा गएर पो बिहा गरे कि ? दियो बालेर पो परिक्रमा लिए कि ? भिक्षुको आशीर्वचन पो पाए कि ? त्यो केटीले जन्माउने सन्तान अब मेरै वंशको नयाँ पुस्ता भए मैले गौरव नगर्ने किन ?' उनले यस पटक आफूलाई ऐंठनबाट मुक्त भएको पाइन् ।

तर चेरीको सोच अर्कै थियो । उसले न थेतुपेको विरोध गरी न प्याक्तुको उपस्थितिलाई असहज मानी । बरु अब आफ्नो पालो आएको निश्चय गरेर ऊ दंग परी । थेतुपे र प्याक्तुको प्रणय बन्धनलाई सफल बनाउन चेरीले सधैं तटस्थता देखाई । यसै उद्देश्यका लागि उसले प्याक्तुलाई प्याक्तुपरी भन्ने छोटो नाम दिई र घरमा सबैसँग चिनाई ।

घरमा पारिवारिक सद्भाव र सफलताका लागि चेरीको योग सधैं आदरणीय रह्यो । पार्टीभोज र पर्व-उत्सवहरूको आयोजना बाहिरै हुन्थ्यो, मनाइन्थ्यो । त्यसैले पनि रमाइलो र व्यस्तता बीच सबै कुरा अनायास पन्सिएर जान्थे ।

विवाहको औपचारिकता यिनले पूरा गरे या गरेनन्, गर्नु अनिवार्य छ या छैन यो कुरा अब कसैको मन्थनको विषय रहेन । कहिलेकहीं मात्र घरमा आउँने हुनाले कयौं प्रश्न स्वतः निरर्थक र अवाञ्छित नै लाग्दथे । फेरि अभिभावक पुस्ताको उपस्थिति अल्प र वयस्कहरूको सहभागिता बढी हुने हुँदा समस्या रहेन ।

बिहा भएको हुन कुन-कुन कुरा घटित हुनुपर्छ भन्ने कानूनी प्रावधान स्पष्ट हुँदा कुनै प्रश्न निरूत्तर रहने स्थिति पनि थिएन । त्यसैले सहवास र सन्तान उत्पादनमा राज्य अनुदार देखिएन ।

बस, हरेक अप्ठ्याराको कवच हुन चेरी उभिदै रहन्थी । कदाचित कसैबाट कुनै अप्रिय कुरा आयो कि ऊ जज भएर निर्णय दिन्थी- निरपेक्ष भावले । उसको निर्णय अमान्य हुने थिएन । असंगतिमा संगति बसाउनु यस घरको आदर्श मानिंदै गयो । त्यसैले सन्तान उत्पादनको समय र क्रममा कुनै प्रश्न उठेन ।

मेरी उन्मुक्त स्वतन्त्रताको उपभोग गर्दै रही- विधानको छाता ओढेर ।

प्रज्ञा खुलेकाहरूले चेरीलाई मदर टेरेसाकै नयाँ अवतार ठाने । अनुदार व्यक्तिका लागि यी कथा हावा कुरा थिए ।

(हावा कुरा)

Geet Kutta Ra Court-2020

'न्यायमूर्तिज्यू संभोग विवाह हुने गर्दैन । संभोग फरक हो र विवाह फरक हो । कति ठाउँ, कति पटक र कतिसँग संभोग हुन्छ सबैलाई विवाह र पति मान्दै हिड्ने ?' छत्रा आक्रोशले प्रदीप्त देखिई ।

- अधिकारको रक्षा

'आम्मै, हुँदैन नि ! हाम्रो त रगत नै चोखो छ, शरीर नै चोखो छ । मनै पवित्र छ । फेरि-फेरि विवाह गर्न कुनै अप्ठेरो छैन । राम्रो राम्रो तन्नेरीले हामीलाई पर्खिरहेकै हुन्छ ।' एउटीले भनी ।

- अर्को जन्म

'हो नि हरेक ठाउँमा मर्छ, हरेकका अगाडि मर्छ । एकपटक मात्र होइन, एक दिनमा ऊ हजार पटक मर्छ । र अझ भन्नुपर्दा उसले आफैलाई बारम्बार मार्छ र ऊ यसको अनुभूति छिनछिनमा गर्दैरहन्छ । यो अत्यन्त कठोर दण्ड भएन र !'

- खुला दण्ड

...यो अदालत नेता र झोलेहरूको संमान प्रवर्द्धनखातिर गाईलाई राष्ट्रिय पशुको दर्जाबाट निग्रह गरी आम पशुको रूपमा अवतरित गर्दछ र साम्यवादी व्यवस्थाको स्थापना दिवसको मितिदेखि लागु हुने गरी गाईको ठाउँमा कुत्तालाई राष्ट्रिय पशुको दर्जामा स्थापित गर्दछ र यो निर्णय सार्वभौम नागरिकमा संप्रेषित गर्दछ तथा राज्यसत्तालाई बोध गराउँछ । साथै कुकुर पूजाका दिन राज्यको तर्फबाट विशेष पूजा हुनेछ । कुत्तालाई सलामी टक्र्याइनेछ । त्यसका लागि चाहिने व्ययभार राज्यले नै उठाउने छ ।

- गीत, कुत्ता र कोर्ट

किनभने इतिहासको गौरवपूर्ण समय-खण्डमा अब्बल, सर्वोपरि, जेठो, शक्तिमान मानिएको यो जाति सिरानबाट झरेर एकैचोटि बटमलाइनमा पुगेर कसरी बस्ला र ? जब कि अझै यस देशको धुरी भएर पुनः किरात साम्राज्य सञ्चालन गर्ने क्षमता राख्दछ ।

- फर्किंयो सिंहदरबार